# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चैनपुर, संखुवासभा
### कोशी प्रदेश

# प्रथम आवधिक योजना

## (आ.व. २०८०/८१-२०८४/८५)






## अन्तिम प्रतिवेदन

२०८०

[प्राविधिक सहयोग]


## पाथवे इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.

सूर्यविनायक-५, भक्तपुर

बागमती, प्रदेश

चैनपुर नगरपालिकाको प्रथम आवधिक योजना (२०८०/८१-२०८४/८५)

**सहयोगी संस्थाः**
प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
कलवलगुडी, भद्रपुर, झापा
कोशी प्रदेश

**सहजीकरणः**
पाथवे इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.
सूर्यविनायक, भक्तपुर
बागमती प्रदेश

**तयार गर्ने/प्रकाशक**
चैनपुर नगरपालिका
चैनपुर, संखुवासभा
कोशी प्रदेश

सर्वाधिकार ©: प्रकाशकमा
प्रकाशन बर्षः २०८०

# बिषय सूची

**तालिका सूची**........................................................................................ **झ**
**चित्र सूची** ........................................................................................ □
**फोटो सूची**........................................................................................ □
**नक्शा सूची**........................................................................................ □

**परिच्छेद १: परिचय**........................................................................................ **१**
१.१ पृष्ठभूमि........................................................................................१
१.२ आवधिक योजनाको उदेश्यहरु........................................................................................ २
१.३ आवधिक योजना तर्जुमा प्रकिया आधारहरु ........................................................................................ २

**परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा ........................ ४**
२.१ नगरपालिकाको परिचय........................................................................................ ४
२.१.१ भौगोलिक अवस्थिति, राजनीतिक र प्रशासनिक संरचना ........................................................................................ ४
२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा........................................................................................ ७
२.१.३ जनसांख्यिकीय अवस्था........................................................................................ ९
२.१.४ बसाईसराई ........................................................................................१२
२.१.५ जन्म स्थानको आधारमा जनसंख्याको विवरण........................................................................................१३
२.१.६ वैवाहिक अवस्था........................................................................................ १४
२.१.७ जातजाती ........................................................................................१४
२.१.८ भाषा........................................................................................१५
२.१.९ धर्म ........................................................................................१६
२.१.१० अपांगको अवस्था........................................................................................१६
२.१.११ व्यक्तिगत घटना दर्ताको अवस्था........................................................................................१७
२.२ आर्थिक विकासको अवस्था........................................................................................ १८
२.२.१ कृषि तथा खाद्य सुरक्षा........................................................................................ १८
२.२.२ पर्यटन तथा संस्कृति........................................................................................२२
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........................................................................................२६
२.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा ........................................................................................ २९
२.२.५ सहकारी ........................................................................................३२
२.३ सामाजिक विकासको अवस्था ........................................................................................ ३३
२.३.१ स्वास्थ्य तथा पोषण........................................................................................३३
२.३.२ शैक्षिक विकास ........................................................................................ ३६
२.३.३ खानेपानी तथा सरसफाई ........................................................................................४०
२.३.४ खेकलुद तथा मनोरन्जन ........................................................................................ ४१
२.३.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ........................................................................................ ४३
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था........................................................................................४४
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........................................................................................४४

२.४.२ सडक, पुल तथा यातायात ........ ४८
२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ........ ५०
२.४.४ सूचना, संचार तथा प्रविधि ........ ५१
२.४.५ घरयासी साधन/सुविधाहरु ........ ५२
२.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ५३
२.५.१ वन तथा जैविक विविधता ........ ५३
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ ५५
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन ........ ५९
२.५.४ महामारी तथा विपद व्यवस्थापन ........ ६१
२.६ भू-उपयोग ........ ६४
२.७ सुशासन तथा संस्थागत व्यवस्था ........ ६७
२.७.१ स्थानीय नीति ऐन तथा सुशासन ........ ६७
२.७.२ संगठानात्मक विकास ........ ६९
२.७.३ श्रोत परिचालन ........ ७२
२.७.४ योजना व्यवस्थापन ........ ७६

**परिच्छेद ३: सोंच तथा विकासको अवधारणा ........ ७८**
३.१ पृष्ठभूमि ........ ७८
३.२ प्रमुख समस्या तथा चुनौती ........ ७८
३.३ प्रमुख संभावना तथा अवसर ........ ८५
३.४ निर्देशक सिद्धान्त ........ ९०
३.५ सोंच, लक्ष्य तथा उदेश्य ........ ९७
३.५.१ दिर्घकालिन सोंच ........ ९७
३.५.२ लक्ष्य ........ १०१
३.५.२ उदेश्य ........ १०१
३.६ रणनीति तथा प्राथमिकता ........ १०२
३.७ लगानी, स्रोत अनुमान र बाँडफाट ........ १०३

**परिच्छेद ४: आर्थिक श्चेत्र ........ १०६**
४.१ कृषि तथा पशुपन्छी ........ १०६
४.१.१ पृष्ठभूमि ........ १०६
४.१.२ समस्या तथा चुनौती ........ १०६
४.१.३ संभावना तथा अवसर ........ १०७
४.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०७
४.१.५ अपेक्षित उपलब्धि ........ १०९
४.१.६ अनुमान तथा जोखिम पक्ष ........ १०९
४.२ सिंचाई ........ ११०
४.२.१ पृष्ठभूमि ........ ११०
४.२.२ समस्या तथा चुनौती ........ ११०
४.२.३ संभावना तथा अवसर ........ ११०

४.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११०
४.२.५ अपेक्षित उपलब्धि ........ १११
४.२.६ अनुमान तथा जोखिम पक्ष ........ १११
४.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ११२
४.३.१ पृष्ठभूमि ........ ११२
४.३.२ समस्या तथा चुनौती ........ ११२
४.३.३ संभावना तथा अवसर ........ ११३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११३
४.३.५ अपेक्षित उपलब्धि ........ ११४
४.३.६ अनुमान तथा जोखिम पक्ष ........ ११५
४.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ११५
४.४.१ पृष्ठभूमि ........ ११५
४.४.२ समस्या तथा चुनौती ........ ११५
४.४.३ संभावना तथा अवसर ........ ११६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११६
४.४.५ अपेक्षित उपलब्धि ........ ११८
४.४.६ अनुमान तथा जोखिम पक्ष ........ ११८

**परिच्छेद ५: सामाजिक क्षेत्र ........ १२०**
५.१ स्वास्थ्य तथा पोषण ........ १२०
५.१.१ पृष्ठभूमि ........ १२०
५.१.२ समस्या तथा चुनौती ........ १२०
५.१.३ संभावना तथा अवसर ........ १२१
५.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२१
५.१.५ अपेक्षित उपलब्धि ........ १२३
५.१.६ अनुमान तथा जोखिम पक्ष ........ १२४
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ १२४
५.२.१ पृष्ठभूमि ........ १२४
५.२.२ समस्या तथा चुनौती ........ १२४
५.२.३ संभावना तथा अवसर ........ १२५
५.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२५
५.२.५ अपेक्षित उपलब्धि ........ १२७
५.२.६ अनुमान तथा जोखिम पक्ष ........ १२८
५.३ खानेपानी तथा सरसफाई ........ १२८
५.३.१ पृष्ठभूमि ........ १२८
५.३.२ समस्या तथा चुनौती ........ १२९
५.३.३ संभावना तथा अवसर ........ १२९
५.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२९
५.३.५ अपेक्षित उपलब्धि ........ १३०
५.३.६ अनुमान तथा जोखिम पक्ष ........ १३१

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ १३१
५.४.१ पृष्ठभूमि ........ १३१
५.४.२ समस्या तथा चुनौती ........ १३२
५.४.३ संभावना तथा अवसर ........ १३२
५.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३३
५.४.५ अपेक्षित उपलब्धि ........ १३४
५.४.६ अनुमान तथा जोखिम पक्ष ........ १३४
५.५ युवा तथा खेलकुद ........ १३५
५.५.१ पृष्ठभूमि ........ १३५
५.५.२ समस्या तथा चुनौती ........ १३६
५.५.३ संभावना तथा अवसर ........ १३६
५.५.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३७
५.५.५ अपेक्षित उपलब्धि ........ १३७
५.५.६ अनुमान तथा जोखिम पक्ष ........ १३८

**परिच्छेद ६: पूर्वाधार क्षेत्र ........ १३९**
६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ १३९
६.१.१ पृष्ठभूमि ........ १३९
६.१.२ समस्या तथा चुनौती ........ १३९
६.१.३ संभावना तथा अवसर ........ १४०
६.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४०
६.१.५ अपेक्षित उपलब्धि ........ १४१
६.१.६ अनुमान तथा जोखिम पक्ष ........ १४१
६.२ सडक, पुल तथा यातायात ........ १४२
६.२.१ पृष्ठभूमि ........ १४२
६.२.२ समस्या तथा चुनौती ........ १४२
६.२.३ संभावना तथा अवसर ........ १४३
६.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४३
६.२.५ अपेक्षित उपलब्धि ........ १४४
६.२.६ अनुमान तथा जोखिम पक्ष ........ १४५
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा ........ १४५
६.३.१ पृष्ठभूमि ........ १४५
६.३.२ समस्या तथा चुनौती ........ १४६
६.३.३ संभावना तथा अवसर ........ १४६
६.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४६
६.३.५ अपेक्षित उपलब्धि ........ १४७
६.३.६ अनुमान तथा जोखिम पक्ष ........ १४७
६.४ सूचना, संचार तथा प्रविधि ........ १४८
६.४.१ पृष्ठभूमि ........ १४८
६.४.२ समस्या तथा चुनौती ........ १४८

६.४.३ संभावना तथा अवसर ........ १४९
६.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४९
६.४.५ अपेक्षित उपलब्धि ........ १५०
६.४.६ अनुमान तथा जोखिम पक्ष ........ १५१

**परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ........ १५२**
७.१ वन तथा जैविक विविधता ........ १५२
७.१.१ पृष्ठभूमि ........ १५२
७.१.२ समस्या तथा चुनौती ........ १५२
७.१.३ संभावना तथा अवसर ........ १५३
७.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५३
७.१.५ अपेक्षित उपलब्धि ........ १५५
७.१.६ अनुमान तथा जोखिम पक्ष ........ १५५
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १५६
७.२.१ पृष्ठभूमि ........ १५६
७.२.२ समस्या तथा चुनौती ........ १५६
७.२.३ संभावना तथा अवसर ........ १५७
७.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५७
७.२.५ अपेक्षित उपलब्धि ........ १५९
७.२.६ अनुमान तथा जोखिम पक्ष ........ १५९
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ १६०
७.३.१ पृष्ठभूमि ........ १६०
७.३.२ समस्या तथा चुनौती ........ १६०
७.३.३ संभावना तथा अवसर ........ १६१
७.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६२
७.३.५ अपेक्षित उपलब्धि ........ १६३
७.३.६ अनुमान तथा जोखिम पक्ष ........ १६४
७.४ विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १६४
७.४.१ पृष्ठभूमि ........ १६४
७.४.२ समस्या तथा चुनौती ........ १६५
७.४.३ संभावना तथा अवसर ........ १६६
७.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६७
७.४.५ अपेक्षित उपलब्धि ........ १६९
७.४.६ अनुमान तथा जोखिम पक्ष ........ १७०

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ १७२**
८.१ संस्थागत विकास तथा सुशासन ........ १७२
८.४.१ पृष्ठभूमि ........ १७२
८.४.२ समस्या तथा चुनौती ........ १७३
८.४.३ संभावना तथा अवसर ........ १७४

८.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७५
८.४.५ अपेक्षित उपलब्धि ........ १७८
८.४.६ अनुमान तथा जोखिम पक्ष ........ १७९

**परिच्छेद ९: कार्यान्वयन व्यवस्था ........ १८०**
९.१ पृष्ठभूमि ........ १८०
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ १८१
९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट ........ १८१
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ १८३
९.५ स्रोत परिचाल रणनीति ........ १८५
९.६ आवधिक योजना कार्यान्वयन ........ १८७
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ १८८

**परिच्छेद १०: नतिजा खाका ........ १९१**
१०.१ पृष्ठभूमि ........ १९१
१०.२ नतिजा खाकामा समावेश गरिएका बिषयहरु ........ १९१
१०.३ नतिजा खाकाको प्रयोग ........ १९१
१०.४ नतिजा खाका ........ १९३

**सन्दर्भ सामाग्री ........ २०८**

**अनुसूचीहरु ........ २१०**
अनुसूची १ – फोटो ........ २१०
अनुसूची २ – नक्शा ........ २१३
अनुसूची ३ – माईन्यूट ........ २१८
अनुसूची ४ – नगरपालिकाका रणनैतिक योजनाहरु ........ २३९
अनुसूची ५ – नगर स्तरिय योजनाहरु ........ २४५
अनुसूची ६ – वडा स्तरिय योजनाहरु ........ २९१
अनुसूची ७ – नगरपालिकामा अवस्थित सडकहरुको वडागत विवरण ........ ३४३
अनुसूची ८ – नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण ........ ३४७
अनुसूची ९ – नगरपालिकाका कर्मचारीहरुको विवरण ........ ३४९
अनुसूची ९ – नगरपालिकामा अवस्थित सरकारी र गैन्ह सरकारी संघ सस्थाहरुको विवरण ........ ३५६

# तालिका सूची

तालिका १: नगरपालिकाको वडा विभाजन, जनसंख्या, क्षेत्रफल र जनघनत्व ................................ ७
तालिका २: नगरपालिकामा अवस्थित नदि तथा खोलाहरुको वडागत वितरण ............................८
तालिका ३: नगरपालिकाका धार्मिक तथा साँस्कृतिक क्षेत्रहरुको वडागत वितरण.............................८
तालिका ४: जनसांख्यिकीय विवरण ................................................................................९
तालिका ५: जनसंख्याको वडागत वितरण, वनावट र घनत्व ............................................ १०
तालिका ६: उमेर समुह अनुसार जनसंख्याको बनावट......................................................११
तालिका ७: बसाईसराईका कारणहरु ...........................................................................१३
तालिका ८: जन्म स्थानको आधारमा जनसंख्याको विवरण ............................................१४
तालिका ९: वैवाहिक अवस्था ......................................................................................१४
तालिका १०: नगरपालिकाको जातिगत विवरण ........................................................... १५
तालिका ११: अपांगताको प्रकार अनुसार जनसंख्याको विवरण ....................................... १७
तालिका १२: नगरपालिकाको व्यक्तिगत घटना दर्ताको विवरण (२०७४/०१/०१ देखि २०७९/१२/२७ सम्म)............................................................................................................................. १७
तालिका १३: कृषि वालीहरुको वर्गीकरण .....................................................................१८
तालिका १४: अन्न वालीको जात, क्षेत्रफल र उत्पादन ................................................... १९
तालिका १५: फलफुल वालीको जात, क्षेत्रफल र उत्पादन............................................... १९
तालिका १६: कृषि कार्यका लागि सिंचाईमा पहुँच भएका घरधुरीहरुको विवरण .......................... १९
तालिका १७: पशुपंक्षीको विवरण.................................................................................. २०
तालिका १८: माछा र मौरी पालनको विवरण................................................................... २०
तालिका १९: आफ्नो कृषि उत्पादनबाट परिवारलाई खान पुग्ने महिनाको आधारमा घरधुरीहरुको विवरण २१
तालिका २०: चैनपुर नगरपालिकाको वाली पात्रो.............................................................. २१
तालिका २१: धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण ..................................................२३
तालिका २२: चैनपुर बजारबाट प्रमुख पर्यटकिय स्थलहरुसम्मको दुरी.......................................२४
तालिका २३: होटेल तथा रेष्टुरेन्टहरुको विवरण ............................................................. २५
तालिका २४: उद्योग तथा व्यवसायको संख्या र संलग्न जनशक्ति........................................... २६
तालिका २६: स्थानीय हाटबजार, खपत हुने सामान र व्यापार क्षेत्र .......................................२८
तालिका २७: पेशागत विवरण ..................................................................................... ३०
तालिका २८: आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण ......................... ३०
तालिका २९: बैंक तथा वित्तिय संस्थाको विवरण...............................................................३१
तालिका ३०: सहकारी संस्थाहरुको विवरण.....................................................................३२

तालिका ३१: स्वास्थ्य संस्थाहरुको वडागत विवरण ........ ३४
तालिका ३२: नगरपालिकाको स्वास्थ्य सूचकहरु ........ ३५
तालिका ३३: ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्था ........ ३६
तालिका ३४: चैनपुर नगरपालिकामा अवस्थित विद्यालयहरुको वडागत विवरण ........ ३७
तालिका ३५: उत्तीर्ण गरेको शैक्षिक तह अनुसार ५ बर्ष माथिको जनसंख्याको विवरण ........ ४०
तालिका ३६: खानेपानीको मुख्य स्रोत ........ ४०
तालिका ३७: घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति ........ ४१
तालिका ३८: खेल मैदानहरुको विवरण ........ ४२
तालिका ३९: युवा/युथ क्लबहरुको वडागत विवरण ........ ४३
तालिका ४०: घरको स्वामित्त अनुसार घरपरिवारको संख्या ........ ४५
तालिका ४१: परिवारमा महिलाको नाममा भएको घरजग्गा अनुसार परिवार संख्या ........ ४५
तालिका ४२: घरको जगको बनावट ........ ४७
तालिका ४३: घरको बाहिरी गाह्रोको बनावट ........ ४७
तालिका ४४: घरको छानाको बनावट ........ ४७
तालिका ४५: सरकारी र सार्वजनिक भवनहरुको विवरण ........ ४८
तालिका ४६: चैनपुर नगरपालिकाका नगर स्तरिय पक्की सडकहरु ........ ४९
तालिका ४७: नगरपालिकामा अवस्थित पुलहरुको विवरण ........ ५०
तालिका ४८: वत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार संख्या ........ ५०
तालिका ४९: परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार संख्या ........ ५१
तालिका ५०: सूचना तथा संचारका साधनको प्रयोग गर्ने घरपरिवार ........ ५२
तालिका ५१: घरयासी साधन/सुविधा प्रयोग गर्ने घरपरिवार ........ ५२
तालिका ५२: गैरकाष्ठ वन पैदावरको र तिनको क्षेत्र ........ ५३
तालिका ५३: सामुदायिक वनहरुको विवरण ........ ५४
तालिका ५४: जोखिम अनुसार पहिरोको वडागत वर्गीकरण ........ ५६
तालिका ५५: पहिरो प्रभावित क्षेत्रहरुको विस्तृत विवरण ........ ५७
तालिका ५६: जलवायु परिवर्तनले निम्त्याएका समस्या, कारण र समुदायमा पारेको प्रभाव ........ ६०
तालिका ५७: विपद तथा प्रकोपको वडागत स्तरीकरण ........ ६३
तालिका ५८: भू-उपयोग ........ ६५
तालिका ५९: चैनपुर नगरपालिकाले बनाएका ऐन कानूनहरु ........ ६७
तालिका ६०: ऐन कानुनहरुको समग्र अवस्था ........ ६९
तालिका ६१: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार ........ ७७
तालिका ६२: सार्वजनिक स्रोतहरुको प्रक्षेपण ........ १०४

तालिका ६३: बिषयगत क्षेत्र अनुसार आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेट**....................१८१
तालिका ६४: आवधिक बार्षिक बजेटको प्रक्षेपण........................................................१८४
तालिका ६५: योजना कार्यान्वयन तालिका ...........................................................१८८
तालिका ६६: अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा ..........................................१९०

## चित्र सूची

चित्र १: जनसंख्याको वडागत वितरण.......................................................................१०
चित्र २: नगरपालिकाको जनसंख्या पिरामिड.................................................................१२
चित्र ३: भाषाको आधारमा जनसंख्याको वनावट ...........................................................१५
चित्र ५: धर्म अनुसार जनंख्याको वनावट .....................................................................१६
चित्र ६: पेशागत विवरण ........................................................................................३१
चित्र ७: दीर्घ रोगीहरुको संख्या...............................................................................३५
चित्र ८: चैनपुर नगरपालिकाको संगठानात्मक संरचना.....................................................७१
चित्र ९: सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरु....................................................................१०५

## फोटो सूची

फोटो १: सिद्धकाली मन्दिर (बायाँ) र वानेश्वर मन्दिर (दायाँ) ...........................................२२
फोटो २: चैनपुर बजार (बायाँ) र चैनपुरको शुक्रबारे हाटबजार (दायाँ).....................................२७
फोटो ३: वडा नं ११ स्थित श्री वाणीविलास माध्यमिक विद्यालय..........................................३७
फोटो ४: चैनपुर बजार क्षेत्रको भू-उपग्रह नक्शा...............................................................४५
फोटो ५: स्थानीय वस्ती, घरहरुको प्रकार र बनावट............................................................४६
फोटो ६: गढी नजिकै रहेको नवनिर्मित बसपार्क ..............................................................४९

## नक्शा सूची

नक्शा १: चैनपुर नगरपालिकाको अवस्थिति ....................................................................५
नक्शा २: उचाईगत अवस्था .......................................................................................६
नक्शा ३: नगरपालिकाको विद्यमान भू-उपयोग ...............................................................६६

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हुन् । नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले राखेको छ । उक्त ऐनको दफा ११ र १२ मा क्रमश: गाउँपालिका तथा नगरपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन र दीर्घकालिन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिका/नगरपालिकाको वित्तीय अधिकार क्षेत्रसमेत तोकिएको छ । संविधान र कानुन वमोजिम संघीय र प्रदेश सरकारले आवधिक योजना र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहहरुबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले चैनपुर नगरपालिकाको ५ बर्षको आवधिक योजना (आ.व. २०८०/८१-८४/८५) तर्जुमा गरिएको छ ।

नगरपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी बर्षहरुमा विकास कार्यक्रमहरु संचालन गर्नको लागि योजनावद्ध विकासको आवश्यक्ता हुन्छ । त्यसकारण आवधिक योजनाले नगरपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविश्यमा यस नगरपालिकालाई कस्तो किसिमको नगरपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निक्यौंल गर्न मद्दत गर्दछ ।

नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको समग्र विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खास गरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दछन् । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारले राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासंग तादाम्यता कायम गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरु बीच अन्तरसम्बन्ध रहेको हुन्छ ।

यो आवधिक योजनाले चैनपुर नगरपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोंच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ । यो आवधिक योजना पाँच वर्षका लागि निर्माण गरिएको

भए पनि यस नगरपालिकाको दीर्घकालीन सोंच राष्ट्रिय दीर्घकालीन सोचसंग "समृद्ध नेपाल: सुखी नेपाली" तादात्म्य कायम हुनेगरी तयार गरिएको छ । योजनाको समष्टिगत सोंचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको रहेको छ । यही परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्य तय गरिएको छ । यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोंच, लक्ष्य र उद्देश्य नगरपालिकामा भएका निर्देशक र बिषयगत समितिहरुसंग भएको कार्यशाला गोष्ठीहरुमा गरिएको सामुहिक छलफलहरुको निचोड हो । रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भएतापनि कार्यान्वन गर्ने नीतिहरु भने ५ वर्षको अवधिका लागि मात्र हुन् ।

संविधान बमोजिम चैनपुर नगरपालिकाको दीर्घकालीन सोंच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ । यस परिप्रेक्ष्यमा चैनपुर नगरपालिकाको आवधिक योजना तर्जुमाको लागि पाथवे ईन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि., सूर्यविनायक, भक्तपुर र चैनपुर नगरपालिकाबिच भएको सम्झौता बमोजिम यो प्रतिवेदन तयार गरी बुझाइएको छ ।

## १.२ आवधिक योजनाको उदेश्यहरु

यस आवधिक योजना तर्जुमाका उद्धेश्यहरू देहाय बमोजिम छनः

क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को कार्यान्वयन गर्नु ।
ख) रणनीति र प्राथमिकता निर्धारण गरी विकासका सम्भावनाहरूलाई समृद्धि तर्फ उन्मुख गर्नु ।
ग) वार्षिक विकास कार्यक्रमहरूलाई निश्चित गन्तव्यमा डोऱ्यायाउनु ।
घ) स्थानीय श्रोत, साधन र सीपको परिचालन र दिगो उपयोग गर्नु ।
ङ) राजनैतिक दलहरूले निर्वाचनमा गरेका प्रतिवद्धताहरूलाई कार्यरूपमा उतार्नु ।
च) विकासमा सबै वर्ग, लिङ्ग र समुदायको समावेशी सहभागिता, समतामूलक पहुँच र अपनत्व स्थापित गर्नु ।
छ) विकासका आवश्यक्ताहरूको प्राथमिकीकरण गरी क्रमश सम्वोधन गर्दै जानु ।
ज) दिगो विकासका लक्ष्यहरू स्थानीय परिवेश अनुसार प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु ।
झ) आर्थिक रुपले विपन्न र सामाजिक रुपले पिछडिएका वर्ग र लिङ्गको संरक्षण र विकास गर्नु ।
ञ) आयको न्यायोचित वितरण गर्दै गरिवी न्यूनीकरण गर्नु ।

## १.३ आवधिक योजना तर्जुमा प्रकिया आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, संघीय पन्धौ योजनाको आधार पत्रका लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन, चैनपुर नगरपालिकाको प्रमुख समस्या र सम्भावना, चैनपुर नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणा पत्रहरू, नगरपालिकाका बार्षिक नीति तथा कार्यक्रम र योजना दस्तावेजहरुलाई यस आवधिक योजना

तर्जुमाको लागि महत्वपूर्ण आधारका रुपमा लिइएको छ । तसर्थ यस चैनपुर नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसंग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिदै निम्न लिखित आधारहरु लिईएको छ :

१) नेपालको संविधान ।
२) विद्यमान ऐन, कानुन र नियमहरु ।
३) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति ।
४) राष्ट्रिय/प्रादेशिक/स्थानिय तहको दीर्घकालीन सोंच ।
५) राष्ट्रिय/प्रादेशिक आवधिक योजना ।
६) दिगो विकास लक्ष्य ।
७) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन ।
८) चैनपुर नगरपालिकाको प्रमुख समस्या र सम्भावना ।
९) चैनपुर नगरपालिकामा सहभागी राजनैतिक दलहरुको घोषणा पत्रहरु ।

# परिच्छेद २: नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

## २.१ नगरपालिकाको परिचय

चैनपुर नगरपालिका “चन्द्रपुर” भन्ने धार्मिक ऐतिहासिक नामबाट अपभ्रंश हुँदै चैनपुर रहन गएको जनविश्वास छ । साविकको गौडा र सदरमुकाम रहेको चैनपुर नगरपालिका कोशी प्रदेश अन्तरगत संखुवासभा जिल्लाको ५ वटा नगरपालिका र ५ वटै गाउँपालिकाहरुमध्ये एक नगरपालिका हो । लेगुवा-तुम्लिङटार-खाँदबारी पक्की सडक र कोशी राजमार्गको पहुँच भएको चैनपुर पूर्वी नेपालकै ऐतिहासिक महत्व बोकेको पुरानो प्रशासनिक केन्द्र र बजार हो । पौराणिक मान्यता अनुसार सतीदेवीको दायाँआखाँ पतन भएको पवित्र स्थलको रुपमा परिचित चैनपुरको सिद्धकाली मन्दिरले यस नगरपालिकालाई थप धार्मिक र पौराणित महत्व समेत प्रदान गरेको छ । साविकका सिद्धकाली, सिद्धपोखरी, चैनपुर, वानेश्वर र खराङ गरी पाँच गाविसहरु गाभेर चैनपुर नगरपालिका गठन गरिएकोमा २०७३ फाल्गुनमा नुनढाकी गाविसलाई समेत यसै नगरपालिकामा गाभिएको थियो । चैनपुर, खरांग र पोखरी यस नगरपालिकाका प्रमुख बजार केन्द्रहरु हुन । चैनपुरका सिल्पकारहरुले बनाएका धातुको करुवा चैनपुरको अर्को महत्वपूर्ण पहिचान हो । ऐतिहासिक कालमा किराँतहरुको शासन रहेको यस स्थानलाई सो बेलामा गोलाबजार भनिने गरेको पाईन्छ । नेपाल एकीकरण पश्चात चैनपुरलाई पूर्व ६ नं भनेर समेत भनेको पाईन्छ । काठमाण्डौबाट दुरी नाप गरी राखिएको कोशेढुंगाले पनि यस ठाँउको ऐतिहासिक, प्रशासनिक र पुरातात्विक महत्वलाई उजागर गरेको छ । चैनपुर नगरपालिकामा राजधानी काठमाण्डौ, भक्तपुर, ललितपुर, धुलिखेल, वनेपा, साँगा, नाला आदि स्थानबाट व्यापारको सिलसिलामा आई बसोबास गरेका नेवारहरुको वस्तीहरु, धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका मठमन्दिर, टोल, गल्ली, घरहरुले चैनपुरको इतिहास, कला र संस्कृतिलाई अझ जिवन्त पारेको छ । ब्राम्हण, क्षेत्री, राई, लिम्बु, परियार, विश्वकर्मा र सार्की यहाँका प्रमुख जातजातीहरु हुन ।

### २.१.१ भौगोलिक अवस्थिति, राजनीतिक र प्रशासनिक संरचना

#### भौगोलिक अवस्थिति

संखुवासभा जिल्लाको दक्षिणी भेगमा अवस्थित यस चैनपुर नगरपालिकाको कुल क्षेत्रफल २२३.६९ वर्ग किमि रहेको छ । यस नगरपालिकाको पूर्वमा ताप्लेजुङ र तेन्हथुम जिल्ला, पश्चिममा भोजपुर जिल्ला र खाँदबारी नगरपालिका, उत्तरमा संखुवासभा जिल्लाको पाँचखपन नगरपालिका र दक्षिणमा पनि संखुवासभा जिल्लाकै मादी र धर्मदेवी नगरपालिकाहरु रहेका छन । चैनपुर नगरपालिकाको उचाई समुन्द्र सतहबाट २६० मिटर (पिलुवा दोभान) देखि ३५३५ मिटर (जडिबुटे देउराली) सम्म रहेको छ । यसरी उचाईगत भिन्नताले गर्दा नगरपालिकामा पाईने वनस्पति, जिवजन्तु र हावापानीमा ठूलो विविधता पाईन्छ । भौगोलिक हिसाबले यो नगरपालिकाको फैलावट २७° १२' ३६" देखि २७° १४' १८" उत्तरी अक्षांशसम्म र ८७° ११' ४९" देखि ८७° ३०' ५७" पूर्वी देशान्तर फैलिएको छ ।




नक्शा १: चैनपुर नगरपालिकाको अवस्थिति




नक्शा २: उचाईगत अवस्था

**राजनीतिक र प्रशासनिक संरचना**

संखुवासभा जिल्लामा रहेका कुल १० वटा स्थानीय तहहरु मध्ये चैनपुर नगरपालिका एक स्थानीय तह हो । यो नगरपालिका ११ वटा वडाहरुमा विभाजित रहेको छ भने नगरपालिकाको केन्द्र चैनपुर बजार हो । संखुवासभा जिल्लामा प्रतिनिधि सभा सदस्यको लागि १ निर्वाचन क्षेत्र र प्रदेश सभाको लागि २ निर्वाचन क्षेत्र रहेको छ भने चैनपुर नगरपालिका प्रदेश सभाको २ नं क्षेत्रमा पर्दछ । स्थानीय तहको पुनर्संरचना अनुसार नगरपालिकाको वडा विभाजन, क्षेत्रफल र जनघनत्व तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका 1: नगरपालिकाको वडा विभाजन, जनसंख्या, क्षेत्रफल र जनघनत्व

| वडा नं | जनसंख्या | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|
| १ | १९९५ | ५१.८३ | ३८.४९ |
| २ | २२७३ | १८.०६ | १२५.८६ |
| ३ | २९९२ | १०.२१ | २९३.०५ |
| ४ | २२५७ | ४३.९२ | ५१.३९ |
| ५ | १६५८ | ७.६९ | २१५.६ |
| ६ | ३६३८ | ८.१९ | ४४४.२ |
| ७ | २७२७ | १२.५२ | २१७.८१ |
| ८ | १५२१ | १२.७ | ११९.७६ |
| ९ | २३६३ | ९.२८ | २५४.६३ |
| १० | २७६३ | १४.२६ | १९३.७६ |
| ११ | २६१२ | ३५.०५ | ७४.५२ |
| जम्मा | २६७९९ | २२३.७१ | ११९.७९ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

चैनपुर नगरपालिका प्राकृतिक स्रोतमा निक्कै धनी रहेको छ । यो नगरपालिका हेवा खोला, सभा खोला, अरुण नदी र पिलुवा खोलाले घेरिएर रहेको छ भने नगरपालिका भित्र अन्य प्रशस्त स-साना खोलानालाहरु समेत छन् । त्यसैगरी नगरपालिका भित्र ६१ वटा सामुदायिक वनहरु समेत छन् । साँस्कृतिक हिसाबले समेत चैनपुर नगरपालिका निक्कै सम्पन्न रहेको छ । प्रसिद्ध सिद्धकाली र वानेश्वर मन्दिर यसै नगरपालिका रहेका छन् । हिन्दु, किराँत, बौद्ध र क्रिश्चियन धर्म मान्ने मानिसहरुमा धार्मिक सहिष्णुता रहेको पाईन्छ भने यहाँ सबै धर्म र संस्कृतिसंग सम्बन्धित मठ मन्दिर, चर्च, गुम्बाहरु रहेका छन । दशै, तिहार, शिवरात्री, तिज, माघे संक्रान्ति, ल्होसार, उधौली, उभौली, क्रिसमस यहाँका प्रमुख चाडपर्वहरु हुन । यस्ता चाडपर्वहरुमा यहाँका स्थानीय मठ मन्दिर र बजारहरुमा स्थानीय आदिवासीहरुको मेला र साँस्कृतिक झाँकीहरु समेत हुने गरेको छ । नगरपालिका रहेका प्राकृतिक सम्पदा र धार्मिक क्षेत्रहरुको विवरण तालिका २ र ३ मा प्रस्तुत गरिएको छ ।

तालिका २: नगरपालिकामा अवस्थित नदि तथा खोलाहरुको वडागत वितरण

| वडा नं | नदि तथा खोलानालाहरु |
|---|---|
| १ | तपुवा, पिलुवा, याँवरा, भित्रे, सेकुवा, बेतिनी, सम्याङ, छाँगे |
| २ | पिलुवा, तपुवा, भण्डारी, ताङलेवा, चाम्चा, टिमुरे, बगरे, देवी, ठोट्ने, कामी |
| ३ | पिलुवा, पाडारे, काउले, चन्दने, कटहरे, खहरे |
| ४ | हेवा, स्यावा, घुडेनी, भेडे, केवाँ, पुर्लुमा, ओरिंगा, फोरिंगा, खेकुवा, पाखुरे, सक्सके, अम्बोटे, ओख्रे, देवाने, कालीमाटी, बुढेनी, मालवाँसे |
| ५ | हेवा, हायु, सुंगुरे, राईगाउँ, राँके, सार्की, कटहरे, पचासे, देवीथान, बान्हमुरे |
| ६ | हेवा, दोभान, ज्यामिरे, पाङग्रे |
| ७ | हेवा, चनौटे, पिलुवा, घट्टे, आँपघारी, फुकुवा, खलंगा, मार्से, पँधेरी, मैना, ईमाङ, डुम्रे, टारी |
| ८ | हेवा, फियोखोला, कोकले, भुल्के र पिसे |
| ९ | पिलवा, मार्से, जीतमान, सिंगे, घट्टे |
| १० | अरुण नदी, पिलुवा खोला, बाँसबोटे खोल्सा, भालु |
| ११ | अरुण नदी, सभाखोला, हेवा खोला |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७९ र स्थानीय जलवायु तथा उत्थानशील योजना, २०७८*

तालिका ३: नगरपालिकाका धार्मिक तथा साँस्कृतिक क्षेत्रहरुको वडागत वितरण

| क्र.स. | नाम | स्थान | वडा | क्र.स. | नाम | स्थान | वडा |
|---|---|---|---|---|---|---|---|
| १ | भिक्टोरिया चर्च | नुनढकी | १ | २३ | कृष्ण मन्दिर | माथिल्लो टोल | ६ |
| २ | काज्युर होईदिलिङ गुरुड गुम्बा | डाडाटोल | १ | २४ | नारायण थान | बिचटोल | ६ |
| ३ | यरुङहाङ योक | नाम्लिङ टोल | १ | २५ | शिवालय मन्दिर | भन्ज्याङ | ६ |
| ४ | तातोपानी मन्दिर | नाम्लिङ टोल | १ | २६ | जलेश्वर मन्दिर | डाँगीगाउँ | ६ |
| ५ | भगवती थान | चित्लाङ | २ | २७ | शिव मन्दिर | माथिल्लो डाँडीगाउँ | ६ |
| ६ | थामपोखरी | थामपोखरी | २ | २८ | बगैचा बौद्ध मन्दिर | चैनपुर | ६ |
| ७ | सिद्धकाली मन्दिर | सिद्धकाली | ३ | २९ | बानेश्वर शिवालय मन्दिर | बानेश्वर | ८ |
| ८ | सांगेछ्योलिङ गुम्बा | चैनपुर | ३ | ३० | सरस्वती मन्दिर | त्रिशुले | ९ |
| ९ | खत्रीगाउँ शिवाल श्री सिद्ध आश्रम शक्ति केन्द्र | चैनपुर | ३ | ३१ | धर्मदेवी मन्दिर | हात्तिसुडे | १० |
| १० | पोखरी देवी थान | चैनपुर | ३ | ३२ | कृष्ण मन्दिर | खराङ | १० |
| ११ | कालिका जालपा मन्दिर | तीनखोप्रे | ३ | ३३ | कासीछोयोलिङ गुम्बा | काफलडाँडा | १० |
| १२ | नयाँ जिवन मण्डली | बतासे | ४ | ३४ | आईतबार देवी थान | कुवापानी | १० |
| १३ | एलेहिम मण्डली | बतासे | ४ | ३५ | आईतबार देवी थान | पानीघट्टा | १० |
| १४ | रेन्जिङ छ्योलिङ गुम्बा | कोक्सा | ४ | ३६ | सिंहदेवी मन्दिर | लेवारिङ | १० |
| १५ | शिवालय मन्दिर | केराबारी | ५ | ३७ | भैरव देवी थान | खाल्टे | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | महादेव थान | चैनपुर | ५ | ३८ | बाराजीथान मन्दिर | सालडाँडा | ११ |
| १७ | बक्तेश्वर महादेव | हिटिटोल | ६ | ३९ | नेपाले वर | तिलकेचौर | ११ |
| १८ | भिमसेन थान | हस्पिटल चौक | ६ | ४० | जाल्पादेवी मन्दिर | ककुवा | ११ |
| १९ | सरस्वती थान | मिलडाँडा | ६ | ४१ | शिवालय मन्दिर | केरावारी | ११ |
| २० | बौद्ध बिहार | हिटिटोल | ६ | ४२ | भिमसेन थान मन्दिर | सिम्ले | ११ |
| २१ | राधाकृष्ण मन्दिर | टुडिखेल | ६ | ४३ | जलेश्वर महादेव स्थान | बारबिसे | ११ |
| २२ | भिमसेन मन्दिर | माथिल्लो टोल | ६ | ४४ | जाल्पादेवी मन्दिर | किंगरिंग | ११ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७९ र नगरपालिकाको पार्श्वचित्र, २०७६*

### २.१.३ जनसांख्यिकीय अवस्था

राष्ट्रिय जनगणणा २०७८ का अनुसार चैनपुर नगरपालिकाको जनंख्या २६७९९ र जम्मा घरधुरी संख्या ६६४८ रहेको छ । जसमध्ये पुरुषको संख्या १३१२५ (४८.९८%) र महिलाको संख्या १३६७४ (५१.०२%) रहेको छ (तालिका ४)। तर राष्ट्रिय जनगणना २०६८ का अनुसार यस नगरपालिकाको कुल जनसंख्या २७३०८ र जम्मा घरधुरी संख्या ५९३८ थियो भने कुल जनसंख्यामा पुरुषको संख्या १२६७० (४६.४०%) र महिलाको संख्या १४६३८ (५३.६०%) थियो । दश बर्ष अघि सरदर घरधुरी संख्या ४.६, लैंगिक अनुपात ८६.५६ र जनघनत्व १२२.०६ व्यक्ति प्रति वर्ग किमि थियो । यसरी २०६८ साल र २०७८ सालको जनगणनाको तथ्याङ्कलाई तुलना गरेर हेर्दा बिगत दश बर्षमा चैनपुर नगरपालिकाको घरधुरी संख्या बढेको देखिएतापनि कुल जनसंख्या भने ७१० (-१.१२%) ले घटेको देखिन्छ ।

तालिका ४: जनसांख्यिकीय विवरण

| विवरण | जनगणना २०७८ | जनगणना २०६८ |
|---|---|---|
| जम्मा घरधुरी | ६६४८ | ५९३८ |
| जम्मा जनसंख्या | २६७९९ | २७३०८ |
| पुरुष | १३१२५ (४८.९८%) | १२६७०(४६.४०%) |
| महिला | १३६७४ (५१.०२%) | १४६३८ (५३.६०%) |
| सरदर घरधुरी संख्या | ४.०३ | ४.६ |
| लैगिंक अनुपात | ९५.९९ | ८६.५६ |
| जनघनत्व | ११९.७९ व्यक्ति प्रति वर्ग किमि | १२२.०६ व्यक्ति प्रति वर्ग किमि |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८ र २०७८*

राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार जनसंख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ६ मा ३६३८ (१३.५८%) र सबैभन्दा कम जनसंख्या वडा नं ८ मा १५२१ (५.६८%) छ । वडा नं ६ मा नगरपालिकाको मुख्य बजार केन्द्र चैनपुर बजार रहेकोले यस वडामा सबैभन्दा बढी जनसंख्या रहेको छ । जनघनत्वको हिसाबले हेर्दा पनि सबैभन्दा बढी जनघनत्व वडा नं ६ को ४४४.२ व्यक्ति प्रति वर्ग किमि छ भने सबैभन्दा कम जनघनत्व वडा नं ४ मा ५१.४ छ । नगरपालिकाबाट रोजगारी, शिक्षा र अन्य अवसरहरुको लागि पूर्वी तराईका ठूला शहरहरु बिराटनगर, धरान, ईटहरी, दकम, विर्तामोड लगायत राजधानी काठमाण्डौ जाने र सकेसम्म उतै बस्ने प्रवृति रहेको छ । त्यसैगरी रोजगारीको लागि वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या

पनि यहाँ प्रशस्त रहेको छ। जसले गर्दा चैनपुर नगरपालिकामा बसाईसराई अर्को प्रमुख जनसाँख्यिकीय घटनाको रुपमा देखा परेको छ। नगरपालिकाको जनसंख्याको वडागत वितरण, लैंगिक वनावट र घनत्वलाई तालिका ५ मा प्रस्तुत गरिएको छ।

तालिका ५: जनसंख्याको वडागत वितरण, वनावट र घनत्व

| वडा नं | घरधुरी संख्या | जनसंख्या | जनसंख्या (%) | पुरुष | पुरुष (%) | महिला | महिला (%) | क्षेत्रफल (वर्ग किमि) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५३९ | १९९५ | ७.४४ | ९८० | ३.६६ | १०१५ | ३.७९ | ५१.८३ | ३८.५ |
| २ | ५३६ | २२७३ | ८.४८ | ११२९ | ४.२१ | ११४४ | ४.२७ | १८.०६ | १२५.९ |
| ३ | ७१३ | २९९२ | ११.१६ | १४७८ | ५.५२ | १५१४ | ५.६५ | १०.२१ | २९३.० |
| ४ | ५२७ | २२५७ | ८.४२ | ११२७ | ४.२१ | ११३० | ४.२२ | ४३.९२ | ५१.४ |
| ५ | ३८२ | १६५८ | ६.१९ | ८२३ | ३.०७ | ८३५ | ३.१२ | ७.६९ | २१५.६ |
| ६ | ९६० | ३६३८ | १३.५८ | १७६७ | ६.५९ | १८७१ | ६.९८ | ८.१९ | ४४४.२ |
| ७ | ६९४ | २७२७ | १०.१८ | १३४२ | ५.०१ | १३८५ | ५.१७ | १२.५२ | २१७.८ |
| ८ | ३६० | १५२१ | ५.६८ | ७४१ | २.७७ | ७८० | २.९१ | १२.७० | ११९.८ |
| ९ | ५८८ | २३६३ | ८.८२ | ११२४ | ४.१९ | १२३९ | ४.६२ | ९.२८ | २५४.६ |
| १० | ६९० | २७६३ | १०.३१ | १३२० | ४.९३ | १४४३ | ५.३८ | १४.२६ | १९३.८ |
| ११ | ६५९ | २६१२ | ९.७५ | १२९४ | ४.८३ | १३१८ | ४.९२ | ३५.०५ | ७४.५ |
| जम्मा | ६६४८ | २६७९९ | १००.०० | १३१२५ | ४८.९८ | १३६७४ | ५१.०२ | २२३.७१ | ११९.८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*




चित्र १: जनसंख्याको वडागत वितरण

जनसंख्याको उमेरगत समुहको वनावटलाई हेर्दा सबैभन्दा बढी जनसंख्या १५-१९ बर्ष उमेर समुहमा १०% रहेको छ भने सबैभन्दा कम ९५ बर्ष भन्दा माथिको समुहमा ०.०७% (१८ जना) जनसंख्या रहेको छ। ९५ बर्ष

भन्दा माथिको जनसंख्यामा पुरुषको संख्या २ र महिलाको संख्या १८ जना छ। जनसंख्याको सक्रिय उमेर समुह (१५-६४) लाई हेर्दा ६४.३९% जनसंख्या रहेको देखिन्छ भने ००-१४ बर्ष उमेर समुहमा २७.२२% जनसंख्या रहेको छ। त्यसैगरी ६५ बर्ष भन्दा बढी उमेर समुहमा ८.३९% जनसंख्या रहेको छ। यसरी जनसंख्याको उमेरगत समुहलाई हेर्दा सक्रिय उमेर समुहको हिस्सा सबैभन्दा बढी देखिन्छ। चैनपुर नगरपालिकाको जनसंख्याको पिरामिडलाई चित्र २ मा र उमेरगत समुहलाई तालिका ६ मा प्रस्तुत गरिएको छ।

तालिका ६: उमेर समुह अनुसार जनसंख्याको बनावट

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ००-०४ | १०९२ | ४.०७ | ९८२ | ३.६६ | २०७४ | ७.७४ |
| ०५-०९ | १३६६ | ५.१० | १२५८ | ४.६९ | २६२४ | ९.७९ |
| १०-१४ | १२८२ | ४.७८ | १३१४ | ४.९० | २५९६ | ९.६९ |
| १५-१९ | १३७३ | ५.१२ | १३०७ | ४.८८ | २६८० | १०.०० |
| २०-२४ | १०९६ | ४.०९ | १२२२ | ४.५६ | २३१८ | ८.६५ |
| २५-२९ | १००० | ३.७३ | ११५४ | ४.३१ | २१५४ | ८.०४ |
| ३०-३४ | ८५२ | ३.१८ | ९८४ | ३.६७ | १८३६ | ६.८५ |
| ३५-३९ | ७८२ | २.९२ | ९११ | ३.४० | १६९३ | ६.३२ |
| ४०-४४ | ७४८ | २.७९ | ८१५ | ३.०४ | १५६३ | ५.८३ |
| ४५-४९ | ६०५ | २.२६ | ६३९ | २.३८ | १२४४ | ४.६४ |
| ५०-५४ | ७०७ | २.६४ | ७५७ | २.८२ | १४६४ | ५.४६ |
| ५५-५९ | ६०० | २.२४ | ५८१ | २.१७ | ११८१ | ४.४१ |
| ६०-६४ | ५५९ | २.०९ | ५६५ | २.११ | ११२४ | ४.१९ |
| ६५-६९ | ४३२ | १.६१ | ४३९ | १.६४ | ८७१ | ३.२५ |
| ७०-७४ | २८८ | १.०७ | ३१६ | १.१८ | ६०४ | २.२५ |
| ७५-७९ | १७१ | ०.६४ | २२३ | ०.८३ | ३९४ | १.४७ |
| ८०-८४ | १०२ | ०.३८ | ११२ | ०.४२ | २१४ | ०.८० |
| ८५-८९ | ४६ | ०.१७ | ५८ | ०.२२ | १०४ | ०.३९ |
| ९०-९४ | २२ | ०.०८ | २१ | ०.०८ | ४३ | ०.१६ |
| ९५ + बर्ष | २ | ०.०१ | १६ | ०.०६ | १८ | ०.०७ |
| कुल | १३१२५ | ४८.९८ | १३६७४ | ५१.०२ | २६७९९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




चित्र २: नगरपालिकाको जनसंख्या पिरामिड

### २.१.४ बसाईसराई

जनसंख्याको बनावट र आकारमा आउने परिवर्तनको एक प्रमुख कारण बसाईसराई पनि हो । चैनपुरमा बसाईसराई एउटा सामाजिक घटनाको रुपमा निरन्तर भैरहेको देखिन्छ। रोजगारी र अन्य सामाजिक आर्थिक अवसरको खोजिमा चैनपुरबाट पूर्वी तराईका बिराटनगर, धरान, ईटहरी, दमक, विर्तामोड, पथरी, उर्लावारी जस्ता ठूला शहरहरु लगायत राजधानी काठमाण्डौ तर्फ निरन्तर रुपमा मानिसहरु बसाईसराई गैरहेको देखिन्छ । बसाईसराई पो प्रवृति हेर्दा चैनपुर आउने भन्दा चैनपुरबाट अन्यत्र जानेहरुको संख्या बढि देखिन्छ जसले गर्दा चैनपुरको जनसंख्या क्रमश घटिरहेको छ र यो घटदो जनसंख्याको प्रवृतिलाई रोक्न निक्कै चुनौतीपूर्ण देखिन्छ। नगरपालिकाको २०७४ बैशाख १ देखि २०७९ चैत्र २७ सम्मको तथ्याङ्क हेर्दा चैनपुर नगरपालिकामा ७८० जना मानिसहरु बसाईसरी आएको देखिन्छ भने २१९१ जना बसाईसरी चैनपुरबाट अन्यत्र गएको देखिन्छ।

चैनपुरमा वैदेशिक रोजगारी बसाईसराईको अर्को महत्वपूर्ण जनसांख्यिकीय घटनाको रुपमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्लाई हेर्दा चैनपुर नगरपालिकामा १६५७ जना व्यक्तिहरु परिवारमा अनुपस्थित (विदेश गएका) देखिन्छ। जुन कुल जनसंख्याको ६.१८% हुन आउछ भने अनुपस्थित कुल जनसंख्यामा उमेरगत समुहमा हेर्दा सबैभन्दा बढी २०-२४ बर्ष उमेर समुहका ५६० जना व्यक्तिहरु विदेश गएको देखिन्छ। चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ का अनुसार चैनपुर नगरपालिकाबाट १५३० जना युवायुवतीहरु

वैदेशिक रोजगारीको लागि विभिन्न देशहरु गएको देखिन्छ । यस्ता देशहरुमा सबैभन्दा बढी मलेशिया जानेको संख्या ४९२, त्यसपछी कतार जानेको संख्या २६७, साउदी अरब जाने संख्या २५४, यु.ए.ई. जानेको संख्या १४३ रहेको छ । वैदेशिक रोजगारीका जाने अन्य देशहरुमा भारत, जापान, दक्षिण कोरिया, अष्ट्रेलिया, अमेरिका, इराक, बेलायत, क्यानडा, जर्मनी आदि देशहरु छन् ।

तालिका ७: बसाईसराईका कारणहरु

| क्र.स. | हाल बसाई सर्नुका कारणहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काम/रोजगारी | ५०९ | ९.० |
| २ | वाणिज्य/व्यापार | ११७ | २.१ |
| ३ | अध्ययन/तालिम | १९१ | ३.४ |
| ४ | विवाह | ३६४५ | ६४.८ |
| ५ | आश्रित (डिपेन्डेन्ट) | ६५५ | ११.६ |
| ६ | प्राकृतिक प्रकोप | ८ | ०.१ |
| ७ | कृषि | २९४ | ५.२ |
| ८ | घर फर्किएको (रिटर्नी) | ६५ | १.२ |
| ९ | अन्य | १३१ | २.३ |
| १० | उल्लेख नभएको | १२ | ०.२ |
| जम्मा | | ५६२७ | १००.० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ लाई आधार मानेर यस अघिको बसोबास गरेको स्थानबाट गणना भएको स्थानमा (चैनपुरमा) आउनुको कारणहरुलाई हेर्दा सबैभन्दा बढी लगभग ६५% मानिसहरु विवाहको कारणले गर्दा चैनपुरबाट बसाईसराई गरेको देखिन्छ । त्यसैगरी अन्य प्रमुख कारणहरुमा परिवारको आश्रित सदस्यको रुपमा बसाईसरी जाने ११.६%, काम/रोजगारीको लागि ९%, कृषिको लागि ५.२%, अध्ययन तालिम को लागि ३.४% र वाणिज्य/व्यापार को लागि २.१% देखिन्छ।

### २.१.५ जन्म स्थानको आधारमा जनसंख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ का अनुसार जन्मस्थान र हालको बसोबास चैनपुर नगरपालिका भित्रै रहेका व्यक्तिहरु ७८.८१% प्रतिशत छन् भने संखुवासभा जिल्ला भित्रका अन्य स्थानीय तहहरुमा जन्म भै हाल चैनपुर नगरपालिकामा बसोबास गर्ने मानिसहरुको संख्या ११.४% छ । संखुवासभा बाहेक अन्य जिल्लाहरुमा जन्म भै हाल चैनपुर नगरपालिकामा बसोबास गर्ने मानिसहरुको संख्यालाई हेर्दा हिमाली जिल्लामा जन्म भएका मानिसहरु ३.४१%, पहाडी जिल्लामा जन्म भएका मानिसहरु ४.७४% र तराईका जिल्लामा जन्म भएका १.१२% छन् । विदेशमा जन्म भै हाल चैनपुर नगरपालिकामा बसोबास गर्ने मानिसहरुको संख्या १३५ जना छ भने ४ जना मानिसहरुको जन्म स्थान उल्लेख नगरेको देखिन्छ । विस्तृत विवरण तालिका ८ मा प्रस्तुत गरिएको छः

तालिका ८: जन्म स्थानको आधारमा जनसंख्याको विवरण

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| चैनपुर नगरपालिकामा जन्म भएका | २११११९ | ७८.८१ |
| संखुवासभा जिल्ला भित्रका अन्य स्थानीय तहमा जन्म भएका | ३०५५ | ११.४० |
| हिमाली जिल्लामा जन्म भएका | ९१५ | ३.४१ |
| पहाडी जिल्लामा जन्म भएका | १२७१ | ४.७४ |
| तराईका जिल्लामा जन्म भएका | ३०१ | १.१२ |
| विदेशमा जन्म भएका | १३४ | ०.५० |
| जन्म स्थान उल्लेख नभएका | ४ | ०.०१ |
| जम्मा | २६७९९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.६ वैवाहिक अवस्था

राष्ट्रिय जनगणना २०७८ का अनुसार चैनपुर नगरपालिकामा १० बर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३१.९१% व्यक्तिहरु अविवाहित रहेका छन् । जसमा पुरुष १७.५६% र महिला १४.३६% छन । त्यस्तै ६१.९४% विवाहित, ४.९३% विधुवा/विधुर, ०.२१% पारपाचुके गरेका र १.०१% छुटिएका व्यक्तिहरु छन् । विस्तृत विवरण तालिका ९ मा प्रस्तुत गरिएको छः

तालिका ९: वैवाहिक अवस्था

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अविवाहित | ३८८० | १७.५६ | ३१७३ | १४.३६ | ७०५३ | ३१.९१ |
| विवाहित | ६३७० | २८.८२ | ७३१९ | ३३.१२ | १३६८९ | ६१.९४ |
| विधुवा/विधुर | २९६ | १.३४ | ७९३ | ३.५९ | १०८९ | ४.९३ |
| परपाचुके | २९ | ०.१३ | १७ | ०.०८ | ४६ | ०.२१ |
| छुट्टिएको | ९२ | ०.४२ | १३२ | ०.६० | २२४ | १.०१ |
| कुल | १०६६७ | ४८.२६ | ११४३४ | ५१.७४ | २२१०१ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.७ जातजाती

राष्ट्रिय जनगणना २०७८ का अनुसार क्षेत्री, तामाङ, शेर्पा, याक्थुङ/लिम्बु, राई, नेवार, ब्राम्हण-पहाड, विश्वकर्मा, याख्खा, मगर, परियार आदि नगरपालिकाका मुख्य वासिन्दाहरु हुन । जातीगत हिसाबले हेर्दा सबैभन्दा बढी क्षेत्रीहरुको जनसंख्या २३.५% रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमश तामाङ (१६.७%) र शेर्पा (१२.२%) छन् । त्यसैगरी याक्थुङ/लिम्बु १०.२%, राई ८.७%, नेवार ५.८%, ब्राम्हण-पहाड ४.३%, विश्वकर्मा ४%, याख्खा ३.३%, मगर २.४% र मिजार २.१% छन् । जातीय विविधता भएको चैनपुर नगरपालिकाको जनसंख्याको जातीगत वनावटलाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

तालिका १०: नगरपालिकाको जातिगत विवरण

| क्र.स. | जातजाती | जनसंख्या | प्रतिशत | क्र.स. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ६३०५ | २३.५ | १२ | परियार | ४६७ | १.७ |
| २ | तामाङ | ४४८३ | १६.७ | १३ | चाम्लिङ | २९९ | १.१ |
| ३ | शेर्पा | ३२६८ | १२.२ | १४ | गुरुङ | २०९ | ०.८ |
| ४ | याक्थुङ/लिम्बु | २७३४ | १०.२ | १५ | खालिङ | १८४ | ०.७ |
| ५ | राई | २३३१ | ८.७ | १६ | कुलुङ | १७३ | ०.६ |
| ६ | नेवार | १५६६ | ५.८ | १७ | थुलुङ | ११८ | ०.४ |
| ७ | ब्राम्हण-पहाड | ११५१ | ४.३ | १८ | सन्यासी/दशनामी | ९६ | ०.४ |
| ८ | विश्वकर्मा | १०६२ | ४.० | १९ | घर्ती/भुजेल | ८० | ०.३ |
| ९ | याख्खा | ८९७ | ३.३ | २० | अन्य | १८२ | ०.७ |
| १० | मगर | ६३५ | २.४ | २१ | जम्मा | २६७९९ | १००.० |
| ११ | मिजार | ५५९ | २.१ | *स्रोतः राष्ट्रिय जनगणना, २०७८* | | | |

## २.१.८ भाषा

नेपाली भाषा चैनपुरमा बोलिने मुख्य भाषा हो । नगरपालिकामा बसोबास गर्ने कुल जनसंख्याको सबैभन्दा बढी ५०.५% मानिसहरुले बोलिचालिको लागि नेपाली भाषा प्रयोग गर्दछन् । दोस्रो र तेस्रो स्थानमा तामाङ र शेर्पा भाषा बोल्ने मानिसहरुको संख्या क्रमश १४.९% र १०.७% छ । त्यसैगरी याकथुम्बा/लिम्बु भाषा बोल्ने मानिसहरु ८.५% र राई भाषा बोल्ने मानिसहरु ३.४% छन् । राईसंग मिल्ने चाम्लिङ, खालिङ, वान्तवा, कुलुङ, थुलुङ, याख्या, साम्पाङ आदि भाषा बोल्ने मानिसहरुको संख्या पनि नगरपालिकामा उल्लेख्य मात्रामा रहेको छ। चैनपुर बजारमा बसोबास गर्ने नेवारहरुले बोल्ने नेपाल भाषा प्रयोग गर्ने जनसंख्या २.५% रहेको छ । नगरपालिका बोल्ने मुख्य भाषाहरुको विस्तृत विवरण चित्र ३ मा प्रस्तुत गरिएको छ ।




चित्र ३: भाषाको आधारमा जनसंख्याको वनावट

### २.१.९ धर्म

चैनपुर नगरपालिकामा धार्मिक हिसाबले जनसंख्याको वनावटलाई हेर्दा हिन्दु, बौद्ध र किराँत मुख्य ३ धर्महरु छन् । नगरपालिकामा सबैभन्दा बढी हिन्दु धर्म मान्ने जनसंख्या ४०.९%, बौद्ध धर्म मान्नेहरु २७.७% र किराँत धर्म मान्नेहरु १९.३% छन् । इसाई धर्म मान्ने मानिसहरुको संख्या २% रहेको छ भने अन्य धर्म मान्नेहरुको संख्या केवल ३ जना (इस्लाम २ र शिख १ जना) छन् ।




चित्र ४: धर्म अनुसार जनंख्याको वनावट

### २.१.१० अपांगको अवस्था

चैनपुर नगरपालिकाको कुल जनसंख्या मध्ये ९१.१७% प्रतिशत जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन । लिंगको आधारमा कुनैपनि अपांगता नभएको संख्या पुरुषको भन्दा महिलाको २% जतिले बढी छ । विभिन्न प्रकारका अपांगता मध्ये सबैभन्दा बढी शारीरिक अपांगता हुने मानिसहरुको संख्या २५७ जना (०.९६%) छ । अपांगता सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ११: अपांगताको प्रकार अनुसार जनसंख्याको विवरण

| अपांगताको अवस्था | जनसंख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| शारीरिक अपांगता | २५७ | ०.९६ | १६२ | ०.६० | ९५ | ०.३५ |
| न्यून दृष्टियुक्त | ९३ | ०.३५ | ४७ | ०.१८ | ४६ | ०.१७ |
| पूर्ण दृष्टियुक्त | ३४ | ०.१३ | २० | ०.०७ | १४ | ०.०५ |
| बहिरोपन | ६६ | ०.२५ | ४० | ०.१५ | २६ | ०.१० |
| सुस्तश्रवण | ९३ | ०.३५ | ४८ | ०.१८ | ४५ | ०.१७ |
| श्रवण दृष्टिविहिन | ९ | ०.०३ | ६ | ०.०२ | ३ | ०.०१ |
| स्वर र बोलाई | ७५ | ०.२८ | ५० | ०.१९ | २५ | ०.०९ |
| मानसिक वा मनोसामाजिक | २७ | ०.१० | १३ | ०.०५ | १४ | ०.०५ |
| बौद्धिक अपांगता | ११ | ०.०४ | ४ | ०.०१ | ७ | ०.०३ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | २ | ०.०१ | ० | ०.०० | २ | ०.०१ |
| अटिजम् | ६ | ०.०२ | १ | ०.०० | ५ | ०.०२ |
| बहुअपांगता | ८५ | ०.३२ | ४७ | ०.१८ | ३८ | ०.१४ |
| कुनैपनि अपांगता नभएको | २६०३८ | ९७.१६ | १२६८५ | ४७.३३ | १३३५३ | ४९.८३ |
| उल्लेख नभएको | ३ | ०.०१ | २ | ०.०१ | १ | ०.०० |
| जम्मा | २६७९९ | १००.०० | १३१२५ | ४८.९८ | १३६७४ | ५१.०२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.११ व्यक्तिगत घटना दर्ताको अवस्था

व्यक्तिगत घटना दर्ताले नगरपालिकाको जनसंख्याको आकार र वनावटमा भैरहेको परिवर्तनलाई उद्यावधिक गर्न सहयोग पुग्दछ। चैनपुर नगरपालिकाको विगत ५ बर्षको व्यक्तिगत घटना दर्तालाई हेर्दा ४४४७ वटा जन्म घटना दर्ता भएको देखिन्छ। जसमा पुरुष घटना दर्ता २२५४ र महिला घटना दर्ता २१९३ छ। त्यसैगरी ११३८ वटा मृत्यु घटना दर्ता भएको छ भने ११३७ वटा विवाह घटना दर्ता भएका छन्। बसाईसराईको घटना भने आउने भन्दा जाने बढी रहेको छ। बिगत ५ बर्षको तथ्याङ्क हेर्दा ७८० जना व्यक्तिहरु अन्यत्रबाट बसाई सरी आएको देखिन्छ भने २१९१ व्यक्तिहरु चैनपुरबाट अन्यत्र बसाईसरी गएको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्कलाई हेर्दा बिगत दश बर्षमा चैनपुर नगरपालिकाको जनसंख्या ७१० (-१.१२%) ले घटेको देखिन्छ जसलाई नगरपालिकाको बसाईसराईको घटना दर्ता संख्याले समेत थप पुष्टि गरेको छ।

तालिका १२: नगरपालिकाको व्यक्तिगत घटना दर्ताको विवरण (२०७४/०१/०१ देखि २०७९/१२/२७ सम्म)

| घटना दर्ता | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| जन्म | २२५४ | २१९३ | ४४४७ |
| मृत्यु | ६४० | ४९८ | ११३८ |
| सम्बन्ध विच्छेद | | | ७९ |
| विवाह | | | ११३७ |
| बसाई सरी आएको सदस्य संख्या | | | ७८० |

| | | | | |
|---|---|---|---|---|
| बसाई सरी जाने सदस्य संख्या | | | | २१९१ |

*स्रोतः चैनपुर नगरपालिका, २०८०*

## २.२ आर्थिक विकासको अवस्था

कोशी राजमार्गको निर्माण पश्चात चैनपुर नगरपालिका राष्ट्रिय सडक संजालमा जोडिएको छ जसले गर्दा विगत ४-५ बर्षमा नगरपालिका भित्र आर्थिक गतिविधिहरु निक्कै बढेर गएको देखिन्छ । कृषि, पर्यटन, व्यापार, सेवा र घरेलु तथा साना उद्योगहरु, जलविद्युत, विप्रेषण यहाँका मुख्य आर्थिक स्रोतहरु हुन भने स्थानीय सहकारी संस्थाहरु, वित्तिय संस्थाहरु लगायत ठूला व्यवसायिक बैंकहरुले समेत यहाँको आर्थिक विकासमा उल्लेख्य योगदान पुर्‍याउदै आईरहेका छन । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा चैनपुर नगरपालिकामा १० बर्ष वा सो भन्दा बढी उमेरको जनसंख्या २२१०१ छ जसमा पुरुषको संख्या १०६६७ र महिलाको संख्या ११४३४ छ । उक्त जनसंख्यामा आर्थिक रुपले सक्रिय जनसंख्या १६३७४ (७४%) देखिन्छ जसमा पुरुषको संख्या ७४८२ (३३.८५%) र महिलाको संख्या ७०५२ (३१.९०%) रहेको छ । आर्थिक रुपले सक्रिय कुल जनसंख्या मध्ये केवल ३९० जना व्यक्तिहरु मात्र वरोजगार रहेको देखिन्छ । यसरी जनसांख्यिकिय वनावटको हिसाबले हेर्दा समेत यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था उच्च रहेको देखिन्छ । आर्थिक विकासको विद्यमान अवस्थालाई तलको उपखण्डहरुमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

कृषि यस नगरपालिकाको मुख्य अग्रिणी क्षेत्र हो र नगरपालिकाको कुल गाहर्थ उत्पादनको ५०% भन्दा बढी क्षेत्र पनि यसैले ओगटेको छ । चैनपुर नगरपालिकाको कृषि शाखाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाको कुल क्षेत्रफल (२२३.७१ वर्ग किमि) मध्ये १४५.३९ वर्ग किमि (६५%) जमीन खेतियोग्य रहेको छ । क्षेत्रफलको हिसाबले हेर्दा पहाडी भूभाग र प्रशस्त सामुदायिक वनहरु भएतापनि नगरपालिकामा प्रशस्त खेतियोग्य जमीन रहेको देखिन्छ । त्यसैगरी कुल खेतियोग्य भूमिमध्ये ६५.४२ वर्ग किमि (४५%) भूभागमा सिंचाई सुविधा पुगेको छ भने ७९.९७ वर्ग किमि (५५%) भूभागमा हालसम्म पनि सिंचाई सुविधा पुग्ने सकेको छैन । तर यस आवधिक योजनाको चरणमा भएको स्थलगत सर्भेक्षण र भू-उपयोग नक्शाङ्कनको विश्लषेण अनुसार नगरपालिकाको ४२.९२% भू-भाग (९६ वर्ग किमि) मात्र कृषि क्षेत्र रहेको छ । बढदो बजार र सार्वजनिक क्षेत्रले गर्दा केहि कृषि भूमि घटेको भएतापनि नगरपालिकाबाट प्राप्त कृषि क्षेत्रको तथ्याङलाई अद्यावधिक गर्नुपर्ने देखिन्छ । चैनपुर नगरपालिकामा नगदेवाली, अन्नवाली, दहलन, तरकारी र फलफुल गरी प्राय सवैजसो वालीहरु हुने गर्दछ जसको विवरण तल प्रस्तुत गरिएको छः

तालिका १३: कृषि वालीहरुको वर्गीकरण

| क्र.स. | वालीको प्रकार | वालीहरु |
|---|---|---|
| १ | नगदेवाली | अलैची, लसुन, प्याज, खुर्सानी, कफी, अदुवा, वेसार, उखु, चिया |
| २ | अन्नवाली | धान, मकै, कोदो, गहुँ, जौ |
| ३ | दलहन | भटमास, मस्याम |

| | | |
|---|---|---|
| ४ | तरकारी | आलु गोलभेडा, वन्दा, काउली, वोडी, घिरौला, मुला, काक्रो, लौका, फर्सी |
| ५ | फुलफुल | अम्वा, अमिलो, जातको फल (कागती, सुन्तला), आँप, लिचि |

*स्रोतः स्थलगत अध्ययन, २०७९ र नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

तालिका १४: अन्न वालीको जात, क्षेत्रफल र उत्पादन

| क्र.स. | वालीको नाम | जात | क्षेत्रफल (हेक्टर) | बार्षिक उत्पादन (टन) |
|---|---|---|---|---|
| १ | मकै | मनकामना ३, मनकामना २, देउती | ५४७.९ | १६.२२३९ |
| २ | धान | स्थानीय | ३४७.९ | १३.२३७ |
| ३ | गहुँ | स्थानीय | १५ | ०.४६३३ |
| ४ | कोदो | स्थानीय | २५ | ०.३०५६ |
| ५ | आलु | स्थानीय | ३५ | ५.८२७ |
| ६ | उखु | स्थानीय | २५ | १२.३९७ |

*स्रोतः चैनपुर नगरपालिका, कृषि विकास शाखा, २०७९*

तालिका १५: फलफुल वालीको जात, क्षेत्रफल र उत्पादन

| क्र.स. | वालीको नाम | जात | क्षेत्रफल (हेक्टर) | बार्षिक उत्पादन (टन) |
|---|---|---|---|---|
| १ | सुन्तला | स्थानीय धनकुटा | ६० | १८०० |
| २ | कागती | स्थानीय | २० | १४० |
| ३ | आँप | स्थानीय | १ | ५ |
| ४ | लिचि | स्थानीय | १.५ | ९ |

*स्रोतः चैनपुर नगरपालिका, कृषि विकास शाखा, २०७९*

कृषिको कार्यका लागि सिंचाईमा पहुँच भएका घरधुरीहरुको विवरण हेर्दा १३३१ घरधुरीहरुले कुनैपनि प्रकारको सिंचाई सुविधा प्राप्त गर्न सकेका छैनन् भने बर्षाको पानीमा खेती गर्ने घरधुरीहरुको संख्या २८२० रहेको छ । त्यसैगरी कुलो र नहरुबाट सिंचाई गर्ने घरधुरीहरु क्रमश ८९३ र ८ छन् भने धारा/पाईपबाट सिंचाई गर्ने घरधुरीहरु ५०९ छन् । सिंचाईमा पहुँच भएका घरधुरीहरुको विस्तृत विवरण तालिका १६ मा प्रस्तुत गरिएको छः

तालिका १६: कृषि कार्यका लागि सिंचाईमा पहुँच भएका घरधुरीहरुको विवरण

| क्र.स. | सिंचाईको प्रकार | सिंचाईमा पहुँच भएका घरधुरी |
|---|---|---|
| १ | कुलो | ८९३ |
| २ | नहर | ८ |
| ३ | पोखरी | २ |
| ४ | धारा/पाईप | ५०९ |
| ५ | बर्षाको पानी | २८२० |
| ६ | सिंचाई नभएको घरधुरीहरु | १३३१ |
| ७ | अन्य | ५९ |
| कुल | | ५६२२ |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

पशुपालन नगरपालिकाको अर्को महत्वपूर्ण आर्थिक क्षेत्र हो। नगरपालिकामा उचाईगत विविधता (समुद्र सतहबाट २६० मिटरको पिलुवा दोभान देखि ३५३५ मिटरको जडिबुटी देउराली) भएकोले यहाँ गर्मी मौसममा हुने गाई, भैसी, बाख्रा देखि चिसो स्थानमा हुने याक च्याङ्ग्रा र भेडाहरु समेत पालन गरिएको पाईन्छ।

चैनपुर नगरपालिका पक्की सडकसंग जोडिएको र नगरपालिकाका भित्रि सडकहरुमा समेत बाऱ्है महिना यातायात सुचारु हुन सक्ने भएकोले यहाँ उत्पादित दुध र मासुलाई कोशी प्रदेशका बिराटनगर, ईटहरी, धरान, दमक, बिर्तामोड जस्ता ठूला शहरहरुमा निर्यात गर्न सक्ने प्रशस्त संभावना रहेको छ। नगरपालिकामा रहेका पशुपंक्षीहरुको विवरण तालिका १७ मा प्रस्तुत गरिएको छ। उक्त तालिका अनुसार नगरपालिकामा गाई, भैसी र बाख्राहरुको संख्या ४२०० भन्दा बढी भएकोले दुध र मासुको प्रशस्त संभावना रहेको देखिन्छ।

तालिका १७: पशुपंक्षीको विवरण

| क्र.स. | विवरण | सख्या |
|---|---|---|
| १ | गाई | २३३८ |
| २ | भैसी | ८१३ |
| ३ | बाख्रा | १०५७ |
| ४ | रांगा/पाँडा/पाँडी | ३६ |
| ५ | सुंगुर/बंगुर | २५६ |
| ६ | भेडा | १ |
| ७ | याक | ३ |
| ८ | अन्य | १ |
| ९ | कुखुरा | २०९ |
| ९ | कुल | ४७१४ |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

तालिका १८: माछा र मौरी पालनको विवरण

| क्र.स. | माछा पोखरी र मौरी घार संख्या | सख्या |
|---|---|---|
| १ | माछा पोखरी संख्या (१-३) | १० |
| २ | मौरी घार संख्या (१-३) | ३४८ |
| ३ | मौरी घार संख्या (४-५) | ६७ |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

चैनपुरमा माछा र मौरी पालनको पनि संभावना रहेको छ। नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ का अनुसार वडा नं ९ र १० वाहेक अन्य सबैजसो वडाहरुमा १-३ वटा सम्म माछा पोखरी भएका घरधुरीहरु छन्। मौरीपालन सबै वडाहरुमा भएको देखिन्छ। मौरी घार १-३ वटा सम्म भएका घरधुरीहरु ३४८ वटा र ४-५ वटा घारहरु भएका घरधुरीहरु ७ वटा छन। यो तथ्याङ्कले यहाँ माछा र महको उत्पादन र निर्यातको समेत संभावना रहेको देखाउछ।

पहाडी भूभाग र उचाईगत विविधता भएकोले चैनपुरमा नगदेवाली, अन्नवाली, दहलन, तरकारी र फलफुलहरु उत्पादन हुने गरेका छन्। सिंचाई सुविधा भएको स्थानमा हिउदे र बर्षेगरी २ वालिसम्म खेती हुने गरेको छ।

खाद्य सुरक्षाको सवालमा भने चैनपुरमा निक्कै कमजोर देखिन्छ । कृषि प्रधान नगरपालिका भएतापनि आफ्नो उत्पादनले ९ महिना भन्दा बढी समय खान पुग्ने घरपरिवारहरु २१.७% मात्र छन् भने २४.६% घरपरिवारलाई आफ्नो उत्पादनले केवल ३ महिनासम्म मात्र खान पुग्दछ । करिब १६% घरपरिवारहरु बर्षैभरी मजदुरी गरेर खानुपर्ने अवस्थामा छन । आफ्नो कृषि उत्पादनबाट परिवारलाई खान पुग्ने महिनाको आधारमा घरधुरीहरुको विस्तृत विवरण तालिका १९ मा प्रस्तुत गरिएको छः

तालिका १९: आफ्नो कृषि उत्पादनबाट परिवारलाई खान पुग्ने महिनाको आधारमा घरधुरीहरुको विवरण

| परिवारलाई खान पुग्ने महिना | वडा नं | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | | |
| ३ महिना | १८ | १८७ | ४१ | १२५ | ७८ | ५३ | १९० | १०१ | १६३ | २३५ | १९३ | १३८४ | २४.६ |
| ४-६ महिना | ७९ | १४४ | ५९ | १७२ | ७५ | २४ | १३३ | ८३ | २८६ | १८६ | १९० | १४३१ | २५.५ |
| ७-९ महिना | १६८ | ३५ | ९७ | ४२ | ३७ | २० | ५१ | १९ | ४२ | ३६ | ४८ | ५९५ | १०.६ |
| ९ महिना भन्दा बढी | २२५ | १३३ | १२९ | ११५ | २४ | १४६ | ७३ | १४४ | ६८ | ६२ | १०२ | १२२१ | २१.७ |
| १२ महिना मजदुरी गरेर खाने | १ | २८ | २७२ | ३३ | १४ | ३१३ | १०९ | ४ | १ | ८८ | ३१ | ८९४ | १५.९ |
| उल्लेख नभएको | ६ | ४ | ० | ३ | ४ | ३ | ७ | ० | ८ | ६ | ५६ | ९७ | १.७ |
| जम्मा | ४९८ | ५३३ | ६०१ | ४९४ | २३७ | ५६५ | ५७० | ३५९ | ५७७ | ६२३ | ६३१ | ५६२२ | १००.० |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

चैनपुर नगरपालिकामा लगाउने गरिएका विभिन्न कृषि वालीको वालीपात्रोको विश्लेषण गर्दा जलवायु परिवर्तनले वाली लगाउने भित्र्याउने समयमा परिवर्तन देखिएको छ । यसरी हेर्दा ३० वर्ष पहिले र अहिले धानको विउ छर्ने र रोप्ने समयमा १० दिनको फरक देखिएको छ भने धान काट्ने समय १० दिन चाँडो भएको छ । मकै लगाउने समयमा खासै फरक नदेखिए पनि भित्र्याउने समय १० दिन चाँडो भएको छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २०: चैनपुर नगरपालिकाको वाली पात्रो

| वाली | समय | बैशाख | जेष्ठ | अषाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान | ३० वर्ष पहिले | | १-७ विउ | १-२० रोप्ने | | | | | १-१५ काट्ने | | | | |
| | अहिले | | १-१५ विउ | १५-३० रोप्ने | | | | २०-७ काट्ने | | | | | |
| मकै | ३० वर्ष पहिले | | | | २५-१० सम्म भाँच्ने | | | | | | | | १-७ छर्ने |
| | अहिले | | | | १५-३० भाँच्ने | | | | | | | | १-७ छर्ने |
| मकै लेक | ३० वर्ष पहिले | | | | | | | १-१५ भाँच्ने | | | | १५-३० छर्ने | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अहिले | | | | | | १-३० भाँच्ने | | | | | १-३० छर्ने | |
| गहुँ | ३० वर्ष पहिले | | | | | | | १-३० छर्ने | | | | | |
| | अहिले | | | | | | | | २०-६ छर्ने | | | | |
| कोदो | ३० वर्ष पहिले | | १५-१५ छर्ने | | | | | १-३० भित्र्याउने | | | | | |
| | अहिले | | | १-३० छर्ने | | | | १-३० भित्र्याउने | | | | | |

*स्रोतः चैनपुर नगरपालिकाको विपद तथा जलवायु उत्थानशील योजना, २०७८*

## २.२.२ पर्यटन तथा संस्कृति

चैनपुर नगरपालिकामा पर्यटनको ठूलो संभावना रहेको छ र नगरपालिकाले समेत पर्यटनलाई विकासको अग्रिणि क्षेत्रको रुपमा पहिचान गरेर आफ्नो दिर्घकालिन सोंचमा समेत समेटेको छ । यस नगरपालिकामा पौराणिक मान्यता अनुसार सतीदेवीको दायाँ आखाँ पतन भएको पवित्र धार्मिक स्थलको रुपमा रहेको प्रसिद्ध सिद्धकाली मन्दिर, ऐतिहासिक वानेश्वर मन्दिर, विश्वकै ठूलो प्राकृतिक शिवलिंग रहेको वालेश्वर गुफा, प्राकृतिक तथा धार्मिक स्थलहरु, बानेश्वर डाँडा, प्राकृतिक सुन्दरताले भरिपूर्ण गुफापोखरी, भिरेश्वर गुफा, तातोपानी जस्ता धार्मिक र पर्यटकिय स्थलहरु छन् (धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण तालिका २१ प्रस्तुत गरिएको छ) । त्यसैगरी चैनपुर परम्परागत नेवारी वास्तुकला, काठबाट बनेका ऐतिहासिक घरहरु, कला र संस्कृतिको समेत धनी रहेको छ । हिन्दु, बौद्ध, किराँत र इसाई धर्मावलम्वीहरुको बसोबास रहेको यस चैनपुरमा दशैं, तिहार, बुद्धजयन्ती, ल्होसार, उधौली, उभौली, तीज, बालाचतुर्दशी माघे तथा साउने सक्रान्ति, कृष्णजन्म अष्टमी, गाईजात्रा, हिलेजात्रा, रामनवमी, क्रिसमस आदि पर्वहरु विशेषरुपमा मनाइने गरिन्छ ।




फोटो १: सिद्धकाली मन्दिर (बायाँ) र वानेश्वर मन्दिर (दायाँ)

कोशी राजमार्गको पहुँचसंगै चैनपुरमा पर्यटकिय गतिविधिहरु बढन थालेको भएतापनि यहाँको पर्यटकिय स्थलहरुको बारेमा पर्याप्त प्रचारप्रसार हुन सकेको छैन । घुमघामको लागि अनुकुल मौसम, चैनपुरबजारसम्मै पक्की सडकको पहुँच र करिब ३० मिनेटको दुरीमा तुम्लिङ्टार विमानस्थलत लगायत अन्य धेरैजसो धार्मिक र

पर्यटकीय स्थलहरुसम्म मोटर पुग्ने बाटो भएतापनि चैनपुरमा पर्यटकहरुको आगमन भने अपेक्षाकृत हुन सकेको छैन । कोशी प्रदेशका ३ ठूला शहरहरु विराटनगर, इटहरी र धरानबाट ४-५ घण्टाको दुरीमा पुग्ने सकिने चैनपुर ३-४ दिनको समय लिएर पारिवारीक विदा मनाउन सकिने उत्कृष्ठ पर्यटकीय गन्तव्य बनाउन सकेमा यसबाट स्थानीय स्तरमा रोजगार सृजना हुने, स्थानीय उत्पादनले बजार पाउनुका साथै समग्र चैनपुरको आर्थिक समृद्धि समेत हुने देखिन्छ भने अर्कोतर्फ नगरपालिकाले समेत आफ्नो आन्तरिक आय वृद्धि गर्न सक्ने देखिन्छ ।

तालिका २१: धार्मिक तथा पर्यटकिय स्थलहरुको विवरण

| क्र.स. | प्रमुख पर्यटकिय स्थल | वडा नं | ठेगाना | प्रकार | प्रमुख विशेषता |
|---|---|---|---|---|---|
| १ | तातोपानी | १ | नुनढाकी | प्राकृतिक | तातोपानी धार्मिक स्थलत |
| २ | गुफापोखरी | १ | गुफापोखरी | प्राकृतिक | प्राकृतिक दृश्यावलोकन |
| ३ | मेन्छेयाम | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल |
| ४ | जोरपोखरी | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल, दृश्यावलोकन |
| ५ | खोपिङ पोखरी | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल, दृश्यावलोकन |
| ६ | डिल पोखरी | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल, दृश्यावलोकन |
| ७ | पाथिभरा शाखा | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल, दृश्यावलोकन |
| ८ | महादेवस्थान धाम | १ | गुफापोखरी | प्राकृतिक | धार्मिक स्थल, दृश्यावलोकन |
| ९ | ताङलेवा झरना | २ | ताङलेवा | प्राकृतिक | चैनपुरको सबैभन्दा अग्लो झरना |
| १० | थामपोखरी | २ | थामपोखरी | प्राकृतिक | गुराश पोखरी |
| ११ | जरिबुटे देउराली | २ | | प्राकृतिक | दृश्यवालोकन स्थल |
| १२ | श्री सिद्धकाली मन्दिर | ३ | सिद्धकाली | मानव निर्मित | मनोकांक्षा पुरा गर्ने मन्दिर |
| १३ | गडी डाँडा गुम्बा | ३ | पोखरी | मानव निर्मित | धर्म सम्बन्धि विश्वास रहेको |
| १४ | कैलाश डाँडा शुक्रबारे | ३ | सिद्धकाली | प्राकृतिक | पितृ तर्पण गर्ने स्थान |
| १५ | पोखरी बजारको पोखरी | ३ | पोखरी | प्राकृतिक | पानी सदाबहार रहने पोखरी |
| १६ | मनोरम झरना | ४ | प्यांकोट | प्राकृतिक | बागा हेर्ने भ्रमण |
| १७ | गुराशे | ४ | मैदाने | प्राकृतिक | गुराश |
| १८ | फागुने देउराली | ४ | मैदाने | प्राकृतिक | खुल्ला चौर |
| १९ | थाम पोखरी | ४ | मैदाने | प्राकृतिक | गुराश पोखरी |
| २० | थुम्केडाँडा | ४ | मैदाने | प्राकृतिक | गुराश पोखरी |
| २१ | गरीडाँडा | ४ | प्यांकोट | प्राकृतिक | चौर |
| २२ | कैलाश डाँडा | ५ | चैनपुर | प्राकृतिक | जंगल |
| २३ | भिरेश्वर महादेव गुफा | ५ | चैनपुर | प्राकृतिक | गुफा |
| २४ | शिवालय मन्दिर | ५ | चैनपुर | मानव निर्मित | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | रमाईलो डाँडा भ्यूटावर | ६ | रमाइलो | मानव निर्मित | चैनपुर वडा नं ६ र ७ लगायत र पारी जलजला वाना आदिको रमणिय दृश्य देखिने |
| २६ | वालेश्वर डाँडा | ७ | वालेश्वर | प्राकृतिक | विश्वको सबैभन्दा ठूलो शिवलिंग भएको डाँडा, पिकनिक स्थल र एकादशी मेला लाग्ने स्थान |
| २७ | भिरेश्वर गुफा | ७ | कालापानी | प्राकृतिक | धार्मिक विशेषता रहेको साथै भिर रहेको |
| २८ | बानेश्वर सिद्धनागी डाँडा | ८ | बानेश्वर | प्राकृतिक | उच्च स्थानमा रहेको हरियाली चौर जहाबाट गुराशको फुल देखिनुका साथै चैनपुर, तुम्लिङटार, भोजपुर जस्ता स्थानहरु देखिने |
| २९ | काफल डाँडा गुम्बा | १० | काफलडाँडा | मानव निर्मित | गुम्बा, काफल, गुराँश, मृग कालिज |
| ३० | पिलुवा दोभान | १० | प्राकृतिक | | असला माछा |
| ३१ | दुमकट्टा | ११ | अरुण बगर | प्राकृतिक | अरुणमा नुहाउदै बयरमा विभिन्न खेल खेल्दै रमाईलो गर्न सकिने रमणिय स्थल |
| ३२ | सभा त्रिवेणी | ११ | सभाखोला | प्राकृतिक | अरुण, बरुण र सभा खोलाको संगम साथै ठूला ठूला ढुंगाहरु पाईने |
| ३३ | सलेनीडाँडा | ११ | लोहाकोट | प्राकृतिक | सभा खोला साथै तुम्लिङटार विमानस्थलको दृश्य देखिने |
| ३४ | सातटारे | ११ | सातटारे | प्राकृतिक | पिकनिक स्थल |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

नगरपालिका भित्रका पर्यटकीय क्षेत्रहरुमा पर्यटकिय पूर्वाधारहरु लगायत स्तरिय होटल, रिसोर्ट र चैनपुरमा पर्यटन सूचना केन्द्रको निर्माण र पर्यटन प्रहरीको व्यवस्था हुन सकेको खण्डमा यहाँ प्राकृतिक र धार्मिक दुवै पर्यटनको प्रशस्त संभावना रहेको छ र यसको लागि चैनपुर नगरपालिका, स्थानीयवासी, नीजि क्षेत्र लगायत प्रदेश र केन्द्र सरकारले समेत चैनपुरको पर्यटन विकासमा समन्वय र सहकार्य गर्दै पर्यटन सम्बन्धी जनशक्ति र पूर्वाधार विकासमा लगानी गर्नुपर्ने देखिन्छ।

तालिका २२: चैनपुर बजारबाट प्रमुख पर्यटकिय स्थलहरुसम्मको दुरी

| क्र.स. | पर्यटकिय स्थल | पर्यटकिय स्थलसम्मको दुरी (किमि) | |
|---|---|---|---|
| | | ट्रेक | मोटर बाटो |
| १ | जडिबुटे हिल | २५ | |
| २ | खोपिङ पोखरी | २३ | |
| ३ | मिल्के डाँडा | ४७ | |
| ४ | गुफापोखरी | ४३ | |

| | | | |
|---|---|---|---|
| ५ | तातोपानी | | १६ |
| ६ | ताङलेवा झरना | १.५ | ११ |
| ७ | पोखरी बजार | | ६ |
| ८ | सिद्धकाली मन्दिर | | ४ |
| ९ | थामपोखरी | | २१ |
| १० | मनोहर झरना | २ | १८ |
| ११ | चैनपुर बजार | | |
| १२ | भिरेश्वर गुफा | १.५ | |
| १३ | टच भ्यू पोइन्ट | १.५ | |
| १४ | वालेश्वर गुफा | | ६ |
| १५ | बानेश्वर डाँडा | | ५ |
| १६ | बानेश्वर मन्दिर | | ४.५ |
| १७ | खरांग बजार | | १० |
| १८ | तेर्सेटोपा चमेरे गुफा | | २३ |
| १९ | सातटारे | | ३४ |
| २० | डुमकट्टा | | ३७ |

*स्रोतः स्थलगत सर्भेक्षण, २०७९*

चैनपुर बजार र आसपासको क्षेत्रमा स्थानीय स्तरका होटल र लजहरुले पर्यटकहरुलाई आतिथ्य प्रदान गरिरहेका छन । हाल यस्ता होटल र लजहरुमा करिब २०० जति कोठाहरु रहेको छ (होटलहरुको विवरण तालिका २२ मा राखिएको छ) र करिब ५० जति स्थानीय युवाहरुले यस्ता होटलहरुमा रोजगार पाएको देखिन्छ । पर्यटक आगमन र यससंग सम्बन्धित रोजगारहरुको बारेमा नगरपालिकामा कुनै तथ्याङ्क छैन । नगरपालिकाले चैनपुरलाई पर्यटकिय नगरीको रुपमा विकास गर्न पर्यटन गुरुयोजना नै तर्जुमा गरी गुरुयोजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुलाई क्रमैसंग कार्यान्वियन गर्दै लैजानु पर्ने देखिन्छ ।

तालिका २३: होटेल तथा रेष्टुरेन्टहरुको विवरण

| क्र.स. | नाम | ठेगाना | प्रकार | क्षमता | उपलब्ध सुविधाहरु |
|---|---|---|---|---|---|
| १ | जिवन होटेल | चैनपुर बजार | आवसीय | ३० | खाना तथा आवास |
| २ | होटेल सिटी प्लाजा | अफिस एरिया | आवसीय | १५ | खाना तथा आवास |
| ३ | कंजनजंघा होटेल एण्ड लज | जिरोप्वोइन्ट | आवसीय | ४० | खाना तथा आवास |
| ४ | शुभ होटेल | जिरोप्वोइन्ट | आवसीय | ३० | खाना तथा आवास |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | रन्जन होटेल | चैनपुर बजार | आवसीय | ३० | खाना तथा आवास |
| ६ | चैनपुर होटेल | मिलडाँडा | आवसीय | २० | खाना तथा आवास |
| ७ | मिलन होटेल | चैनपुर बजार | अन्य | | खाना तथा मिटिङ/सेमिनार |
| ८ | चैनपुर फास्टफुड | चैनपुर बजार | रेष्टुरेन्ट | | फास्टफुड |
| ९ | जडिबुटी होटेल एण्ड लज | पोखरी बजार | आवसीय | २० | खाना तथा आवास |
| १० | काजी होटेल | पोखरी बजार | अन्य | | खाना तथा खाजा |
| ११ | हरि होटल एण्ड लज | चैनपुर बजार | आवासीय | | खाना तथा आवास |
| १२ | निसा होटल ऐण्ड लज | चैनपुर बजार | आवासीय | | खाना तथा आवास |
| जम्मा | | | | १८५ | |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६ र स्थलगत सर्वेक्षण, २०७९*

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

विगतमा चैनपुर पूर्वी नेपालकै ऐतिहासिक महत्व बोकेको पुरानो पहाडी बजार केन्द्र थियो । राणा शासन र पंचायत व्यवस्थाको शुरुवाती समयमा यो बजार निक्कै फष्टाएको थियो । वरीपरीका जिल्ला, वजारकेन्द्र, वस्ती लगायत तराईका जिल्लाहरुबाट समेत व्यापारीहरु चैनपुरको धातुको करुवा, घरेलु हतियार लगायत डोको, नाम्लो, जडिबुटी, सख्खर, फलफुल आदि खरिद गर्न आउने गर्थे । चैनपुरमा व्यापारको संभावना देखेर काठमाडौं, भक्तपुर, ललितपुर, धुलिखेल, बनेपा, साँगा, नाला आदि स्थानबाट समेत व्यापारको सिलसिलामा नेवारहरु आई बसोवास गरेका थिए । वि.स. २०२४ सालमा तत्कालिन सरकारी निर्णयबाट चैनपुरबाट जिल्ला सदरमुकाम खाँदबारी सरेसंगै चैनपुरको व्यापारिक गतिविधि विस्तारै ओरालो लाग्यो । तर समयक्रमसंगै चैनपुरलाई कोशी राजमार्गले तराई ठूला शहरहरु, सदरमुकाम खाँदबारी र तुम्लिङटार विमानस्थलसंग जोडेसंगै यसले पुन आफ्नो व्यापारिक गतिविधि बढाउदै लगेको छ ।

चैनपुर नगरपालिकामा चैनपुर बजार, पोखरी बजार र खरांग गरी ३ वटा ठूला बजार केन्द्रहरु छन् । नगरपालिकाका यीनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको शहरीकरण र सडक संजालको विस्तारसंगै चैनपुर नगरपालिकामा नयाँ नयाँ उद्योग र व्यवसायहरुको संख्या बढदै गएको देखिन्छ । स्थानीय स्तरका लघु तथा घरेलु उद्योग, कुटानी पिसानी मिलहरु लगायत केहि निर्यातजन्य उद्योगहरु नै यस नगरपालिकामा रहेका उद्योगहरु हुन । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा चैनपुर नगरपालिकामा १०३५ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु संचालनमा रहेको देखिन्छ । जसमा कुल २४३४ मानिसहरुले रोजगारी प्राप्त गरेका छन (तालिका २४) । यस्ता व्यवसायहरुमा सबैभन्दा बढी थोक तथा खुद्रा व्यवसायको संख्या ५२४ रहेको छ भने ९४१ जना मानिसहरु यस्ता व्यवसायमा संलग्न छन् ।

तालिका २४: उद्योग तथा व्यवसायको संख्या र संलग्न जनशक्ति

| क्र.स. | प्रकार | संख्या | संलग्न जनशक्ति |
|---|---|---|---|
| १ | कृषि, वन तथा मत्स्य पालन | ६९ | १२७ |
| २ | निर्माण उद्योग | ९९ | १८७ |
| ३ | खनिज, विद्युत, ग्यास, खानेपानी आपूर्ती र निर्माण | ११ | ४९ |
| ४ | थोक तथा खुद्रा व्यापार | ५२४ | ९४१ |
| ५ | यातायात तथा भण्डारण, सूचना तथा संचार | ७ | ४३ |
| ६ | बसोबास तथा खाना | ९८ | २२२ |
| ७ | वित्तिय तथा विमा | २१ | ६२ |
| ८ | शिक्षा | ७० | ५५० |
| ९ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ३७ | १०५ |
| १० | घरजग्गा, व्यवसायिक तथा वैज्ञानिक क्रियाकलाप, प्रशासनिक सेवा, कला तथा मनोरन्जन र अन्य | ९९ | १४८ |
| जम्मा | | १०३५ | २४३४ |

*स्रोतः आर्थिक सर्वेक्षण, २०१८, केन्द्रिय तथ्याङ्क विभाग, काठमाण्डौ*

नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार चैनपुर नगरपालिका गठन पश्चात २०७९ साल चैत मसान्तसम्म दर्ता भै संचालनमा रहेका उद्योग तथा व्यवसायहरुको संख्या भने ६३९ वटा छन् । यस्ता उद्योगहरुमा पर्यटन तथा होटल सम्बन्धि उद्योगहरुको संख्या ३, उद्योग वाणिज्य २२, व्यापार तथा सेवा ३७७, बैंक तथा वित्तिय संस्था ८ र अन्य सेवा सेवा क्षेत्र २८८ छन (जसमा पशुसंग सम्बन्धित उद्योग व्यवसायहरु १४७ छन) ।

नगरपालिकामा हुने आयात निर्यातको यकिन तथ्याङ्कहरु उपलब्ध नभएपनि अधिकांश निर्माण सामाग्री, वाथरुम फिटिङ्स, औषधी, घरको पेन्टस, लत्ता कपडा, जुत्ता चप्पल, भाँडाकुडा, श्रृंगार सामाग्री, ईन्धन र खाना पकाउने ग्यास, विद्युतीय सामाग्री, कृषि मल र उपकरण/औजार, सवारी साधन, पार्टपुर्जा आदि जस्ता वस्तुहरु नगरपालिकामा आयात हुने गरेको पाइन्छ भने अलैची, रुद्राक्ष, कफी, सख्खर, करुवा, सुन्तला, अदुवा, अम्लिसो, खयर काठ, असला माछा, खसी, कुराउनी, गाईगोरु नगरपालिकाबाट निर्यात हुने गरेको देखिन्छ । खाँदबारी, काठमाण्डौ, धरान, धनकुटा, विराटनगर, ईटहरी, दमक आदि आयात र निर्यात हुने मुख्य शहरहरु हुन ।





फोटो २: चैनपुर बजार (बायाँ) र चैनपुरको शुक्रबारे हाटबजार (दायाँ)

| क्र.स. | आयात हुने सामानहरु | निर्यात हुने सामानहरु |
|---|---|---|
| १ | खाद्य सामाग्री र औषधी | अलैची, रुद्राक्ष, कफी, सख्खर, करुवा, सुन्तला, अदुवा, अम्लिसो, खयर काठ, असला माछा, खसी, गाईगोरु |
| २ | लत्ताकपडा, जुत्ता चप्पल | |
| ३ | निर्माण सामाग्री, किचन र बाथरुप फिटिङ्स, रंग | |
| ४ | भाँडाकुडा | |
| ५ | शृंगार सामाग्री | |
| ६ | पेट्रोल, डिजेल, एलपिजी ग्यास | |
| ७ | विद्युतीय सामाग्री | |
| ८ | कृषि सामाग्री, मल/बिउ र औजार/उपकरण | |
| ९ | सवारी साधन र पार्टस् पुर्जा | |

चैनपुर नगरपालिकामा ४ वटा हाटबजारहरु संचालनमा रहेका छन । तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, घरेलु हतियार, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, कुराउनी, फलफुल, दलहन, तेलहन, औषधी, जडिबुटी र अन्य घरयासी प्रयोजनका सरसामानहरु हाटबजारमा किनमेल र बिक्रीविरतण हुने मुख्य वस्तुहरु हुन । माछा र कुराउनी खरिद गर्न व्यापारीहरु खाँदबारीबाट आउने गरेका छन भने डोको र नाम्लो बिक्रि गर्न भोजपुरबाट समेत व्यापारीहरु आउने गरेका छन् । हाटबजारको विस्तृत विवरण तालिका २६ मा प्रस्तुत गरिएको छ ।

तालिका २५: स्थानीय हाटबजार, खपत हुने सामान र व्यापार क्षेत्र

| क्र.स. | स्थान | खपत हुने सामान | व्यापार क्षेत्र | हाट लाग्ने दिन |
|---|---|---|---|---|
| १ | चैनपुर हाट बजार | तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, घरेलु हतियार, भाँडाकुडा, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, फलफुल, दलहन, तेलहन, जडिबुटी, खसीबोका, कुखुरा र अन्य घरयासी प्रयोजनका सरसामानहरु | चैनपुर बजार र वरिपरीका वस्तीहरु | शुक्रबार |
| २ | पोखरी बजार हाट | तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, घरेलु हतियार, भाँडाकुडा, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, फलफुल, दलहन, तेलहन, जडिबुटी, खसीबोका, कुखुरा र अन्य घरयासी प्रयोजनका सरसामानहरु | पोखरी बजार र वरिपरीका वस्तीहरु | मंगलबार |
| ३ | खराङ बजार हाट | तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, घरेलु हतियार, भाँडाकुडा, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, फलफुल, दलहन, तेलहन, जडिबुटी, खसीबोका, कुखुरा र अन्य घरयासी प्रयोजनका सरसामानहरु | खरांग बजार र वरीपरीका वस्तीहरु | मंगलबार |
| ४ | नुनढाकी | तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, सख्खर, शृंगार सामाग्री, घरेलु हतियार, भाँडाकुडा, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी र फलफुल, दाल गेडागुडी, जडिबुटी, खसीबोका, कुखुरा र अन्य घरयासी प्रयोजनका सरसामानहरु | नुनढाकी बजार र वरीपरीका वस्तीहरु | बिहिबार |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७९*

पर्यटन उद्योगको रुपमा चैनपुरमा केहि स्थानीय स्तरका होटलहरु समेत संचालित छन् । त्यसबाहेक जलविद्युत आयोजना, मिनरल वाटर उद्योग, कुटानी पिसानी मिलहरु, हातेकागज, राडीपाखी, फर्निचर उद्योग, छापाखाना,

ग्रील उद्योग, कुरुवा र खुकुरी उद्योग, मोटरसाइकल र गाडीका वर्कसप आदि चैनपुरका लघु र साना उद्योगहरु हुन् । त्यसबाहेक चैनपुर नगरपालिकाको वडा नं १ मैदाने टोलमा रहेको तामा खानी, वडा नं ११ को फलाम खानी र धावा खानी, त्यसैगरी वडान नं ११ मा रहेको ढुंगा, गिटी र वालुवा खानी चैनपुरका प्राकृतिक स्रोतमा आधारित खानी र उद्योगहरु हुन्।

### २.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा

पहाडी भू-भाग भएतापनि अनुकुल मौसम, उर्वर खेती योग्य जमीनको उपलब्धता र पक्की सडकको पहुँचले गर्दा चैनपुर नगरपालिकामा कृषिको प्रशस्त संभावना रहेको छ भने कृषि नै यहाँको प्रमुख आम्दानीको स्रोत हो । नगरपालिकाका अधिकांश घरधुरीहरु कृषि, पशुपालन, मत्यपालन, मौरीपलान लगायत स-साना लघु तथा घरेलु उद्योगहरुमा संलग्न रहेका छन भने रोजगारी अन्य स्रोतहरुमा स्थानीय सहकारी संस्था, बैंकहरु, शैक्षिक संस्थाहरु, निर्माण क्षेत्र, थोक तथा खुद्रा व्यापार आदि रहेका छन् । त्यसैगरी पेन्सन, घर तथा जग्गाको भाँडा, सवारी साधनको भाडा, वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण, आन्तरिक विप्रेषण लगायत कृषि र निर्माण क्षेत्रमा हुने ज्याला मजदुरी आम्दानीको अर्को प्रमुख स्रोत हो । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा चैनपुर नगरपालिकामा १०३५ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु संचालनमा रहेको देखिन्छ । जसमा कुल २४३४ मानिसहरुले रोजगारी प्राप्त गरेका छन । जलविद्युत आयोजनाहरु बाहेक अन्य ठूला उद्योगहरु नगण्य मात्रामा रहेको र पर्यटन क्षेत्रको खासै विकास नभएकोले यी दुवै क्षेत्रले खासै रोजगारी सृजना गर्न सकेको छैन । बजार विस्तार र सेवा क्षेत्रका कार्यालयहरु थपिएर नगरपालिका बाहिरबाट शिक्षा र रोजगारीको लागि अस्थाई बसोबास गर्न आउने परिवारहरुलाई घर भाडामा लगाएर आम्दानी गर्ने परिवारको संख्या नगन्य रहेको छ । स्थानीय युवाहरु ठूलो संख्यामा वैदेशिक रोजगारीमा गएकोले विप्रेषण यस नगरपालिकाका घरधुरीहरुको आम्दानीको अर्को प्रमुख स्रोत हो ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्लाई हेर्दा चैनपुर नगरपालिकामा १६५७ जना व्यक्तिहरु परिवारमा अनुपस्थित (विदेश गएका) देखिन्छ । जुन कुल जनसंख्याको ६.१८% हुन आउछ भने अनुपस्थित कुल जनसंख्यामा उमेरगत समुहमा हेर्दा सबैभन्दा बढी २०-२४ बर्ष उमेर समुहका ५६० जना व्यक्तिहरु विदेश गएको देखिन्छ । चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ का अनुसार चैनपुर नगरपालिकाबाट १५३० जना युवायुवतीहरु वैदेशिक रोजगारीको लागि विभिन्न देशहरु गएको देखिन्छ । वेदैशिक रोजगारीको लागि विदेश जाने युवाहरुको संख्या ठूलो मात्रामा भएकोले नगरपालिकामा विप्रेषण प्रशस्त भित्रिने गर्दछ । स्थानीय बैंक, रेमिट सेवाहरु र जानकारहरुसंगको अनौपचारिक छलफलमा चैनपुर नगरपालिकामा भित्रिने विप्रेषणको रकम मासिक ५ करोड भन्दा बढी भएको अनुमान गर्न सकिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको ठूलो हिस्सा घर निर्माणमा खर्च हुने गरेको छ भने विगत ५-७ बर्षमा नयाँ पक्की घरहरु निर्माण हुने क्रम निक्कै बढेको छ जसले गर्दा हालैका बर्षहरुमा घर तथा भवन निर्माण क्षेत्रले समेत केहि रोजगारी सृजना गरेको देखिन्छ ।

चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ का अनुसार नगरपालिकामा सबैभन्दा बढी ३४.९% जनसंख्या कृषि तथा पशुपालन व्यवसायमा संलग्न छन् । त्यसैगरी २९.४% विद्यार्थी र ६.५% गृहणीहरु छन भने ५.९% व्यक्तिहरु वैदेशिक रोजगारीमा गएका छन् । नोकरी जागिर र ज्याला मजदुरीमा संलग्न मानिसहरुको

संख्या क्रमश ३% र २.४% रहेको छ भने नगरपालिकाका ४.७% मानिसहरु वेरोजगार छन् । चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ अनुसार पेशाहरुको विस्तृत विवरण तालिका २७ मा प्रस्तुत गरिएको छः

तालिका २६: पेशागत विवरण

| क्र.स. | पेशा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ९९३४ | ३४.९ |
| २ | नोकरी जागिर | ८६४ | ३.० |
| ३ | उद्योग व्यापार | ३१० | १.१ |
| ४ | व्यवसायिक कर्म | ४४३ | १.६ |
| ५ | ज्याला मजदुरी | ६७३ | २.४ |
| ६ | विद्यार्थी (अध्ययनरत) | ८३७३ | २९.४ |
| ७ | गृहणी | १८५१ | ६.५ |
| ८ | वैदेशिक रोजगार | १६८१ | ५.९ |
| ९ | बेरोजगार | १३४३ | ४.७ |
| १० | अन्य | २९७० | १०.४ |
| जम्मा जनसंख्या | | २८४४२ | १००.० |

*स्रोतः नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

चैनपुर कृषिमा आधारित नगरपालिका भएतापनि कृषि तथा पशुपालनमा संलग्न व्यक्तिहरुको संख्या न्यून रहेको देखिन्छ । अध्ययनरत विद्यार्थी र गृहणीहरुलाई समेत पेशाको रुपमा संलग्न गरिएकोले कृषि तथा पशुपालनमा संलग्न मानिसहरुको हिस्सा न्यून देखिन गएको हो । तर राष्ट्रिय जनगणणा २०७८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा चैनपुर नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये सबैभन्दा बढी मानिसहरु कृषि, वन र माछापालन कार्यमा (८०.९%) संलग्न छन । त्यसैगरी दोस्रो स्थानमा सामान्य वा प्राथमिक पेशाका कामदारहरु ७.६% र सेवा तथा वस्तु विक्री गर्ने कार्यमा ३% मानिसहरु संलग्न रहेको देखिन्छ । विस्तृत विवरण तालिका २८ र चित्र ५ मा प्रस्तुत गरिएको छ ।

तालिका २७: आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण

| क्र.स. | पेशागत क्षेत्र | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सैनिक अधिकारीहरु | १३ | ०.१ | २ | ०.० | १५ | ०.१ |
| २ | व्यवस्थापकहरु | ३२१ | १.७ | २१२ | १.१ | ५३३ | २.८ |
| ३ | पेशाविद्हरु | २१७ | १.२ | १७६ | ०.९ | ३९३ | २.१ |
| ४ | प्राविधिक तथा सहायक पेशाविद्हरु | ८६ | ०.५ | ५७ | ०.३ | १४३ | ०.८ |
| ५ | कार्यालय सहायकहरु | ५० | ०.३ | ३२ | ०.२ | ८२ | ०.४ |
| ६ | सेवा तथा वस्तु विक्री गर्ने कामदारहरु | २८० | १.५ | २९३ | १.६ | ५७३ | ३.० |
| ७ | कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ७२६४ | ३८.७ | ७९३० | ४२.२ | १५१९४ | ८०.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | २२८ | १.२ | ५४ | ०.३ | २८२ | १.५ |
| ९ | यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदाहरु | १३२ | ०.७ | ९ | ०.० | १४१ | ०.८ |
| १० | सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ६५७ | ३.५ | ७७४ | ४.१ | १४३१ | ७.६ |
| जम्मा | | ९२४८ | ४९.२ | ९५३९ | ५०.८ | १८७८७ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




चित्र ५: पेशागत विवरण

कोशी राजमार्गले चैनपुर नगरपालिकालाई बिचबाट चिरेर गएकोले अधिकांश वडाहरुसम्म पक्की सडकको सहज पहुँच भएको र ग्रामीण क्षेत्रमा अवस्थित वडाहरुमा समेत ग्राभेल र कच्ची सडकको विस्तार भैसकेकोले चैनपुर बजार, पोखरी बजार र खरांग लगायत अन्य वडा केन्द्रहरुमा समेत व्यवसायिक गतिविधिहरु बढदै गएको छ । बढदो आर्थिक गतिविधिसंगै नगरपालिकामा ३ वटा "क" वर्गको वैंक र ८ वटा लघुवित्त वित्तिय संस्थाले नगरवासी, स्थानीय व्यापारी, कृषक र उद्यमीहरुलाई बैंकिङ सेवा प्रवाह गरिरहेका छन् । जसले गर्दा नगरपालिकामै सरल र सुलभ दरमा ऋण प्रवाहको वातावरण बनेको छ । नगरपालिकामा रहेका वित्तिय संस्थाहरुको विवरण तालिका २९ मा प्रस्तुत गरिएको छ।

तालिका २८: बैंक तथा वित्तिय संस्थाको विवरण

| क्र.स. | बैंक तथा वित्तिय संस्थाको नाम | प्रकार | स्थान |
|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | वाणिज्य | चैनपुर-६ |
| २ | कृषि बिकास बैंक | वाणिज्य | चैनपुर-६ |
| ३ | ग्लोबल आईएमई बैंक | वाणिज्य | चैनपुर-६ |
| ४ | छिमेक लघुवित्त | लघुवित्त | चैनपुर-७ |
| ५ | नेरुडे लघुवित्त | लघुवित्त | चैनपुर-७ |
| ६ | निर्धन उत्थान लघुवित्त | लघुवित्त | चैनपुर-७ |

| | | | |
|---|---|---|---|
| ७ | सल्भ नेपाल | लघुवित्त | चैनपुर-६ |
| ८ | सामुदायिक लघुवित्त | लघुवित्त | चैनपुर-७ |
| ९ | स्वदेशी लघुवित्त | लघुवित्त | चैनपुर-६ |
| १० | लक्ष्मी लघुवित्त | लघुवित्त | चैनपुर-५ |
| ११ | अभियान लघुवित्त | लघुवित्त | चैनपुर-५ |

*स्रोतः चैनपुर नगरपालिका, २०७९*

### २.२.५ सहकारी

कृषक, साना तथा मझौला व्यवसायी लगायत आम सर्वसाधरणहरुको पहुँच हुने सहकारीको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण भूमिका हुने गर्दछ । चैनपुर नगरपालिकामा ३० वटा सहकारी संस्थाहरु (बहुउद्धेश्यिय, कृषि उपभोक्ता, दुग्ध उत्पादक, लघु जलविद्युत, जडिबुटी, साना किसान, बचत तथा ऋण सहकारी) विधिवत रुपमा दर्ता भै संचालनमा रहेका छन् । यस्ता सहकारी संस्थाहरु नगरपालिकाभित्र रहेका विभिन्न उपभोक्ता समुह/समिति, कृषक समुह, महिला समुह आदिद्वारा संचालित भएकोले नगरपालिकाको वडा र टोलहरुसम्म सहकारी मार्फत वित्तिय पहुँच पुगेको छ ।

तालिका २९: सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | संस्थाको नाम | कार्य प्रकृति | हालको ठेगाना |
|---|---|---|---|
| १ | श्री नव जनकल्याण कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-६, संखुवासभा |
| २ | श्री काली पोखरी बहुउदेश्य सहकारी संस्था लि. | बहुउदेश्य | चैनपुर-५, संखुवासभा |
| ३ | श्री खराङ कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-१०, संखुवासभा |
| ४ | गाउँ विकास बचत तथा ऋण सहकारी संस्था लि. | बचत तथा ऋण | चैनपुर-६, संखुवासभा |
| ५ | जनकल्याण कृषि तथा जडीबुटी सहकारी संस्था लि. | कृषि | चैनपुर-८, संखुवासभा |
| ६ | जालपादेवी कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-६, संखुवासभा |
| ७ | जोशी कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-६, संखुवासभा |
| ८ | तातोपानी बहुउदेश्य सहकारी संस्था लि. | बहुउदेश्य | चैनपुर-१, संखुवासभा |
| ९ | निदुवाखोला लघु जलविद्दुत सहकारी संस्था लि. | विद्युत | चैनपुर-१, संखुवासभा |
| १० | प्रकाशेश्वर कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-३, संखुवासभा |
| ११ | मकालु दुग्ध कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-३ संखुवासभा |
| १२ | मनकामना साना किसान कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-१०, संखुवासभा |
| १३ | लालीगुराँस बचत तथा ऋण सहकारी संस्था लि. | बचत तथा ऋण | चैनपुर-१, संखुवासभा |
| १४ | लालुपाते दुग्द उत्पादक सहकारी संस्था लि. | दुग्द उत्पादक | चैनपुर-१०, संखुवासभा |
| १५ | वानेश्वर कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-९, संखुवासभा |
| १६ | वालेश्वर महादेव दुग्द उत्पादक सहकारी संस्था लि. | दुग्द | चैनपुर-७, संखुवासभा |
| १७ | शिवालय महिला कृषि उपभोक्ता सहकारी संस्था लि. | कृषि | चैनपुर-६, संखुवासभा |

| | | | |
|---|---|---|---|
| १८ | समाज स्पर्श बचत तथा ऋण सहकारी संस्था लि. | बचत तथा ऋण | चैनपुर-६, संखुवासभा |
| १९ | सिद्धकाली कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-३, संखुवासभा |
| २० | सिद्धपोखरी बचत तथा ऋण सहकारी संस्था लि. | बचत तथा ऋण | चैनपुर-५, संखुवासभा |
| २१ | सिर्जनशिल बचत तथा ऋण सहकारी संस्था लि. | बचत तथा ऋण | चैनपुर-१०, संखुवासभा |
| २२ | सूर्योदय कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-४, संखुवासभा |
| २३ | माउण्ट मकालु कृषि सहकारी संस्था लिमिटेड | कृषि | चैनपुर-६, संखुवासभा |
| २४ | मेन्छायाम कृषि, पशु तथा जडीबुटी सहकारी संस्था लिमिटेड | कृषि | चैनपुर-१, तुनढाकी |
| २५ | मनोहर पशुपालन, कृषि तथा जडिबुटी सहकारी संस्था लि. | कृषि | चैनपुर –४ संखुवासभा |
| २६ | सिद्धकाली बहुउद्देश्य कृषि सहकारी संस्था लि. | बहुउद्देश्य | चैनपुर–३, संखुवासभा |
| २७ | सिद्धेश्वर बहुउद्देश्य सहकारी संस्था लि. | बहुउद्देश्य | चैनपुर–११, संखुवासभा |
| २८ | चैनपुर प्राङ्गारिक कृषि सहकारी संस्था लि. | कृषि | चैनपुर-६, संखुवासभा |
| २९ | जनमुखी बहुउद्देश्य सहकारी संस्था लि. | बहुउद्देश्य | चैनपुर-७, संखुवासभा |
| ३० | अरुणथान कृषि तथा जडीबुटी सहकारी संस्था लिमिटेड | कृषि | चैनपुर-८, संखुवासभा |

*स्रोत : चैनपुर नगरपालिका सहकारी शाखा, २०८०*

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

चैनपुर नगरपालिकामा १५ शैयाको एक प्राथमिक स्वास्थ्य चौकीसंगै ५ वटा स्वास्थ्य चौकी, ७ वटा शहरी स्वास्थ्य केन्द्र, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र एक आँखा उपचार केन्द्र गरी १९ वटा स्वास्थ्य संस्थाहरु छन् । त्यसबाहेक १ आयुर्वेद औषधालय, नीजि स्तरमा संचालित २ वटा पोलिक्लिनिक, केहि औषधी पसल, मेडिकल आदि संचालनमा रहेको देखिन्छ जसले गर्दा नगरवासीहरुले प्राथमिक र आधारभूत तहको स्वास्थ्य सेवा नगरपालिकाका स्वास्थ्य चौकीहरुबाटै प्राप्त गर्ने गरेका छन् । चैनपुर नगरपालिका वडा नं ६ हस्पिटल चौक स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा चाहि प्रसुती सेवा, ल्याव सेवा, क्लिनिक सेवा, एक्सरे सेवा, परिवार नियोजन सेवा, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा, एम्बुलेन्स र इमेरजेन्सी सेवा समेत रहेको छ जसले गर्दा प्राथमिक तहको स्वास्थ्य सेवा चैनपुर बजारमा उपलब्ध रहेको छ । अन्य वडाहरुमा रहेका स्वास्थ्य एकाई, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुमा चाहि प्रसुती, ल्याव, एक्सरे, इमरजेन्सी जस्ता सेवाहरु उपलब्ध छैन् । जसले गर्दा वडावासीहरु प्राथमिक तहको स्वास्थ्य उपचारको लागि चैनपुर बजार नै पुग्नुपर्ने बाध्यता छ । दीर्घ र गम्भिर प्रकारका रोगको उपचारको लागी नगरवासीहरु कोशी प्रदेशका धरान र बिराटनगर जस्ता ठूला शहरहरु या राजधानी काठमाण्डौ जाने गरेका छन् । खाँदबारीमा जिल्ला अस्पताल भएतापनि कोशी राजमार्गको सहज पहुँच र यातयातको सुविधाले चैनपुरवासीहरु उपचारको लागि खाँदबारी भन्दा विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान या विराटनगर नै जाने गरेका छन् । चैनपुर नगरपालिकामा रहेका सरकारी स्वास्थ्य संस्थाहरुको विवरण क्रमश तालिका ३१ मा प्रस्तुत गरिको छः

तालिका ३०: स्वास्थ्य संस्थाहरुको वडागत विवरण

| क्र.स. | नाम | ठेगाना | वडा नं |
|---|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्र | गुफापोखरी | १ |
| २ | नुनढाकी स्वास्थ्य चौकी | नुनढाकी | १ |
| ३ | आधारभूत स्वास्थ्य केन्द्र | चित्लाङ | २ |
| ४ | सिद्धकाली स्वास्थ्य चौकी | सिद्धकाली | ३ |
| ५ | शहरी स्वास्थ्य केन्द्र | परेवाडाँडा | ३ |
| ६ | शहरी स्वास्थ्य केन्द्र | रातमाटे | ३ |
| ७ | सिद्धपोखरी स्वास्थ्य चौकी | सिद्धपोखरी | ४ |
| ८ | शहरी स्वास्थ्य केन्द्र | प्याङकोट | ४ |
| ९ | आधारभूत स्वास्थ्य केन्द्र | दुम्सीमारा | ५ |
| १० | प्राथमिक स्वास्थ्य केन्द्र | हस्पिटल चौक | ६ |
| ११ | आँखा उपचार केद्र | चैनपुर | ६ |
| १२ | आधारभूत स्वास्थ्य केन्द्र | फलाटे | ७ |
| १३ | आधारभूत स्वास्थ्य केन्द्र | अरुणथान | ८ |
| १४ | शहरी स्वास्थ्य केन्द्र | चपामै | ८ |
| १५ | वानेश्वर स्वास्थ्य चौकी | वानेश्वर | ९ |
| १६ | खराङ स्वास्थ्य चौकी | खराङ | १० |
| १७ | आधारभूत स्वास्थ्य केन्द्र | सालडाडा | ११ |
| १८ | शहरी स्वास्थ्य केन्द्र | लोहाकोट | १० |
| १९ | शहरी स्वास्थ्य केन्द्र | सातटारे | ११ |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मीहरुको अवस्थालाई हेर्दा विषेशज्ञ चिकित्सकको दरबन्दी प्राथमिक स्वास्थ्य चौकीमा मात्र रहेको तर बिषेशज्ञ चिकित्सक उपलब्ध नरहेको देखिन्छ । त्यसैगरी गुफापोखरीको सामुदायिक स्वास्थ्य इकाईमा ३ जना सामान्य चिकित्सक र अन्य स्वास्थ्य चौकीहरुमा ५ जना हेल्थ असिष्टेन्ट उपलब्ध रहेको छ । गुफापोखरी र नुनढाकीको स्वास्थ्य चौकी र हस्पिटल चौकमा अवस्थित प्राथमिक स्वास्थ्य चौकीमा नर्सको दरबन्दी भएतापनि नर्सहरु उपलब्ध हुन सकेको छैन् । तर अहेब र अनमी चाहि प्राय सबैजसो स्वास्थ्य चौकीहरुमा उपलब्ध छन् । चैनपुर नगरपालिकामा ४५ जना ग्रामिण स्वास्थ्य स्वयमसेविका मार्फत समुदायसम्म स्वास्थ्य सेवा प्रवाह भैरहेको छ ।




चित्र ६: दीर्घ रोगीहरुको संख्या

उच्च उक्तचाप, मुटुरोग, मधुमेह, दम, मृगौला खराबी चैनपुरका मुख्य दीर्घरोगहरु हुन । नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ का अनुसार नगरपालिकाको कुल जनसंख्या मध्ये ८७.८% मानिसहरु स्वास्थ्य छन् भने ३% मा कुनै न कुनै प्रकारको दीर्घ रोग रहेको छ। त्यसैगरी सामान्य रोगीहरुको संख्या ९.३% छ। दीर्घ रोगीहरुको मध्ये सबैभन्दा बढी उच्च उक्तचाप हुने बिरामीहरुको संख्या २४.५% र त्यसपछी दम रोगीहरु १५.६% छन्। नगरवासीहरुको पोषणको अवस्थालाई हेर्दा ०-२३ महिनाको पोषणयुक्त जनसंख्या ११८२, ६-२३ महिनाको पोषणयुक्त जनसंख्या ८८४ र १२-५९ महिनाको पोषणयुक्त जनसंख्या २२०० छ । चैनपुर नगरपालिकाको स्वास्थ्य सूचकहरुलाई तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छः

तालिका ३१: नगरपालिकाको स्वास्थ्य सूचकहरु

| क्र.स. | विवरण | सूचक |
|---|---|---|
| १ | दर्ता भएका नयाँ क्षयरोगी संख्या | २ |
| २ | क्षयरोग उपचार सफल दर (%) | १०० |
| ३ | नयाँ बहिरंग विरामी संख्या (पुरुष) | ७१२८ |
| ४ | नयाँ बहिरंग विरामी संख्या (महिला) | ९२५४ |
| ५ | बहिरंग सेवा प्रयोग गर्ने जनसंख्या (%) | ६०.३ |

| | | |
|---|---|---|
| ६ | बहिरंग लैंगिक अनुपात | ७७ |
| ७ | कुल अनुमानित जिवित जन्म | ६१५ |
| ८ | १ बर्ष भन्दा कम उमेरका जनसंख्या | ५९६ |
| ९ | १२-२३ महिनाको जनसख्या | ५८६ |
| १० | पोषणयुक्त जनसंख्या (०-२३ महिना) | ११८२ |
| ११ | पोषणयुक्त जनसंख्या (६-२३ महिना) | ८८४ |
| १२ | पोषणयुक्त जनसंख्या (१२-५९ महिना) | २२०० |
| १३ | वयस्क जनसंख्या (१०-१९ बर्ष)* | ५२७६ |
| १४ | महिला जनसंख्या (१५-४९)* | ७०३२ |
| १५ | विवाहि महिलाको संख्या (१५-५९) | ६२४१ |
| १६ | कुल अनुमानित गर्भ | ७२४ |

*स्रोतः प्रदेश नं १ को स्वास्थ्य डाटावेश (HIMS), २०७४/७५*

** राष्ट्रिय जनगणना, २०७८*

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकाको साक्षरता दर ७९.५१% छ। कुल साक्षर जनसख्या मध्ये पुरुष साक्षरता दर ८६.१०% र महिला साक्षरता दर ७३.२७% छ। राष्ट्रिय जनगणना २०६८ मा यस नगरपालिकाको कुल साक्षरता दर ७१.५६% थियो जसमा पुरुष साक्षरता ७९.९८% र महिला साक्षरता दर ६४.४१% थियो। राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय साक्षरता दरसंग (७६.३%) तुलना गरेर हेर्दा चैनपुर नगरपालिकाको साक्षरता दर करिब ३% बढी देखिन्छ। अघिल्लो जनणगनाको साक्षरता दरसंग तुलना गरेर हेर्दा बिगत १० बर्षमा चैनपुर नगरपालिकाको साक्षरता दर ८% ले बृद्धि भएको देखिन्छ भने महिला साक्षरता दर समेत झण्डै १०% ले बृद्धि भएको देखिन्छ। यस हिसाबले हेर्दा नगरवासीहरुको शैक्षिक स्तर र साक्षरता दर निक्कै राम्रो रहेको छ। नगरपालिकाको ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्थालाई तालिका ३३ मा प्रस्तुत गरिएको छ।

तालिका ३२: ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्था

| साक्षरताको अवस्था | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पढन र लेख्न सक्ने | १९६५९ | ७९.५१ | १०३६० | ८६.१० | ९२९९ | ७३.२७ |
| पढन मात्र सक्ने | ६२ | ०.२५ | २६ | ०.२२ | ३६ | ०.२८ |
| पढन र लेख्न नसक्ने | ५००३ | २०.२३ | १६४७ | १३.६९ | ३३५६ | २६.४४ |
| उल्लेख नभएको | १ | ०.०० | ० | ०.०० | १ | ०.०१ |
| जम्मा | २४७२५ | १००.०० | १२०३३ | १००.०० | १२६९२ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

चैनपुर नगरपालिकामा ६४ वटा विद्याहरु संचालनमा रहेका छन् जसमा ५९ वटा सामुदायिक विद्यालय र ५ वटा नीजि विद्यालयहरु छन् (विद्यालयहरुको वडागत विवरण तालिका ३३ प्रस्तुत गरिएको छ) । तहगत हिसाबले हेर्दा चैनपुर नगरपालिकामा ९ वटा माध्यमिक र ५५ वटा आधारभूत विद्यालयहरु छन् । चैनपुरमा जिल्लाकै पुरानो संुखुवासभा बहुमुखी क्याम्पस समेत रहेको छ तर पनि उच्च शिक्षाको लागि चैनपुरबाट धरान, बिराटनगर र राजधानी काठमाण्डौ जाने क्रम निरन्तर चलिरहेको छ भने हालैका बर्षहरुमा उच्च अध्ययनको लागि युवाहरु भारत बाहेक तेस्रो मुलकहरु समेत जान थालेका छन् ।



फोटो ३: वडा नं ११ स्थित श्री वाणीविलास माध्यमिक विद्यालय

तालिका ३३: चैनपुर नगरपालिकामा अवस्थित विद्यालयहरुको वडागत विवरण

| वडा नं | क्र.सं | विद्यालयको नाम | तह | कोठा संख्या | विद्यालयको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | १ | श्री सिंहदेवी माध्यमिक विद्यालय | कक्षा १२ | १७ | ५ रोपनी |
| | २ | श्री गणेश आधारभूत विद्यालय | कक्षा ८ | १२ | ३ रोपनी |
| | ३ | श्री ज्वालामुखी आधारभूत विद्यालय | कक्षा ५ | ८ | ७ रोपनी |
| | ४ | श्री पासाङ ल्हामु आधारभूत विद्यालय | कक्षा ३ | | २.५ रोपनी |
| | ५ | श्री मनशान्ति आधारभूत विद्यालय | कक्षा ५ | ८ | १.५ रोपनी |
| | ६ | श्री गुफापोखरी आधारभूत विद्यालय | कक्षा ५ | | १ रोपनी |
| | ७ | श्री महादेव आधारभूत विद्यालय | कक्षा ५ | | ५ रोपनी |
| २ | ८ | श्री भगवती मा.वि. चित्लाङ | १–१० | १६ | ७ रोपनी |
| | ९ | श्री सिंहेश्वरी आ.वि. ताङ्लेवा | १–८ | १० | १० रोपनी |
| | १० | श्री जलेश्वरी आ.वि. तिखिढुङ्गा | १–५ | ७ | २.५ रोपनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११ | श्री आ.वि. पिङ्डाँडा | १–५ | ९ | ४ रोपनी |
| | १२ | श्री संखुवा आ.वि. तुपुवा | १–५ | ७ | ३ रोपनी |
| ३ | १३ | श्री शारदा माध्यमिक विद्यालय | कक्षा १२ | २० | ८ रोपनी |
| | १४ | श्री सर्वमंगला आधारभूत विद्यालय | कक्षा ८ | १४ | २ रोपनी |
| | १५ | श्री त्रिदेवी आधारभूत विद्यालय | कक्षा ५ | ५ | २ रोपनी |
| | १६ | श्री प्रकाशेश्वर आधारभूत विद्यालय | कक्षा ५ | ८ | ५ रोपनी |
| | १७ | श्री सिद्धकाली इङ्गलिस बोर्डिङ स्कूल | कक्षा ८ | १६ | २ रोपनी |
| | १८ | श्री साङ्गा छ्योलिङ गुम्वा | कक्षा १ | २ | १ रोपनी |
| ४ | १९ | श्री सरस्वती मा.वि. मैदाने | १–१० | १६ | ७ रोपनी |
| | २० | श्री पञ्चायत आ.वि. प्याङ्कोट | १–५ | ७ | ३ रोपनी |
| | २१ | श्री गौमती आ.वि. मञ्छेबुङ | १–५ | ६ | २ रोपनी |
| | २२ | श्री सिंहेश्वरी आ.वि. बतासे | १–५ | ७ | ४ रोपनी |
| | २३ | श्री सिंहेश्वरी आ.वि. कोक्सा | १–८ | १२ | ७ रोपनी |
| | २४ | श्री बालज्योती आ.वि. कोक्सा | १–३ | ४ | २ रोपनी |
| ५ | २५ | श्री जनकल्याण आ.वि. केरावारी | १–५ | ७ | ३ रोपनी |
| | २६ | श्री सूर्योदय आ.वि. दुम्सीमारा | १–५ | ५ | २.५ रोपनी |
| ६ | २७ | श्री संखुवासभा बहुमुखी क्याम्पस | मास्टर्स | | |
| | २८ | श्री सरस्वती मा.वि. चैनपुर | १–१२ | | |
| | २९ | श्री सरस्वती मा.वि. हिटी | १–१० | २१ | ५ रोपनी |
| | ३० | श्री शारदा आ.वि. ओखरबोटे | १–८ | | |
| | ३१ | श्री बालमन्दिर आ.वि. चैनपुर | १–५ | १० | २ रोपनी |
| | ३२ | श्री ज्ञानोपार्जन आ.वि. सिम्ले | १–५ | | |
| | ३३ | श्री आ.वि. भङ्ग्याङखर्क | १–५ | ६ | १ रोपनी |
| | ३४ | श्री चैनपुर अंग्रेजी बोर्डिङ्ग, | १–१० | | |
| | ३५ | श्री मकालु अरुण बोर्डिङ्ग स्कूल | १–१० | | |
| ७ | ३६ | श्री बालविकास आधारभूत विद्यालय | कक्षा ५ | ७ | २ रोपनी |
| | ३७ | श्री शान्ति आधारभूत विद्यालय | कक्षा ३ | ६ | १.५ रोपनी |
| | ३८ | श्री पुरानोचैनपुर आधारभूत विद्यालय | कक्षा ५ | ६ | २ रोपनी |
| | ३९ | श्री सूर्योदय आधारभूत विद्यालय | कक्षा ५ | ८ | ३ रोपनी |
| | ४० | श्री खुँडादेवी आधारभूत विद्यालय | कक्षा ३ | ६ | ३ रोपनी |
| | ४१ | श्री सिंहदेवी आधारभूत विद्यालय | कक्षा ५ | ६ | २ रोपनी |
| ८ | ४२ | श्री गगनचुम्बी आधारभूत विद्यालय | कक्षा ५ | ११ | २ रोपनी |
| | ४३ | श्री जनता आधारभूत विद्यालय | कक्षा ३ | ४ | १ रोपनी |
| | ४४ | श्री हिमगंगा आधारभूत विद्यालय | कक्षा ८ | १५ | ७ रोपनी |
| | ४५ | श्री वानेश्वर आधारभूत विद्यालय | कक्षा ३ | ४ | १ रोपनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४६ | श्री जलकन्या आधारभूत विद्यालय | कक्षा ५ | ६ | २ रोपनी |
| | ४७ | श्री हिवाँगंगा आधारभूत विद्यालय | कक्षा ३ | ६ | १ रोपनी |
| ९ | ४८ | शारदा माध्यमिक विद्यालय, ठाँटीगाउँ | १–१० | २४ | १० रोपनी |
| | ४९ | श्री पञ्चकन्या आ.वि. खाम्लिङ्ग | १–८ | १० | २ रोपनी |
| | ५० | श्री भगवती आ.वि. घोर्ले | १–५ | ६ | २.५ रोपनी |
| | ५१ | श्री सरस्वती आ.वि. भित्रे | १–५ | ६ | १.५ रोपनी |
| १० | ५२ | श्री शारदा मा.वि. खराङ, र | | | |
| | ५३ | श्री सिंहेश्वरी आ.वि. ल्यावरिङ्ग, | | | |
| | ५४ | श्री धर्मदेवी आ.वि. कल्लेरी, | | | |
| | ५५ | श्री जलकन्या आ.वि. हात्तिसुँढे, | | | |
| | ५६ | श्री बालज्योती आ.वि. सल्लेरी | | | |
| | ५७ | श्री ब्राइट फ्युचर अंगेजी स्कुल खराङ्ग | | | |
| ११ | ५८ | श्री बाणीविलास माध्यमिक विद्यालय | कक्षा १२ | १७ | ५ रोपनी |
| | ५९ | श्री अरुण आधारभूत विद्यालय | कक्षा ८ | १२ | १.५ रोपनी |
| | ६० | श्री भिमसेन आधारभूत विद्यालय | कक्षा ५ | ८ | २ रोपनी |
| | ६१ | श्री वानेश्वर आधारभूत विद्यालय | कक्षा ५ | | |
| | ६२ | श्री कालिका आधारभूत विद्यालय | कक्षा ५ | ८ | १.५ रोपनी |
| | ६३ | श्री जनता आधारभूत विद्यालय | कक्षा ५ | | |
| | ६४ | श्री बालकल्याण आधारभूत विद्यालय | कक्षा ५ | | |

*स्रोतः चैनपुर नगरपालिका, शिक्षा शाखा, २०७९*

नगरपालिकामा कुल ४६३ जना शिक्षकहरु कार्यरत छन् । जसमध्ये पूर्व प्राथमिक तहमा ४३ जना, आधारभूत (१-५) तहमा १९०, आधारभूत (६-८) तहमा १७०, माध्यमिक (९-१०) तहमा ५२ जना र माध्यमिक (११-१२) तहमा ८ जना शिक्षकहरु कार्यरत छन् । नगरपालिकाको कुल जनसंख्या मध्ये ५ बर्ष माथिको जनसंख्याले उत्तीर्ण गरेको शैक्षिक तहलाई हेर्दा सबैभन्दा बढी प्राथमिक तह (१-५) उत्तीर्ण गर्नेको संख्या ३४.४८% छ भने स्नातक वा सो भन्दा माथिको शैक्षिक तह उत्तीर्ण गर्नेको संख्या २.९७% मात्र छ जसमा स्नातक वा सो सरहको तह उत्तीर्ण गर्ने २.१५% र स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथिको तहको उत्तीर्ण गर्ने संख्या १६१ (०.८२%) मात्र छ । त्यसैगरी निम्न माध्यमिक (६-८) र माध्यमिक तह (९-१०) उत्तीर्ण गर्नेको संख्या क्रमश २३.२१% र १५.८१% छ भने एसएलसी/एसइइ/ वा सो सरहको शैक्षित तह उत्तीर्ण गर्नेको संख्या ९.४% छ । समग्रमा हेर्दा नगरपालिकाका सवैजसो वडाहरुमा विद्यालयहरु रहेको, उच्च र प्राविधिक शिक्षा नगरपालिकामै उपलब्ध भएको र नगरवासीहरुको साक्षरता दर समेत उच्च रहेकोले चैनपुर नगरपालिकाको शैक्षिक अवस्था निक्कै सवल देखिन्छ।

तालिका ३४: उत्तीर्ण गरेको शैक्षिक तह अनुसार ५ बर्ष माथिको जनसंख्याको विवरण

| क्र.स. | शैक्षिक स्तर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्व प्राथमिक तह (ईसिडी) | ७७९ | ३.९७ |
| २ | प्राथमिक (१-५) | ६७५९ | ३४.४८ |
| ३ | निम्न माध्यमिक तह (६-८) | ४५४९ | २३.२१ |
| ४ | माध्यमिक तह (९-१०) | ३०९९ | १५.८१ |
| ५ | एसएलसी/एसईई/ वा सो सरह | १८४२ | ९.४ |
| ६ | प्रमाणपत्र वा सो सरह | १६१६ | ८.२४ |
| ७ | स्नातक वा सो सरह | ४२१ | २.१५ |
| ८ | स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथि | १६१ | ०.८२ |
| ९ | तह नभएको/तह नखुलेको | ३१२ | १.५९ |
| १० | तह उल्लेख नभएको | ६३ | ०.३२ |
| कुल | | १९६०१ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.३.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाईको मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध हुने गर्दछ भने स्वस्थ्य खानेपानी नगरवासीको आधारभूत आवश्यक्ता समेत हो । स्थानीय खोलानाला र मूलहरु मार्फत धारा/पाइपबाट बितरण हुने पानी चैनपुरवासीको खानेपानीको मुख्य स्रोतहरु हुन् । तर जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण नगरपालिकाका धेरै पानीका मुहान, कुवा, धाराहरु सुक्दै गैरहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्दा चैनपुर नगरपालिकामा बसोबास गर्ने कुल ६६४८ घरधुरी मध्ये करिब ८०% घरधुरीमा धारा/पाईपको पानी पुगेको देखिन्छ । जसमध्ये ४६.२% घरधुरीमा धार/पाइपबाट वितरण हुने पानीको पहुँच घर परिसर बाहिर छ भने ३३.६% घरधुरीमा भने धारा/पाईएबाट वितरण हुने पानी घर परिसर भित्रै छ । त्यसैगरी मूल धाराबाट पानी खाने घरधुरीहरुको संख्या १३.३% छ । ईनार/कुवाको प्रयोग गर्ने धरधुरीहरु ४% छनभने २.८% घरधुरीले अहिले पनि नदि/खोलाको पानी प्रयोग गर्ने गरेका छन् । समग्रमा हेर्दा ८०% भन्दा बढी घरधुरीले धारा/पाईपको पानी प्रयोग गर्ने गरेको देखिएतापनि सम्पूर्ण वडाका घरधुरीहरुमा स्वच्छ धाराको पानीको पहुँच भने पुग्न सकेको छैन ।

तालिका ३५: खानेपानीको मुख्य स्रोत

| क्र.स. | खानेपानी स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | धारा/पाईपको पानी (घर परिसर भित्र) | २२३२ | ३३.६ |
| २ | धारा/पाईपको पानी (घर परिसर बाहिर) | ३०७४ | ४६.२ |
| ४ | ढाकिएको ईनार/कुवा | १२४ | १.९ |
| ५ | नढाकिएको इनार/कुवा | १४२ | २.१ |
| ६ | मूल धारा | ८८३ | १३.३ |
| ७ | नदी/खोला | १८४ | २.८ |
| ९ | अन्य | ९ | ०.१ |
| जम्मा | | ६६४८ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

चैनपुर नगरपालिकाको वडा नं ६, ७ र ९ मा केहि खानेपानी आयोजनाहरु समेत संचालनमा रहेका छन् । वडा नं ६ मा भुल्के, झुत्रे र चैनपुर बृहत गरी ३ वटा खानेपानी आयोजनाहरु संचालनमा रहेका छन । त्यसैगरी वडा नं ७ को फलाटे र आम्बोटेमा २ वटा चैनपुर बृहत खानेपानी आयोजनाहरु संचालनमा छन् भने वडा नं ९ मा त्रिशुले बृहत, घोर्ले भित्रे र खराङ्ग वानेश्वर बृहत गरी ३ वटा खानेपानी आयोजनाहरुले स्थानीयवासीलाई खानेपानी उपलब्ध गराउदै आईरहेका छन् ।

तालिका ३६ः घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति

| प्रयोगको अवस्था | घरधुरी | प्रतिशत |
|---|---|---|
| फ्लस भएको शौचालय (सार्वजनिक ढल) | ३५ | ०.५ |
| फ्लस भएको शौचालय (सेप्टिक ट्यांकी) | ४४०५ | ६६.३ |
| साधरण (खाल्टे) चर्पी | २१०८ | ३१.७ |
| सार्वजनिक शौचालय | १८ | ०.३ |
| चर्पी नभएको | ८२ | १.२ |
| कुल घरधुरी | ६६४८ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाईको अवस्थालाई समेत जनाउने गर्दछ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा करिब ६७% घरधुरीले फ्लस भएको शौचालय प्रयोग गर्ने गरेको देखिन्छ भने ३१.७% ले खाल्टे चर्पी प्रयोग गर्ने गर्दछन् । त्यसैगरी १८ घरधुरीले (०.३%) सार्वजनिक शौचालय प्रयोग गर्ने गर्दछन् । समग्रमा हेर्दा ९८% भन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिकामा रहेका कुल घरधुरी मध्ये केवल ८२ वटा घरधुरीमा (१.८%) मात्र शौचालय नभएको अवस्था छ । नगरपालिकाको चैनपुर बजार क्षेत्रमा त्रिमुर्ती चौक देखि त्रिचोक सम्म करिब ५०० मिटर मूल बजार क्षेत्रमा मात्र ढलको व्यवस्था भएतापनि चैनपुर बजारको अन्य वस्ती, ग्रामिण क्षेत्रका वडा र वस्तीहरुमा ढल र नालीहरुको व्यवस्था छैन ।

चैनपुर, पोखरी र खरांग बजार क्षेत्रका केहि स्थानमा डस्टबिनको व्यवस्था रहेको छ भने हाल नगरपालिकाले प्रत्येक मंगलबार आफै वडाका मुख्य चौक र वस्तीहरुबाट फोहोर संकलन गरी वडा नं ६ स्थित आईतबारे थानमा रहेको अस्थाई डम्पिङ साइटमा संकलित फोहोर विसर्जन गर्ने गरेको छ । नगरपालिकाबाट सबै वडा र वस्तीहरुका प्रत्येक घरधुरीहरुबाट फोहोर संकलन भैनसकेकोले ग्रामिण र दुरदराजका क्षेत्रहरुमा स्थानीय घरहरुबाट निस्कने फोहोरमैलाहरु गोबरको खाडीमा फाल्ने र जलाउने गरेका छन । चैनपुर नगरपालिकाका बिहिबारे, तातोपानी, शुक्रबारे हटिया, चैनपुर बसपार्क, पोखरी बसपार्क र खरांग मंगलबारे हटिया क्षेत्रमा सार्वजनिक शौचालयहरुको व्यवस्था रहेको छ । खुल्ला दिसामुक्त नगरपालिका घोषणा गरिएतापनि अव्यवस्थित रुपमा रहेका बंगुरपालन, फोहोर मैलाको दिर्घकालिन ब्यवस्थापन हुन नसक्नु र पानीको अभावका कारण नगरपालिकाको सरसफाईमा भने चुनौती देखिएको छ ।

### २.३.४ खेकलुद तथा मनोरन्जन

चैनपुर नगरपालिकामा खेलकुद विकासको लागि आधुनिक रंगशाला र कभर्डहलहरु हालसम्म निर्माण हुन सकेको छैन । नगरपालिकाको वडा नं ६ स्थित संखुवासभा बहुमुखी क्याम्पसको खेल मैदानमा एकातर्फ सामान्य

प्यारािफिट निर्माण गरी स्थानीय, जिल्ला र प्रदेश स्तरका खेलकुद प्रतियोगिताहरु संचालन गर्ने गरिएको छ । नगरपालिका भित्रका अन्य खेल गतिविधिहरु स्थानीय विद्यालय र कलेजका चौरहरुमा हुने गरेको छ। खेलकुदका अन्य गतिविधिहरुमा स्थानीय विद्यालहरुमा बार्षिक रुपमा हुने राष्ट्रपति रनिंग शिल्ड छनौट प्रतियोगिता हुने गरेको छ । भलिवल, फुटबल, टेबिल टेनिस, क्रिकेट जस्ता खेलहरु स्थानीय युवाहरुमाझ लोकप्रिय रहेको छ । नगरपालिका भित्र रहेका खेल मैदानहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ३७: खेल मैदानहरुको विवरण

| क्र.स. | खेल मैदानको नाम | स्थान |
|---|---|---|
| १ | बिहिबारे खेल मैदान (अस्थाई) | चैनपुर-१, बिहिबारे |
| २ | तातोपानी खेल मैदान | नाम्लिङ टोल |
| ३ | गुफापोखरी खेल मैदान | चैनपुर-१, गुफापोखरी |
| ४ | चित्लाङ खेल मैदान | चैनपुर-२ |
| ५ | लामागाउँ खेल मैदान | चैनपुर-२ |
| ६ | प्रकाशेश्वर खेल मैदान | सिद्धकाली |
| ७ | शिवालय केराबारी खेल मैदान | केराबारी |
| ८ | दुम्सिमारा खेल मैदान | दुम्सिमारा |
| ९ | क्याम्पस खेल मैदान | चैनपुर-६ |
| १० | टुडिखेल | चैनपुर-६ |
| ११ | देउराली खेल मैदान | चैनपुर-७ |
| १२ | मानेडाँडा खेल मैदान | चैनपुर-८ |
| १३ | अरुणथान खेल मैदान | चैनपुर-८ |
| १४ | त्रिशुले खेल मैदान | चैनपुर-६, त्रिशुले |
| १५ | खाल्टे खेल मैदान | चैनपुर-१० |
| १६ | शारदा माविको खेल मैदान | चैनपुर-१० |
| १७ | दशरथ खेल मैदान | चैनपुर-१० |
| १८ | लेवारिंग खेल मैदान | चैनपुर-१० |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन, २०७६*

चैनपुर नगरपालिकामा विभिन्न सामाजिक, साँस्कृतिक, मनोरन्जन र विकास निर्माणमा हातेमालो गर्ने उदेश्य रहेका २९ वटा युवा र युथ क्लबहरु छन् । नगरपालिका लगायत अन्य सामाजिक संघसस्थाहरुको सहकार्यमा यस्ता क्लबहरुले आफ्नो गाउँ टोल सरसफाई गर्ने, सचेतनामूलक कार्यक्रमहरु गर्ने, धार्मिक र साँस्कृतिक कार्यक्रमहरु (मेला, जात्रा आदी) आयोजना गर्ने, आफ्ना परम्परागत बाजागाजा, संस्कृति, चाडपर्वको सम्वर्धन र प्रवर्द्धन गर्ने, सांगितिक र साँस्कृतिक कार्यक्रमहरु गर्ने, नगर/वडा स्तरिय भलिबल/फुलबट जस्ता खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने, देउसी भैला कार्यक्रम गर्ने, सडक तथा ढल मर्मत संभार गर्ने, नयाँ सडकको ट्याक खोल्ने आदि जस्ता कार्यक्रहरु नियमित रुपमा गर्ने गरेका छन् । नगरपालिका भित्र क्रियाशील युवा तथा युथ क्लबहरुको विवरण तलको तालिकामा राखिएको छः

तालिका ३८: युवा/युथ क्लबहरुको वडागत विवरण

| क्र.स. | क्लबको नाम | वडा नं | स्थान |
|---|---|---|---|
| १ | बालमन्दिर युवा क्लब | ६ | बालमन्दिर |
| २ | समाजसेवा युवा क्लब | ६ | त्रिचोक |
| ३ | परिवर्तनका लागि युवा | ६ | चैनपुर |
| ४ | मिल्के जनउत्थान युवा क्लब | १ | तातोपानी |
| ५ | देवीथान युवा क्लब | ७ | पुरानो चैनपुर |
| ६ | सूर्योदय समाज सेवा युवा क्लब | ३ | चैनपुर |
| ७ | सिद्धकाली समाज सेवा युवा क्लब | ३ | तिनखोप्रे |
| ८ | समाज सेवा युवा क्लब | ९ | चैनपुर |
| ९ | लालीगुराँश युवा क्लब | ९ | चैनपुर |
| १० | प्रगतीशील युवा क्लब | ९ | चैनपुर |
| ११ | अवतन युवा क्लब | ९ | चैनपुर |
| १२ | संगित सर्गम | ३ | पोखरी |
| १३ | प्रगती समाज सेवा | ११ | गैरीगाँउ |
| १४ | प्रि म्युजिक युथ क्लब | १ | पैरे |
| १५ | देउराली नवयुग युवा क्लब | ७ | देउराली |
| १६ | भिरेश्वर युवा क्लब | ७ | कालापानी |
| १७ | चौतारी समाज सेवा युवा क्लब | ६ | डाँगीगाउँ |
| १८ | नमस्ते युवा क्लब | ८ | अरुणथान |
| १९ | सिर्जनशील युवा क्लब | ८ | मानेडाँडा |
| २० | टप मकालु युवा क्लब | १० | दशरथ |
| २१ | किरण ज्योति युवा क्लब | १० | लेवारिंग |
| २२ | लालीगुराँश युवा क्लब | १० | लेवारिंग |
| २३ | समाज सुधार युवा क्लब | २ | धन्सार |
| २४ | भगवती युवा क्लब | २ | चित्लाङ |
| २५ | हिमज्योति युवा क्लब | २ | मयम |
| २६ | सयपत्री युवा क्लब | १ | मैदाने |
| २७ | पोक्लाबुङ जनउत्थान मंच युवा क्लब | १ | पोक्लाजुंग |
| २८ | श्री ज्वाला साँस्कृतिक युवा क्लब | १ | याङसिजुङ |
| २९ | हिमालयन शेर्पा साँस्कृतिक क्लब | १ | भित्रे |

*स्रोतः चैनपुर नगरपालिकाको पार्श्वचित्र प्रतिवेदन २०७६ र स्थलगत सर्भेक्षण, २०७९*

## २.३.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

चैनपुर नगरपालिकाको कुल जनसंख्यामा २६७९९ छ जसमा पुरुषको संख्या १३१२५ (४८.९८%) र महिलाको संख्या १३६७४ (५१.०२%) रहेको छ भने समग्र लैंगिक अनुपान ८६.५६ रहेको छ। तर नगरपालिकामा ५ बर्ष

मुनिका बालवालिकाहरुको लैंगिक अनुपात भने १११.२० छ किनकी ०-४ बर्ष उमेर समुहमा बालकको संख्या १०९२ छ भने बालिकाको संख्या ९८२ छ। यसले अब आउने पुस्तामा महिला भन्दा पुरुषको संख्या बढने देखिन्छ। त्यसैगरी नगरपालिकामा १४-४५ बर्ष उमेर समुहका युवाहरुको संख्या कुल जनसंख्याको ५५.३८% छ। आर्थिक रुपले सक्रिय उमेर समुहका (१५-६४ बर्ष) मानिसहरुको संख्या कुल जनसंख्याको ७४.०८% छ। त्यसैगरी ६५-७५ बर्ष उमेर समुहका मानिसहरुको संख्या कुल जनसंख्याको ५.५% र ७५ बर्ष भन्दा माथिका मानिसहरुको संख्या २.८८% छ।

पहाडी ब्राम्हण, क्षेत्री, राई, लिम्बु, तामाङ, नेवार, शेर्पा, गुरुङ, मगर आदि नगरपालिकामा बसोबास गर्ने मुख्य जाताजीहरु हुन। जातीगत हिसाबले हेर्दा नगरपालिकामा आदिवासीहरुको जनसंख्या सबैभन्दा बढी ६२.३% छ। दलित जनजाती अन्तर्गत विश्वकर्माहरु ४.१%, सार्की १.९% र परियारको जनसंख्या १.५% छ। भुजेल, जिरेल लगायत अन्य जातजातीहरुको संख्या कुल जनसंख्यामा ०.५% रहेको छ। नगरपालिकाको कुल जनसंख्या मध्ये ९१.१७% प्रतिशत जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन। लिंगको आधारमा कुनैपनि अपांगता नभएको संख्या पुरुषको भन्दा महिलाको २% जतिले बढी छ। सम्पतिमा महिलाको स्वामित्तको अवस्थाले महिलाहरुको घरपरिवार भित्रको अवस्थालाई दर्शाउने गर्दछ। यस दृष्टिकोणले हेर्दा घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार नगरपालिका भित्र केवल १२.२% छ भने घर मात्र महिलाको नाममा भएका घरपरिवार त झन २% मात्रै छ। नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था हेर्दा नगरपालिकामा ५७ जना जनप्रतिनिधिहरु रहेका छन् जसमा पुरुष जनप्रतिनिधिहरुको संख्या ३३ (५७.९%) र महिला जनप्रतिनिधिहरुको संख्या २४ (४२.१%) छ (नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको विवरण अनुसूची - ८ मा राखिएको छ)।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

नगरपालिकामा चैनपुर, पोखरी र खरांग गरी तीनवटा मुख्य वस्तीहरु छन्। यी बजार क्षेत्रमा भने वस्तीहरु साघुँरा र गजुगुज्ज परेका छन भने राजमार्ग र सडक छेउका वस्तीहरु भने सडक आसपास रेखाकार रुपमा विकास भएको पाईन्छ। नुनढाकी, गुफापोखरी, ताङलेवा, सिद्धकाली, प्याङकोट, मैदाने, बानेश्वर, पिलुवा, लोहाकोट, सातटारे, चित्लाङ, रातमाटे, कोक्सा, सिम्ले, फलाटे, आहालडाँडा, सालडाँडा आदि नगरपालिकाका अन्य वस्तीहरु हुन। यस्ता वस्तीहरु भू-वनावट र सडकको पहुँचका आधारमा छरिएका, रेखाकार, गुजुमुज्ज र बाक्लो स्वरुपमा पाउन सकिन्छ। चैनपुर बजार साघुँरो भैसकेको र विस्तार हुन सक्ने स्थानको कमी भएकोले भविश्यमा नगरपालिकाका पोखरी, खरांग, डाँगी गाउँ, मिलडाँडा, हटिया लाईन तर्फ वस्तीहरु विस्तार हुनसक्ने देखिन्छ। नगरपालिका भित्रका घरहरुको स्वामित्तको अवस्थालाई हेर्दा ९३.१% मानिसहरु आफ्नै घरमा बसोबास गर्ने गरेको देखिन्छ भने ५.८% मानिसहरु भाँडाको घरमा रहेको देखिन्छ। त्यसैगरी ०.४% मानिसहरु संस्थागत स्वामित्त भएको घरमा बसेको देखिन्छ। घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार नगरपालिका भित्र केवल १२.२% छ भने घर मात्र महिलाको नाममा भएका घरपरिवार २% मात्रै छ।




फोटो ४: चैनपुर बजार क्षेत्रको भू-उपग्रह नक्शा

राष्ट्रिय राजमार्ग र सहायक सडकहरुको पहुँच, कम भिरालोयुक्त जमीन, हरियाली, स्वच्छ वातावरण र धेरै जाडो पनि नहुने र धेरै गर्मी पनि हुने जस्ता विशेषताहरुले गर्दा पहाडी भू-भाग भएतापनि बसोबासको हिसाबले चैनपुर निक्कै उपयुक्त देखिन्छ। नगरपालिकामा चैनपुर, पोखरी र खरांग लगायत अन्य मुख्य वस्तीहरुमा पुराना घरहरु ढुंगा, माटो, स्लेट र काठले बनेका छन भने ईटा, ढुंगा, छड र सिमेन्ट प्रयोग भएका आधुनिक पक्की घरहरु बन्ने क्रमपनि विस्तारै बढदै गैरहेको देखिन्छ।

तालिका ३९: घरको स्वामित्त अनुसार घरपरिवारको संख्या

| स्वामित्तको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै | ६१८९ | ९३.१ |
| भाँडामा | ३८३ | ५.८ |
| संस्थागत | २५ | ०.४ |
| अन्य | ५१ | ०.८ |
| जम्मा | ६६४८ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका ४०: परिवारमा महिलाको नाममा भएको घरजग्गा अनुसार परिवार संख्या

| अचल सम्पतिमा स्वामित्तको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| घर मात्र भएका | १३२ | २.० |
| जग्गा मात्र भएका | ७५३ | ११.३ |
| घर जग्गा दुवै भएका | ८०८ | १२.२ |
| घर जग्गा दुवै नभएका | ४८६० | ७३.१ |
| उल्लेख नभएका | ९५ | १.४ |
| जम्मा | ६६४८ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*



फोटो ५: स्थानीय वस्ती, घरहरुको प्रकार र बनावट

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार नगरपालिकामा अवस्थित घरहरुको जगको वनावटलाई हेर्दा सबैभन्दा बढी माटो जडित इँटा/ढुंगाको जग भएको घरहरु ८४.२% छ । दोस्रोमा काठ/बाँसको खम्बा गाडेको जग भएको घरहरु ९.३% छ । त्यसैगरी सिमेन्ट जडित इँटा/ढुंगाको जग भएको घरहरु ३.१% र ढलान पिल्लर सहितको जग भएको घरहरु ३% छ । स्थानीय वासिन्दा र जानकारहरुका अनुसार नगरपालिकामा हालैमा बर्षहरुमा ढलान पिल्लर सहितको जग भएको घरहरु निर्माण हुने क्रम विस्तारै बढदै गएको छ । यस्ता घरहरु बिशेष गरेर चैनपुर बजार र आसपासको क्षेत्र, कोशी राजमार्ग कोरिडोर, खरांग र पोखरी बजार क्षेत्रहरुमा छन् । घरको बाहिरी गाऱ्होको बनावटलाई हेर्दा सबैभन्दा बढी माटो जडित इँटा/ढुंगाको गाऱ्हो भएको घरहरु ८०% र गाऱ्होमा बासजन्य सामाग्रीको प्रयोग भएका घरहरुको संख्या दोस्रो स्थानमा (१०.२४%) रहेको छ ।

छानामा सबैभन्दा बढी जस्ता/टिन/च्यादर प्रयोग गरी निर्माण भएका घरहरु ७२.८३% र दोस्रोमा खर/पराल/छवाली प्रयोग गरी निर्माण भएका घरहरु २२.३८% छ । त्यसैगरी सिमेन्ट/ढलानको छानो भएका घरहरु ३.५% छ । संस्थागत र अन्य व्यवसायिक प्रयोजनको लागि निर्माण हुने अधिकांश सरकारी र नीजि घरहरु समेत ढुंगा, ईटा, सिमेन्ट र छड प्रयोग गरी निर्माण हुन थालेको छ । नगरपालिकाबाट वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या निक्कै धेरै भएको र वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको ठूलो हिस्सा घर निर्माणमा प्रयोग हुने भएकोले हालैका बर्षहरुमा ढलान पिल्लर सहितका सिमेन्ट जडित इँटा र ढुंगाबाट बनेका आधुनिक नीजि आवासीय घरहरु बन्ने क्रममा तिब्रता आएको छ । नगरपालिका रहेका घरहरुको जग, बाहिरी गाऱ्हो र छानाको वनावटको विस्तृत तथ्याङ्क तलका तालिकाहरुमा प्रस्तुत गरिएको छः

तालिका ४१: घरको जगको बनावट

| घरको जगको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटो जडित इँटा/ढुंगा | ५५९८ | ८४.२ |
| सिमेन्ट जडित इँटा/ढुंगा | २०९ | ३.१ |
| ढलान पिल्लर सहित | १९९ | ३.० |
| काठ/बाँसको खम्बा गाडेको | ६१७ | ९.३ |
| अन्य | २५ | ०.४ |
| जम्मा | ६६४८ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका ४२: घरको बाहिरी गाऱ्होको बनावट

| घरको गाऱ्हो प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटो जडित इँटा/ढुंगा | ५३३२ | ८०.२० |
| सिमेन्ट जडित इँटा/ढुंगा | ४१२ | ६.२० |
| काठ/फल्याक | १०२ | १.५३ |
| बाँसजन्य सामाग्री | ६८१ | १०.२४ |
| काँचो इँटा | ९ | ०.१४ |
| जस्ता/टिन | १०९ | १.६४ |
| अन्य | ३ | ०.०५ |
| जम्मा | ६६४८ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका ४३: घरको छानाको बनावट

| छानाको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जस्ता/टिन/च्यादर | ४८४२ | ७२.८३ |
| सिमेन्ट/ढलान | २३३ | ३.५० |
| खर/पराल/छवाली | १४८८ | २२.३८ |
| टायल/खपडा/झिंगटी | ५५ | ०.८३ |
| ढुंगा/स्लेट | १० | ०.१५ |
| काठ/फल्याक | ११ | ०.१७ |
| अन्य | ९ | ०.१४ |
| जम्मा | ६६४८ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

चैनपुर संखुवासभा जिल्लाको पुराको जिल्ला सदरमुकाम र पूर्वी पहाडकै प्रमुख व्यापारिक केन्द्र भएकोले जिल्लाका प्रमुख सरकारी कार्यालयहरुका भवन लगायत सामुदायिक भवनहरु चैनपुर नगरपालिकामा निर्माण भएका छन् । नगरपालिका भित्र सार्वजनिक निर्माण अन्तरगत कार्यालय भवन निर्माण, स्वास्थ्य भवन निर्माण, सामुदायिक भवन/मठमन्दिर निर्माण, बजारको सटर/टहरा निर्माण, सडक बत्ती जडान, सामुदायिक शौचालय

आदि जस्ता कार्यहरु हुँदै आईरहेको छ। नगरपालिकामा भएका सरकारी, सार्वजनिक र सामुदायिक भवनहरुको विवरण तालिका ४५ मा प्रस्तुत गरिएको छः

तालिका ४४: सरकारी र सार्वजनिक भवनहरुको विवरण

| सरकारी भवनहरु | ठेगाना |
|---|---|
| संखुवासभा जिल्ला अदालत | चैनपुर-६ |
| जिल्ला सरकारी वकील कार्यालय | चैनपुर-६ |
| चैनपुर नगरपालिकाको कार्यालय | चैनपुर-६ |
| मालपोत कार्यालय | चैनपुर-७ |
| नापी कार्यालय | चैनपुर-७ |
| इलाका प्रशासन कार्यालय | चैनपुर-७ |
| डिभिजन वन कार्यालय | चैनपुर-६ |
| प्राथमिक स्वास्थ्य चौकी | चैनपुर-६ |
| सार्वजनिक शौचालय (बिहिबारे, तातोपानी, शुक्रबारे हटिया, चैनपुर बसपार्क, पोखरी बसपार्क, खरांग मंगलबारे हटिया) | |

*स्रोतः स्थलगत सर्भेक्षण, २०७९*

### २.४.२ सडक, पुल तथा यातायात

उत्तर दक्षिण कोशी राजमार्गको मुढे शनिश्चरे-चैनपुर-बोहराटार सडक अन्तर्गतको ३२ किमि खण्ड चैनपुर नगरपालिकामा पर्दछ। यो राजमार्गले नगरपालिकाका ५ वटा वडाहरुलाई (वडा नं ७, ८, ९, १०, ११) राजमार्गको पहुँच दिएको छ। त्यसैगरी चैनपुर-गुफापोखरी सडक खण्डले नगरपालिकाको १, २, ३, ४, ५ र ६ नं वडाहरुलाई समेटने भएकोले चैनपुर नगरपालिकाका सबैजसो वडाहरु सडक संजालसंग जोडिएको छ। चैनपुरबाट गुफापोखरी जाने सडकको ११ किमि खण्ड कालोपत्रे भैसकेको र यो सडक निर्माणधिन रहेकोले अबको केहि बर्षमा नगरपालिकाका सबै वडा केन्द्रहरु पक्की सडकले जोडिने छन्। धनकुटा जिल्लाको लेगुवाबाट तुम्लिङटारहुँदै संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी जोडने सडक समेत कोशी राजमार्गसंग सभाखोला पुलमा जोडिएकोले चैनपुर नगरपालिका उत्तर दक्षिण २ वटा राजमार्गहरुले जोडिएको छ। यस दृष्टिकोणले हेर्दा चैनपुर पहाडी भू-भाग भएता पनि सुगम छ। बिगतमा धनकुट्टाको हिलेबाट लामो समय लगाएर पैदल हिडेर पुगिने चैनपुर अब हिले-लेगुवा-सभाखोला हुँदै केहि घण्टाको यात्राबाट पुग्न सकिन्छ भने कोशी राजमार्गको बसन्तपुर-मुढे शनिश्चरे हुँदै पनि सहजै पुग्न सकिन्छ। निर्माणधिन खराङ-हात्तिसुडे-पिलुवा दोभान सडक सम्पन्न भएसंगै चैनपुरबाट तराई झर्ने दुरी अझ कम हुने देखिन्छ। कोशी राजमार्ग हुँदै चैनपुरबाट तुम्लिङटार विमानस्थल आधा घण्टाको यात्रामा पुगिने भएकोले चैनपुर हवाई यातायातसंग समेत जोडिएको छ। जसले गर्दा तुम्लिङटार विमानस्थलल मार्फत चैनपुरवासीको राजधानी काठमाण्डौसंग समेत सहज पहुँच स्थापित भएको छ।

चैनपुर नगरपालिकाको भौतिक पूर्वाधार शाखाबाट प्राप्त तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा पक्की, ग्राभेल, ढलान, सोलिङ र कच्ची गरी कुल ५३६.३५ किमि सडक रहेको छ (नगरपालिकामा अवस्थित सडकहरुको वडागत विवरण अनुसूची ७ मा राखिएको छ)। जसमा कोशी राजमार्गको खण्ड (३२ किमि) सहित गरेर कुल

५३ किमि सडक कालोपत्रे छ भने लगभग ५ किमि सडक सोलिङ/ढलान गरिएको छ। बाँकी सडकहरु भने ग्राभेल र धुले स्तरका छन्। कोशी राजमार्ग खण्डमा भने केहि स्थानमा साइड ड्रेन, लेन मार्किङ र ट्राफिक चिन्हहरु छन् तर नगरपालिका भित्र रहेका अधिकांश सडकहरुमा सडक लाइट, ट्राफिक चिन्ह, लेन मार्किङ, रेलिङ, जेब्रा क्रसिङ, साइड ड्रेन, ट्राफिक लाईट जस्ता आधारभूत सडक पूर्वाधारहरुको कमी रहेको देखिन्छ।



फोटो ६: गढी नजिकै रहेको नवनिर्मित बसपार्क

तालिका ४५: चैनपुर नगरपालिकाका नगर स्तरिय पक्की सडकहरु

| क्र.स. | सडकको नाम | लम्वाई (किमि) |
|---|---|---|
| १ | कोशी राजमार्ग खण्ड | ३२ |
| २ | खराङ हात्तिसुडे पिलुवा दोभान सडक | ४.२ |
| ३ | रातमाटे वरे मावादीन सडक | २.२ |
| ४ | चैनपुर दलापे देखि सिद्धकाली जाने सडक | १.३ |
| ५ | भण्डारी मोड चापाभाई देखि किङरिङ सडक | १.८ |
| ६ | चैनपुर सिरान देखि सिद्धाकाली जाने सडक | ०.९६ |
| ७ | चैनपुर जिरो पोइन्टदेखि पोखरी सडक | ७.५ |
| ८ | चैनपुर बजार पक्की सडक | ३ |
| कुल लम्वाई | | ५३ |

*स्रोतः चैनपुर नगरपालिका, २०८०*

नगरपालिकाको जिरो प्याईन्ट नजिकै गढी छेउमा एक सामान्य पक्की बसपार्क रहेको छ । उक्त बसपार्कबाट धरान, ईटहरी र बिराटनगरसम्म नियमित बस सेवा संचालनमा रहेको छ भने दमक, खाँदबारी, तुम्लिङटार, बान्हबिसे, सभापोखरी, पाँचखपनसम्म भाँडाका साना जिपहरु संचालनमा रहेका छन् । नगरपालिका भित्र तिनपांग्रे टेम्पुहरुले समेत चैनपुर र लगायत वरिपरिका स्थानीय तहका मुख्य बजारसंगै तुम्लिङटार र खाँदबारीसम्म मानिसहरुलाई आवतजावतको लागि सेवा प्रदान गरिरहेका छन् । बस, ट्रक, ट्रयाक्टर, जिप, भ्यान, अटो, मोटरसाईकल आदि यहाँका नियमित सवारी साधनहरु हुन । नगरपालिकाको पोखरी बजार र वडा नं १ स्थित डाँडागाउँमा गरी अन्य २ वटा स्थानीय स्तरका बसपार्कहरु छन् । तर यातायातको सहि व्यवस्थापन हुने सकेको छैन भने राष्ट्रिय राजमार्गको पहुँच र नगरपालिकाका वडा र मुख्य वस्तीहरुसम्म कालोपत्रे सडकहरुको बृद्धिसंगै दिर्घकालमा (६/७ बर्ष पछी) नगरपालिकामा आधुनिक बसपार्क र बस स्टेण्डहरुको समेत आवश्यक्ता देखिन्छ । चैनपुरमा पिलुवाखोला, यावरा खोला, वेतनी खोला र सिङाजोङमा खोला गरी ५ वटा पुलहरु छन भने तपुवा खोलामा २ वटा झोलुङ्गे पुलहरु छन् ।

तालिका ४६: नगरपालिकामा अवस्थित पुलहरुको विवरण

| क्र.स. | पुलको नाम | लम्वाई (मिटर) | प्रकार |
|---|---|---|---|
| १ | पिलुवाखोला पुल | ४५ | पक्की |
| २ | पिलुवाखोला पुल | ५० | पक्की |
| ३ | यावरा खोला पुल | ५५ | पक्की |
| ४ | वेतेनी खोला पुल | ५० | पक्की |
| ५ | वेतेनी खोला पुल | ५० | पक्की |
| ६ | सिडाजोङमा खोला पुल | ७५ | पक्की |
| ७ | तुपुवा खोला झोलुंगे पुल | ७० | झोलुंगे |
| ८ | तुपुवा खोला झोलुंगे पुल | ७० | झोलुंगे |

*स्रोतः चैनपुर नगरपालिका, २०८०*

## २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

अरुण, सभा, हेवा, पिलुवा जस्ता नदि खोलानालाहरु भएको चैनपुर नगरपालिका प्राकृतिक स्रोतमा निक्कै धनी रहेको छ भने लघु तथा ठूला जलविद्युतको समेत प्रशस्त संभावना रहेको छ । नगरपालिकाको सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुगेको छ । तर गुणस्तरिय ट्रान्सफरमर र प्रसारण लाईनको अभावमा ग्रामीण क्षेत्रमा भोल्टेज कम हुने र विद्युत अवरुद्ध भैरहने समस्या विद्यमान छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा वत्ती बाल्नको लागि बिजुली प्रयोग गर्ने परिवार संख्या ९७.७१% छ । विगतमा वत्तीको लागि मट्टितेल प्रयोग हुने गरेको थियो तर नगरपालिकाका वडा र ग्रामिण वस्तीहरुमा विद्युत सेवा पुगेसगै व्यापक रुपमा बिजुली वत्तीको प्रयोग हुँदै आईरहेको छ । सोलार उर्जा/सौर्य उर्जा, मट्टीतेल र बायोग्यासको प्रयोग गर्ने धरधुरीहरु न्यून रहेको छ । विस्तृत विवरण तालिका ४८ मा प्रस्तुत गरिएको छः

तालिका ४७: वत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार संख्या

| क्र.स. | इन्धनको स्रोत | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बिजुली | ६४९६ | ९७.७१ |
| २ | सोलार/सौर्य उर्जा | ६५ | ०.९८ |
| ३ | मट्टीतेल | ६५ | ०.९८ |

| | | | |
|---|---|---|---|
| ४ | बायोग्याँस | ३ | ०.०५ |
| ५ | अन्य | १९ | ०.२९ |
| जम्मा | | ६६४८ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

काठ/दाउरा र एलपी ग्यास खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनहरु हुन । एलपी ग्यासको प्रयोग क्रमश बढदै गएको भएतापनि अहिले पनि लगभग ८७% घरपरिवारले खाना पकाउनको लागि काठ/दाउरा नै प्रयोग गर्ने गरेका छन् । बाँयोग्यास प्रयोग गर्ने घरपरिवार ४३ वटा र खाना पकाउन बिजुली प्रयोग गर्ने घरधुरी ११ वटा छ । त्यसैगरी खाना पकाउन मट्टीतेलको प्रयोग गर्ने घरधुरीहरु ५ वटा मात्र छ । परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ४८: परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार संख्या

| क्र. स. | इन्धनको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठ/दाउरा | ५७७९ | ८६.९३ |
| २ | एल. पी. ग्यास | ८०९ | १२.१७ |
| ३ | बिजुली | ११ | ०.१७ |
| ४ | बायोग्यास | ४३ | ०.६५ |
| ५ | मट्टीतेल | ५ | ०.०८ |
| ६ | अन्य | १ | ०.०२ |
| जम्मा | | ६६४८ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.४.४ सूचना, संचार तथा प्रविधि

चैनपुर नगरपालिकामा सूचना, संचार र प्रविधिको प्रयोग व्यापक रुपमा बढदै गैरहेको छ । विगतमा पत्रपत्रिका, रेडियो र बजार क्षेत्रका केहि घरधुरीमा रहेका टेलिभिजन नै सूचना र संचारका प्रमुख साधन थिए । पत्रपत्रिकामा पनि सबै घरधुरीको पहुँच थिएन । तर सडक यातायातको सहज पहुँचसंगै आजकल राजधानी काठमाण्डौ र बिराटनगरबाट प्रकाशित हुने पत्रपत्रिकाहरु प्रकाशन भएकै दिन या भोलिपल्ट सम्ममा चैनपुर बजारमा उपलब्ध हुन थालेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा साधरण मोवाईल फोन संचारको सबैभन्दा बढी प्रयोग हुने साधन रहेको छ । नगरपालिकाको ८०.९% घरधुरीमा साधरण मोवाईल फोनको पहुँच रहेको देखिन्छ । त्यसैगरी स्मार्ट मोवाईल प्रयोग गर्ने घरधुरीहरु ६६.९% छ । घरका प्रत्येक जसो वयस्क सदस्यहरुसंग मोवाईल फोन रहेको छ भने स्मार्ट फोन प्रयोगकर्ताहरुको ईन्टरनेट पहुँच समेत उल्लेख्य मात्रामा बढेको छ । नगरपालिकामा रेडियो प्रयोग गर्ने घरधुरीहरु ६१.१% र इन्टरनेट भएका घरधुरीहरु ४०.४% छ ।

स्थलगत सर्वेक्षणको क्रममा नगरपालिकाका वडा र वस्तीहरुमा नीजि कम्पनीहरुको इन्टरनेट नेटवर्क नगरवासीहरुको घरघरमा विस्तार भएको देखिएको थियो । यसबाट के देखिन्छ भने हाल नगरपालिकाका मुख्य

बजार र वस्तीहरुका घरधुरीहरुले इन्टरनेट सेवा समेत नियमित प्रयोग गर्दै आईरहेका छन् । इन्टनरनेटको बढदो प्रयोग र सहज पहुँचसंगै देश विदेशका समाचार र सूचनाहरुसंग नगरवासीहरु नियमित अद्यावधिक हुने गरेका छन् । नगरपालिकाबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा युवाहरु विदेश गएको र देश तथा विदेशमा भएका आफन्तहरुसंग कुरा गर्न समेत इन्टरनेटको प्रयोगमा व्यापक वृद्धि हुँदै गैरहेको छ । हाल नगरपालिकामा नेपाल टेलिकमको एडि.एस.एल. र नीजि क्षेत्रबाट संचालित केवल नेटवर्कहरुले इन्टरनेट सेवा प्रदान गर्दै आईरहेका छन् । नेपाल टेलिकम र एनसेलका मोवाईल टावर मार्फत नगरपालिकामा मोवाईल फोन संचालन हुँदै आईरहेको छ । नेपाल टेलिकमको पोखरी दलपे, चैनपुर बजार र बानेश्वर डाँडामा मोवाईल टावर छ भने एनसेलका मोवाईल टावरहरु गुफापोखरी, पोखरी कार्तिके, कैलाश डाँडा, अरुणथान र काफल डाँडामा रहेको छ । चैनपुर नगरपालिकामा इलाका हुलाक कार्यालय समेत रहेको छ । राजधानी काठमाण्डौ लगायत पूर्वी तराईका ठूला शहरहरुबाट प्रकाशित हुने प्राय सवैजसो पत्रपत्रिकाहरु चैनपुर लगायत नगरपालिकाका अन्य मुख्य बजारहरुमा उपलब्ध हुने गरेको छ । चैनपुर नगरपालिकामा रहेको रेडियो अरुण समेत नगरवासीहरु नियमित सुन्ने गरेका छन् ।

तालिका ४९: सूचना तथा संचारका साधनको प्रयोग गर्ने घरपरिवार

| क्र.स. | सूचना तथा संचारका साधनहरु | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | रेडियो | ४०६२ | ६१.१ |
| २ | टेलिभिजन | ३०१६ | ४५.४ |
| ३ | ल्याण्डलाईन फोन | २०४ | ३.१ |
| ४ | मोबाइल फोन (साधरण) | ५३७७ | ८०.९ |
| ५ | स्मार्ट मोबाईल फोन | ४४५० | ६६.९ |
| ६ | कम्प्युटर/ल्यापटप | ४१० | ६.२ |
| ७ | इन्टरनेट सुविधा | २६८७ | ४०.४ |
| ८ | कुल घरधुरी | ६६४८ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.४.५ घरयासी साधन/सुविधाहरु

चैनपुर नगरपालिकामा ८.४% घरपरिवारमा मोटरसाइकल/स्कुटर रहेको छ । विद्युतीय पंखा र रेफ्रिजेरेटर जस्ता घरयासी सुविधाका सामानहरु भएका घरधुरीहरु क्रमश ३.६% र ५.३% छ र यस्ता सामानहरुको प्रयोग नगरपालिकामा क्रमश बढदै गैरहेको छ । कार/जीप/भ्यान जस्ता सवारी साधन हुने घरधुरीहरु ५४ वटा मात्र छन् । नगरपालिकामा वासिङ मेसिन र एयर कन्डिसनर हुने घरधुरीहरुको संख्या भने निक्कै न्यून रहेको छ । घरयासी साधन/सुविधाहरुको विस्तृत विवरण तालिका ५१ मा प्रस्तुत गरिएको छः

तालिका ५०: घरयासी साधन/सुविधा प्रयोग गर्ने घरपरिवार

| क्र.स. | घरयासी साधन/सुविधाहरुको प्रकार | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | कार/जीप/भ्यान | ५४ | ०.८ |
| २ | मोटरसाईकल/स्कुटर | ५६१ | ८.४ |

| | | | |
|---|---|---|---|
| ३ | साइकल | ७० | १.१ |
| ४ | बिद्युती पंखा | २४२ | ३.६ |
| ५ | रेफ्रिजेरेटर | ३५३ | ५.३ |
| ६ | वासिङ मेसिन | ५ | ०.१ |
| ७ | एयर कन्डिसनर | ६ | ०.१ |
| ८ | कुल घरधुरी | ६६४८ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

चैनपुर नगरपालिका ६१ वटा सामुदायिक वनहरु र केहि नीजि वनहरु समेत छन् । नगरपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा चैनपुरमा करिब ५३% भूभाग वन, झाँडी र घाँसे मैदान क्षेत्रले ढाकेको छ । चैनपुर नगरपालिका समुन्द्र सतहबाट २६० मिटर (पिलुवा दोभान) देखि ३५३५ मिटर (जडिबुटे देउराली) सम्म फैलिएकोले उचाईगत विविधतासंगै नगरपालिकाको जलवायुमा विविधता भएकोले जिवजन्तु तथा वनस्पतिहरुमा समेत विविधता पाईन्छ । भौगोलिक विविधतताले गर्दा चैनपुरमा उष्ण (Tropical), उपोष्ण (Sub-tropical), तल्लो समशीतोष्ण (Lower temperate), माथिल्लो समशीतोष्ण (Upper tropical) र लेकाली (Sub-alpine) प्रकारका वनहरु छन जहाँ साल, कटुस चिलाउने, सल्ला र पतझड प्रकारका वनस्पतीहरु पाइन्छ । डाले घाँसको रुपमा स्थानीयवासीहरुले टाँकी, खन्यू, कुटमेरो, कोईरालो, काब्रो, पिपल, नेमारो, दुधिलो जस्ता वनस्पतीहरु लगाउने गरेका छन् । नगरपालिका भित्र पाईने गैरकाष्ठ वन पैदावरको विस्तृत विवरण तालिका ५२ मा प्रस्तुत गरिएको छः

तालिका ५१: गैरकाष्ठ वन पैदावरको र तिनको क्षेत्र

| क्र.स. | गैर काष्ठ वन पैदावरको नाम | पाईने मुख्य क्षेत्र |
|---|---|---|
| १ | हर्रो, बर्रो, अमला, रिठ्ठ, पानी अमला, रुद्राक्ष, वन घिरौला, बोझो, नागवेली, बेल, कुरिलो, घ्यूकुमारी, घोडताप्रे, निम, भ्याकुर, सतुवा, सिकाकाई, जामुन, तेजपात, मजिठो, पिप्ला, सुनभागा आदि | समुन्द्र सतहबाट १५०० मिटरसम्म |
| २ | चिराइतो, लोक्ता, अर्गेली, पाषणवेद, हडचुर, खोकिम, चिम्फिङ, लौठसल्ला, सुनभागा, भ्याउ, टिमुर, सुगन्धवाल, मह, चावो, भुतकेस, बोझो, अल्लो, खानक्पा, सिस्ने, गुजरगाना, ओखर, नागवेली, चुत्रो, काफल, चिउरी, ऐसेलु, लप्सी, पाग्रा, निगालो, वन लसुन, भोजपत्र, सिलटीमुर, तितेपाती आदि | समुन्द्र सतहबाट १५०० देखि ३००० मिटरसम्म |
| ३ | यार्सागुम्बा, विषराज, सुनपाती, भैरुङपाती, बुकी, चिराइतो, लोक्ता, पाँचऔले, जटामसी, पदमचाल, पाषणवेद, हडचुर, खोकिम, चिम्फिङ, लौठसल्ला, सुनगाभा, भ्याउ, टिमुर, सुगन्धवाल, मह, चावो, धुपी, निरमसी, कुठउरा आदि | समुन्द्र सतहबाट ३००० मिटर माथि |

*स्रोतः संखुवासभा जिल्लाको वस्तुगत विवरण, २०७२, जिविस कार्यालय संखुवासभा र तथ्याङ कार्यालय, भोजपुर*

संखुवासभा, तेह्रथुम र ताप्लेजुंग जिल्लाको सिमावर्ती क्षेत्रमा पर्ने तिनजुरे मिल्के जलजले क्षेत्रमा रहेको वानस्पतिक विविधतामा गुराँशको महत्वपूर्ण स्थान रहेको छ। गुराँशको राजधानीको रुपमा रहेको तिनजुरे मिल्के जलजले क्षेत्रको केहि भू-भागमा चैनपुर नगरपालिकामा समेत पर्दछ । यस क्षेत्रमा २८ प्रकारका गुँरासका प्रजातीहरु पाईन्छ। विभिन्न आकार प्रकारका लालीगुँराशहरु, सुनपाते, दामपाते, भैरुङ्पाते, नीलो फुल्ने विशेष प्रकारको गुँराश आदि यस क्षेत्रका प्रमुख गुँराशहरु हुन । नगरपालिकाका लेकाली क्षेत्रहरुमा चौरी र भेडाहरु पाईन्छन भने तल्लो भागमा गाई, भैसी, भेडा, बाख्रा, वंगुर, कुखुरा, हास, परेवा आदि घरपालुवा जनावरहरु पाईन्छन । स्थानीय वनहरुमा विभिन्न प्रजातीका चराचुरुंगी र जंगली जनावरहरु पाईन्छन् । नगरपालिकामा रहेका सामुदायिक वनहरुको वडागत विवरण तालिका ५३ मा प्रस्तुत गरिएको छः

तालिका ५२: सामुदायिक वनहरुको विवरण

| वडा नं | क्र.सं. | सामुदायिक वनको नाम | टोलको नाम |
|---|---|---|---|
| १ | १ | पारुहाङ सामुदायिक वन | पोक्लाबुङ |
| | २ | मेन्छेयाम सामुदायिक वन | सुके |
| | ३ | गिद्रे रातमाटे सामदायिक वन | याङ्सिजुङ |
| २ | ४ | सल्लेरी सामुदायिक वन | पिङडाँडा |
| | ५ | ताक्पा तुपुवा सामुदायिक वन | चित्लाङ |
| | ६ | छाँगेपाखा धोद्लेघारी सामुदायिक वन | झाँक्री चोक |
| | ७ | भूतारा सामुदायिक वन | ताङ्लेवा |
| ३ | ८ | पाले सालघारी सामुदायिक वन | तीनखोप्रे |
| | ९ | चन्दने सामुदायिक वन | दाहालगाउँ खत्रीगाउँ पात्ले |
| | १० | च्यानडाँडा सामुदायिक वन | काफलनागी भाङटार |
| ४ | ११ | जरिबुटे सामुदायिक वन | प्याङ्कोट |
| | १२ | देवीटार सामुदायिक वन | ओरिङ्गा |
| | १३ | फागुने देउराली सामुदायिक वन | फागुने |
| | १४ | रातमाटे कटुसेनी सामुदायिक वन | बतासे |
| | १५ | आईतबारे–आम्बुङ–निगाले सा.व. | मैदाने |
| | १६ | थामपोखरी सामुदायिक वन | कोक्सा सिरान |
| ५ | १७ | किरुवानी सामुदायिक वन | डाँगीगाउँ |
| | १८ | महादेवथान सामुदायिक वन | कटहरे |
| | १९ | शुक्रवारे सामुदायिक वन | केरावारी |
| | २० | केरावारी सामुदायिक वन | केरावारी |
| | २१ | कटुन्जे सामुदायिक वन | दुम्सिमारा |
| ६ | २२ | आहाले सिस्ने सालघारी सा.व. | भन्ज्याङखर्क |
| | २३ | सेरा जंघारे सा.व. | डाँगीगाउँ |
| | २४ | खलंगा रानीवन | चैनपुर |
| | २५ | आईतवारे | डिटीटोल |
| | २६ | जोरधारा सा.व. | ओखरबोटे |
| | २७ | जोरधारा सा.वन | ओखरबोटे |
| | २८ | सल्लेरी वन क्षेत्र | रमाईलोडाँडा |

| | | | |
|---|---|---|---|
| ७ | २९ | खलङ्गा रानीवन सामुदायिक वन | जिरो प्वाइण्ट |
| | ३० | भिरेश्वर हाङलुङ्ग सामुदायिक वन | हाङलुङ्ग |
| | ३१ | सिंहदेवी सामुदायिक वन | फलाँटे |
| | ३२ | आम्बोटे सालघारी सामुदायिक वन | आम्बोटे |
| | ३३ | वाला सल्लेरी सामुदायिक वन | पुरानो चैनपुर |
| ८ | ३४ | पाले सामुदायिक वन | अरुणथान |
| | ३५ | भोगटेनी सामुदायिक वन | मानेडाँडा |
| | ३६ | चापाभैं सामुदायिक वन | चापाभैं |
| | ३७ | सिद्धनागी सामुदायिक वन | दंगालीगाउँ |
| | ३८ | लेखधारा सामुदायिक वन | दंगालीगाउँ |
| ९ | ३९ | भोगटेनी सामुदायिक वन | लामपाते |
| | ४० | घोर्ले भित्रे सामुदायिक वन | घोर्ले भित्रे |
| | ४१ | जुर्दे सामुदायिक वन | भण्डारी गाउँ |
| | ४२ | रमिते सामुदायिक वन | ठाँटीगाउँ |
| | ४३ | जलेश्वर सामुदायिक वन | त्रिशुले |
| १० | ४४ | छोटी सालघारी सामुदायिक वन | |
| | ४५ | कुवापानी, आईतबारे सामुदायिक वन | कुवापानी |
| | ४६ | लेवारिङ, ठूलापाखा सामुदायिक वन | लेवारिङ |
| | ४७ | मझुवा, कल्लेरी सामुदायिक वन | कल्लेरी इखुम्वा |
| | ४८ | हात्तीसुँढे सल्लेरी सामुदायिक वन | हात्तिसुँढे भोगटेनी |
| | ४९ | हात्तीसार सामुदायिक वन | सल्लेरी, इखुम्वा, दुमकट्टा, साल बिसौना |
| | ५० | केचुम सामुदायिक वन | |
| | ५१ | प्रतिक्षा सामुदायिक वन | |
| ११ | ५२ | रमाइलो सामुदायिक वन | रातमाटे, किडरिङ्ग, जक्ते, सुन्तलावारी, रातमाटे, ओढारे |
| | ५३ | लोहाकोट सामुदायिक वन | लोहाकोट, डाँडागाउँ, खर्कबारी, बरालडाँडा, केरावारी, श्रीमाने |
| | ५४ | घोरेटार सामुदायिक वन | घोरेटार |
| | ५५ | जालपादेवी सामुदायिक वन | विजुवापानी, ककुवा |
| | ५६ | मलाँटे सामुदायिक वन | कुइभिर, मलाँटे |
| | ५७ | फलाँटे सामुदायिक वन | आम्बोटे |
| | ५८ | खहरे सामुदायिक वन | सातटारे |
| | ५९ | सिम्पानी सामुदायिक वन | लोहाकोट, तिल्केचौर, सिम्ले |
| | ६० | कालिका सामुदायिक वन | गैरीगाउँ, गहते, बरालडाँडा |
| | ६१ | छापगाउँ सामुदायिक वन | पिप्ले, डाँडागाउँ, पालुङ |

*स्रोतः चैनपुर नगरपालिका, २०७९*

## २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

चैनपुर नगरपालिकामा प्रशस्त सामुदायिक वनहरु छन् र यस्ता सामुदायिक वनहरु नगरपालिकाको प्रत्येक वडाहरुमा छरिएर रहेका छन् । त्यसैगरी नगरपालिकामा अरुण, सभा, हेवा, पिलुवा जस्ता बाऱ्हैमास पानी बग्ने नदि प्रणालीहरु छन । यस हिसाबले हेर्दा नगरपालिका वन र जल सम्पदामा निक्कै धनी रहेको र वातावरणिय अवस्था निक्कै सवल देखिन्छ । तर चैनपुर पहाडी भू-भागमा अवस्थित नगरपालिका भएको, भिरालो प्रकारको भू-स्वरुप, कमजोर र कमेरे माटोले गर्दा पहिरो र भूस्खलनको चुनौती सधै रहने गर्दछ । साथै चैनपुर भूकम्पको उच्च जोखिम क्षेत्रमा पर्ने भएकोले भूकम्पबाट हुने पहिरो र भूस्खलन भूसंरक्षण र जलाधार व्यवस्थापनको सबैभन्दा ठूलो चुनौती हो । बर्षातको समयमा ठूला नदि प्रणाली र ती नदिहरुमा मिसिएर आउने अन्य स-साना खोलानालाहरुमा हुने कटान, पहिरो र भू-क्षयले गर्दा चैनपुर नगरपालिकामा भू-संरक्षण तथा जलाधार व्यवस्थानमा अझ ठूलो चुनौती थपिएको छ । संगसंगै जथाभावी रुपमा खुलेका नयाँ सडकहरु, बिकास निर्माण कार्यमा प्रयोग हुने ठूला यन्त्र उपकरण, वन फडानी लगायत ठूला जलविद्युत आयोजनाहरुको भौतिक संरचना निर्माणले गर्दा भू-संरक्षण र जलाधारण व्यवस्थापन अझ चुनौतीपूर्ण र जटिल बन्दै गैरहेको छ ।

स्थानीय समुदाय, जानकार व्यक्तिहरु र नगरपालिकाका जनप्रतिनिधिहरुसंगको कुराकानी लगायत स्थलगत सर्भेक्षणबाट प्राप्त सूचनाका आधारमा वडा नं १ मा पहिरोको उच्च जोखिम रहेको छ भने वडा नं ३ र ९ मा भने पहिरोको न्यून जोखिम रहेको देखिन्छ । नगरपालिकाको जलाधर मुख्यतया नगरपालिकाको उत्तर दिशामा रहेको सभा खोला र हेवा खोला, दक्षिणमा रहेको पिलुवा खोला र पश्चिममा रहेको अरुण दिन नदि प्रणालीमा आधारित छन् । पहिरोको जोखिमलाई अति उच्च, उच्च र मध्यम गरी ३ भागमा विभाजन गरी तालिका ५४ प्रस्तुत गरिएको छः

तालिका ५३: जोखिम अनुसार पहिरोको वडागत वर्गीकरण

| वडा नं | अति उच्च जोखिम क्षेत्र | उच्च जोखिम क्षेत्र | मध्यम जोखिम क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | डाँडाखर्क पहिरो र भित्रे पहिरो | ओखरे पहिरो विहिवारे देखि तातोपानी मावि सम्म याँङसीजुङको तल्लो क्षेत्र | | |
| २ | ताङ्लेवा पहिरो | तिखिढुङ्गा माथिको भुत्याहा भिर सल्लेरी पहिरो देवीथान खोल्सा सम्म | खोलाखर्क पहिरो अम्बोटे बेंसी | |
| ३ | | | | न्यून जोखिम |
| ४ | | खरबारी दोभाने | राईगाउँ झुत्रेखोला तर्फ | |
| ५ | | खरबारी दोभाने | चालिसे खेत र आसपास पाडारे | |
| ६ | | डाँगीगाउँ बजार माथि १० घर | दारेगौंडा पश्चिम ३ घर | |
| ७ | | कालापानी भन्दा तलको भाग | हाङ्लुङ भन्दा तलको खेत | |

| | | | | |
|---|---|---|---|---|
| ८ | | फुकुवा खोला पहिरो | खहरे खोला आसपासमा बाढी आउँदा पहिरो | |
| ९ | | | | न्यून जोखिम |
| १० | | चाँदेलुङ्गबाट हिटी धारा जाने तेर्सो बाटो, मझुवा गाउँ पहिरो | | |
| ११ | | | किङरिङ्ग सिस्नेमा बगुवा पहिरो | |

*स्रोतः स्थलगत सर्भेक्षण, २०७९ र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७८*

पहिरोको सबैभन्दा बढी प्रभावित रहेको वडा नं १ स्थित डाँडाखर्क, भित्रे, ओखरे जस्ता टोलहरुमा करिब ४५ घरहरुमा बसोबास गर्ने १९३ जना मानिसहरु पहिरोको उच्च जोखिममा रहेका कुरा स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा २०७८ मा उल्लेख भएको छ । उक्त योजना अनुसार वस्तीका सबै जग्गा र ३०६ चौपायाहरु समेत जोखिममा छन् । नगरपालिका भित्र रहेका खोला र नदिहरु बर्षातको समयमा पहिरो जाने, कटान हुने, जमीन बग्ने, जमीन भासिने, बाढी आउने, डुबान हुने जस्ता समस्याहरुले भूसंरक्षणमा ठूलो चुनौती थपिएको छ । त्यसैगरी सडकको दाँया बायाँ आवश्यक ढल र नाला नभएको, जथाभावी माटो र खनिज उत्खनन र बिकास निर्माण कार्यमा ठूला यन्त्र उपकरणको प्रयोगले समेत भूसंरक्षणमा चुनौतीहरु थपिएको छ । यस्ता प्राकृतिक र मानवजन्य प्रकोपबाट नगरपालिकाको मानव वस्ती र कृषियोग्य जमीनको संरक्षणमा समेत ठूलो चुनौती र जतिलता भएतापनि स्थानीय सरकारबाट भूसंरक्षणको लागि पर्याप्त कामहरु हुन सकेको छैन । नगरपालिकाको पहिरो प्रभावित क्षेत्रहरु र कारणहरुको विस्तृत विवरण तालिका ५५ मा प्रस्तुत गरिएको छः

तालिका ५४: पहिरो प्रभावित क्षेत्रहरुको विस्तृत विवरण

| खोला नदी वा पहिरो | प्रभावित हुने टोल र जमिन | प्रभावित हुने कारणहरु |
|---|---|---|
| वडा नं १ | | |
| पिलुवा खोला | विहिवारे र सो माथि १ किमी सम्म कटान | कटानका कारण विस्तारै जमिन बग्दै गएको । |
| याँवरा र भित्रे खोला | डाँडाखर्क र भित्रे वस्ती | गुफापोखरी भन्दा तल ठूला नागीहरु छन् । वर्षादको ठूलोक्षेत्रको पानी बगेर खोलामा विशाल बाढी आउँछ र यसले पहिरो चलाएको छ।पिलुवा दोभानसम्म नै पहिरो |
| सापमारे | भित्रे गाउँ लगायत तल्लो तटीय क्षेत्रका वस्ती | वर्षादको ठूलोक्षेत्रको पानी बगेर खोलामा विशाल बाढी आउने |
| बेतिनी र निदुवाखोला | याँङसीजुङको तल्लो क्षेत्र | गुफापोखरी भन्दा तल ठूला नागीहरु छन् । वर्षादको ठूलोक्षेत्रको पानी बगेर खोलामा विशाल बाढी आउँछ |
| पिलुवा खोला | विहिवारे र सो माथि १ किमी सम्म कटान | कटानका कारण विस्तारै जमिन बग्दै गएको छ। |

| | | |
|---|---|---|
| याँवरा र भित्रे खोला | डाँडाखर्क र भित्रे वस्ती | गुफापोखरी भन्दा तल ठूला नागीहरु छन्।वर्षादको ठूलोक्षेत्रको पानी बगेर खोलामा विशाल बाढी आउँछ र यसले पिलुवा दोभानसम्म पहिरो चलाएको छ। |
| सापमारे | भित्रे गाउँ लगायत तल्लो तटीय क्षेत्रका वस्ती | वर्षादको ठूलो क्षेत्रको पानी बगेर खोलामा विशाल बाढी आउने |
| वडा नं २ | | |
| ताङ्लेवा पहिरो | ताङ्लेवा र चिल्लाङ | बगुवा माटो, चिस्यान क्षेत्र, पुरानो पहिरो , |
| भुत्याहा भीर, सल्लेरी पहिरो | तिखिढुङ्गा र सल्लेरी | अति नै भिरालो भिर । माथीबाट भल नकाटिएकोले मयम देखिको पानी बगेर आउने । |
| देवीथानखोल्सा | चाम्चा बेंसी | विगतमा पनि ठूलो पहिरो गएको |
| खोलाखर्कको पहिरो | अम्बोटे बेंसी | पिलुवा खोलाले तलबाट हान्दा बीच गाउँको मोटरबाटो सम्म लच्किएको । |
| वडा नं ३ | | |
| पिलुवा खोला | डुम्रे र ओसाक | वर्षादको समयमा खेतीयोग्य जमिन कटान हुनसक्ने |
| अम्रिनी खोला | तीनखोप्रे | वर्षादको समयमा बाढी आउने |
| चाम्चा खोला | बर्रे टोल | बर्षाद पछिको बाढीले कटान गर्ने |
| पाडारे खोला | खत्रीगाउँ | वर्षादको समयमा बाढी आउने |
| रक्ते खोला | गुठी टोल | वर्षादको समयमा बाढी आउने |
| छिरे खोला | कटुवा टोल | वर्षादको समयमा बाढी आउने |
| धानसिङ्गेखोला | काफलबोटे फुँयलगाउँ | वर्षादको समयमा बाढी आउने |
| वडा नं ४ | | |
| खेकुवा, झुत्रे, हेवाँ खोला | बतासे | खेकुवा, झुत्रे, हेवाँ खोलामा बउने बाढीका कारण पहिरो जाने |
| खरवारी पहिरो | खरवारी दोभाने | पोखरी बजारदेखिको भलको पानी बग्ने खोला |
| हेवाँखोला | दोभाने | खोलाको बाढी बस्तीमा पसेर |
| खेकुवाखोला | भुसुने | बाढीले बगाउने |
| सकसकेखोला | भुल्के | बाढीले बगाउने |
| अम्बोटे खोला | सेर्पाटोल | |
| वडा नं ६ | | |
| डाँगीगाउँ पहिरो | बीच डाँगीगाउँ | ३ वटा ढुङ्गाखानीहरु छन् । डाँगीगाउँको बजार माथि र तल ढुङ्गा निकालेको कारण पहिरोको जोखिम |
| वडा नं ७ | | |
| कालापानी पहिरो | हाङलुङ्ग कालापानी | भिरालो जमिन र बगुवा माटोको कारण पहिरोको जोखिम |
| मार्से खोला | मार्सेगाउँ | भलबाढीको समयमा खेतीयोग्य जमिन कटान हुनसक्ने |
| फुकुवाखोला | वनमा पहिरो | कमजोर माटोको धरातल भएको र पहिले पनि पहिरो बग्ने |
| पिलुवा खोला | घट्टे आसपास र राम्वेनी पुल भन्दा माथी | बर्षाद पछिको बाढीले कटान गर्ने |

| | | |
|---|---|---|
| वडा नं ८ | | |
| हेवाँखोला | राउतगाउँ पुछारमा खेत र चापभैंको खेत | हेवाँखोला ठाडो खोला भएकोले बर्षादको समयमा कटान हुने |
| साँजखोला | दंगालीगाउँ सडकमा | कच्ची सडक भएको र नालीको व्यवस्था नभएकोले बाढी र कटान हुने |
| भुल्के खोला | भण्डारीमोड देखि किङरिङ्ग | सडकमा नालीको व्यवस्था नभएको र खोल्सीमा ह्युमपाइपको व्यवस्था नभएकोले डुबान र कटान हुने |
| फियोखोला | कटहरे र राउतगाउँ | वर्षादमा बाढी आउँने |
| कोकलेखोला | दंगालीगाउँ | वर्षादमा बाढी आउँने |
| वडा नं ९ | | |
| बाटोमा पहिरो | चाँदेलुङ्गबाट हिटी धारा जाने तेर्सो बाटो | फुटबल ग्राउन्ड डोजरले खन्दा हलचल भई ठूलो पानी पर्दा वृहत पहिरो गएको |
| मझुवा गाउँ पहिरो | मझुवा र केप्छेक पाखाको बीचमा, गौडे खेत र उत्तिसे खेत | बाटो खन्दा र पुरानो बगुवा ठाउँ |
| वडा नं ११ | | |
| हेवाँखोला | बाह्रमुरे खेत | कुलो पहिरोमा परी सिंचाइ हुन नसक्ने |
| अरुण नदी | रानागाउँ | जग्गा कटान |

*स्रोतः स्थलगत सर्भेक्षण २०७९ र स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७८*

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन

नगरपालिकाको अधिकांश वस्तीहरु ग्रामीण प्रकृतिका भएको, प्रदुषणजन्य ठूला उद्योगहरु नभएको, प्रशस्त खुल्ला क्षेत्र र हरियाली समेत भएकोले समग्रमा नगरपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । तर चैनपुर बजारमा रहेको घना वस्ती र आसपासको क्षेत्रमा बढदो शहरीकरणका साथै जथाभावी रुपमा भैरहेको वस्ती विकासले नगरपालिकाको वातावरणमा चुनौती समेत सृजना हुँदै गैरहेको छ । वातावरण व्यवस्थापन र जलवायु परिवर्तन एक अर्कासंग सम्बन्धित भएकोले वातावरण व्यवस्थापनमा चुनौतीसंगै जलवायु परिवर्तनका असरहरु समेत क्रमश देखिदै जाने गर्दछ । चैनपुर नगरपालिकामा आजसम्म एकिकृत फोहोरमैला व्यवस्थापन प्रणालीको विकास भएको छैन । नगरपालिकाका अधिकांश घरहरुमा फोहोरमैला व्यवस्थापनको लागि सेफ्टी टैंक तथा खाल्टे चर्पी छन् भने घरको भान्साघर, सिन्क, बेसिन लगायत लुगा धोएको र भाँडाकुँडा माँझेको पानी सडक छेउको नाली, गोबरको खाडी, धारा नजिकैको पानी जम्ने खाल्डोमा जाने गरेको छ । ग्रामीण भगेमा भने यस्ता फोहोर पानीहरु घर नजिकै खेतबारीमा जाने गरेको देखिन्छ । नगरपालिकामा हालसम्म फोहोर पानी प्रशोधन गर्ने प्रणाली र पूर्वाधारको विकास भएको छैन ।

चैनपुर बजार लगायत पोखरी र खरांग बजार क्षेत्रमा शहरीकरणसंगै फोहोरमैला व्यवस्थापन विस्तारै चुनौती बन्दै गैरहेको छ । चैनपुर, पोखरी र खरांग बजार क्षेत्रका केहि स्थानमा डस्टबिनको व्यवस्था रहेको छ तर जनचेतनाको अभावमा डस्टविनहरु प्रभावकारी बन्न सकिरहेका छैनन । हाल नगरपालिकाले प्रत्येक मंगलबार वडाका मुख्य चौक र वस्तीहरुबाट फोहोर संकलन गरी वडा नं ६ स्थित आईतबारे थानमा रहेको अस्थाई डम्पिङ

साइटमा संकलित फोहोर विसर्जन गर्ने गरेको छ तर यसले नगरपालिकाका सम्पूर्ण क्षेत्र र घरपरिवारलाई समेटन सकेको छैन । ग्रामिण भेगमा रहेका घरहरुले भने फोहोरमैला आफ्नै हिसाबले व्यवस्थापन गर्दै आईरहेका छन् । भान्सा घरबाट निस्कने बढी भएको र खेरजाने तरकारी/खानेकुरा आदि गाईवस्तुलाई दिने गर्दछन भने सडने तथा कुहिने फोहोरहरु खेतबारीमा खाल्डो खनी पुर्ने गर्दछन् । प्लाष्टिक तथा कागजजन्य फोहोरहरु जलाउने गर्दछन् । नकुहिने सिसा र अन्य धातुजन्य फोहोरोहरु समेत आफ्नै खेतबारीमा गाडने गर्दछन् । नगरपालिकामा फोहोरलाई कुहिने र नकुहिने गरेर छुट्याउने चलन हालसम्म पनि बिकास हुने सकेको छैन् । नगरपालिकाले केहि क्षेत्रमा डस्टबिन र फोहोर फाल्ने ड्रमहरु राखेको भएतापनि कुहिने र नकुहिने फोहोर नछुटिने र यसरी डष्टविनमा थुप्रिएका फोहोरोहरु नियमित रुपमा व्यवस्थापन नहुँदा बजार आसपास कागज, प्लाष्टिक र फोहोरका झोलाहरुले बजार क्षेत्र प्रदुषित हुने थालेको छ । नगरपालिकाले समयमै फोहोरमैला व्यवस्थापनलाई गम्भिर ढंगले व्यवस्थापन नगर्ने हो भने बढदो बजारीकरण र शहरीकरणसंगै फोहोरमैला व्यवस्थापनले स्थानीय वातावरणलाई समेत प्रतिकुल असर पर्ने देखिन्छ । नगरपालिकामा हालसम्म ढल र फोहोरमैला व्यवस्थापनको दिर्घकालिन योजना तर्जुमा भएको छैन भने फोहोमैला व्यवस्थापनको लागि स्थाई ल्याण्डफिल साइटको व्यवस्था समेत छैन ।

लामो समयको अन्तरालमा जलवायुका विभिन्न तत्वहरुमा आएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ र यो परिवर्तन प्राकृतिक प्रकृया हो । पृथ्वीको वायुमण्डलमा तापक्रम घटने वा बढने प्रक्रियाका कारणले गर्दा नै जलवायु परिवर्तन हुन्छ । हरित गृह ग्यासको बढदो उत्सर्गन जलवायु परिवर्तनको मुख्य कारण हो । यस बाहेक वन विनाश र क्षयीकरण, औधोगिकरण, वन डढेलो, भू-उपयोग परिवर्तन, जिवाश्मा इन्धनको बढदो प्रयोग तथा शहरीकरण जलवायु परिवर्तनका कारणहरु हुन् । चैनपुर नगरपालिकामा जलवायु परिवर्तनका ठूला कारक तत्वहरु नभएको भएतापनि विश्वव्यापी कारणहरुले गर्दा अनियमित बर्षा, कृषि बालिमा विभिन्न प्रकारका नयाँ नयाँ रोगहरु आउने, लामो समय सुख्खा खडेरी हुने, बाढी, पहिरो, कटान/भूक्षय, पोखरीहरु सुक्ने जस्ता घटनाहरु देखा पर्न थालिसकेका छन् । जलवायु परिवर्तनका यस्ता प्रभावहरु कम गर्नेको लागी नगरपालिकाले वन तथा वातावरण मन्त्रालय द्वारा तर्जुमा गरिएको स्थानीय अनुकुलन कार्ययोजना खाका २०७६ लाई समेत आत्मसाथ गरी नगरपालिकाको “विपद तथा जलवायु उत्थानशील योजना, २०७८ लाई क्रमश कार्यान्वयनमा लैजानु पर्ने देखिन्छ । नगरपालिका भित्र जलवायु परिवर्तनले निम्त्याएका समस्याहरु, त्यसको कारण र समुदायमा परेको प्रभावहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ५५: जलवायु परिवर्तनले निम्त्याएका समस्या, कारण र समुदायमा पारेको प्रभाव

| क्र सं | समस्या | समस्याको कारण | समुदायमा परेको प्रभाव |
|---|---|---|---|
| १ | गर्मी धेरै बढ्दै गएको | विश्व उष्णीकरणको प्रभाव | ▪ गर्मीका कारण काम गर्न नसक्नु ।<br>▪ उत्पादनमा कमी ।<br>▪ जीवन जीउन कठीन हुनु । |
| ४ | हिउदमा पानी कम पर्नु | विश्व उष्णीकरणको प्रभावले जलवायु परिवर्तन | खेतवारीको उर्वराशक्ति ह्रास भएका कारण अन्न उत्पादनमा ह्रास हुनुका साथै अनिकाल र भोकमरी हुनु |

| | | | |
|---|---|---|---|
| ५ | पशु तथा बालीमा रोग किरा | तापक्रममा बृद्धि हुँदै गएपछि बालीनाली तथा पशुमा लाग्ने रोगमा बृद्धि भएको | पशु तथा बाली रोग लागेर उत्पादनमा ह्रास आएको । |
| ६ | हिउँदे बाली उत्पादनमा कमी | हिउँदमा वर्षा कम भएको र सिंचाइको भरपर्दो सुविधा नभएको | हिउँदे बाली लगाउन नपाउँदा खाद्य संकट बढेको छ । |
| ७ | चट्याङबाट मानवीय आर्थिक र भौतिक क्षति बढेको | जलवायुमा अएको परिवर्तनका कारण चट्याङ पर्ने दर बढेको | ▪ मानवीय क्षति, घाइते, विद्युतीय उपकरणमा क्षति ।<br>▪ पशु चौपायामा क्षति हुने गरेको । |

नगरवासीहरुलाई जलवायु परिर्वन सम्बन्धी सचेतना कार्यक्रमहरु नियमति रुपमा संचालन गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका निम्न उपायहरु अवलम्वन गर्नुपर्ने छ ।

- वृक्षारोपन तथा वन संरक्षण गर्ने ।
- पहिरो, बाढी, डुबान, कटान, भूस्खलन आदिका क्षेत्रहरु पहिचान गरी रोकथाको लागि पूर्वाधार निर्माण गर्ने ।
- नगरपालिका भित्र जोखिमपूर्ण अवस्थामा रहेका क्षेत्र र समुदायको पहिचान र प्राथमिकिकरण गरी अनुकुलुन योजना तयार गर्ने र सोको क्रमश कार्यान्वियन गर्दै लैजाने ।
- वैकल्पिक जिविकोपार्जनको उपायहरुको खोजी गर्ने ।
- जनचेतना अभिवृद्धि र प्रकोप जन्य स्थानहरुको पहिचान गरी सो स्थानमा प्रकोप पूर्व तयारी जस्ता पूर्व सूचना प्रणाली जडान गर्ने ।
- बाली लगाउने ढाँचामा परिवर्तन गर्ने तथा परिवर्तित जलवायुसंग प्रतिरोध गर्न सक्ने प्रजाती जस्ता सुख्खा सहने प्रजातिका वालीहरुलाई प्रोत्साहन गर्ने ।
- बिमा, आकस्मिक तथा अनुकुलन कोषको व्यवस्था गर्ने ।
- परिवर्तित जलवायुमा अनुकुलनपूर्वक वाच्नका लागि स्थानीय व्यक्तिहरुले गरेका कार्यहरुको पहिचान गरी त्यसको विकास र आदान प्रदान गर्ने ।
- विभिन्न प्रविधि विस्तार गर्ने जस्तै आकाशे पानी संकलन, सिंचाई पोखरीको निर्माण, बायो ईन्जिनियरिंग, सुधारिएको चुलो प्रयोग गर्ने, वायु उर्जाको प्रयोग गर्ने, सौर्य उर्जाको प्रयोग गर्ने, प्लाष्टिक घरको प्रयोग गर्ने, वैकल्पिक विद्युतिय साधनको प्रयोग गर्ने, गोबर ग्यासको प्रयोग गर्ने, ईनार आदिको प्रयोग गर्ने ।

### २.५.४ महामारी तथा विपद व्यवस्थापन

चैनपुर नगरपालिकामा गर्मी र बर्षातको समयमा झाडा पखाला र हैजा जस्ता प्रकोपहरु बेला बेला हुने गरेको छ भने जाडोको समयमा चिसोले समेत सताउने गरेको छ । तर यस्ता प्रकोपहरुबाट मानविय क्षति भने न्यून हुने गरेको छ । नगरपालिकाका स्वास्थ्य केन्द्रहरुबाट झाडापखाला र हैजाहरु सम्बन्धी सचेतना कार्यक्रम र स्वास्थ्य शिविरहर संचालन हुने गरेको देखिन्छ तर प्रदेश र केन्द्र सरकारबाट भने यसको रोगथाम र उपचारको लागि

खासै कार्यक्रमहरु हुन सकेको छैन । कोडिभ-१९ को महामारीबाट भने यस नगरपालिका समेत नराम्रोसंग प्रभावित भएको थियो । कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको लागि नगरपालिकाले एक “कोभिड-१९ संकट रोकथाम तथा प्रतिकार्यात्मक व्यवस्थापन समितिको” गठन गरेको थियो । उक्त समिति मार्फत नगरपालिकाभित्र संक्रमित र उनीहरुको परिवारलाई मास्क, स्यानिटाईजर वितरण गरिएको थियो । कोभिड महामारीको समयमा नगरपालिका लगायत मुख्य बजार केन्द्रहरुमा सचेतना कार्यक्रमहरु गरिएको थियो ।

विपद्का दृष्टिले चैनपुर नगरपालिका निक्कै सम्वेदनशिल रहेको छ । यस नगरपालिकामा भूकम्प, सुख्खा, खडेरी, जङ्गली जनावरको आतङ्क, स्थानीय कृषि बालीमा रोगकिरा, पशुरोग, आगलागी, पहिरो, कटान, बाढी, डुबान, भूस्खलन, हावाहुरी, असिना, चट्याङ, महामारी जस्ता प्रकोपहरु रहेका छन् । वि. सं. १९९० सालको भूकम्पको ईपिसेण्टर चैनपुर रहेको, पटक पटकका भूकम्पका धक्काहरुले यो क्षेत्रलाई सताइरहेको र नगरपालिकाका अधिकांस घरहरु भूकम्पबाट आँशिक क्षति भएकाले चैनपुरमा भूकम्पीय जोखिम उच्च रहेको देखिन्छ । विगतमा गएका भुकम्पका कारण धेरै घर तथा भवनहरु क्षतिग्रस्त भएकाले नगरवासीमा यस्को त्रास अझै रहेको देखिन्छ । जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण नगरपालिकाका धेरै पानीका मुहान, कुवा, धाराहरु सुक्दै गएकोले खानेपानीको र मुख्य गरी अलैंची बगान लगायत खेतीपातीमा सिंचाईको समस्या दिनानुदिन बढ्दै गईरहको छ । सामुदायिक वन र नीजि वनको संरक्षण गरिएपनि जङ्गल गोडमेल र जिविकोपार्जनका लागि मानिसको जङ्गलमा गमनशिलता बढेपछि जङ्गलमा खानेकुराको अभाव र मांसाहारी जनावर लोप हुनुका कारण बाँदर, दुम्सी, मृग, खरायो आदिको संख्यामा निरन्तर बृद्धि हुनु र जनावरको स्वाभावमा भएका परिवर्तनका कारण वन्यजन्तुको आतङ्क बढ्दै गएको देखिन्छ । विगत लामो समय देखि प्रमुख उत्पादनको रुपमा रहेको जिविकोपार्जनको मुख्य आधार अलैंची बालीमा विभिन्न प्रकारका रोगहरुको प्रकोप देखा परिरहेकोले पुरै बगानहरु उजाड हुने देखिन्छ । हावाहुरीका कारण बालीनाली र घरमा क्षति गरिरहने गरेको र अक्सर हरेक वर्ष जसो असिनाका कारण फलफूल तथा बालीनाली र घरहरुमा क्षति गरिरहेको छ । खुल्ला दिसामुक्त नगरपालिका घोषणा गरिएतापनि अव्यवस्थित रुपमा बंगुर पालनमा बृद्धि, फोहोरमैलाको दिर्घकालिन ब्यवस्थापन हुन नसक्नु र पानीको अभावका कारण महामारी हुनसक्ने सम्भावनामा बृद्धि हुँदै गएको छ । कतिपय भाग कमजोर र बढी भिरालो परेकोले बर्षाको समयमा पहिरो र कटानको प्रकोपले पनि धेरै ठूलो क्षति गरेको अवस्था देखिन्छ । यी माथि उल्लेखित प्रकोपका अतिरिक्त बाढी, चट्याङ, असिना आदिका कारणले पनि नगरवासीहरु लाई आक्रान्त पारेको अवस्था छ ।

स्थानीयस्तरको पहलले दीर्घकालीन रुपमा यो ठाउँको समस्या समाधान गर्न कठीन भएकाले प्रदेश र केन्द्रीय तहबाटै समस्याको सम्बोधन पुग्नुपर्ने देखिन्छ । यसका साथै सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा धनी र गरिव बीचको खाडल पनि यहाँ रहेको पाइन्छ । यी सबै सुचकहरुले विपद्संग जुध्न सक्ने क्षमतालाई निर्धारण गर्दछन् । कृषि उत्पादन तथा खाद्य सुरक्षाको अवस्था पनि सन्तोषजनक रहेको देखिदैन । पानीजन्य प्रकोप र सुख्खा खडेरीका कारण कृषि उत्पादन न्यून रहेको छ । विपद्को सामना गर्न समुदायको कमजोर आर्थिक अवस्था, युवाहरुको विदेश पलायन, समुदायमा आधारभूत सामाजिक र भौतिक सुविधाहरुको कमी, विपद् जोखिम न्यूनिकरणमा स्थानीय साधन स्रोतहरुको न्यून प्रयोग, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनाको कमी,

समुदायमा सचेतनामूलक गतिविधिहरुको अभाव महामारी र विपद व्यवस्थापनका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

नगरपालिकाको विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना २०७८ अनुसार नगरपालिका भित्रका विपद र महामारीलाई वडागत रुपमा तपसिल बमोजिम स्तरीकरण गरिएको छः

१) भूकम्प
२) वन्यजन्तु आतङ्क
३) सुख्खा खडेरी
४) पशु तथा बालीमा रोग
५) आगलागी
६) बाढी
७) चट्याङ
८) हावाहुरी
९) पहिरो
१०) सडक दुर्घटना
११) विद्युत दुर्घटना
१२) असिना

तालिका ५६: विपद तथा प्रकोपको वडागत स्तरीकरण

| वडा नं | स्तरीकरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | भूकम्प | पहिरो | बाढी | आगलागी | चट्याङ | हावाहुरी | वन्यजन्तु आतङ्क | सुख्खा खडेरी | असिना | हिमपात |
| २ | भूकम्प | वन्यजन्तु आतङ्क | पहिरो | पशु तथा बालीरोग | भलबाढी | हावाहुरी | सुख्खा खडेरी | असिना | आगलागी | चट्याङ |
| ३ | भूकम्प | वन्यजन्तु आतङ्क | पशु तथा बालीरोग | हावाहुरी | भलबाढी | सुख्खा खडेरी | चट्याङ | असिना | मौसमी रोग | पहिरो |
| ४ | भूकम्प | वन्यजन्तु आतङ्क | पशु तथा बालीरोग | पहिरो | हावाहुरी | असिना | भलबाढी | सुख्खा खडेरी | चट्याङ | विद्युत दुर्घटना |
| ५ | भूकम्प | वन्यजन्तु आतङ्क | पशु तथा बालीरोग | सुख्खा खडेरी | हावाहुरी | भलबाढी | पहिरो | असिना | आगलागी | चट्याङ |
| ६ | भूकम्प | वन्यजन्तु आतङ्क | आगलागी | सुख्खा खडेरी | पशु तथा बालीरोग | हावाहुरी | विद्युत दुर्घटना | महामारी | पहिरो | चट्याङ |
| ७ | भूकम्प | वन्यजन्तु आतङ्क | सुख्खा खडेरी | पशु तथा बाली रोग | असिना | हावाहुरी | सडक दुर्घटना | मौसमी रोग | पहिरो | चट्याङ |
| ८ | भूकम्प | वन्यजन्तु आतङ्क | सुख्खा खडेरी | भलबाढी | हावाहुरी | पहिरो | आगलागी | सडक दुर्घटना | पशु तथा बालीरोग | चट्याङ |
| ९ | भूकम्प | वन्यजन्तु आतङ्क | सुख्खा खडेरी | आगलागी | हावाहुरी | विद्युत दुर्घटना | बाढी | पहिरो | चट्याङ | महामारी |
| १० | भूकम्प | वन्यजन्तु आतङ्क | सुख्खा खडेरी | बालीमा रोगकिरा | चट्याङ्ग | आगलागी | सडक दुर्घटना | भलबाढी | हावाहुरी | विद्युत दुर्घटना |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | भूकम्प | बन्यजन्तु आतङ्क | सुख्खा खडेरी | पशु तथा बालीरोग | आगलागी | बाढी | चट्याङ | हावाहुरी | पहिरो | सडक दुर्घटना |

*स्रोतः स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७८*

विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समुदाय निर्माण गर्ने क्रममा केन्द्र देखि प्रदेश हुदै स्थानीय सरकारहरुले पहलकदमी लिन आरम्भ भैसकेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन नेपाल सरकारले “विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४” (पहिलो संसोधन २०७५), “स्थानीय सरकार संचालन ऐन २०७४”, “विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनैतिक कार्ययोजना २०७५” र “स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४” समेत पारित गरी काम अगाडि बढाएको छ । यसैगरी प्रदेश सरकारले “विपद् व्यवस्थापन ऐन २०७५” जारी गरिसकेको छ भने चैनपुर नगरपालिकाले पनि विपद् व्यवस्थापन ऐन जारी गरेको छ । “स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८” “स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७८” को आधारमा स्थानीय प्राथमिकताको योजना बनाइ विपद् तथा जलवायु उत्थानशील योजनालाई नगरपालिकाको योजनामा संलग्न गराउने, स्थानीय तहमा प्रकोप तथा जोखिमको पहिचान, सोको विश्लेषण साथै मूल्याङ्कन र पूर्वसूचना प्रणालीको विकास गर्ने, समुदाय स्तरमा भएको ज्ञान, नवीनतम सोच तथा शिक्षाको प्रयोगबाट समुदाय तहमा सुरक्षा र पूर्वतयारी भएको उत्थानशील संस्कारको विकास गर्ने, समुदाय स्तरमा अन्तरनिहित जोखिमका कारणहरू पत्ता लगाई न्यूनीकरणका लागि पहल गर्ने, प्रभावकारी योजना निर्माणका लागि विषयविज्ञ एवम् अन्य सहयोगी सरोकारवालाहरूको सहयोग लिई सम्भावित विपद्को पूर्वतयारीलाई सशक्त बनाउँदै विपद् उत्थानशील समाजको निर्माण गर्न तर्जुमा गरिएको नगरपालिकाको “स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०७८” लाई क्रमश कार्यान्यवन गर्दै लैजानु पर्ने देखिन्छ ।

## २.६ भू-उपयोग

चैनपुर नगरपालिकामा बाह्य बसाईसराई, अव्यवस्थित वस्ती विकास, सार्वजनिक र सरकारी भवनहरुको निर्माण र जथाभावी खुलेका नयाँ सडकहरुको  कारणले कृषियोग्य जमीन, स्थानीय वनजंगल र हरियाली क्षेत्र, सरकारी र सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक श्रोतहरुमा अतिक्रमण हुन गै खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र नगरपालिकाको दिगो विकासमा चुनौती देखा पर्न थालेको छ । नगरपालिकाका यस्ता समसामयिक विषयहरुलाई दिगो र योजनावद्ध रुपमा व्यवस्थापन गर्नको लागि नगरपालिकाको भू-उपयोग योजना र नीति तर्जुमा हुन निक्कै आवश्यक छ । नगरपालिकाको विद्यमान भू-उपयोगलाई हेर्दा कुल क्षेत्रफलको सबैभन्दा बढी ४५.७०% (१०२.२२ वर्ग किमि) भूभाग वन क्षेत्रले ढाकेको छ भने दोस्रोमा कृषि क्षेत्रले ४२.९२% (९६ वर्ग किमि) भू-भाग ओगटेको छ । संघन बजार/शहरी क्षेत्रले १.२५% भूभाग ओगटेको छ । त्यसैगरी घाँसे मैदान क्षेत्रले

५.७८%, सार्वजनिक क्षेत्रले १.०९% र नदि, पोखरी र वालुवा क्षत्रेले१.७८% भू-भाग ओगटेको छ । नगरपालिकाको विद्यमान भू-उपयोगको विस्तृत विवरण तालिका ५८ मा प्रस्तुत गरिएको छ ।

तालिका ५७: भू-उपयोग

| क्र.स. | भू-उपयोग क्षेत्र | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | संघन बजार/शहरी क्षेत्र | २.७९ | १.२५ |
| २ | झाँडी क्षेत्र | ३.३३ | १.४९ |
| ३ | कृषि क्षेत्र | ९६.०० | ४२.९२ |
| ४ | वन क्षेत्र | १०२.२२ | ४५.७० |
| ५ | घाँसे मैदान | १२.९३ | ५.७८ |
| ६ | सार्वजनिक क्षेत्र | २.४४ | १.०९ |
| ७ | नदि, पोखरी र वालुवा क्षेत्र | ३.९९ | १.७८ |
| जम्मा | | २२३.६९ | १००.०० |

*स्रोतः स्थलगत सर्भेक्षण २०७९, गुगल फोटो र जीआईएस नक्शाङ्कन २०८०*




नक्शा ३: नगरपालिकाको विद्यमान भू-उपयोग

## २.७ सुशासन तथा संस्थागत व्यवस्था

### २.७.१ स्थानीय नीति ऐन तथा सुशासन

चैनपुर नगरपालिकाले आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ती, संघसस्था दर्ता तथा संचालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरिक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक वडापत्रको पूर्ण कार्यान्वयनको लागि विभिन्न नीति, ऐन, नियमावली, मापदण्ड, निर्देशिका, आचार संहिता र कार्यविधि आदि तर्जुमा गरेको छ । नगरपालिकाको न्यायिक समितिलाई विभिन्न किसिमको विवाद निरुपण गर्ने अधिकार प्रदान गरेको भएतापनि विशेष गरी स्थानीय स्रोतको बाडफाड, बाली नोक्सानी, ज्याला मजदुरी नदिएको, जेष्ठ नागरिकको पालन पोषण नगरेको, नाबालक छोराछोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लगाउन नदिएको वा शिक्षा दिक्षा नदिएको, घरेलु हिंसा, घर बहाल नदिएको, सार्वजनिक बाटो धाराको प्रयोग, पति पत्नीको सम्बन्ध बिच्छेद, गाली बेईज्जती, जग्गा भोगचलन आदि जस्ता विवाद र मुद्धाहरु नगरपालिकाको न्यायिक समितिमा दर्ता भै निरुपण हुँदै आईरहेको छ। तर यो संख्या अत्यन्त न्यून रहेको छ । नगरपालिकाले आर्थिक बर्ष २०७९/८० को चैत मसान्तसम्म तर्जुमा गरेका नीति तथा कानुनहरु निम्न वमोजिम रहेका छनः

तालिका ५८: चैनपुर नगरपालिकाले बनाएका ऐन कानूनहरु

| क्र.स. | कानूनको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने |
|---|---|---|---|
| १ | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७४ | २०७४/१०/०३ | प्रथम नगर सभा |
| २ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७४ | २०७४/१०/०३ | प्रथम नगर सभा |
| ३ | चैनपुर नगर कार्यपालिकाको कार्य सम्पादन नियमावली, २०७४ | २०७४/१२/०२ | नगर कार्यपालिका |
| ४ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/०२ | नगर कार्यपालिका |
| ५ | चैनपुर नगर सभा संचालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७५ | २०७५ | दोस्रो नगर सभा |
| ६ | चैनपुर नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियम, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| ७ | चैनपुर नगरपालिकाका पदाधिकारीहरूको आचार संहिता, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| ८ | नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७५ | २०७५/०३/३२ | दोस्रो नगरसभा |
| ९ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| १० | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| ११ | चैनपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| १२ | चैनपुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ | २०७५/०३/३२ | दोस्रो नगर सभा |
| १३ | चैनपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/०२ | नगर कार्यपालिका |
| १४ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | २०७५/०५/०८ | नगर कार्यपालिका |
| १५ | चैनपुर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०५/०८ | नगर कार्यपालिका |
| १६ | चैनपुर नगरपालिका नक्सा पास कार्यविधि, २०७५ | २०७५/०६/१४ | नगर कार्यपालिका |

| | | | |
|---|---|---|---|
| १७ | चैनपुर नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७५ | २०७५/०६/१४ | नगर कार्यपालिका |
| १८ | अपाङ्गता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७५ | २०७५/०८/०९ | नगर कार्यपालिका |
| १९ | आधारभूत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०८/१४ | नगर कार्यपालिका |
| २० | चैनपुर नगरपालिकाको सहकारी ऐन, २०७५ | २०७५/११/२५ | तेस्रो नगर सभा |
| २१ | चैनपुर नगरपालिका विपद् व्यवस्थापन ऐन, २०७५ | २०७५/११/२५ | तेस्रो नगर सभा |
| २२ | ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका, २०७६ | २०७६/०२/१५ | नगर कार्यपालिका |
| २३ | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७६ | २०७६/०३/२४ | चौथो नगर सभा |
| २४ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७६ | २०७६/०३/२४ | चौथो नगर सभा |
| २५ | मेलमिलाप कार्य संचालन कार्यविधि, २०७६ | २०७६/०९/२७ | नगर कार्यपालिका |
| २६ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७७ | २०७७/०३/२९ | छैठौ नगर सभा |
| २७ | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७७ | २०७७/०३/२९ | छैठौ नगर सभा |
| २८ | समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०५/०९ | नगर कार्यपालिका |
| २९ | व्यवसाय कर संचालन कार्यविधि, २०७७ | २०७७/०६/०६ | नगर कार्यपालिका |
| ३० | घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७ | २०७७/०६/०६ | नगर कार्यपालिका |
| ३१ | बोयर बाख्रा स्रोत केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०६/२७ | नगर कार्यपालिका |
| ३२ | जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ | २०७७/०९/२१ | नगर कार्यपालिका |
| ३३ | लैंगिक हिंम्सा निवारण कोष संचालन मापदण्ड, २०७७ | २०७७/०९/२१ | नगर कार्यपालिका |
| ३४ | आयोजना व्यवस्थापन (कन्टेन्जेन्सी) रकम खर्च सम्बन्धी कार्यविधि, २०७७ | २०७७/११/११ | नगर कार्यपालिका |
| ३५ | बजार अनुगमन कार्यविधि, २०७७ | २०७७/११/१३ | नगर कार्यपालिका |
| ३६ | बाल अधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि, २०७७ | २०७७/११/१३ | नगर कार्यपालिका |
| ३७ | चैनपुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ | २०७७/११/१४ | सातौ नगर सभा |
| ३८ | एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम संचालन कार्यविधि, २०७८ | २०७८/०१/०८ | नगर कार्यपालिका |
| ३९ | चैनपुर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४० | कर्मचारीको तह तथा स्तरवृद्धि सम्बन्धी ऐन, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४१ | चैनपुर नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४२ | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४३ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४४ | चैनपुर नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४५ | चैनपुर नगरपालिकाको अस्थायी सेवाका कर्मचारी कल्याणकरी कोष नियमावली, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४६ | चैनपुर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्य संचालन कार्यविधि, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४७ | चैनपुर नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४८ | चैनपुर नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७८ | आठौ नगर सभा | आठौ नगर सभा |
| ४९ | चैनपुर नगरपालिकाको नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०७८ | नवौ नगर सभा | नवौ नगर सभा |

| | | | |
|---|---|---|---|
| ५० | चैनपुर नगरपालिकाको संचित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७८ | नवौ नगर सभा | नवौ नगर सभा |
| ५१ | चैनपुर नगरपालिकाको उर्जा नीति, २०७८ | २०७८/१२/१० | दशौ नगर सभा |
| ५२ | चैनपुर नगरपालिकाको सहकारी संस्था अनुगमन सम्बन्धी मापदण्ड, २०७८ | २०७८/१२/१० | दशौ नगर सभा |
| ५३ | चैनपुर नगरपालिकाको आर्थिक ऐन, २०७९ | २०७९/०३/१३ | एघारौ नगर सभा |
| ५४ | चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७९ | २०७९/०३/१३ | एघारौ नगर सभा |
| ५५ | चैनपुर नगरपालिकाको स्थानीय संघ संस्था दर्ता ऐन, २०७९ | २०७९/०३/१३ | एघारौ नगर सभा |
| ५६ | चैनपुर नगरपालिका स्वास्थ्य संस्था संचालन सम्बन्धी कार्यविधि, २०७९ | २०७९/०९/२७ | नगर कार्यपालिका |
| ५७ | चैनपुर नगरपालिकाको भूउपयोग कार्यान्वयन कार्यविधि, २०७९ | २०७९/०९/२७ | नगर कार्यपालिका |
| ५८ | चैनपुर नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०७९ | २०७९/०९/२७ | नगर कार्यपालिका |
| ५९ | चैनपुर नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ | २०७९/०९/२७ | नगर कार्यपालिका |

*स्रोतः चैनपुर नगरपालिका, २०८०*

समग्रमा चैनपुर नगरपालिकामा ५९ वटा ऐन कानुन, कार्यविधि र निर्देशिकाहरु निर्माण भएका छन् जसमा सबैभन्दा बढी २४ वटा कार्यविधिहरु, त्यसपछी २१ वटा ऐनहरु, ५ वटा नियमावली, ४ वटा मापदण्ड, २ वटा निर्देशिका र बाँकी एक/एक वटा आचार संहिता र नीति र कार्ययोजनाहरु तर्जुमा भएका छन् ।

तालिका ५९: ऐन कानुनहरुको समग्र अवस्था

| क्र.स. | ऐन कानुन/दस्तावेजहरुको नाम | संख्या |
|---|---|---|
| १ | ऐन | २१ |
| २ | नियमावली | ५ |
| ३ | कार्यविधि | २४ |
| ४ | निर्देशिका | २ |
| ५ | मापदण्ड | ४ |
| ६ | आचारसंहिता | १ |
| ७ | नीति | १ |
| ८ | कार्य योजना | १ |
| जम्मा | | ५९ |

*स्रोतः चैनपुर नगरपालिका, २०७९*

### २.७.२ संगठानात्मक विकास

नेपालको संविधान वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भएपछि उक्त निकायहरुवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहज र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ वमोजिम राज्यवाट जारी विभिन्न ऐन कानुनको परिधि भित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न

सेवाहरु संचालनार्थ नगरपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस नगरपालिकाको जनशक्तिको रुपमा रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ को दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानूनले तोके वमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ ।

नगरपालिकाको शासन संचालन, निर्देशन र नियन्त्रण नगर कार्यपालिकाबाट हुँदै आईरहेको छ । नगरपालिकाको कार्यविभाजन नियमावली र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमुना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ । यसका साथै बार्षिक रुपमा आवश्यक्ता अनुसार नगर सभाबाट निर्णय गरेर कर्मचारीहरु थप गर्ने अभ्यास समेत देखिन्छ । हाल नगरपालिकामा ६४ वटा स्वीकृत दरवन्दी रहेको छ भने १) प्रशासन, योजना तथा अनुगमन शाखा; २) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा; ३) स्वास्थ्य तथा सामाजिक विकास शाखा; ४) कानून शाखा; ५) शिक्षा, युवा तथा खेलकुद शाखा; ६) आर्थिक प्रशासन शाखा; ७) आर्थिक विकास शाखा; ८) जिन्सी शाखा; ९) विपद व्यवस्थापन शाखा, १०) कृषि विकास शाखा र ११) पशु सेवा शाखा गरी ११ वटा शाखाहरु लगायत ११ वटा वडा कार्यालयहरु मार्फत कार्य संचालन र सेवा प्रवाह भैरहेको देखिन्छ । यसैगरी नगरपालिकामा रहेका एक प्राथमिक स्वास्थ्य चौकी, ६ वटा स्वास्थ्य चौकी, १ स्वास्थ्य एकाई, १ शहरी स्वास्थ्य चौकी र एक आँखा उपचार केन्द्र समेत संचालनमा रहेको देखिन्छ । उपरोक्त संरचना बमोजिम प्रस्तावित दरबन्दी अनुसार केहि शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपूर्ति भएको छ भने कतिपय हुन बाँकी रहेको छ । नगरपालिकाबाट २०७९ चैत्रमा उपलब्ध विवरण अनुसार नगर कार्यपालिकामा प्रमुख प्रशासकिय अधिकृत समेत गरी ३२ जना स्थायी कर्मचारी र ४८ जना अस्थाई तथा करार कर्मचारीहरु कार्यरत छन् भने स्वास्थ्य संस्था अन्तर्गत २१ जना स्थाई कर्मचारीहरु र ३९ जना अस्थाई/करारमा कार्यरत कर्मचारीहरु छन् (नगरपालिकाको कर्मचारीहरुको विवरण अनुसूची ९ मा राखिएको छ) । नगरपालिकाका प्रत्येक वडामा विभिन्न सरकारी र गैरसरकारी संस्थाहरु कार्यरत छन । (नगरपालिकामा अवस्थित सरकारी र गैरसरकारी संस्थाहरुको विवरण अनुसूची १० मा राखिएको छ) । चैनपुर नगरपालिकाको संगठानात्मक संरचना चित्र ७ मा राखिएको छः




चित्र ७: चैनपुर नगरपालिकाको संगठानात्मक संरचना

### २.७.३ श्रोत परिचालन

चैनपुर नगरपालिकाको आवधिक योजनाका लागि वहुपक्षीय स्रोतहरू परिचालन गरिने छ । यसका लागि विद्यमान स्रोतहरूको आंकलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गरिनेछ । आवधिक योजनामा यस नगरपालिकाद्वारा निम्न वमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन गरिनेछ ।

**(क) वित्तीय हस्तान्तरण**

१. प्रत्येक आर्थिक वर्षका लागि यस नगरपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व वाँडफाँटको रकम प्राप्त गर्ने छ । संघबाट प्राप्त हुने अनुदानको रकम औषतमा बार्षिक १०% को दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
२. नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भएपछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४०% सम्म प्राप्त गर्न सक्ने हुँदा नगरपालिकाले परियोजना लागतको ६०% रकम स्व-लगानी गर्नुपर्ने हुन्छ ।
३. प्रदेश सरकारबाट समेत नगरपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व वाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७९/०८० का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १०% वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।
४. वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र नगरपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा वैदेशिक ऋण नगरपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

**(ख) नगरपालिकाको संचित कोषमा जम्मा हुने अन्य रकमहरू**

१. आन्तरिक राजस्व तर्फ हालको अवस्थालाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । नगरपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १०% को वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
२. आवधिक योजना अवधिमा स्थानीय संचित कोष अन्तर्गत विशेष आयोजना संचालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।
३. आर्थिक वर्षको अन्त्यमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

**(ग) नगरपालिकाको संचित कोष वाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू**

१. संघको वार्षिक कार्यक्रम तथा वजेटबाट नगरपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।

२. यसैगरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटबाट नगरपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

### २.७.३.१ आन्तरिक स्रोत परिचालन

चैनपुर नगरपालिकाको आन्तरिक स्रोत परिचालन गर्न टोल सुधार समिति गठन गरी त्यस्ता संस्थाहरुको क्षमता विकास र तिनिहरुलाई विकासका कार्यक्रमहरुमा परिचालन गर्ने नीति अवलम्वन गर्नुपर्ने छ । सामाजिक परिचालनका लागि काम गर्ने सम्पूर्ण निकायहरुको सामाजिक परिचालनको बजेट एकै बास्केटमा राखी एकरुपता कायम गर्न पहल गर्नुपर्ने छ । नगरपालिका क्षेत्रमा भएका सार्वजनिक सम्पत्ति र स्रोत पहिचान गरी उपयुक्त तवरले परिचालन र सदुपयोग गर्ने नीति लिनुपर्ने छ । गैरसरकारी संस्थाहरुसंग समन्वय र सहकार्यलाई अघि बढाउन सामाजिक विकास शाखालाई प्रभावकारी एवम् व्यवस्थित बनाउनु पर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वियनको वातावरण बनाई स्थानीय बेरोजगार युवाहरुलाई लाभान्वित हुने वातावरण निर्माण गर्ने लक्ष्य लिनुपर्ने छ ।

### २.७.३.२ अन्तर सरकारी स्रोत परिचालन

संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुले कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत परिचालन सहितको अधिकारको प्रयोगका लागि वित्तीय संघीयता आवश्यक हुन्छ । नेपालको संविधानको धारा ५७ बमोजिम राज्यशक्तिको प्रयोग र अनुसूची ५, ६, ७, ८ र ९ बमोजिमका एकल र साझा अधिकार प्रदान गरी तीन तहलाई कार्य जिम्मेवारी तोकेको छ । घाटा बजेट प्रस्तुत गर्न पाउने भएकोले वित्त व्यवस्थापनका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था रहेको छ । पारदर्शी र न्यायपूर्ण वित्तीय हस्तान्तरण गर्दै वित्तीय संघीयतालाई संस्थागत गर्ने, सन्तुलित र समन्यायिक ढङ्गमा प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास गर्दै विकास र समृद्धिको आधार सिर्जना गर्नेगरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्नमा योजना केन्द्रित हुनुपर्ने छ ।

### २.७.३.३ जनहसभागिता परिचालन

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृति अनुसार एकल रुपमा नगरपालिकाको तर्फबाट हुने आयोजनाहरुमा न्यूनतम २०% देखि अधिकतम ४०% सम्म रकम जनसहभागिताबाट उठने र बाँकी नगरपालिकाले व्यहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन गर्न सिकाउँछ । यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भइ विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । विशेषगरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार, कुलो र नहरहरु निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान

पद्वतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण/संचालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यन क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकिय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत संचालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु संचालन गर्ने, तरकारी तथा फलफुल खेती, पुशपालन, दुग्ध उत्पादन, मौरी पालान, मत्स्यपालन तथा नगद्बेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु संचालन गरी स्थानीयवासीहरुको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउदै जानु पर्ने देखिन्छ ।

### २.७.३.४ नीजि क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा नीजि क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । चैनपुर नगपालिकाको सन्दर्भमा माथी उल्लेख भए अनुसार नगरपालिकाको सडक निर्माण, नगरपालिकामा पाइने कृषि, फलफुल तथा पशुजन्य उत्पादन, दुग्ध उत्पादन, पर्यटन व्यवसायका अवसरहरूलाई उपयोग गर्दै सम्भाव्य उद्योग व्यवसायको विकास तथा विस्तार गरिनु पर्ने छ । यस नगरपालिकामा रहेका लघु तथा घरेलु उद्योगहरूको स्थितिमा सुधार गरी निजी क्षेत्रबाट नगरपालिकाको आर्थिक विकासमा सघाउन स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्ययन गरी विस्तार गरिनु पर्दछ । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पूँजी तथा उद्यमशीलताको विकास गर्नुपर्ने छ । स्थानीय कृषि उत्पादनहरुको संरक्षण गर्न शीत गृहको निर्माण गर्नु पर्ने छ । यसैगरी नगरपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुशरण गरी विभिन्न सुविधाहरू प्रदान गर्नुपर्ने छ । पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गर्नु पर्नेछ । नगरपालिकामा उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याइने । स्थानीय उद्योग व्यवसायमा निजी क्षेत्रबाट आवधिक योजनाको अवधिमा करिव रु. ५ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ।

### २.७.३.५ सहकारी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । चैनपुर नगरपालिकाको आर्थिक र सामाजिक विकासमाा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सक्ने सम्भावना देखिन्छ । यस नगरपालिकामा दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूबाट नगरपालिकाको आर्थिक विकासमा उल्लेख्य योगदान रहेको छ । नगरपालिकामा तत्कालिन जिल्ला कृषि बिकास कार्यालयमा दर्ता भै संचालनमा रहेका कृषक

सहकारी संस्थाहरुबाट समेत नगरपालिकाको आर्थिक विकासमा राम्रो योगदान पुगेको छ भने स्थानीय सहकारी संस्थाहरुको मदतबाट स्थानीय कृषकहरुमा उद्यमशीलताको विकास भई नगरपालिकाको आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ । आवधिक योजनामा सहकारी क्षेत्रको विस्तारबाट आर्थिक तथा सामाजिक क्षेत्रहरूमा गरी करिव रु.३ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### २.७.३.६ संघ संस्थाको स्रोत परिचालन

चैनपुर नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील छन । स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको कार्यक्रम नगरपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनुपर्ने हुन्छ । यस अनुसार आर्थिक बर्ष २०८०/८१ मा यस नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न गैर सरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूबाट रु. १ करोड भन्दा बढी खर्च हुने अनुमान सहित कार्यक्रमहरू समाविष्ट गरिएको छ । आवधिक योजनाको अवधिमा विभिन्न गैरसरकारी तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूबाट करिव रु.५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### २.७.३.७ सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

चैनपुर नगरपलिकाको आर्थिक तथा सामाजिक विकासका लागि नगरपालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरूलाई वढी भन्दा वढी परिचालन गर्दै नगरपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्रसँगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्ने छ । नगरपालिकाको सार्वजनिक स्रोतहरू अन्तर्गतका सबै प्रकारका आन्तरिक स्रोतहरू अत्यन्त न्यून (करिब २% मात्र) रहेकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि वढी निर्भर रहनु पर्ने अवश्यकता छ । तथापि आगामी दिनहरूमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथीको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजश्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दै लानेतर्फ विशेष रुपमा पहल गरिनु पर्नेछ । सार्वजनिक स्रोत अन्तर्गत नगरपालिकाको वजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्रगत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरूलाई पनि आवधिक योजनामा समेटिएको छ । तर, यस प्रकार संघ र प्रदेशद्वारा प्रत्यायोजित कार्यक्रमहरूको प्राथमिकीकरण र वजेट विनियोजनमा नगरपालिकाको कुनै भूमिका नरहने हुँदा नगरपालिकाको कार्यक्रमहरूसँग दोहोरोपन हुने र नगरपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरू प्रत्यायोजित हुन सक्ने सम्भावना रहन्छ ।

### २.७.३.८ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

नगरपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवं काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्नको लागि संघीय तथा प्रादेशिक सरकार एवं विकास साझेदारहरुबाट यस नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत नगरपालिकाको संचित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन नेपालको

संविधान २०७२ को भाग १७ को धारा २१८ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले "स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि" तर्जुमा गरी आवधिक योजनाको लागि परिचालन हुने स्रोतहरुको बाँडफाँड र व्यवस्थापन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

नगरपालिकामा समृद्धि र सुखको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम् संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिपूरकता (Synergy) ल्याउने गरी स्रोत अनुमान गरिएको छ । आवधिक योजनाले निर्धारण गरेका रुपान्तरणका संम्वाहकका क्षेत्रमा आवश्यक स्रोत-साधनको बाँडफाँट गरिएको छ । राष्ट्रिय रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनैतिक हस्तक्षेप गरी लगानीको उच्चतम प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ । राष्ट्रिय स्तरका कार्यक्रम/आयोजना संघबाट, प्रदेश र स्थानीय स्तरका कार्यक्रम/आयोजना क्रमश: प्रदेश र स्थानीय तहबाट नै सम्पन्न गर्ने गरी स्रोत आँकलन तथा बाँडफाँड गरिएको छ । साथै, आधारभूत पूर्वाधार निर्माण तथा प्रवर्द्धन हुने र अभियानका रुपमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन तथा दिगो विकास लक्ष्य हासिल गर्न सघाउ पुग्नेगरी स्रोत बाँडफाँट गरिएको छ ।

आवधिक योजनाले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, औद्योगिक पूर्वाधार निर्माण, प्रोत्साहन र सहजीकरण सहित औद्योगिक उत्पादन, कृषि उत्पादन तथा प्रवर्द्धन, पूर्वाधार निर्माण जस्ता लगानीमा केन्द्रित गरिएको छ । निजी क्षेत्रको लगानी, रोजगारी सिर्जना, अर्थतन्त्रको औद्योगीकीकरण र आधुनिकीकरण, पर्यटन, व्यापार, यातायात र सञ्चार क्षेत्रमा लक्षित हुने अनुमान गरिएको छ । कृषि, उत्पादनमूलक क्षेत्र, घरेलु, लघु तथा सान उद्योग र ग्रामीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिईएको छ । मानवपूँजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च आयको आधार निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ । साथै, पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासन, लोकतन्त्र र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालनको अनुमान र सोको बाँडफाँट गरिएको छ ।

### २.७.४ योजना व्यवस्थापन

चैनपुर नगरपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका योजनाको व्यवस्थापन र बिषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा नगरपालिकाले आयोजना छनौट, लगानी बृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

१. सडक तथा अन्य भौतिक पूर्वाधार ।
२. कृषि तथा पशुपंक्षी विकास ।
३. पर्यटनको सम्बर्द्धन, प्रवर्द्धन र पूर्वाधार विकास

४. उद्योग तथा व्यापार व्यवसाय र आर्थिक पूर्वाधारको विकास ।
५. शिक्षा तथा स्वास्थ्यको पूर्वाधार विकास ।
६. खानेपानी तथा सरसफाई ।
७. खेलकुदको पूर्वाधार विकास ।
८. धार्मिक तथा सांस्कृतिक विकास ।
९. व्यवस्थित वस्ती विकास ।

तालिका ६०: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| १ | राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| २ | प्रदेश विकासको प्रमुख चालकसँग सम्बन्धित भए १ अङ्क र नभए १ अङ्क | १ | ० |
| ३ | दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| ४ | स्थानीय तहको दीर्घकालीन सोंच प्राप्त गर्न योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए १ अङ्क | ३ | १ |
| ५ | स्थानीय तहको क्षेत्रगत उद्देश्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ६ | रोजगार, आय वा उत्पादन बृद्धिमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ७ | ५० प्रतिशत वा सोभन्दा बढी लाभग्राही समूदाय अपाङ्गता भएका व्यक्ति, दलित, महिला र सिमान्तकृत समुदाय भए ३ अङ्क र अन्य भए १ अङ्क | ३ | १ |
| ८ | कार्यपालिकाको बैठकले वडाहरूको समग्र विकासको दृष्टिले पदानुक्रम गरे अनुसार सबभन्दा कम विकसित वडा भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| ९ | वडा समितिले निर्धारत गरेको योजनाहरूको प्राथमिकता अनुसार वडाको लागि अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | वा | | |
| १० | निर्देशक समितिले निर्धारत गरेको पालिका स्तरीय योजनाहरूको पदानुक्रम अनुसार अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | जम्मा | २१ | ४.२ |

*नोटः यो मापदण्डलाई नगर कार्यपालिकाको वैठकले वा कार्यपालिकाको वैठक तत्काल वस्न नसक्ने भएमा पछि अनुमोदन हुनेगरी नगर प्रमुखबाट स्वीकृत गरेर लागू गर्न सकिनेछ ।*

# परिच्छेद ३: सोंच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालीन सोंच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जिवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोउन्नती हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निर्धारित उद्देश्य एवं प्राथमिकताहरू र आ.व. २०७७/७८ को तत्कालिन प्रदेश नं १ को वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू तथा प्रदेश नं १ (कोशी) प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) ले निर्धारण गरेको दिर्घकालिन सोंचः "स्वच्छ, सुखी र समुन्नत प्रदेश", को लक्ष्य र उदेश्यहरुसँग तादम्यता हुनेगरी यस नगरपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

नगरपालिकाको वस्तुगत विवरण तयार पश्चात सोही विवरणहरुको आधारमा योजना तर्जुमा टोलीले विकासका चुनौती तथा अवसरहरुको पहिचान गरेको छ। जिल्लाको पुरानो व्यापारिक केन्द्र र सदरमुकाम भएकोले जिल्ला अदालत, जिल्ला न्यायधिवक्ता, शसस्त्र प्रहरी गुल्म, मालपोत कार्यालय, नापी कार्यालय जस्ता जिल्लाका महत्वपूर्ण सरकारी कार्यालयहरु भएको, उर्वर कृषि भूमि, खाद्यन्नवाली, फलफुल, पशुपालन र नगद्बेवालीको (अलैची, रुद्राक्ष, उखु, कफी) प्रचुर संभावना, जलविद्युतको हब, कोशी राजमार्गको पहुँच, तुम्लिङटार विमानस्थलसम्म पक्की सडकको पहुँच, धार्मिक, पुरातात्विक, प्राकृतिक र साहसिक पर्यटनको प्रशस्त संभावना, नगरपालिका भित्र वडा तथा टोलहरुसम्म सडक संजाल विकास भएको, शिक्षा र स्वास्थ्यका पूर्वाधारहरुको विकास भैसकेको, कोशी प्रदेशका ठूला शहरहरुसंग आर्थिक तथा व्यापारिक अन्तरसम्बन्ध स्थापित हुँदै गरेको, नगरपालिका स्थानीय सरकारको रुपमा स्थापित हुँदै गरेको, शहरीकरण र बजारीकरणले क्रमश गति लिएको जस्ता सवल पक्षहरु भएको चैनपुर नगरपालिकामा पहिरो, भू-क्षय, भूस्खलन, नदि कटा, डुबान, खानेपानी व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, गरिबी, बरोजगारी, बसाईसराई जस्ता केहि जटिल समस्या र चुनौतीहरु समेत छन्। नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने विभिन्न चरणहरुमा नगरपालिकाको यिनै विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरुको घनिभुत रुपमा छलफल तथा विश्लेषण गरी आवधिक योजनालाई मूर्त रुप दिईएको छ। यस प्रकार नगरपालिका क्षेत्रको समष्टिगत विकासमा देखिएका सम्भावना, चुनौति, अवसर र समस्याहरुको छलफल गरी आएका निचोडहरु देहाय वमोजिम छोटकरीमा प्रस्तुत गरिएको छ।

### नगर विकासका सवाल र मुद्धाहरु

- स्थानीय कृषिजन्य उत्पादनको भण्डार र बजारीकरण।
- कृषि मल र बिउ समयमै उपलब्धता।

- व्यवसायिक कृषि, मत्य तथा पशुपालन ।
- वालीनालीमा जंगली जनावरहरुको अतिक्रमण र आक्रमण ।
- स्थानीय नदि र खोलानालाबाट हुने पहिरो, नदि कटान, भू-क्षय, बाढी नियन्त्रण ।
- वडासम्म पुग्ने ग्राभेल र धुले सडकहरुको स्तरोउन्नती ।
- कृषि विद्युतीकरण तथा सिंचाई ।
- नगर भित्रका सबै वस्ती र टोलहरुसम्म सडक संजालको विस्तार ।
- नगरभित्रका सबै घरधुरीमा खानेपानी धारा जडान ।
- बाह्य बसाईसराईले घटदै गएको जनसंख्या, वैदेशिक रोजगार र युवाहरुको विदेश पलायन ।
- पर्यटन पूर्वाधारको विकास, सम्मवर्द्धन र प्रवर्द्धन ।
- स्थानीय वास्तुकला र धातुकलाको सम्वर्द्धन र प्रवर्द्धन ।
- चैनपुर, पोखरी र खरांग बजारको फोहोमैलाको उचित व्यवस्थापन (स्यानिटरी ल्याण्ड फिल साइट) ।
- नगरपालिकाका मुख्य बजारहरुमा ढल तथा सहतढल व्यवस्थापन ।
- प्रभावकारी, चुस्त र सक्षम कार्यसम्पादन र सेवा प्रवाह ।
- नगरपालिकाको आन्तरिक आयको अभिवृद्धि ।
- नगर यातायता गुरु योजना तर्जुमा तथा यातायात व्यवस्थापन ।
- भू-उपयोग योजना कार्यान्वियन ।
- योजनावद्ध र व्यवस्थित वस्ती विकास ।
- निर्माण तथा योजना मापदण्ड र भवन संहिताको पूर्ण कार्यान्वियन ।
- E-Building Permit System (EBPS) को पूर्वाधार व्यवस्थापन र कार्यान्वियन ।
- नगरपालिकाको घर नम्बरिङ (Metric Addressing System) प्रणाली र पूर्वाधारको विकास ।
- संस्थागत सुदृढीकरण, सुशासन र सूचना प्रविधीको प्रयोग (नगरपालिका र वडा कार्यालय) ।
- सामाजिक र सामुदायिक पूर्वाधारको स्तरोन्नती तथा वाल, अपाङ्ग र महिला मैत्री पूर्वाधार ।
- सार्वजनिक जग्गा पहिचान र अभिलेखीकरण ।
- औधोगिक विकास, रोजगारी तथा आर्थिक गतिशिलता ।
- जलवायु परिवर्तनको बढदो प्रभावको न्यूनिकरण ।

## नगर विकासका समस्या र चुनौतीहरु

चैनपुर नगरपालिकाको वस्तुगत विवरणको अध्ययन तथा योजना टोलीको स्थलगत अध्ययन, निर्देशक र विषयगत समितिहरुसंगको अन्तरक्रिया र छलफल पश्चात योजना तर्जुमा टोलीले नगर विकासका निम्न समस्या र चुनौतीहरु पहिचान गरेको छ ।

### सामाजिक विकास सम्बन्धी समस्याहरु

नगरपालिकाका विद्यमान सामाजिक विकास सम्बन्धी समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) स्थानीय वास्तुकला र धातुकला लोप हुन लागेको ।

ख) विद्यालयहरुमा शैक्षिक तथा भौतिक पूर्वाधारको अभाव ।

ग) प्राथमिक स्वास्थ्य केन्द्र, चैनपुरको पूर्वाधार समयमै सम्पन्न हुन नसकेको ।

घ) ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको अभाव ।

ङ) खेल मैदान र पूर्वधारको अभाव ।

च) स्थानीय धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन नभएको ।

छ) मठ मन्दिर, गुम्वा, चर्च, पाटी पौवा आदिको विस्तृत अभिलेख नभएको ।

ज) पर्याप्त दाह संस्कार स्थलको अभाव र भएकामा पनि पूर्वाधारको कमी ।

झ) आदिवासी, दलित, जनजाती, लोपोउन्मुख, लगायत पिछडिएको वर्गहरुको उत्थानको लागि कुनै ठोस कार्यक्रमहरु नभएको ।

ञ) स्थानीय कला, संस्कृति र जात्रा/पर्वहरुको संरक्षणको लागि संग्राहलयको अभाव ।

ट) वृद्धवृद्धा, अपांग, टुहुरा, अशक्तहरुको लागि आश्रम स्थल तथा धर्मशालाको अभाव ।

ठ) वैदेशिक रोजगारी र बसाई सरी अन्यन्त्र जाने प्रवृतिले जनसंख्या घटदै गैरहेको ।

**आर्थिक विकास सम्बन्धी समस्याहरु**

नगरपालिकाको आर्थिक स्रोतको पहिचान गरी व्यवस्थित रुपमा आर्थिक विकासको योजना कार्यान्वयन गरिएको देखिदैन । नगरपालिकाका विद्यमान आर्थिक विकास सम्बन्धी समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरी आर्थिक पूर्वाधार विकासको कार्यक्रमहरु खासै प्रभावकारी रुपमा परिचालन हुन सकेको पाइदैन । रोजगारी सृजना गर्ने उद्योग, कलकारखाना लगायत अन्य अवसरको लागि योजनाबद्ध प्रयास रहेको देखिन्न ।

ख) बैंक, वित्तीय संस्था र सहकारीहरुको ब्याजको दर चर्को भएकोले स्थानीय ब्यापारी, उद्यमी, सर्वसाधरण र कृषकहरु ऋणको दुष्चक्रमा फस्ने जोखिम रहेको ।

ग) वित्तिय संस्था र सहकारीहरुमा वित्तिय सुशासनको कमी भएकोले खराब कर्जा बढदै गै स्थानीयहरुको बचतमा जोखिममा रहेको ।

घ) स्थानीय कृषिजन्य उत्पादनहरुको ब्यवसायीकरण र बजारीकरण हुन नसकेको । कृषि पकेट क्षेत्रको पर्याप्त विकास नभएको ।

ङ) नगरपालिकाले आर्थिक पूर्वाधार विकासका केही क्रियाकलापहरु अघि सारेतापनि आर्थिक पूर्वाधार विकास योजनाबद्व रुपमा संचालन हुन सकेको पाईदैन । आर्थिक विकासको लागि स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्दै स्थानीय वातावरण सुहाउँदो कार्यक्रमहरुको विकास र परिचालन गरिएको देखिदैन।

च) चैनपुरमा धार्मिक र प्राकृतिक दुवै पर्यटनको प्रचुर संभावना रहेको भएतापनि पर्यटन पूर्वाधार निर्माण, जनशक्ति विकास, पर्यटन क्षेत्रको प्रवर्द्धवन र सम्वर्द्धन गर्न नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी पर्यटन सम्बन्धि कार्यक्रम र प्याकेजहरु निर्माण हुन सकेको छैन ।

छ) चैनपुर जलविद्युत आयोजनाहरुको हबको रुपमा विकास हुँदै गरेको भएतापनि प्राकृतिक स्रोतको बाँडफाँडबाट प्राप्त हुने आर्थिक लाभ अपेक्षाकृत हुन नसकेको ।

ज) चैनपुर नगरपालिकाको प्रमुख आय स्रोत मध्ये विप्रेषण रहेको देखिन्छ तर यसलाई स्थानीयवासीहरुको आर्थिक अवस्था सुधार्ने कार्यमा लगानी भएको देखिन्न ।

झ) नगरपालिकामा भित्र रहेका उद्योग, कलकारखाना, होटल, रेष्टुरेन्टहरु लगायत अन्य लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुलाई पूर्ण रुपमा करको दायरामा ल्याउन नसक्नु ।

ञ) नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने व्यवस्था भएको भएतापनि यसबाट नगरपालिकाले पर्याप्त आर्थिक लाभ लिन नसकेको ।

ट) नगरपालिका भित्र प्रशस्त सामुदायिक वनहरु भएतापनि जडिबुटि, काठ र गैरकाष्ठ उत्पादनबाट आर्थिक लाभ नभएको ।

ठ) सिंचाई सुविधा, कृषि उपज प्रसोधन केन्द्र, चिस्यान केन्द्र र संकलन केन्द्रको अभाव ।

ड) उद्यमशीलता र गरिवी निवारणमा सम्बन्धी कार्यक्रमहरु नभएको ।

ढ) स्थानीय युवाको बढ्दो पलायनको कारण दक्ष जनशक्तिको अभाव हुँदै जानु ।

ण) कृषकहरुलाई सहज र सुलभ रुपमा मल, बिउ र ऋण उपलब्ध हुन नसक्नु ।

त) गरिबि, बरोजगारी र असमानता ।

थ) उपलब्ध प्राकृतिक स्रोत र साधनको न्यून उपयोग ।

द) नयाँ पिढीको कृषि पेशाप्रति उदासिनता ।

ध) घर टहरा, जग्गा वहालमा लगाए वापतको वहाल करको प्रभावकारी कार्यान्वयन हुनु/गराउन नसक्नु र यकिन तथ्याङ्क नहुनु ।

न) स्थानीय तह भित्र लाभ लिईरहेका विभिन्न बैंक, वित्तिय संस्थ तथा सहकारीहरुलाई लागत साझेदारी कार्यक्रममा समावेश नगरिनु ।

ऩ) उद्यम, उद्यमी र उद्यमशिलताको विकास र त्यसबाट आउनुपर्ने प्रतिफलको खोजी नगरिनु ।

**भौतिक पूर्वाधार विकास योजना सम्बन्धी समस्याहरु**

नगरपालिकामा विद्यमान भौतिक पूर्वाधार विकास सम्बन्धी विभिन्न समस्याहरु रहेको पाईन्छ । यस अन्तरगत रहेका प्रमुख समस्याहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ:

क) नगरपालिकामा दीर्घकालीन सोंच, सम्भाव्यता र प्राथमिकताको आधारमा योजनाहरु छनौट र संचालन नहुनु र भौतिक विकास योजनालाई दिशानिर्देशन गर्ने योजना दस्तावेजहरुको अभाव ।

ख) शहरीकरणसंगै अव्यवस्थित वस्ती विकास बढदै गैरहेकोले त्यसलाई नियमन र व्यवस्थित गर्न योजनाबद्ध वस्ती विकास तथा जग्गा विकास कार्यक्रम नभएको ।

ग) नगरपालिकामा निर्माणधीण स्थानीय सडकहरु लामो समयसम्म पनि सम्पन्न हुन नसक्नु ।

घ) यातायात गुरु योजना हालसम्म बन्न नसक्नु । नगरका कतिपय वडाहरु जोडने सडक कच्ची र ग्रेड नमिलेका अवस्थाका छन् ।

ङ) पर्यटकिय स्थलहरुमा पर्यटन पूर्वाधारको अभाव र कतिपय पर्यटकिय स्थलहरुसम्म पुग्न सडकको अभाव भएको ।

च) खानेपानीको आपूर्ती पर्याप्त हुन नसकेको र नगरपालिकाका प्रत्येक घरधुरीमा खानेपानीको धारा नपुगेको ।

छ) चैनपुर नगरपालिकाको मुख्य बजार केहि क्षेत्रमा मात्र सतह ढल रहेको छ । ढल संजाल प्रभावकारी बनाउन ढल संजाल गुरु योजना तयार गरी प्राथमिकताका आधारमा विकास र सुधार गर्नुपर्ने देखिन्छ ।

ज) विद्युत सेवा विस्तार प्राय: सबै वडाहरुमा पुगेको भएतापनि गुणस्तरिय प्रसारण लाईन नभएको र कृषि विद्युतीकरण हुन नसकेको।

झ) ठूला र स्थाई सिंचाई आयोजनाहरु निर्माण हुन नसकेको ।

ञ) स्थानीय खोलाहरुबाट हुने पहिरो, बाढी, डुबान र कटान रोक्न पूर्वाधारहरुको अभाव ।

ट) भू-उपयोगको योजनाको पूर्ण कार्यान्वयन ।

ठ) भवन निर्माण मापदण्ड र भवन संहिता पूर्ण रुपमा लागू हुन नसक्नु ।

ड) पूर्वाधार विकासका प्रमुख सरोकारवाला निकाहरुबीच समन्वयको अभाव ।

ढ) मठ, मन्दिर, गुम्वा, चर्च, पाटी पौवा आदिको विस्तृत अभिलेख तयार गरी मर्मत तथा संभार नभएको ।

**वातावरणीय विकास सम्बन्धी समस्याहरु**

चैनपुर नगरपालिकाको वातावरणीय समस्याहरु निम्न प्रकार छन्:

क) सामुदायिक र नीजि वनमा मानिसको गमनशिलता बढेपछि जङ्गलमा खानेकुराको अभाव र माँसाहारी जनावर लोप हुनुका कारण बाँदर, दुम्सी, मृग, खरायो आदिको संख्यामा निरन्तर बृद्धि भै वन्यजन्तुको आतङ्क बढ्दै गएको ।

ख) चैनपुर बजारको त्रिमुर्ती चौकदेखी त्रिचोकसम्म मात्र करिब ५०० मिटर ढल भएको र बजारको अन्य क्षेत्रमा ढल संजालको उचित व्यवस्थापन नहुँदा त्यसले वातावरणीय प्रतिकुलता निम्त्याएको छ । बजार क्षेत्रमा व्यवस्थित सतहढल तथा ढल संजालको विकास गर्न नसकिएको कारणले बर्षातमा सतहबाटै पानी बग्ने हुनाले शहर बजारको वातावरणमा प्रतिकुल असर परेको देखिन्छ ।

ग) नगरपालिकामा फोहोरमैला (Solid Waste) संकलन र व्यवस्थापनको शुरुवात भएतापनि नगरका सबै क्षेत्र, टोल र घरधुरीसम्म पुग्न सकेको छैन । स्थाई स्यानिटरी ल्याण्ड फिल साइटको पूर्वाधार नभएकोले नगरवासीको घरबाट निस्कने फोहोरले भविश्यमा वातावरणिय प्रतिकुलता हुन सक्ने देखिन्छ ।

घ) बिकास निर्माणमा ठूला यन्त्र उपकरणको प्रयोग र जलविद्युत आयोजनाहरुले गर्दा स्थानीय वातावरणमा प्रतिकुल असर पर्दै गएको छ ।

ङ) नगरपालिका भित्र रहेका पार्क, खोला, पोखरी क्षेत्रहरुको संरक्षण हुन नसकेको ।

च) जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण नगरपालिकाका धेरै पानीका मुहान, कुवा, धाराहरु सुक्दै गएको ।

छ) ढुंगा, गिट्टी, वालुवाको जथाभावी उत्खननले वातावरणीय जोखिम निम्तन सक्ने ।

ज) अलैंची बालीमा विभिन्न प्रकारका रोगहरुको प्रकोप देखा परिरहेकोले पुरै बगानहरु उजाड हुँदै गैरहेको।

झ) कृषि वालीमा विषादीको बढ्दो प्रयोग ।

ञ) अव्यवस्थित रुपमा बंगुरपालनमा भैरहेको बृद्धिले स्थानीय वातावरणमा प्रतिकुलता बढदै गएको ।

ट) नगरपालिकाको निर्माण तथा योजना मापदण्ड पूर्ण रुपमा कार्यान्वयन नहुँदा सुरक्षित एवं व्यवस्थित वस्ती विकासमा समस्या हुनु ।

ठ) सार्वजनिक जग्गाहरुको उचित संरक्षण हुन नसक्नु ।

ड) व्यवस्थित वधशाला र पर्याप्त सार्वजनिक शौचालयको अभाव ।

ढ) लक्षित वर्ग (दलित, जनजाति, आदिवासी) मा वातावरणीय जनचेतनाको कमी ।

**जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी समस्याहरु**

जलवायु परिवर्तनका समस्याहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छः

क) गर्मी धेरै बढदै गैरहेको र हिउँदमा पानी कम पर्न थालेको ।

ख) कृषि वाली र पशुमा नयाँ रोगहरु देखा पर्न थालेको ।

ग) उर्वरा शक्तिमा ह्रास भैरहेको र हिउदे वाली उत्पादनमा कमी हुन थालेको ।

घ) चट्याङबाट मानवीय साथै आर्थिक र भौतिक क्षति बढन थालेको ।

ङ) पहिरो, बाढी, डुबान, नदि कटान, खडेरी, सुख्खा जस्ता समस्याहरु बढदै गैरहेको ।

च) भूमिगत पानीको स्रोत सुक्दै जानु ।

**वित्तीय स्रोत व्यवस्थापन सम्बन्धी समस्याहरु**

नगरपालिकाको वित्तीय स्रोतको व्यवस्थापन हुनु अत्यन्त आवश्यक हुन्छ । चैनपुर नगरपालिकाको वित्तीय स्रोत व्यवस्थापनका समस्याहरु निम्न प्रकार छन्:

क) राजश्वका स्रोतहरुको दायरा संकुचित हुनु र नयाँ श्रोतहरुको पहिचान हुन नसक्नु ।

ख) पहिचान भएका स्रोतहरुलाई समेत करको दायरामा ल्याउन नसक्नु ।

ग) नगरपालिकाको विकासको लागि आवश्यक पर्ने स्रोत जुटाउन निक्कै समस्या परेको देखिन्छ । एकातिर नगरपालिकाको धेरै जसो भू-भाग ग्रामीण क्षेत्रमा रहेको छ भने अर्कोतिर बजारमा बसोबास गर्ने मानिसले पनि नगरपालिकालाई नियमित कर नबुझाउने तथा नगरपालिकाले समेत कडाइका साथ कर संकलन गर्न सकिरहेको छैन ।

घ) नगरपालिकाले गर्ने ठूला विकास निर्माणमा अनुदान तथा वाह्य ऋणमा भर पर्नु परेको र नगरवासीहरुमा नगर विकासको लागि सहभागितात्मक भावना जागृत हुन सकेको देखिन्न । नगरवासीहरुमा अपनत्वको भावना विकास गर्न सके मात्र दिगो विकास गर्न सकिने हुँदा जनसहभागिता पनि जरुरी हुन आउछ ।

**संस्थागत क्षमताको विकास सम्बन्धी समस्याहरु**

नगरपालिकाको सेवा प्रभावलाई चुस्त र प्रभावकारी बनाउन विद्यमान संगठन संरचनालाई समयअनुकुल परिमार्जित र व्यवस्थित गर्दै लैजानु पर्ने अवस्था छ । नगरपालिकाका निर्वाचित पदाधिकारीहरुको पहिलो कार्यकाल समाप्त भएर दोस्रो कार्यकालको लागि पदाधिकारीहरु निर्वाचित भएको १ बर्ष भएतापनि नगरपालिकाको विद्यमान संरचना अनुसार प्रस्तावित जनशक्तिको पदपुर्ति हुन सकेको छैन । नगरपालिकाको कामलाई चुस्त बनाउन र नगरवासीहरुलाई स-साना कामको लागि समेत नगरपालिका नै धाउनु पर्ने बाध्यताको अन्त्य गर्न नगरपालिकाको कार्यवोझलाई वडा कार्यालयहरुमा क्रमश: हस्तान्तरण गर्दै लगेको देखिन्छ । तर सम्पूर्ण वडा कार्यालयहरुको लागि पर्याप्त स्थानको अभावका साथै वडा कार्यालयहरुमा समेत जनशक्ति तथा पूर्वाधारको अभाव भएकोले सेवा प्रवाह चुस्त र प्रभावकारी हुन सकेको छैन । नगरपालिकाको लागि प्राविधिक कर्मचारी, शहरी योजनाकार, भूगोलविद्व, तथ्याङ्कविद, स्थानीय सुशासन विज्ञ, GIS विज्ञ, समाजशास्त्री, वातावरणविद्व लगायतका जनशक्ति हुनु आवश्यक भएतापनि यी जनशक्तिहरु हालसम्म नगरपालिकामा नियुक्त हुन सकेका छैनन् । यसले गर्दा प्राविधिक र विषयगत काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाई भएको देखिन्छ ।

चैनपुर नगरपालिकाको संस्थागत समस्याहरु निम्म बमोजिम छन् ।

क) नगरपालिकाको क्षेत्र विस्तार र राज्य पुनरसंरचनामा गाभिएका साविकका गाविसहरुलाई समेटी समग्र नगरपालिकाको योजना कार्यान्वियन नभएको ।

ख) वडा कार्यालयहरुका आफ्नै भवन नभएकोले साघुँरो भवनबाट सेवा प्रवाह गर्नु परेको र कार्यालय सामाग्री, फर्निचर, मेसिन, उपकरण आदिको समेत अभाव रहेको ।

ग) नगरपालिका र वडा कार्यालयहरुमा आवश्यक प्राविधिक, जनशक्ति र बजेटको अभाव रहेको ।

घ) सरोकारवाला निकायहरुबीचको समन्वयमा कमी ।

ङ) बर्षेनि हुने पहिरो, बाढी, नदि कटान र डुबानको समस्यालाई दीर्घकालीन रुपमा सम्बोधन गर्न जनशक्ति, बजेटको र योजनाको अभाव ।

च) निर्माणाधीन आयोजनाहरुको नियमित अनुगमन र मूल्याङ्कन नहुनु ।

छ) आयोजनाहरु निर्माणमा निजी साझेदारी अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।

ज) कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्नेको लागि सूचना प्रविधिको उचित प्रयोग नभएको ।

झ) आन्तरिक र अन्तिम लेखा परिक्षणको प्रतिवेदन उपर सार्वजनिक र सामाजिक सुनवाई नभएको ।

ञ) बेरुजु फछर्यौट नभएको ।

ट) सेवा सुविधामा नगरवासीको न्यून पहुँच ।

माथि उल्लेखित समस्याहरुको अलावा यस आवधिक योजनालाई पूर्ण र सफल रुपमा कार्यान्वयन गर्नको लागि नगरपालिकाले निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउन जरुरी देखिन्छ :

क) सुशासन मार्फत स्थानीय जनताको माग र चासोहरुलाई सम्वोधन गर्दै भौतिक, सामाजिक र आर्थिक विकास गर्ने ।

ख) संस्थागत संरचनामामा सुधार गरी स्थानीय सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय स्थापना गर्ने ।

ग) योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि दक्ष जनशक्तिको विकास गर्ने।

घ) संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

ङ) स्रोतहरुको सही उपयोग र परिचालन गर्ने ।

च) योजनामा जनसहभागिता गराई कार्यान्वयन रणनीति तर्जुमा गर्ने ।

## ३.३ प्रमुख संभावना तथा अवसर

**प्रमुख संभावनाहरु**

जिल्लाको पुरानो व्यापारिक केन्द्र र सदरमुकाम भएकोले जिल्ला अदालत, जिल्ला न्यायधिवक्ता, शसस्त्र प्रहरी गुल्म, मालपोत कार्यालय, नापी कार्यालय जस्ता जिल्लाका महत्वपूर्ण सरकारी कार्यालयहरु भएको, उर्वर कृषि भूमि, खाद्यन्नवाली, फलफुल, पशुपालन र नगद्बेवालीको (अलैची, रुद्राक्ष, उखु, कफी) प्रचुर संभावना, जलविद्युतको हब, कोशी राजमार्गको पहुँच, आधा घण्टाको पक्की सडकको दुरीमा तुम्लिङटार विमानस्थल रहेको, धार्मिक, पुरातात्विक, प्राकृतिक र साहसिक पर्यटनको प्रशस्त संभावना, नगरपालिका भित्र वडा तथा टोलहरुसम्म सडक संजाल विकास भएको, शिक्षा र स्वास्थ्यका पूर्वाधारहरुको विकास भैसकेको, कोशी प्रदेशका ठूला शहरहरुसंग आर्थिक तथा व्यापारिक अन्तरसम्बन्ध स्थापित हुँदै गरेको, जलविद्युत आयोजनाहरु केहि सम्पन्न भएको र केहि निर्माणधिन रहेको, नगरपालिका स्थानीय सरकारको रुपमा स्थापित हुँदै गरेको, शहरीकरण र बजारीकरणले क्रमश गति लिएकोले चैनपुरमा विकासको प्रचुर संभावना रहेको छ । यस नगरपालिकाको विकासको संम्भावनालाई देहाय वमोजिम विशिष्टिकरण गर्न सकिन्छ ।

## क) कृषि तथा पशुपालन

चैनपुर नगरपालिका पहाडी भू-भाग भएतापनि प्रशस्त कृषि योग्य भूमि भएकोले यहाँ खाद्यन्य वाली लगायत तरकारी, फुलफुल र नगदेवालीको ठूलो संभावना रहेको छ । त्यसैगरी गाई, भैसी, बाख्रा, हास कुखुरा, बंगुर, माछा र मौरी पालनको लागि उपयुक्त हावापानी भएकोले यहाँ विविध पशुपालन, दुग्ध तथा माछा मासु उत्पादनको पनि त्यतिकै सम्भावना रहेको देखिन्छ । नगरपालिका बाऱ्है महिना संचालन हुने उत्तर दक्षिण कोशी राजमार्गसंग जोडिएको र नगरपालिका भित्रका वस्ती र टोलहरुसम्म सडक संजालको विकास भैसकेकोले यहाँका कृषि तथा पशुजन्य उत्पादनहरुलाई कोशी प्रदेशका ठूला शहरहरु विराटनगर, ईटहरी, धरान, दमक लगायत देशका अन्य ठूला शहरहरुसम्म निर्यात गरी आर्थिक विकासका साथै नयाँ रोजगारी समेत सृजना गर्न सकिने संभावना रहेको छ । यसको लागि नगरपालिकाले आफ्नो क्षेत्रभित्र कृषि तथा पशुपालनको लागि उपयुक्त स्थानहरु छनौट गरी कृषिको विशिष्ट पकेट क्षेत्रको रुपमा विकास गर्नुपर्ने देखिन्छ भने स्थानीय कृषकहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, उन्नत मल विउ, आधुनिक कृषि औजार र स्थानीय वित्तिय संस्थाहरुबाट सहज र सुलभ दरमा कृषि ऋणको व्यवस्था गर्नु पर्दछ । साथै सिंचाईका पूर्वाधारमा स्थानीय कृषकहरुको पहुँच वृद्धि र सिंचाई/नहरहरुको पूर्वाधार निर्माणका योजनाहरु तर्जुमा गरी क्रमश कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाका सबै वडाहरुमा विद्युत सेवा पुगिसकेकोले कृषि विद्युतीकरण र कृषि सडकको विस्तारमा गरी स्थानीय उत्पादनलाई बजारसम्म लैजान सके स्थानीय कृषकको आर्थिक उन्नती समेत हुने देखिन्छ ।

## ख) उद्योग तथा व्यापार व्यवसायको विस्तार

चैनपुर नगरपालिकामा चैनपुर बजार, पोखरी बजार र खरांग गरी ३ वटा ठूला बजारहरु छन् । नगरपालिकाका यीनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको शहरीकरण र सडक संजालको विस्तारसंगै चैनपुर नगरपालिकामा नयाँ नयाँ उद्योग र व्यवसायहरुको संख्या बढदै गएको देखिन्छ । चैनपुरमा अलैची र कफी जस्ता नगद्बेवालीहरुसंगै धान, मकै, कोदो, गौ/जौ, भटमास, मस्याम, आलु, गोलभेडा, बन्दा, काउली, बोडी, घिरौला, मुला, काक्रा, लौका, फर्सी, कागती र सुन्तला उत्पादनको प्रशस्त संभावना रहेको छ । यस्ता खाद्यन्न तथा कृषि उत्पादनमा आधारित उद्योगहरुको विकास गर्न सकेमा स्थानीय उत्पादनले राम्रो मूल्य पाउने थिए भने यस्ता उद्योगहरुबाट सृजना हुने रोजगारले स्थानीय युवाहरु समेत लाभान्वित हुने देखिन्छ । चैनपुर नगरपालिका कोशी राजमार्गले जोडिएको, सदरमुकाम खाँदबारी र तुम्लिङटार विमानस्थलबाट नजिकै रहेकोले नगरपालिकाका उत्पादनहरु कोशी प्रदेशका ठूला शहरहरु लगायत राजधानी काठमाण्डौसम्म समेत निर्यात गर्नसक्ने संभावाना रहेको छ । त्यसैले नगरपालिका स्थानीय लघु तथा घरेलु उद्योगहरुलाई प्रोत्साहन गर्ने खालको उद्योग मैत्री लगानी नीति अख्तियार गर्न सकेको खण्डमा नगरपालिकाको आर्थिक विकासमा अझ योगदान पुग्नेछ । बढदो बजारीकरण र वित्तिय संस्थाहरुको विस्तारसंगै नगरपालिकाका मुख्य बजार केन्द्रहरुमा व्यापार व्यवसायको पनि त्यतिकै संभावना रहेको छ । चैनपुर बजार, खरांग, पोखरी जस्ता बजार केन्द्रहरुमा व्यवस्थित बजारको लागि पूर्वाधार विकास तथा विस्तार गर्न सकेको खण्डमा यहाँ थोक तथा खुद्रा व्यापारको राम्रो संभावना रहेको छ । चैनपुर स्थानीय कृषकहरुले उत्पादन गर्ने सख्खर र परम्परागत करुवाको लागि समेत प्रख्यात रहेको छ । यस्ता उत्पादनहरुलाई प्रोत्साहन गर्न सकेको खण्डमा रोजगारको नयाँ अवसरहरु सृजना हुने देखिन्छ भने लोप हुँदै गैरहेको कुरुवा बनाउने

धातुकलाको समेत जगेर्ना हुने देखिन्छ । त्यसबाहेक चैनपुरबाट अम्लिसो, खयर काठ, असला माछा, खसी, कुराउनी प्रशस्त उत्पादन हुने भएकोले यस्ता पदार्थहरुमा आधारित लघु उद्योगहरुलाई चैनपुर नगरपालिका भित्रै प्रोत्साहन गर्ने सके रोजगारीका नयाँ अवसर प्राप्त हुने देखिन्छ भने नगरपालिकालाई पनि थप आम्दानीको स्रोत हुने देखिन्छ ।

### ग) पर्यटन बिकास

चैनपुर नगरपालिकामा पर्यटनको ठूलो संभावना रहेको छ । यस नगरपालिकामा प्रसिद्ध सिद्धकाली मन्दिर, ऐतिहासिक वानेश्वर मन्दिर, विश्वकै ठूलो प्राकृतिक शिवलिंग रहेको वालेश्वर गुफा, प्राकृतिक तथा धार्मिक स्थलहरु, बानेश्वर डाँडा, प्राकृतिक सुन्दरताले भरिपूर्ण गुफापोखरी, भिरेश्वर गुफा, तातोपानी जस्ता धार्मिक र पर्यटकिय स्थलहरु छन् । त्यसैगरी चैनपुर परम्परागत नेवारी वास्तुकला, काठबाट बनेका ऐतिहासिक घरहरु, कला र संस्कृतिको समेत धनी रहेको छ । कोशी राजमार्गको पहुँचसंगै चैनपुरमा पर्यटकिय गतिविधिहरु बढन थालेको भएतापनि यहाँको पर्यटकिय स्थलहरुको बारेमा पर्याप्त प्रचारप्रसार हुन सकेको छैन । घुमघामको लागि अनुकुल मौसम, चैनपुरबजारसम्मै पक्की सडकको पहुँच र करिब ३० मिनेटको दुरीमा तुम्लिङटार विमानस्थल लगायत अन्य धेरैजसो धार्मिक र पर्यटकीय स्थलहरुसम्म मोटर पुग्ने बाटो भएकोले कोशी प्रदेशका ठूला शहरहरु लगायत राजधानी काठमाण्डौबाट समेत ३-४ दिनको समय लिएर चैनपुरलाई पारिवारीक विदा मनाउन सकिने उत्कृष्ठ पर्यटकीय गन्तव्य बनाउन सकिने देखिन्छ । यसबाट स्थानीय स्तरमा रोजगार सृजना हुने, स्थानीय उत्पादनले बजार पाउनुका साथै समग्र चैनपुरको आर्थिक समृद्धि समेत हुने देखिन्छ भने अर्कोतर्फ नगरपालिकाले समेत आफ्नो आन्तरिक आय वृद्धि गर्न सक्ने देखिन्छ ।

नगरपालिका भित्रका पर्यटकीय क्षेत्रहरुमा पर्यटकिय पूर्वाधारहरु लगायत स्तरिय होटल, रिसोर्ट, चैनपुरमा पर्यटन सूचना केन्द्रको निर्माण र पर्यटन प्रहरीको व्यवस्था हुन सकेको खण्डमा यहाँ प्राकृतिक र धार्मिक दुवै पर्यटनको प्रशस्त संभावना रहेको छ र यसको लागि चैनपुर नगरपालिका, स्थानीयवासी, नीजि क्षेत्र लगायत प्रदेश र केन्द्र सरकारले समेत चैनपुरको पर्यटन विकासमा समन्वय र सहकार्य गर्दै पर्यटन सम्बन्धी जनशक्ति र पूर्वाधार विकासमा लगानी गर्नुपर्ने देखिन्छ।

### घ) जलस्रोतको बिकास

चैनपुर नगरपालिका जलसम्पदामा निक्कै धनि रहेको छ । नगरपालिकामा अरुण नदि, सभा खोला, पिलुवा खोला, हेवा खोला लगायत अन्य स-साना थुप्रै खोलानाला र पानीका मुहानहरु छन् जहाँ लघु, मझौला र ठूला जलविद्युतहरुको प्रशस्त संभावना छ । सभा खोला, हेवा खोला र पिलुवाखोलामा केहि जलविद्युत आयोजनाहरु निर्माणधिन छन् भने केहि निर्माण सम्पन्न भएर उत्पादन समेत भैरहेको अवस्था छ । प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५% राजश्व बाँडफाँड गर्नुपर्ने व्यवस्था “अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४” मा भएकोले चैनपुर नगरपालिकाले स्थानीय नदि र खोलानालाबाट निर्माण भएका जलविद्युत आयोजनाहरुबाट मनग्यै राजश्व पाउन सक्ने अवस्था रहेको छ । संगसंगै जलविद्युत आयोजनाहरुको बिकासले

आयोजना स्थलसम्म पुग्ने सडक र पुलहरु बन्ने, स्थानीय स्रोत साधनहरुको प्रयोग हुने र स्थानीय युवाहरुले समेत रोजागारीको अवसर प्राप्त गर्न सक्ने देखिन्छ ।

**ङ) परम्परागत शिप र प्रविधिको विकास तथा विस्तार**

चैनपुर धातुको करुवा र सख्खर जस्ता स्थानीय उत्पादनहरुको लागि प्रसिद्ध छ । तर समयक्रमसंगै स्थानीय धातुको करुवा बनाउने सिल्पकारहरुको अभाव र यो परम्परागत शिपको पुस्तान्तरण हुन नसकेकोले चैनपुरको कुरुवा बनाउने शिप लोप हुने हो कि चिन्ता बढन थालेको छ । परम्परागत नेवारी घरहरुको वास्तुकला र काष्ठकला समेत नयाँ पक्की घरहरुको निर्माणले विस्तारै हराउदै गएको अवस्था छ । त्यसैगरी नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाती, भाषा, धर्म, सँस्कृति र क्षेत्र अनुसार स्थानीयबासीहरुमा धातुका घरेलु हतियार, कृषि औजार लगायत दैनिक घरयासी काममा प्रयोग हुने डोको, नाम्लो, ढाकी बनाउने जस्ता स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ । तर उक्त ज्ञान, सीप र प्रविधिहरु समेत समयानुसार नयाँ पुस्ता हस्तान्तरण हुन सकिरहेको छैन । त्यसैले नगरपालिका लगायत अन्य सरकारी निकाय र नीजि क्षेत्रहरुले समेत यसमा सहकार्य गर्दै स्थानीय शिप र प्रविधिहरुलाई अझ विस्तार गरी स्वरोजगार बढाउन सकिने देखिन्छ भने यसबाट नगरपालिकाको आफ्नो पहिचान बढन गै स्थानीय उत्पादनहरुले समेत बजार पाउने देखिन्छ ।

**च) बैंक तथा सहकारी विकास**

विद्यमान आर्थिक मन्दी, ऋणको बढको ब्याजदर र वित्तिय संस्थाहरुमा वित्तिय सुशासनको कमी र बढदो आर्थिक अनियमिताले गर्दा बैंक तथा सहकारीहरु धरासायी हुने अवस्था आईरहेको भएतापनि नगरपालिकाको व्यापार व्यवसाय र नगरवासीहरुको आर्थिक उन्नयनमा बैंक तथा सहकारीहरुको महत्वपूर्ण भूमिका रहेको छ । त्यसैले बढदो शहरीकरण, वस्ती तथा बजारको विकास र विस्तारसंगै नगरपालिकामा बैंक तथा सहकारीहरुको विकास पनि क्रमश बढदै गएको छ भने स्थानीयवासी र साना उद्यमीहरुको बैंक तथा सहकारीमा पहुँच पनि क्रमश बढदै गैरहेको छ । यस्ता बैंक तथा सहकारी क्षेत्रको विस्तार र विकाससंगै वित्तिय सेवा नगरपालिका वस्ती, टोल र घरधुरीसम्म पुगेको अवस्था छ जसले गर्दा छरिएर रहेको पूँजिलाई सहकारी र वैकिङ्को माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त संभावना छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक पूर्वाधार विकास सम्बन्धी कार्यहरुको बृद्धि र विकासले वैकिङ्ग तथा सहकारी विकासको संभावनामा बृद्धि गरेको छ । नगरपालिकामा बढदै गएको यस्ता विकासको गतिविधिले वैकिङ तथा सहकारी विकासमा अभिबृद्धि हुने आशा लिन सकिन्छ ।

**छ) प्राविधिक जनशक्तिको विकास तथा परिचालन**

अल्पकालिन तथा मध्यकालिन तालिमका माध्यमबाट नगरपालिका भित्रका ग्रामिण भेगका युवा जनशक्तिलाई थप ज्ञान र सिप दिलाउन सकिएमा यस नगरपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई नगरपालिकाको आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ । यसबाट नगरपालिकामा हुने आर्थिक कारोवारमा बृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु समेत बढने सम्भावना देखिन्छ ।

**प्रमुख अवसरहरु**

**क) कृषि तथा पशुपालनमा उन्नत प्रविधिको प्रयोग**

चैनपुर नगरपालिकामा कृषि उत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट नगरपालिकाको विकासमा फड्को मार्न संभव छ । सूचना तथा संचार प्रविधिमा आएको आमूल परिवर्तनसँगै कृषिमा प्रविधिको उच्चतम उपयोग गरी नगरपालिकाको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ । खास गरी नगरपालिकामा बढी सम्भावनाको रुपमा देखिएको नगद्वेवाली (अलैची, कफी), जडिबुटी, खाद्यन्न, तरकारी, पशुपालन, दुध, मत्यपालन, नमुना कृषि कार्यक्रम, कृषि पर्यटन, माछामासु लगायतको उत्पादनलाई यससँग जोडन सकिन्छ। कृषि उत्पादनको बृद्धिसंगै बाहिर आयात हुने कृषि उपजहरुलाई न्यूनिकरण गर्न सकिने र बढी भएको खाद्यन्न, फलफुल र तरकारीहरु निर्यात समेत गर्न सकिने हुनाले यसले स्थानीय कृषक लगायत समग्र नगरपालिकाको आर्थिक विकासमा समेत ठूलो योगदान गर्न सक्ने संभावना रहेको छ ।

**ख) दक्ष जनशक्ति उत्पादन र परिचालन**

यस नगरपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण स्थानीय उत्पादनशिल जनशक्ती विशेष गरी ठूलो संख्यामा युवाहरु विदेश तथा ठूला शहरहरु तर्फ पलायन हुने गरेका छन् । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ । फलस्वरुव यस नगरपालिकामा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रको लगानी तथा साझेदारीमा नगरपालिकाका मानविय शक्तिलाई दक्ष र शिपयुक्त बनाउन सकिने अवसर नगरपालिकाको लागि रहेको छ ।

**ङ) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि**

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै चैनपुर नगरपालिकाको विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन र सुशासन सम्बन्धि समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिमाणमुखी र प्रभावकारी हुन सकेका छैनन् । यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनीतिक, प्रशासनिक र नागरिक स्तरबाट समेत परिपालना गर्न सके नगर विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारीता हासिल गर्न संभव हुनेछ । नगरपालिकामा अन्य अवसरहरु निम्न वमोजिम छनः

- उत्तर दक्षिण कोशी राजमार्गको पहुँच ।
- खाँदबारी पछी जिल्लाको प्रमुख बजार र व्यापारिक केन्द्र ।
- जिल्ला अदालत, जिल्ला न्यायधिवक्ता, शसस्त्र प्रहरी गुल्म, मालपोत कार्यालय, नापी कार्यालय जस्ता जिल्लाका महत्वपूर्ण सरकारी कार्यालयहरु भएको ।
- तुम्लिङटार विमानस्थलबाट नजिक रहेको र पक्की सडकले जोडिएको ।
- नगरपालिका भित्र सबै वडाहरुमा सडक संजालको विकास भैरहेको ।

- उर्वर कृषि भूमि, खाद्यन्न वाली, फलफुल, पशुपालन र नगद्वेवालीको (अलैची, रुद्राक्ष, उखु, कफी) प्रचुर संभावना भएको ।
- धार्मिक, पुरातात्विक, प्राकृतिक र साहसिक पर्यटनको प्रशस्त संभावना ।
- कोशी प्रदेशका ठूला शहरहरुसंग आर्थिक तथा व्यापारिक अन्तरसम्बन्ध स्थापित हुँदै गरेको ।
- विद्युत र संचार पूर्वाधारको विकास भैसकेको ।
- साँस्कृतिक तथा जातिय विविधता ।
- व्यवस्थित वस्ती विकासको लागि उपयुक्त स्थानहरु ।
- स्थिर र निर्वाचित स्थानीय सरकार ।
- शिक्षा र स्वास्थ्यका पूर्वाधारहरुको विकास भैसकेको ।
- प्रशस्त नदिनाला र वनजंगल भएको ।
- जलविद्युतको हबको रुपमा विकास हुँदै गरेको ।
- चैनपुर लगायत खराङ र पोखरी बजारमा आर्थिक गतिविधिहरु क्रमश वृद्धि भैरहेको ।
- प्रदेश र संघीय सरकारबाट विभिन्न योजना तथा कार्यक्रमहरु संचालन भैरहेको ।

## ३.४ निर्देशक सिद्धान्त

नगरपालिकाको समग्र विकास गर्न र यस आवधिक योजनाले राखेको दीर्घकालीन सोंच तर्फ उन्मुख हुँदै लक्ष्यमा पुग्न विभिन्न कार्यक्रमहरुको संचालनका साथै योजनावद्ध प्रयासहरु तर्फ अघि बढ्न केही निर्देशक सिद्धान्तहरु अपनाइनु पर्ने हुन्छ जुन, यसप्रकार छः

### क) व्यवसायिक कृषि, वाली विविधिकरण, पशुपालन तथा खाद्य सुरक्षा

- नगरपालिकामा कृषि विकासको संभाव्य क्षेत्रहरु पहिचान गरी संभाव्य पकेट क्षेत्र अनुसार कृषि विकास योजना कार्यान्वयन गरिदै लगिनेछ ।
- स्थानीय कृषि उपजहरुको सहज भण्डारण र बजारीकरणको लागि आवश्यक नीति र पूर्वाधारहरु तयार गरिने छ ।
- स्थानिय कृषकहरुलाई समयमै कृषि मल, बिउ, औषधी र उपकरणहरु सहज र सरल रुपमा उपलब्ध गराउन आवश्यक कार्ययोजना तर्जुमा गरि लागू गरिने छ ।
- कृषकहरुलाई व्यवसायिक कृषि तर्फ आकर्षित गराइने छ र नयाँ कृषिका संभावनाहरुलाई खोजी गरी 'कृषि पकेट क्षेत्र'को कार्ययोजना बनाई अघि बढाइने छ ।
- खाद्य सुरक्षाका लागि कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि विशेष कार्यक्रम संचालन गरिनेछ तथा आवश्यका अनुसार वैकिल्पक व्यवस्था समेत गरिनेछ ।
- फलफूल तथा नगदेवालीलाई प्राथमिकता दिइ नगरपालिकालाई अत्मनिर्भर बनाइनेछ ।
- कृषिवाली विविधिकरण र यान्त्रिकीकरणद्वारा कृषि विकासका कार्यक्रम संचालन गर्दै लगिने छ साथै कृषि पेशामा लाग्नका लागि अभिमुखीकरण तालिम संचालन गर्दै लगिने छ ।

- विराटनगर, इटहरी, धरान र दमक जस्ता कोशी प्रदेशका ठूला शहरहरुसंग सहज सडक पहुँच भएकोले स्थानीय फलफुल र तरकारीलाई निर्यात गर्नको लागि विशेष योजना अगाडि ल्याइने छ ।
- कृषि सडक र सामुदायिक भकारी भण्डार गृहको व्यवस्था गरिने छ ।
- अलैची, कफि, मौरी, मत्यपालन, नमुना कृषि कार्यक्रम र कृषि पर्यटन विकासको लागि पूर्वाधार निर्माण र नीति ल्याईने छ ।
- विद्यमान कुलो र नहरहरुको मर्मत संभार गरिने छ साथै प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी संभाव्यता अध्ययनको आधारमा नयाँ सिंचाई आयोजनाहरुको निर्माण गरिने छ ।
- स्थानीय कृषकहरुको क्षमता अभिवृद्धिको लागि नगरपालिकामै आवश्यक कृषि तालिमको व्यवस्था गरिने छ ।
- वन्य जन्तुको अतिक्रमण हुने स्थानहरुमा अन्नवालीको सट्टामा वन्यजन्तुले असर नगर्ने वा कम असर गर्ने वैकल्पिक वाली प्रणाली विकास गरिने छ (जडिबुटी खेती, कागती, निवुवा, ज्यामिर, भक्किमिलो, आँप, लिचि, कटहर, कफीङ भुईकटहर, उखु, अदुवा, बेसार, अकवरे, आलु खेतीलाई प्रोत्साहन गर्ने ।
- स्थानीय रैथाने वालीहरुको संरक्षण गर्दै स्थानीय माटो सुहाउदै उन्नत वालीहरुलाई प्रोत्साहन गरिने छ।
- स्थानीय दुध, मासु र माछाको व्यवसायीकरण र बजारीकरण गर्न निर्यातमूखी नीति र कार्यक्रमहरु ल्याईने छ ।

**ख) पर्यटन विकासद्वारा आर्थिक गतिविधिमा योगदान**

- नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी गुरुयोजनालाई प्राथमिकताको आधारमा क्रमश कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुसम्म पुग्नको लागि सर्वयाम सडकको विस्तार गरिने छ र पर्यटकिय स्थलहरुको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गर्दै आवश्यक पर्यटन पूर्वाधारहरुको विकास गरिने छ ।
- नगरपालिकामा पर्यटन विकास र प्रवर्द्धनको लागि पर्यटन मैत्री वातावरणको सृजना गर्दै नयाँ पर्यटन पूर्वाधारहरुको विकास गरिने छ र पर्यटकहरु भित्र्याउने नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछ ।
- आगन्तुक पर्यटकहरुलाई नगरपालिकाका पर्यटकिय स्थलहरुसम्म पुग्नको लागि यातायातको व्यवस्था गरिने छ ।
- चैनपुर पर्यटन सूचना केन्द्र र पर्यटक प्रहरीको व्यवस्था गरिने छ ।
- प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटन, ग्रामीण पर्यटन, पर्या-पर्यटन जस्ता पर्यटकीय कार्यक्रमहरुद्वारा नगरपालिकामा निजी क्षेत्रलाई पर्यटनमा लाग्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- सार्वजनिक निजी साझेदारीको नीतिअनुसार पर्यटन व्यवसायको विकास तथा बिस्तार गरिनेछ ।
- गुणस्तरिय पर्यटकिय होटलहरु निर्माणको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमहरु ल्याईने छ ।

- स्थानीय पर्यटकिय क्षेत्रहरुको प्रचारप्रसारको लागि कोशी प्रदेशका ठूला शहरहरु लगायत तुम्लिङटार विमानस्थल, बिराटनगर विमानस्थल, खाँदबारी र कोशी राजमार्गका विभिन्न स्थानहरुमा होर्डिङ बोर्डहरुको व्यवस्था गरिने छ ।
- पर्यटनसंग सम्बन्धित मानव संसाधन विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ ।
- नगरपालिका, प्रदेश सरकार र नीजि क्षेत्रसंगको सहकार्यमा नयाँ पर्यटकिय भ्रमण प्याकेज र पर्यटकिय गतिविधिहरुको बिकास र प्रचार प्रसार गरिने छ ।
- नगरपालिकाबाट पर्यटन विकासलाई उच्च प्राथमिकता दिई प्रत्येक बर्ष पर्यटन विकासको लागि आवश्यक योजना तर्जुमा गरी बजेटको व्यवस्था गरिने छ ।

## ग) उद्योग, व्यापार र व्यवसायको विकासद्वारा आर्थिक गतिविधिमा योगदान

- स्थानीय उत्पादनमा आधारित लघु, घरेलु र साना उद्योगहरुको विकासको लागि लगानी मैत्री वातावरणको सृजना गर्दै स्थानीय उद्यमी र लगानी कर्ताहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- निजी क्षेत्रको प्रवर्द्धन र विकासमा टेवा पुऱ्याई आधारभूत उद्योग प्रवर्द्धन गर्ने तथा सुशासनको प्रत्याभूति गराईनेछ ।
- चैनपुर, पोखरी र खराङ बजारलाई व्यवस्थित गर्न आवश्यक पूर्वाधारहरुको विकास गरिने छ ।
- स्थानीय हाटबजारहरुलाई व्यवस्थित गर्न भण्डारण सहितको आवश्यक पूर्वाधारहरुको विकास गरिने छ।
- स्थानीय नगदेवाली, अन्नवाली र फलफुलको विकासको लागि विशेष योजनाहरु तर्जुमा गरी स्थानीय कृषि उत्पादनमा आधारित उद्योगहरुको विकास गरिने छ ।
- कृषिजन्य उत्पादनमा आधारित उद्योगहरूलाई विशेष प्राथमिकता दिदै निर्यात वृद्धिमा उच्च टेवा पुऱ्याइने नीति अवलम्वन गरिनेछ ।
- कृषि उपजमा आधारित उद्योगहरु स्थापनाको लागि पूर्वाधार निर्माण गर्ने कार्यक्रमहरुलाई प्राथमिकता र सहुलियत प्रदान गरिने छ ।
- नगरपालिकाका ग्रामीण भेगमा बैंकिङ तथा सहकारी सेवाको पहुँचमा बृद्धि गरिने छ ।

## घ) पूर्वाधार विकास मार्फत समृद्धि हासिल गर्ने

- प्रदेश र केन्द्र तहबाट स्थानीय स्तरमा संचालन हुने पूर्वाधार सम्वन्धी कार्यक्रमहरुमा नगरपालिकाबाट आवश्यक समन्वय गरिनेछ ।
- नगरपालिकाको पूर्वाधारहरुको मर्मतसंभार गर्नको लागि नगरपालिका मातहत रहेनगरी कार्य टोली (Work Team) गठन गरी परिचालन गरिने छ ।
- नगरपालिका भित्र शहरी पूर्वाधारहरुको विकास र स्तरोन्नती गरी नगरवासीलाई स्तरीय शहरी सेवा र सुविधाहरु प्रदान गरिनेछ ।
- नगरपालिकाको परिचय र पहिचान झल्कने नगर द्वार, अन्य पूर्वाधार तथा धरोहरको विकास गरिनेछ ।

- जनसहभागिताको माध्यमबाट स्थानीय पूर्वाधार विकासमा स्थानीय स्रोत, साधन र सीप परिचालन गर्ने अवधारणा तथा कार्यशैली अवलम्वन गरिनेछ ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न दातृ निकायबीच सामजस्यता कायम गर्दै उपलब्ध स्रोतको प्रभावकारी उपयोग गरिनेछ ।
- नगरपालिकाको रणनैतिक पूर्वाधार तथा बढी भन्दा बढी जनताहरु लाभान्वित हुने योजना निर्माणलाई प्राथमिकता दिइनेछ ।
- पूर्वाधार विकास गर्दा वातावरण मैत्री, मितव्ययी तथा आवश्यकतामूखी नीति अनुशरण गरिनेछ ।

### ङ) लक्षित क्षेत्र र समुदायको विकास तथा सामुदायिक सहभागिता

- सामाजिक परिचालनको माध्यमबाट महिला, वालवालिका र पिछडिएको तथा सीमान्तकृत वर्ग आदिवासी, जनजाति, दलित समुदायको सशक्तिकरण गरिनेछ ।
- जनसवलीकरणको माध्यमबाट लोकतान्त्रिक अवधारण पछ्याउँदै लक्षित वर्गको संलग्नतामा विकास कार्यहरु संचालन गरिनेछ ।
- लक्षित समूहलाई मध्यनजर गर्दै कृषि, व्यापार व्यवसाय र पर्यटनको विकास गरी गरिवी न्यूनीकरणमा जोड दिइनेछ ।

### च) वातावरण सन्तुलन तथा दिगो विकास

- नगरपालिकाको फोहोर व्यवस्थापनको लागि कुहिने र नकुहिने फोहोर छुट्याई व्यवस्थापन गर्ने नीति अनुसरण गरिनेछ र संभाव्यता अध्ययनको आधारमा दीर्घकालीन स्यानिटरी ल्याण्डफिल साइटको निर्माण र संचालन गरिनेछ ।
- हाल नगरपालिकाबाट भैरहेको फोहोरमैला संकलन कार्यलाई नियमित गर्दै अझ व्यवस्थित र क्षेत्र विस्तार गरिने छ ।
- स्थानीय श्रोत र सम्पदाको अध्ययन, संरक्षण र व्यवस्थापन गरी दिगो विकास हासिल गरिनेछ ।
- प्राङ्गारिक खेती र पर्यावरणीय (अनुकुल) कृषिमा जोड दिइनेछ ।
- भौतिक पूर्वाधार विकास तथा संरचना निर्माण सम्बन्धी कार्यलाई वातावरणमैत्री बनाइनेछ ।
- जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरणको लागि न्यूनीकरण तथा अनुकुलनको उपायहरु अवलम्बन गरी समग्र नगरपालिकाको विकास गरिनेछ ।
- प्राकृतिक श्रोतको दीगो विकासका साथै वातावरणमैत्री विकास अवधारणा अनुसार विकासका कार्यहरु संचालन गरिनेछ ।
- पहिरो, नदि कटान, भू-क्षय, बाढी र डुबानको समस्यालाई न्यूनीकरण गर्नेको लागि नदी र खोला तटीय क्षेत्र र स्थानीय सिंचाई नहर/कुलोहरुमा वृक्षारोपण, तटबन्ध र ग्याविन वालको निर्माण गरिनेछ ।
- जलाधार र मुहान क्षेत्रहरुको संरक्षण र संवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय उपभोक्ता समूहहरुलाई प्रभावकारी र उत्तरदायी बनाईनेछ ।

## छ) संस्थागत क्षमता विकास

- नगरपालिकाको काम कारवाहीलाई सूचना प्रविधि मार्फत चुस्त, सहज र पारदर्शी बनाई सुशासन कायम गरिने छ ।
- वडा कार्यालयहरुको भवन निर्माण गरी वडा कार्यालयको संस्थागत विकासलाई प्राथमिकता दिईने छ ।
- नगरपालिका र वडा कार्यालयहरुमा सहायता कक्षको निर्माण गरी जनतालाई सहज र छिटो सेवा प्रदान गरिनेछ ।
- नगरपालिकाको कायम दरबन्दीमा पदपुर्ती गरी आवश्यक विज्ञ, प्राविधिक र अन्य कर्मचारीको पदपुर्ती गरिने छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिम, शैक्षिक भ्रमण र अभिमुखीकरण गरी आधुनिक सूचना प्रविधी/प्रणाली मैत्री बनाईनेछ ।
- नगरपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको डिजिटल नागरिक वडापत्र राखी पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- जथाभावी वस्ती विकास तथा घरहरु निर्माणलाई नियमन र नियन्त्रण गर्नको लागी नगरपालिकाको निर्माण मापदण्ड (विल्डिङ वाईलज) र भवन संहिता (विल्डिङ कोड) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- नगरपालिका भित्र हुने घर निर्माणको नक्शापासलाई व्यवस्थित र सर्वसुलभ गर्न सूचना प्रविधिमा आधारित (EBPS) प्रणाली जडान गरी क्रमश लागू गरिने छ ।
- नगरपालिकामा हुने मानव जन्य र प्राकृतिक प्रकोप तथा विपदलाई न्यूनिकरण र व्यवस्थापन गर्न "स्थानीय विपत तथा जलवायु उत्थानशील योजना, २०७८" लाई प्राथमिकताको आधारमा क्रमश कार्यान्वयन गरिने छ ।
- विकास आयोजना छनौट प्रकृयामा लक्षित वर्ग, दलित, जनजाति, आदिवासी समुदायको सहभागिता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाइनेछ ।
- उपभोक्ता समितिलाई आयोजना निर्माण तथा संचालन सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै आयोजना संचालनलाई प्रभावकारी तथा पारदर्शी बनाइनेछ ।
- महिला, बालबालिका लगायत लक्षित वर्गको संस्थागत र क्षमता विकास गरी विकास व्यवस्थापन तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित र प्रभावकारी बनाइनेछ ।
- नगरपालिकाबाट हुने कार्यसम्पादन र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन नागरिकको गुनासो सुनवाई तथा तत्काल सम्वोधन गर्नको लागि सूचना प्रविधि प्रणालीको विकास गरिने छ भने "गुनासो सुनवाई तथा सम्बोधन कार्यविधि" तर्जुमा गरिने छ ।
- स्थानीय सरकारको दैनिक कार्यसम्पादन र सेवा प्रवाहलाई अझ सशक्त र प्रभावकारी बनाउन आवश्यक ऐन, कानुन, निर्देशिका र कार्यविधिहरुको क्रमश तर्जुमा गर्दै लगिने छ।

**ज) सामाजिक समावेशीकरण तथा अवसरमा समानता**

- योजना तर्जुमा तथा संचालन प्रक्रियालाई अझ बढी समावेशी र सहभागितामूलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी सन्तुलित विकासमा जोड दिइनेछ ।
- स्थानीय श्रममूलक प्रविधिमा जोड दिई विकास निर्माण कार्य अगाडी बढाइनेछ तथा स्थानीय उत्पादन वृद्धिमा विशेष ध्यान केन्द्रित गरिनेछ ।
- आमा समूह, महिला समूह तथा संजाल, कृषक समूह, उपभोक्ता समूहहरुलाई सशक्त बनाई समावेशी समानताको नीति अपनाइनेछ ।
- महिला, बालबालिका लगायत लक्षित वर्ग, दलित, जनजाति, आदिवासीको कार्यक्रम व्यवस्थित रुपमा तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी मूलप्रवाहीकरण गरिनेछ ।

**झ) स्थानीय सुशासन तथा जनउत्तरदायित्व**

- नगरपालिका र स्थानीय सरोकारवालाहरुबीच समन्वयमा योजना कार्यान्वयन गरिने परिपाटीको विकास गरिनेछ ।
- संस्थागत सुद्दृढीकरण, गुणस्तरियता, पारदर्शिता तथा दीगोपनालाई विकास कार्य संचालनको प्रमुख रणनीतिको रुपमा अपनाइनेछ ।
- स्थानीय सुशासन तथा जनउत्तरदायित्व अभिवृद्धिका लागि साझेदारहरु बीच नियमित अन्तरक्रिया, छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक र सहभागितामूलक बनाउदै नागरिक समाजलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।
- संस्थागत सुशासन कायम गर्दै भ्रष्टचारमुक्त कार्यविधि अपनाईनेछ ।
- सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको लागि आवश्यक संयन्त्रको विकास गरी सूचना उपलब्धताको सुनिश्चितता गरिनेछ ।
- योजना कार्यान्वयनको लागी नगरपालिकाको अनुगमन संयन्त्र शसक्त रुपमा परिचालन गरिने छ साथै प्रगती समीक्षा नियमित रुपमा गरिनेछ ।
- आन्तरिक र अन्तिम लेखा प्रतिवेदनहरु समयमै सम्पन्न गरी यस्ता प्रतिवेदनहरु उपर सार्वजनिक सुनवाई र सामाजिक लेखा परिक्षण सम्पन्न गरिने छ ।
- नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत, प्राविधिक र शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार गरिने छ ।
- नगरपालिकाको वेभसाइट नियमित अद्यावधिक गरी नगरपालिकाबाट प्रसारित हुने सूचना, तथ्याङ्क, प्रतिवेदन, ऐन कानुन, करका दरहरु र सेवा प्रवाह आदिमा नगरवासीको सहज पहुँच सुनिश्चित गरिने छ ।
- नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनलाई ई-गभर्नेन्सको अवधारणामा लगि नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनलाई अझ चुस्त, सशक्त र सर्वसुलभ बनाइने छ ।

**ञ) सामाजिक न्याय तथा मानव अधिकार**

- सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संस्थागत संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ ।
- सामाजिक परिचालनलाई स्थानीय समुदायको सशक्तिकरणको प्रमुख रणनीतिको रुपमा संचालन गरिनेछ र यस कार्यमा स्थानीय सहजकर्तालाई परिचालन गरिनेछ ।
- समाजमा पिछडिएको वर्ग, आदिवासी, दलित, जनजाति, महिलाहरुको विकास र सहभागिताका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिक वृत्ति लगायत अन्य सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने वातावरण बनाई यसको प्रभावकारिताको अध्ययन र मूल्याङ्कन गरिनेछ ।
- नगरपालिका भित्र रहेका उद्योगहरुमा कार्यरत मजदुरहरुको भविश्यको लागि नगरपालिका, उद्योग र मजदुरहरुको सहकार्यमा मजदुर कल्याण कोष खडा गरिनेछ ।
- लक्षित वर्ग, महिला, वालवालिका, अपांग आदिलाई विकासको मूल प्रवाहमा समाहित गर्न र नगरपालिकाबाट हुने सेवाहरुमा पहुँच वृद्धि गर्न विभिन्न सचेतनाका कार्यक्रमहरु नियमित रुपमा गरिने छ ।
- वालमैत्री स्थानीय शासन पद्धतीलाई पूर्ण रुपमा लागू गरिने ।

**ट) समुदाय, निजी क्षेत्र एवं गैरसरकारी संस्थाको परिचालन**

- सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक-निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ ।
- निजी क्षेत्रलाई विकास निर्माणमा परिचालन गर्नका लागि स्थानीय स्तरमा लगानीमैत्री वातावरण निर्माणका साथै वाह्य श्रोत तथा साधनको अधिकतम परिचालन गरिनेछ ।
- समुदाय, निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरु जस्ता साझेदारहरु बीच अन्तरक्रिया छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ।
- सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाको संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने नीति लिइनेछ ।
- सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्वको अभिवृद्धिका लागि उपलब्ध कानूनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजारहरु प्रयोग गरी सुधारका प्रतिबद्धताको पालना गरिनेछ ।

**ठ) नतिजामूलक अनुगमन प्रणाली**

- योजना तथा बजेट तर्जुमा गर्दा स्थानीय तह पुनर्संरचना अनुसार नगरपालिका मातहत रहने विषयगत कार्यालयहरुको समन्वय र समझदारीमा अगाडि बढाइने छ ।

- योजना कार्यान्वयनको लागी नगरपालिकाको अनुगमन संयन्त्रलाई सशक्त रुपमा परिचालन गरिनुका साथै प्रगती समीक्षा नियमित रुपमा गरिनेछ ।
- योजनाहरुको अनुगमन गर्दा नतिजामुखी खाका अनुसार गरिनेछ ।
- आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- नगरपालिकाबाट हुने विकास निर्माण र अन्य कार्यहरुको बारेमा नियमित रुपमा सार्वजनिक सुनवाई र सामाजिक लेखा परिक्षण गरिने छ ।
- कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने कर्मचारी, संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

## ३.५ सोंच, लक्ष्य तथा उदेश्य

### ३.५.१ दिर्घकालिन सोंच

दीर्घकालीन सोचलाई नगरपालिकाको दीर्घकालको आदर्शको रुपमा लिन सकिन्छ । दीर्घकालिन सोंच भन्नाले वर्तमानको अवस्थाबाट निश्चित भविश्यमा पुग्न सकिने एक इच्छित अवस्था हो । यसको लागि नगरपालिकामा उपलब्ध स्रोत, साधन, सम्भाव्यतालाई सदुपयोग गर्दै नगरपालिकाको मुख्य समस्या र चुनौतीहरुलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ । दीर्घकालीन सोंच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोंच नभएतापनि आवधिक योजनाले यसलाई अगाडी बढाउन मद्दत गर्दछ ।

समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोंच तब मात्र पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुर्‍याउँदछ । त्यसैले यस चैनपुर नगरपालिकाको योजना तर्जुमा गर्दा केन्द्रीय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोंच (समृद्ध नेपाल, सुखी नेपाली), त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिईएको थियो भने कोशी प्रदेशको दीर्घकालीन सोंच (स्वच्छ, सुखी र समुन्नत प्रदेश), अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई समेत आधार मानि नगरपालिकाका जनप्रतिनिधिहरु, निर्देशक समिति र बिषयगत समितिहरु, स्थानीयवासी, बुद्धिजीवि र समाजसेवी, राजनीतिकर्मी आदिहरुसंग व्यापक छलफल र परामर्श समेत गरिएको थियो । यसका साथै नगरपालिकाको सम्भावना तथा अग्रणी क्षेत्रहरुको समेत विश्लेषण गरिएको थियो । यसरी केन्द्रिय र प्रदेश सरकारको लिएको दिर्घकालिन सोंच, त्यसमा भएका लक्ष्य, उदेश्य र रणनीतिहरुका साथै नगरपालिकाको संभावना तथा विकासका अग्रणी क्षेत्रहरुलाई समग्र विश्लेषण गर्दा चैनपुर नगरपालिकाको विद्यमान दिर्घकालिन सोंच "कृषि, पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार" ले निर्दिष्ट गरेको दिर्घकालिन सोंच नै आगामी १०-१५ बर्षको लागि उपयुक्त दिर्घकालिन सोंच हुने देखिएकोले चैनपुर नगरपालिकाको मिति २०८०/२/४ को कार्यपालिकाको वैठकले (वैठकको माईन्यूट अनुसूची ३ मा राखिएको छ) यस आवधिक योजनाको लागि समेत सोही दिर्घकालिन सोंचलाई निरन्तरता दिएको छ, जुस यस प्रकार छः

**"कृषि, पर्यटन र व्यापार**
**सुरक्षित समृद्ध नगरको आधार"**

चैनपुर नगरपालिकाको अधिकांश लगानी भौतिक र सामाजिक पूर्वाधार विकासका साथै कृषि, व्यापार र पर्यटनको बिकास र रोजगार प्रवर्द्धनमा नै केन्द्रित भैइरहेको छ। सडक तथा पुल निर्माण, विद्यालय तथा स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माण र मर्मत संभार, गुणस्तरिय शिक्षा र प्राविधिक शिक्षामा जोड दिइ स्थानीयवासीको रोजगारी बढाउने लक्ष्य नगरपालिकाले लिएको छ। त्यस्तै यो नगरपालिकामा कृषि उत्पादनमा खास गरी अलैची र कफी जस्ता नगद्बेवाली, धान, मकै कोदो, गौ/जौ जस्ता अन्नवालीहरु, दलहन (दाल गेडागुडी), तरकारी (आलु, गोलभेडा, वन्दा/काउली, बोडी, घिरौला, मुला, काक्रो, लौका, फर्सी, लुसन, प्याज, खुर्सानी, अदुवा, वेसार), लगायत फुलफुल (अम्बा, कागती, सुन्तला) र पशुपालनको अत्यन्तै सम्भावना रहेको छ। यहाँको कृषि उत्पादनलाई कोशी प्रदेशको राजधानी विराटनगर लगायत प्रदेशका ठूला शहरहरु इटहरी, धरान, दमक र अन्य मुख्य व्यापारिक केन्द्रहरुमा निकासी गरी ठूलो आर्थिक लाभ लिन सकिन्छ । यहाँको हावापानी र जमीन कृषिको लागि उपयुक्त रहेको, सडकको पूर्वाधार राम्रो रहेकोले कृषिमा आधारित उद्योगहरु लगायत अन्य उत्पादनमूलक र निकासीजन्य उद्योगहरुको समेत सम्भावना रहेको छ।

चैनपुर नगरपालिकामा पर्यटनको ठूलो संभावना रहेको छ । यस नगरपालिकामा प्रसिद्ध सिद्धकाली मन्दिर, ऐतिहासिक वानेश्वर मन्दिर, विश्वकै ठूलो प्राकृतिक शिवलिंग रहेको वालेश्वर गुफा, प्राकृतिक तथा धार्मिक स्थलहरु, बानेश्वर डाँडा, प्राकृतिक सुन्दरताले भरिपूर्ण गुफापोखरी, पदमार्ग, भिरेश्वर गुफा, तातोपानी जस्ता धार्मिक र पर्यटकिय स्थलहरु छन्। त्यसैगरी चैनपुर परम्परागत नेवारी वास्तुकला, काठबाट बनेका ऐतिहासिक घरहरु, कला र संस्कृतिको समेत धनी रहेको छ । घुमघामको लागि अनुकुल मौसम, चैनपुरबजारसम्मै पक्की सडकको पहुँच र करिब ३० मिनेटको दुरीमा तुम्लिङ्टार विमानस्थल लगायत अन्य धेरैजसो धार्मिक र पर्यटकीय स्थलहरुसम्म सडक पुगिसकेको छ । कोशी प्रदेशका ३ ठूला शहरहरु विराटनगर, ईटहरी र धरानबाट ४-५ घण्टाको दुरीमा पुग्ने सकिने चैनपुर ३-४ दिनको समय लिएर पारिवारीक विदा मनाउन सकिने उत्कृष्ठ पर्यटकीय गन्तव्य बन्न सक्ने देखिन्छ।

चैनपुर पूर्वी नेपालकै ऐतिहासिक महत्व बोकेको पुरानो पहाडी बजार केन्द्र हो भने संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी पछीको दोस्रो ठूलो व्यापारिक केन्द्र पनि हो । जिल्लाको पुरानो व्यापारिक केन्द्र र सदरमुकाम भएकोले अहिले पनि चैनपुरमा जिल्ला अदालत, जिल्ला न्यायधिवक्ता, शसस्त्र प्रहरी गुल्म, मालपोत कार्यालय, नापी कार्यालय जस्ता जिल्लाका महत्वपूर्ण सरकारी कार्यालयहरु छन् । राणा शासन र पंचायत व्यवस्थाको शुरुवाती समयमा निक्कै फष्टाएको यो बजारमा वरीपरीका जिल्ला, वजारकेन्द्र, वस्ती लगायत तराईका जिल्लाहरुबाट समेत व्यापारीहरु चैनपुरको धातुको करुवा, घरेलु हतियार लगायत डोको, नाम्लो, जडिबुटी, सख्खर, फलफुल आदि खरिद गर्न आउने गर्थे । चैनपुरबाट जिल्ला सदरमुकाम खाँदबारी सरेसंगै चैनपुरको व्यापारिक गतिविधि विस्तारै ओरालो लाग्यो । तर समयक्रमसंगै चैनपुरलाई कोशी राजमार्गले पूर्वी तराईका ठूला शहरहरु, सदरमुकाम खाँदबारी र तुम्लिङटार विमानस्थलसंग जोडेसंगै यसले पुन आफ्नो व्यापारिक गतिविधि बढाउदै लगेको छ। चैनपुर नगरपालिकामा चैनपुर बजार, पोखरी बजार र खराङ गरी ३ वटा बजार केन्द्रहरु छन्। नगरपालिकाका यीनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको शहरीकरण र सडक संजालको विस्तारसंगै चैनपुर नगरपालिकामा नयाँ नयाँ उद्योग र व्यवसायहरुको संख्या क्रमश बढदै गएको देखिन्छ।

त्यसैले कृषि, पर्यटन र व्यापार नै नगरपालिकाको विकासका मुख्य तीनवटा अग्रणी क्षेत्रहरु हुन् । नगरपालिकाको समग्र विकास यीनै तीन क्षेत्रहरुबाट सम्भव हुने देखिएको र नगरपालिकाको पहिचान र समृद्धिको आधारहरु समेत भएकोले नगरपालिकाको दिर्घकालिन सोंचमा कृषि, पर्यटन र व्यापारलाई विशेष जोड दिईएको छ ।

**दीर्घकालीन सोंचले समेटेको विषय तथा शव्दावलीहरुको अर्थ**

**कृषि**

दिर्घकालिन सोंचको कृषि शब्दले निम्न क्षेत्रहरु समेटेको छः

- नगद्बेवाली, व्यवसायिक कृषि (तरकारी र फलफुल समेत) तथा पशुपालन, मत्स्यपालन, मौरी पालन र दुग्ध विकास ।
- कृषि उत्पादनको भण्डार र बजारीकरण ।
- सहज बजार पहुँच र उचित मूल्य ।
- स्थानीय रैथाने वालीहरुको संरक्षण र सम्वर्द्धन ।
- उन्नत वाली र पशुपंक्षीहरुको प्रवर्द्धन ।
- सिंचाई पूर्वाधारको विकास ।
- कृषि पकेट क्षेत्र विकास ।
- उच्च उत्पादकत्व ।
- कृषि सामाग्री, मल, बिज, प्रविधि, तालिम र सहज ऋणको व्यवस्थापन ।
- कृषि सडकको निर्माण र कृषि विद्युतीकरण ।

**व्यापार**

दिर्घकालिन सोंचको "व्यापार" शब्दले निम्न क्षेत्रहरु समेटेको छः

- साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धन र विकास ।
- चैनपुर, खराङ र पोखरी बजारको व्यवस्थापन ।
- स्थानीय उद्यमी तथा व्यापारीहरुलाई सहज ऋणको व्यवस्था ।
- स्थानीय हाटबजारहरुको पूर्वाधार विकास ।
- मजदुरको उपलब्धता र दक्ष जनशक्तिको विकास ।
- कृषि तथा फलफुलमा आधारित निकासीजन्य उद्योगहरुको विकास ।
- दुध, अण्डा, माछा र मासुमा आधारित उद्योगहरु ।
- स्थानीय उद्योगहरुमा रोजगार सृजना र आर्थिक उन्नती ।
- उद्योगहरुको विकास मार्फत नगरपालिकाको राजश्व र आन्तरिक आयमा वृद्धि ।
- नगरपालिकाका वडा र ग्रामिण वस्ती/टोलहरुसम्म बैंकिङ र सहकारी सेवाको विस्तार ।

**पर्यटन**

दिर्घकालिन सोंचको "पर्यटन" शब्दले निम्न क्षेत्रहरु समेटेको छः

- नगरपालिका भित्रका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको पहिचान, सम्वर्द्धन र प्रवर्द्धन, प्रचारप्रसार गर्ने ।
- पर्यटकिय पूर्वाधारहरुको (धार्मिक तथा साँस्कृति क्षेत्रहरुको जिर्णोद्धार, मर्मत संभार, घेराबार, पदमार्गको पूर्वाधार विकास, पर्यटकिय क्षेत्रहरुमा भौतिक पूर्वाधार विकास, स्तरीय होटल, रिसोर्ट, पर्यटन सूचना केन्द्र, ट्राभल्स एजेन्सी आदि) निर्माण ।
- पर्यटकिय क्षेत्रसम्म पुग्नको लागि सर्वयाम सडकको निर्माण ।
- पर्यटकिय क्षेत्र, स्थानीय जात्रा र पर्वहरुलाई समेटन गरी पर्यटनसंग सम्बन्धित कार्यक्रम र भ्रमण प्याकेजहरु निर्माण गर्ने ।
- चैनपुरको पर्यटनको विकासको लागि नगरपालिकाले स्थानीयवासी, नीजि क्षेत्र लगायत प्रदेश र केन्द्र सरकारसंग समन्वय र सहकार्य गर्दै ।

**सुरक्षित**

सुरक्षित शब्दको अर्थ वृहत नेपाली शब्दकोषमा निरापद, निर्भय, परिरक्षित, संरक्षित, संवृत, सुद्धढ भन्ने बुझाउछ । नगरपालिकाको आवधिक योजना तर्जुमाको दीर्घकालीन सोंचमा समाविष्ट "सुरक्षित" शव्दले तल उल्लेख गरिएको विषयलाई समेट्न खोजिएको छ;

- नगरपालिकामा बसोबास गर्ने सबै वर्ग, क्षेत्र, लिंग, जातिका मानिसहरुले नगरपालिकाबाट सम्पादन हुने सेवा प्रवाह र सुविधाहरुमा समान र समावेशी सहभागिता र पहुँच स्थापित भएको हुनेछ ।
- नगरपालिकाका हुने विभिन्न प्रकारका प्राकृतिक र मानव सिर्जित विपत र जोखिमहरुको न्यूनिकरण र व्यवस्थापन भै नगरवासीहरुको बसोबास सुरिक्षत र संरक्षित भएको हुनेछ ।
- प्राकृतिक विपद र जोखिमबाट स्थानीय वातावरण र सम्पदाहरुको संरक्षण भै क्षति न्यूनिकरण भएको हुनेछ ।
- बाँदर, दुम्सी, खरायो र मृजजस्ता जंगली जनावारहरुको उचित व्यवस्थापन भै स्थानीय जनसमुदाय र वालीनालीको संरक्षण भएको हुनेछ ।
- स्थानीय सामाजिक अपराधहरुको न्यूनिकरण र नियमन भै नगरवासीहरुको दैनिक जिवनयापन सुरक्षित, भयमुक्त र मर्यादित भएको हुनेछ ।

**समृद्ध**

समृद्ध शब्दको अर्थ वृहत नेपाली शब्दकोषमा धनधान्य आदिले सम्पन्न, पुगीसरी आएको, उन्नतशील, उन्नत भन्ने बुझाउछ । यसले चैनपुर नगरपालिका भविश्यमा सम्पन्न, उन्नतशील, उन्नत तथा सामाजिक, आर्थिक, पूर्वाधार लगायत व्यापारिक र पर्यटकिय गतिविधिले पूर्ण नगरको रुपमा विकास गर्नुपर्ने विषयलाई समेटेको छ । नगरपालिकाको आवधिक योजना तर्जुमाको दीर्घकालीन सोंचमा समाविष्ट संमृद्ध शव्दले तल उल्लेख गरिएको विषयलाई समेट्न खोजिएको छ;

- शिक्षा र स्वास्थ्य सेवामा समृद्ध ।
- पूर्वाधार विकासमा समृद्ध ।

- अन्नवाली, तरकारी र फुलफुलमा आत्मनिर्भर हुँदै उन्नत र व्यवसायीक कृषिको बिकास मार्फत स्थानीय कृषकको आर्थिक सम्पन्नता ।
- आर्थिक (उद्योग, व्यापार तथा व्यवसाय,पर्यटन, रोजगार) विकासमा समृद्ध ।
- नगरपालिकाको सेवा सुविधा प्रवाहीकरणमा सफल र समृद्ध ।

### ३.५.२ लक्ष्य

चैनपुर नगरपालिकाको समग्र विकासका लागि कृषिको आधुनिकीकरण र बजारीकरण, पर्यटन, व्यापार व्यवसाय र उद्योगहरुको विकास गर्दै स्थानीयवासीको आर्थिक एवं सामाजिक स्तरमा बृद्धि, वातावरण एवं दिगो पूर्वाधारहरुको विकास, स्वावलम्वी एवं आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएको छ । साथै यस योजनाका निम्न लक्ष्यहरु रहेका छन् :

१) नगरपालिकालाई कृषि, पर्यटन र व्यापारको लागि उपयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।
२) नगरपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने ।
३) नगरपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको समुचित प्रयोग गरी आर्थिक वृद्धि गर्ने ।

### ३.५.२ उदेश्य

नगरपालिकाको समष्टिगत उद्देश्यहरु यसप्रकार छन्:

१. नगरपालिकालाई तरकारी, खाद्य उत्पादन, माछा, मासु, दूधमा आत्मनिर्भर बनाउने ।
२. अलैची र कफि जस्ता नगद्वेवालीको व्यवसायीकरण गर्ने ।
३. नगरपालिकालाई आधारभूत पूर्वाधारले सम्पन्न बनाउने ।
४. नगरपालिकामा लगानी मैत्री वातावरणको सृजनाद्धारा कृषि, पर्यटन, उद्योग तथा व्यापार/व्यवसायको प्रवर्द्धन गर्ने ।
५. नगरपालिकामा शिक्षा, स्वास्थ्य, रोजगार, शान्ति–सुरक्षा जस्ता आधारभूत अधिकारको विकासको लागि उपयुक्त वातावरण निर्माण गर्दै उत्पीडित, असहाय, गरीब, दलित, पिछडिएका वर्ग, बालबालिका, अशक्त, वृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने ।
६. वातावरण संरक्षण र सम्वर्धन गर्दै स्वच्छ, सफा, हराभरा र सुरक्षित नगर निर्माण गर्न पूर्वाधार तथा भवनहरुको निर्माण कार्य प्रचलित मापदण्ड र निर्माण संहिता अनुसार गर्ने/गराउने ।
७. स्थानीय नदि र खोलानालाको कटान, डुबान, पहिरो र भूक्षयलाई व्यवस्थित गरी नगरवासीलाई पहिरो, बाढी, डुबान, भू-क्षय र कटानको समस्याबाट मुक्त गर्ने ।
८. बाँदर, दुम्सी, खरायो र मृजजस्ता जंगली जनावारहरुको उचित व्यवस्थापन गरी स्थानीय जनसमुदाय र वालीनालीको संरक्षण गर्ने ।
९. वडा कार्यालयहरुक भवन निर्माण गर्ने ।

१०. नगरपालिका र वडा कार्यालयहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्दै सेवा सुविधालाई प्रभावकारी एवं सर्वसुलभ बनाई जनउत्तरदायी स्थानीय सरकारको विकास गर्ने ।

११. नगरपालिकाबाट सम्पादन र प्रवाह हुने सेवा सुविधाहरुलाई प्रविधियुक्त बनाई सुशासनलाई अझ शसक्त र प्रभावकारी बनाउने ।

## ३.६ रणनीति तथा प्राथमिकता

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उदेश्यहरु प्राप्त गर्नेको लागि निम्न वमोजिमका रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छः

१. नगरपालिकामा कृषि, पर्यटन र व्यापार व्यवसाय विकासको लागि पूर्वाधार विकास कार्यलाई तिव्रता दिने ।
२. नगरपालिकाका सम्पूर्ण जनसंख्यालाई खानेपानी, ढल, विद्युत र टेलिफोन सेवाको सुनिश्चितता गर्ने ।
३. भू-उपयोग योजना क्रमश कार्यान्वयन गर्दै जाने ।
४. कृषि, पर्यटन तथा व्यापार व्यवसायी मैत्री कार्यनीति अबलम्बन गर्ने ।
५. नगरवासीको लागि आवश्यक शिक्षा र स्वास्थ्यका पूर्वाधारहरुको विकास र विस्तार गर्दै जाने ।
६. नगरपालिकाको लागि आवश्यक दक्ष जनशक्ति पहिचान गरी सो मुताविक कार्ययोजना बनाउने ।
७. उत्पीडित, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न, दलित, जनजाति, पिछडिएका वर्ग, आदिवासी समुदायलाई लक्षित हुनेगरी रोजगारीमूलक तथा क्षमता विकासका कार्यक्रम तर्जुमा गर्ने ।
८. भवन र अन्य भौतिक पूर्वाधार निर्माण गर्दा भवन निर्माण मापदण्ड र भवन संहिता कडाईका साथ कार्यान्वयन गर्ने ।
९. विपद व्यवस्थापन तथा नागरिक सुरक्षा व्यवस्थापनको लागि "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना २०७८" कार्यान्यिवन गर्दै पूर्व जानकारी, पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै जाने ।
१०. वातावरण संरक्षण र प्राकृतिक प्रकोपको न्यूनीकरण सम्बन्धी प्रष्ट नीति ल्याउने ।
११. वातावरण सुधार र फोहोर व्यवस्थापनको लागि फोहोरको बहु-उपयोगको व्यवस्था शुरुदेखिनै अवलम्बन गर्ने ।
१२. भौतिक संरचनालाई अपांग मैत्री र वातावरण मैत्री बनाउने ।
१३. रोजगारीमूलक व्यवसायको विकास र प्रवर्द्धनको लागि पहल गर्ने ।
१४. विकास आयोजना तय गर्ने र बजेट विनियोजन गर्ने कार्यलाई पहुँचमा आधारित प्रणालीलाई निरुत्साहित गर्दै वास्तविक आवश्यकताको सिद्धान्तलाई अनुशरण गरी योजना तथा कार्यक्रम तय गर्ने।
१५. स्थानीय तहको सेवा, सुविधालाई सरल तथा गुणस्तरीय बनाउने र सेवाग्राही-मैत्री एवं विद्युतीय सुशासनद्वारा सेवा प्रदान गर्ने पद्दतिको शुरुवात गर्ने ।
१६. मानवपूँजी निर्माण र सशक्तिकरण गर्न नगरपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

१७. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
१८. लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरुमा नगरपालिकाको अनुदान बढाउदै जाने ।
१९. नगरपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने।
२०. विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै नगरको दीर्घकालीन योजनामा समावेश गर्ने ।
२१. निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्यहरु संचालन गर्ने ।
२२. सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने ।
२३. नगरपालिकाको कार्यसम्पादन र सेवा प्रवाहलाई अझ सशक्त र प्रभावकारी बनाई सुशासन कायम गर्न आवश्यक पर्ने नीति, ऐन, निर्देशिका र कार्यविधिहरु क्रमश तर्जुमा गर्दै जाने ।

## ३.७ लगानी, स्रोत अनुमान र बाँडफाट

स्थानीय तहको पुनर्संरचना पश्चात २०७३ सालमा गठन भएको चैनपुर नगरपालिकामा पहिलो जननिर्वाचित जनप्रतिनिधिहरुको ५ बर्षे कार्यकाल समाप्त भै दोस्रो कार्यकालको लागि जनप्रतिनिधिहरु निर्वाचित भएको पनि लगाभग १ बर्ष भैसकेकको छ। निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकालसम्म आईपुग्दा चैनपुर नगरपालिका लगभग संस्थागत भैसकेको देखिन्छ । यसैबिच नगरपालिकाले आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ती, संघसस्था दर्ता तथा संचालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरिक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक वडापत्रको पूर्ण कार्यान्वयनको लागि ५९ वटा विभिन्न ऐनकानून, नियमालवी, कार्यविधि, निर्देशिका, नीति, मापदण्ड, आचार संहिता आदि निर्माण समेत गरिसकेको छ । उत्तर दक्षिण कोशी राजमार्ग र तुम्लिङटार विमानस्थलसम्म पक्की सडकले जोडिएको यो नगरपालिकामा पक्की, ग्राभेल र धुले सडकहरु वडा र भित्री वस्तीहरुसम्म पुगेको छ । शिक्षा, स्वास्थ्य लगायत अन्य सामाजिक पूर्वाधारहरुको एक तहसम्म विकास भैसकेको यस नगरपालिकामा कृषि, पर्यटन र व्यापारको भने प्रशस्त संभावना रहेको छ । हालैका वर्षहरुमा नगरपालिकाका मुख्य वस्ती र बजार केन्द्रहरुमा शहरीकरणले गति लिन थालेको छ ।

नगरपालिकाको विगत ३ आर्थिक बर्षको (२०७६/७७-२०७८/७९) आन्तरिक आयको हिस्सा कुल आयको लगभग २% मात्र देखिन्छ जसले नगरपालिका अहिले पनि आर्थिक रुपमा प्रदेश र संघीय सरकारबाट प्राप्त हुने समानीकरण, शसर्त र निशर्त अनुदानमा निर्भर रहेको देखिन्छ । नगरपालिकाको आन्तरिक आयको स्रोतहरुमा सम्पति कर, भूमि कर/मालपोत, घरवहाल कर, वहाल विटौरी कर, विभिन्न दस्तुरहरु (नक्शापास, सिफारिस, नाता प्रमाणित, व्यवसाय रजिष्ट्रेशन/नविकरण), व्यक्तिगत घटना शुल्क, सरकारी सम्पतिको बहालबाट प्राप्त आय आदि छन् । आम्दानीको मुख्य स्रोत मालपोत र सम्पत्ति कर दुबै संकलन भएको देखिन्छ तर संकलित रकम न्यून रहेको छ । घरजग्गा वहाल कर तर्फ न्यून असुली देखिएको छ ।

चैनपुर नगरपालिका जिल्लाकै दोस्रो ठूलो व्यापारिक केन्द्र भएतापनि व्यवसाय कर निक्कै न्यून देखिन्छ । बहाल बिटौरीको शुल्कको संभावना भएतापनि यसबाट अत्यन्त न्यून रकम मात्र संकलन भएको देखिन्छ । सरकारी

सम्पत्ति (जेसीबी, प्रोजेक्टर) को बहाल लगाउन सकिने भएपनि सो शिर्षकबाट ५० हजारको हाराहारीमा आय संकलन हुने गरेको छ । नगरपालिकाबाट अलैची, कफि, रुद्राक्ष, खयर काठ, खसी बोका, गाईगोरु, ढुंगा गिट्टी, स्लेट, खानीजन्य वस्तु, जटिबुटी आदि निर्यात हुने भएतापनि यसबाट कुनै आय भएको देखिदैन । त्यसैगरी नगरपालिका भित्र संचालनमा रहेका जलविद्युत आयोजनाहरुबाट समेत रोयल्टी वापत अपेक्षाकृत रकम प्राप्त भएको देखिदैन । नगरपालिकाले २०७८ मा राजश्व सुधार कार्ययोजना तर्जुमा गरिसकेको भएतापनि यसको पूर्ण कार्यान्वयन भएको देखिदैन । तर्जुमा भैरहेको चैनपुर नगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक खर्च जुटाउन संघ र प्रदेशको अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ । यस नगरपालिकाको आन्तरिक स्रोतका दायराहरु अझ फराकिलो गरी संघ र प्रदेशको वित्तिय हस्तान्तरण माथिको निर्भरता अझ कम गराउन सकेमा आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सजिलोसंग स्रोत जुटि कायान्वयन पक्ष निक्कै सवल हुनेछ ।

यसै परिप्रेक्ष्यमा आर्थक बर्ष २०७७/०७८ को तुलनामा आ.व २०७८/०७९ मा संघबाट हस्तान्तरण हुने रकमहरूमा भएको वृद्धिलाई उत्साहवर्द्धक मान्न सकिन्छ । यसैगरी आवधिक योजनाको आगामी वर्षहरूमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुदै जाने अनुमान गएिको छ । नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को अनुमानित आयको अवस्थालाई हेर्दा संघीय सरकारबाट लगभग ५० करोड, प्रदेश सरकारबाट करिब ३ करोड, राजश्व बाँडफाँडबाट १७ करोड र नगरपालिकाको आन्तरिक आयबाट २ करोड गरी कुल ७२ करोड रुपैया जति आम्दानी हुने प्रक्षेपण गरेको देखिन्छ । यसै आम्दानीलाई आधार मानेर प्रक्षेपण गर्दा आगामी ५ बर्षहरुमा संघबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट करिव रु. ३५० करोड जति वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ ।

तालिका ६१: सार्वजनिक स्रोतहरुको प्रक्षेपण

| स्रोत | रकम (रु करोडमा) | प्रतिशत |
|---|---|---|
| संघीय सरकार | ३५० | ८६.८ |
| प्रदेश सरकार | १५ | ३.७ |
| संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम | १० | २.५ |
| आन्तरिक राजश्व तथा प्राप्ति | १५ | ३.७ |
| नीजि क्षेत्र | ५ | १.२ |
| सहकारी क्षेत्र | ३ | ०.७ |
| विभिन्न संघ संस्था | ५ | १.२ |
| कुल | ४०३ | १००.० |

यसै गरी प्रदेशबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबाट करिव रु. १५ करोड प्राप्त हुने अनुमान गरिएको छ भने नगरपालिकाको आन्तरिक राजश्वबाट रु. १५ करोड प्राप्त हुने अनुमान गरिएको छ । यस प्रकार संघ, प्रदेश र नगरपालिकाको आन्तरिक राजश्वबाट समष्टिगत रुपमा नगरपालिकाको आवधिक योजना अवधी भरमा कूल रु. ३८० करोड रकम चैनपुर नगरपालिकाको संचित कोषमा जम्मा हुने अनुमान छ । यसैगरी नगरपालिकाको संचित कोषमा प्राप्त हुने वाहेक संघ र प्रदेश दुवै तहबाट नगरपालिकाको संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा आवधिक योजना अवधिमा करिब रु. १० करोड प्राप्त हुने अनुमान गरिएको छ । साथै आवधिक योजना कार्यान्वयनको लागि योजना अवधिमा नीजि क्षेत्रबाट ५ करोड, सहकारी क्षेत्रबाट ३ करोड र विभिन्न संघ संस्थाहरुबाट ५ करोड योगदान

हुने अपेक्षा गरिएको छ । सार्वजनिक स्रोतहरुको प्रक्षेपण र खर्च व्यहोर्ने स्रोतहरुलाई क्रमश तालिका ६२ र चित्र ८ मा प्रस्तुत गरिएको छः




चित्र ८: सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरु

# परिच्छेद ४: आर्थिक श्रेत्र

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

कृषि र पशुपालन चैनपुर नगरपालिकाका नागरिकको जीवन यापनको प्रमुख आधार हो । नगरपालिकाको कुल गाहर्थ उत्पादनको ५०% भन्दा बढी क्षेत्र पनि यसैले ओगटेको छ । नगरपालिकाको कुल क्षेत्रफल (२२३.७१ वर्ग किमि) मध्ये १४५.३९ वर्ग किमि (६५%) जमीन खेतियोग्य रहेको छ । क्षेत्रफलको हिसाबले हेर्दा पहाडी भूभाग र प्रशस्त सामुदायिक वनहरु भएतापनि नगरपालिकामा प्रशस्त खेतियोग्य जमीन रहेको देखिन्छ । चैनपुरमा नगदेवाली, अन्नवाली, दहलन, तरकारी र फलफुलहरु (बिषेश गरी सुन्तला जात) उत्पादन हुने गरेका छन् । सिंचाई सुविधा भएको स्थानमा हिउदे र बर्षेगरी २ वालिसम्म खेती हुने गरेको छ । पशुपालन नगरपालिकाको अर्को महत्वपूर्ण आर्थिक क्षेत्र हो । यहाँ गर्मी मौसममा हुने गाई, भैसी, बाख्रा देखि चिसो स्थानमा हुने याक च्याङ्ग्रा र भेडाहरु समेत पालन गरिएको पाईन्छ । चैनपुरमा माछा र मौरी पालनको पनि संभावना रहेको छ । नगरपालिकाका वडा नं ९ र १० वाहेक अन्य सबैजसो वडाहरुमा १-३ वटा सम्म माछा पोखरी भएका घरधुरीहरु छन । मौरीपालन सबै वडाहरुमा भएको देखिन्छ । नगरपालिकाका सबै वडाहरुसम्म सडक पुगेकोले यहाँ कृषि, मत्स्यपालन तथा पशुपालन र यससंग सम्बन्धित उद्योगहरुको ठूलो संभावना रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- भण्डारण सुविधा नभएको र बजारीकरण नभएको ।
- पर्याप्त सिंचाई सुविधा नभएको ।
- परामपरागत, निर्वाहमुखी कृषि र न्यून उत्पादकत्व ।
- अधिकांश कृषकहरुको कम कृषि भूमि र स्वामित्त ।
- खाद्य सुरक्षाको कमी ।
- उच्च उत्पादकत्व भएका पशुपालन नहुनु ।
- उन्नत वीउ, मल र आधुनिक प्रविधिको अभाव ।
- कृषि बजार र सूचनाको अभाव ।
- परामपरागत पशुपालन ।
- स्थानीय स्तरमा पुश पालनको लागि सामाग्रीहरु उपलब्ध नहुनु ।
- बजार र सूचनाको अभाव ।

**चुनौतीहरु**

- व्यावसायिक तथा जैविक कृषि विकास गर्नु ।
- कृषि क्षेत्रहरुमा सडक तथा यातायातको पूर्वाधार विकास गर्नु ।

- उन्नत पशु, मल, वीउ र प्रविधि ल्याउनु ।
- कृषि र पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु ।
- वाली विविधिकरण र संघनीकरण गर्नु ।
- वालीनालीमा जंगली जनावरहरुको अतिक्रमण ।
- सम्पूर्ण कृषि योग्य जमिनमा सिंचाइको व्यवस्था गर्नु ।
- खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु ।
- कृषि र पशु पकेट क्षेत्रमा यातायात पहुँच पुऱ्याउनु ।
- पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु

### ४.१.३ संभावना तथा अवसर

- धान, मकै, कोदो लगायतका स्थानीय उत्पादनको विस्तार गरि मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने।
- अलैची र कफी जस्ता नगद्धेवालीको व्यवसायिक खेति गर्न सकिने ।
- वैकल्पिक वाली प्रणालीको विकास गरी जंगली जनावरहरुको अतिक्रमण न्यूनिकरण र नियन्त्रण गर्ने सकिने ।
- सुन्तला जातको फलफुल र तरकारीको व्यवसायिक खेतिको सम्भावना ।
- कृषि अधिकांश नागरिक र जनप्रतिनिधिहरूको चासोको विषय रहनु ।
- पशुपालनको विस्तार गरि मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने ।
- दुध र मासु उत्पादनको प्रशस्त संभावना ।
- पशुपालनको लागि उपयुक्त हावापानी ।
- कृषि तथा पशुपालनबाट स्थानीय स्तरमा रोजगारी सृजना र आर्थिक उन्नती गर्ने सकिने ।
- नगरपालिकाको लागि राजश्वको स्रोत बढाउन सकिने ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- व्यवसायिक कृषि र पशुपालनद्धारा स्थानीय किसानको आयस्तर बृद्धि भै समृद्ध नगरपालिका निर्माणमा योगदान पुऱ्याउने ।

**उदेश्य**

- कृषि र पशुपालनको आधुनिकीकरण गरी स्थानीय कृषकको जीवन स्तरमा सुधार गर्नु ।

**रणनीतिहरु**

- व्यवसायिक कृषि तथा पशुपालनको प्रवर्द्धन गरिने छ ।
- नगद्धेवालीको प्रर्वद्धन गरिने छ ।
- कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृंखलामा आवद्व गरिने छ ।

- वैकल्पिक वाली प्रणालीको विकास गरी वालीनालीमा जंगली जनावरहरुको अतिक्रमण न्यूनिकरण र नियन्त्रण गरिने छ ।
- स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गरिने छ ।
- कृषि भूमिको संरक्षण गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- कृषि बजारको पूर्वाधार निर्माण गर्ने ।
- हिउदे तरकारीको उन्नत विउमा शतप्रतिशत अनुदान दिने ।
- व्यवसायिक चिया तथा कफि खेति प्रवर्द्धन कार्यक्रम गर्ने ।
- प्लाष्टिक टनेल र ग्रिन नेट वितरणमा ५०% अनुदान दिने ।
- जैविक खेती र जैविक मल उत्पादन कार्यक्रम संचालन गर्ने ।
- कृषि प्रसार सेवा कार्यक्रम संचालन गर्ने ।
- कृषि उपज संकलन केन्द्रहरु निर्माण गर्ने ।
- कृषि प्राविधिक तथा जनशक्ति व्यवस्थापन गर्ने ।
- वैकल्पिक वाली प्रणालीको विकास गरी जंगली जनावरको आतंक नियन्त्रण गर्ने ।
- कृषि यन्त्र (मिनिटेलर, थ्रेसर, बस कटर, स्प्रेयर) वितरणमा ५०% अनुदान प्रदान गर्ने ।
- मिनिटेलर मर्मत सम्बन्धी तालिम प्रदान गर्ने ।
- कृषकहरुलाई वेमौसमी खेति गर्न प्रोत्साहन गर्ने ।
- कृषक तालिम र भ्रमण कार्यक्रमहरु संचालन गर्ने ।
- उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण कार्यक्रम गर्ने ।
- व्यावसायिक खेतीको लागि पूर्वाधार तयार गरी कार्यक्रम संचालन गर्ने ।
- प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम गर्ने ।
- कृषि वीमा कार्यक्रम संचालन गर्ने ।
- मिनि कृषि ल्याब स्थापना गर्ने ।
- ड्रागन फ्रुट प्रवर्द्धन तथा विस्तार गर्ने ।
- कोल्ड स्टोर निर्माण गर्ने ।
- कृषि पकेट क्षेत्रको विकास गर्ने (वडा नं १, २ र ४ को माथिल्लो क्षेत्रमा जडिबुटि खेती), (वडा नं १, २ ४ र ५ मा अलैची जोन), (वडा नं ५ र ६ मा सुन्तला जोन), (वडा नं ७ ८ र ९ मा उखु, सुन्तला र वदाम क्षेत्र), (वडा नं १० र ११ मा उखु, आप, लिचि, अनार, ड्रागन फ्रुट पकेट क्षेत्र), (वडा नं ३ ४, ५ ६ र ७ मा तरकारी पकेट क्षेत्र), (वडा नं ३ मा कफि पकेट क्षेत्र)
- विशेषज्ञ सहितको घुम्ति सेवा शिविर संचालन गर्ने ।
- कृषि मेला प्रदर्शनी आयोना गर्ने ।
- नमूनाका लागि जैविक कृषि पकेट क्षेत्र विकास गर्न ।
- अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसंगको आवद्धता विकास गर्ने ।

- भू-उपयोग नीति कार्यान्वयन गरी कृषि भूमिको संरक्षण गर्ने ।

### ४.१.५ अपेक्षित उपलब्धि

- कृषि तथा पशुपंक्षी पकेट क्षेत्रको बिकास भएको हुनेछ ।
- स्थानीय कृषि र पशुजन्य उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुनेछ ।
- स्थानीय कृषि उत्पादनहरुले सहज रुपमा बजार प्राप्त गरेको हुनेछ ।
- चिया, कफि र अलैची जस्ता नगद्धेवालीहरुको प्रवर्द्धन र व्यवसायीकरण भएको हुनेछ ।
- सुन्तला खेतिको विस्तार भै थप कृषकहरु लाभान्वित भएको हुनेछ ।
- कृषकहरुले कृषि यन्त्र, उपकरण, मल, उन्नत जातको बिउ सुलभ रुपमा प्राप्त गरेको हुनेछन ।
- स्थानीय उत्पादनहरुको ब्राण्डिङ भएको हुनेछ ।
- नगरपालिकामा कृषि प्राविधिक र विज्ञहरुको आवधिक उपलब्ध भएको हुनेछ ।
- कृषि उपकरण र यन्त्रहरुको मर्मत संभार सुविधा स्थानीय स्तरमा उपलब्ध भएको हुनेछ ।
- कृषि उत्पादन संकलन केन्द्र र भण्डारण गृहहरुको निर्माण भएको हुनेछ ।
- कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा बृद्धि भएको हुनेछ ।
- कृषकहरुको बित्तिय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुनेछ ।
- कृषि भूमिको संरक्षण भएको हुनेछ ।
- स्थानीय दुग्ध उत्पादन र उत्पादकत्वमा बृद्धि भएको हुनेछ ।
- दुग्ध संकलन केन्द्रहरुको निर्माण भएको हुनेछ ।
- जंगली जनावरहरुबाट वालीनालीको संरक्षण भएको हुनेछ ।
- पशु क्षेत्रको कुल गार्हस्थ उत्पादनमा बृद्धि भएको हुनेछ ।
- दुग्ध चिस्यान केन्द्रको निर्माण भएको हुनेछ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- नगरपालिकाको कृषि बिकास रणनीति कार्यान्वयन हुनुपर्ने ।
- कृषि तथा पशुंपन्छी क्षेत्रको विकासको लागि नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रममा नियमित योजना र कार्यक्रमहरु समावेश गर्नुपर्ने ।
- कृषि बजार र पूर्वाधारहरुको व्यवस्था भएको हुनुपर्ने ।
- सरकारी, गैरसरकारी र नीजि क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनुपर्ने ।
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र अन्य रकममा बृद्धि हुनुपर्ने ।
- कृषि सेवा तथा प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग भएको हुनुपर्ने ।
- आवश्यक जनशक्ति र कृषि प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच कृषि तथा पशुपंक्षी विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# ४.२ सिंचाई

## ४.२.१ पृष्ठभूमि

कृषि नगरपालिकाको मुख्य आर्थिक र अग्रिणी क्षेत्र भएतापनि नगरपालिका भित्रका सबै कृषि योग्य भूमिहरुमा सिंचाईको व्यवस्था हुन सकेको छैन। कुल खेतियोग्य भूमिमध्ये ६५.४२ वर्ग किमि (४५%) भूभागमा मात्र सिंचाई सुविधा पुगेको छ भने ७९.९७ वर्ग किमि (५५%) भूभागमा हालसम्म पनि सिंचाई सुविधा पुग्ने सकेको छैन। स्थानीय खोलानाला र मुहानहरुबाट स-साना सिंचाई आयोजनाहरु संचालनमा रहेको भएतापनी यी आयोजनाको क्षमताले नगरपालिकाका सम्पूर्ण कृषि भूमिलाई सिंचित गर्न सक्दैन। स्थानीय नदि र खोलानालाहरुबाट सिंचाई आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययन गरी सिंचाईको स्थायी पूर्वाधार निर्माण गर्न सकेको खण्डमा नगरपालिकाका कृषकहरुले कृषि उत्पादनबाट ठूलो आर्थिक लाभ लिनुका साथै रोजगारीका अवसरहरु समेत सृजना हुन सक्ने देखिन्छ।

## ४.२.२ समस्या तथा चुनौती

- नगरपालिकासंग सिंचाईको लागि न्यून बजेट हुनु।
- सिंचाईको लागि भौगोलिक जटिलता।
- स्थानीय नदिर र खोलानालाहरुबाट हुने सिंचाईको संभाव्यता अध्ययन नहुनु।
- ठूला सिंचाई आयोजनाहरु नहुनु।
- स्थानीय कुलो र नहरहरुको आवश्यक मर्मत संभार हुन नसक्नु।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको विस्तार हुन नसक्नु।
- पानीजन्य प्रकोप नियन्त्रण गर्नु।

## ४.२.३ संभावना तथा अवसर

- स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने।
- परम्परागत रुपमा रहेका स्थानीय नहर र कुलोहरुको आवश्यक मर्मतसंभार गरी सिंचाई सुविधा बढाउन सकिने।
- थोपा सिंचाई गर्न सकिने।
- स्थानीय खोलानालाबाट मध्यम स्तरको सिंचाई आयोजनाहरु संचालन गर्न सकिने।

## ४.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उप-क्षेत्रगत लक्ष्य**

- सम्पूर्ण कृषि योग्य जमीनमा सिंचाई सुविधाको व्यवस्था गरी कृषि उत्पादन र उत्पादकत्व बढाउनु।

**उदेश्य**

- कृषि योग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउनु ।

**रणनीतिहरु**

- सिंचाईको संभाव्यता अध्ययन गरिने छ ।
- थोपा सिंचाइ प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिंचाइ सुविधा विस्तार गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- हिलट्यांक वितरण र थोपा सिंचाई कार्यक्रममा ८५% अनुदान दिने ।
- झुत्रे तुपुवा सिंचाई आयोजना सम्पन्न गर्ने ।
- खहरे ककुवा सिंचाई आयोजना सम्पन्न गर्ने ।
- लिफ्ट सिंचाईको संभाव्यता अध्ययन गर्ने ।
- स्थानीय कृषकहरुको क्षमता विकास गर्ने ।
- नदी तथा खोलानाला नियन्त्रण गर्ने ।
- वायो इन्जिनियरिङ तथा नदी किनारमा वृक्षरोपण गर्ने ।
- सिंचाई सम्बन्धी नीति र ऐनहरु तर्जुमा गर्ने ।
- पहिरो, डुबान, बाढी र नदि कटान नियन्त्रणका लागि गुरुयोजना तर्जुमा गर्ने ।
- स्थानीय पोखरीहरुको संरक्षण गर्ने ।
- संभाव्यता अध्ययनको आधारमा नयाँ सिंचाई आयोजना निर्माण गर्ने ।

### ४.२.५ अपेक्षित उपलब्धि

- थप २०% कृषि योग्य भूमिमा सिंचाइ सुविधा पुगेको हुनेछ ।
- निर्माणधिन सिंचाई आयोजनाहरु सम्पन्न भएका हुनेछन ।
- थोपा सिंचाईको पूर्वाधारका लागि नगरपालिकाबाट स्थानीय कृषकहरुलाई ८५% अनुदान प्राप्त भएको हुनेछ ।
- नयाँ प्रविधिमा आधारित सिंचाइ अयोजना निर्माण भएको हुनेछ ।
- परम्परागत र पुराना सिंचाई आयोजनाहरुको मर्मत संभार भएको हुनेछ ।
- सिंचाई संभाव्यता अध्ययन सम्पन्न भै सिंचाई गुरुयोजना कार्यान्वयनमा आएको हुनेछ ।
- नदी जन्य प्रकोप नक्साङ्कन र नियन्त्रण भएको हुनेछ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।

- नगरपालिकामा आवश्यक जनशक्ति र कृषि प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- सिंचाई आयोजनाको संभाव्यता अध्ययन हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको कृषि र सिंचाई पूर्वाधारमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- कृषि र सिंचाई आयोजना संचालन सम्बन्धी आवश्यक ऐन र कार्यविधिहरु तर्जुमा हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच कृषि विकास र सिंचाई पूर्वाधार निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ४.३ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.३.१ पृष्ठभूमि

चैनपुर संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी पछी दोस्रो ठूलो बजार हो । नगरपालिकामा चैनपुर बजार, पोखरी बजार र खराङ गरी ३ वटा ठूला बजार केन्द्रहरु छन् । नगरपालिकाका यिनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको शहरीकरण र सडक संजालको विस्तारसंगै चैनपुर नगरपालिकामा नयाँ उद्योग र व्यवसायहरुको संख्या क्रमश बढदै गएको देखिन्छ । स्थानीय स्तरका लघु तथा घरेलु उद्योग, कुटानी पिसानी मिलहरु लगायत केहि निर्यातजन्य उद्योगहरु नै यस नगरपालिकामा रहेका उद्योगहरु हुन । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा चैनपुर नगरपालिकामा १०३५ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु संचालनमा रहेको देखिन्छ । चैनपुर नगरपालिका गठन पश्चात २०७९ साल चैत मसान्तसम्म दर्ता भै संचालनमा रहेका उद्योग तथा व्यवसायहरुको संख्या भने ६३९ वटा छन् । यस्ता उद्योगहरुमा पर्यटन तथा होटल सम्बन्धि उद्योगहरुको संख्या ३, उद्योग वाणिज्य २२, व्यापार तथा सेवा ३७७, बैंक तथा वित्तिय संस्था ८ र अन्य सेवा सेवा क्षेत्र २८८ छन् ।

नगरपालिकामा हुने आयात निर्यातको यकिन तथ्याङ्कहरु उपलब्ध नभएपनि अधिकांश निर्माण सामाग्री, वाथरुम फिटिङस, घरको पेन्टस, औषधी, लत्ता कपडा, जुत्ता चप्पल, भाँडाकुडा, श्रृंगार सामाग्री, ईन्धन र खाना पकाउने ग्यास, विद्युतीय सामाग्री, कृषि मल र उपकरण/औजार, सवारी साधन, पार्टपुर्जा आदि जस्ता वस्तुहरु नगरपालिकामा आयात हुने गरेको पाइन्छ भने अलैची, रुद्राक्ष, कफी, सख्खर, करुवा, सुन्तला, अदुवा, अम्लिसो, खयर काठ, असला माछा, खसी, कुराउनी, गाईगोरु नगरपालिकाबाट निर्यात हुने गरेको देखिन्छ । खाँदबारी, काठमाण्डौ, धरान, धनकुटा, विराटनगर, ईटहरी, दमक आदि आयात र निर्यात हुने मुख्य शहरहरु हुन ।

### ४.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय कृषि उत्पादनले बजार र उचित मूल्य नपाउनु ।
- स्थानीय बजारको व्यवस्थापन नहुनु र कमजोर बजार पूर्वाधार ।
- ठूला उद्योगहरु नहुनु ।

- बाहिरी लगानी आउन नसक्नु ।
- अधिकांश घरयासी र खाद्य सामाग्रीहरु बाहिरबाट आपूर्ती हुनु ।
- आयात निर्यात सम्बन्धि तथ्याङ्कको अभाव ।
- नगरपालिकामा उद्योग र उद्यमशिलताको कमी ।
- औद्योगिक पूर्वाधारको कमी ।
- जनशक्तिको अभाव ।
- व्यावसायिक दक्षताको अभाव ।
- स्थानीय व्यापारीहरुको वित्तीय पहुँचको कमी ।

**चुनौतीहरु**

- उद्यमशिलता विकास गर्नु ।
- कृषि तथा पशुपालनलाई व्यावसायिकता प्रदान गर्नु ।
- बाह्य लगानी भित्र्याउने वातावरणको निर्माण गर्नु ।
- प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु ।
- युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु ।
- व्यापार व्यवसायको आकार सानो हुनु ।

### ४.३.३ संभावना तथा अवसर

- कोशी राजमार्ग र तुम्लिङटार विमानस्थलको सहज पहुँच हुनु ।
- औद्योगिक नीति तर्जुमा गरी नगरपालिका भित्र लघु उद्यम क्षेत्रको पूर्वाधार निर्माण गरी नगरपालिकामा बाह्य लगानी र कृषिमा तथा पशुपंक्षीमा आधारित नयाँ उद्योगहरु आकर्षित गर्न सकिने ।
- जलविद्युतको हबको रुपमा विकास गर्न सकिने ।
- कृषि, मत्यपालन तथा पशुपंक्षीमा आधारित लघु तथा घरेलु उद्योगहरु स्थापना गर्ने सकिने ।
- स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरु कोशी प्रदेशका ठूला शहरहरुमा निर्यात गर्न सकिने ।
- स्थानीय युवाहरुलाई रोजगारी प्रदान गरी गरिबी न्यूनिकरण गर्न सकिने ।
- स्थानीय स्तरमा रोजगारी सृजना गरी वैदेशिक रोजगारीको बढदो प्रवृतिलाई कम गर्न सकिने ।
- व्यवसाय कर मार्फत नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न सकिने ।
- नगरपालिका भित्र हुने बाह्य आपूर्तीलाई न्यूनिकरण गर्न सकिने ।
- स्थानीय हाटबजारहरुमा व्यवस्थित पूर्वाधार निर्माण गरी स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरुको बजारीकरण गर्न सकिने ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- व्यापार व्यवसायको विकास र विस्तार द्वारा कृषिको औधिगिकीकरण, रोजगारी सृजना र आयात प्रतिस्थापना गर्ने ।

**उदेश्य**

- व्यापार व्यवसाय र उद्योगको विकास गरी रोजगारी र आय वृद्धि गर्नु ।

**रणनीतिहरु**

- उद्यमशीलताको प्रवर्द्धन गरी स्थानीय उत्पादनमा आधारित लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गरिने छ ।
- व्यापार व्यवसायको विकास र विस्तार गरिने छ ।
- काठजन्य उद्योगहरु संचालन गरिने छ ।
- आपूर्ति प्रतिस्थापन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- चैनपुरे करुवा संरक्षण, प्रवर्द्धन तथा उत्पादनलाई जोड दिने ।
- औधोगिक एवं व्यापार नीति र कानूनहरु तर्जुमा गर्ने ।
- परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन गर्ने ।
- नेपाली काजग, अल्लो, खाँडी, चुन, फलाम खानी जस्ता स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।
- स्थानीय युवाहरुलाई मोटरसाईकल, मिनि ट्रेलर, ट्याक्टर, जिप, प्लम्विङ, इलेक्ट्रीसियन, कुक, वेटर, चारपांग्रे सवारी, मोवाईल, रेडियो, टिभि, एलसीडी, कम्प्युटर मर्मत सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
- चोयाको डोको, डालो, थुन्से, मान्द्रो, नाम्लो, नाङ्लो आदि उत्पादन तथा प्रवर्द्धन गर्ने ।
- स्थानीय उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गर्ने ।
- उद्यमशीलता र सीप तथा क्षमता विकास गर्ने ।
- हाट बजारहरुको आधुनिक पूर्वाधार विकास गर्ने ।
- महिलाहरुलाई सिपमुलक तालिम प्रदान गर्ने ।
- औद्योगिक क्षेत्र निर्धारण गरी पूर्वाधारको विकास गर्ने ।
- बजारको नियमित अनुगमन गर्ने ।
- बाह्य लगानी आकर्षण गर्ने ।
- आपूर्ति न्यूनिकरण गर्ने ।

### ४.३.५ अपेक्षित उपलब्धि

- थप ३५० लघु तथा घरेलु उद्योग स्थापना भएको हुनेछ ।
- थप १५०० जनाले रोजगारी प्राप्त गरेका हुनेछन ।

- लघु तथा घरेलु उद्योगहरुको लागि पूर्वाधार सहितको विशेष क्षेत्रको विकास भएको हुनेछ ।
- स्थानीय युवा र उद्यमीहरुले उद्यम विकास तालिम लिएको हुनेछन ।
- करिब ५०० महिलाहरुले सीपमूलक तालिम लिएका हुनेछन ।
- बाह्य तथा आन्तरिक लगानीको वातावरण सृजना भएको हुनेछ ।
- स्थानीय कृषक र उद्यमीहरुको बजारसम्मको सहज पहुँच स्थापित भएको हुनेछ ।
- हाटबजारहरुको व्यवस्थित पूर्वाधार विकास भएको हुनेछ ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- औधोगिक क्षेत्रको व्यवस्था भै पूर्वाधार विकास हुनुपर्ने ।
- औधोगिक एवं व्यापार नीति र कानूनहरु तर्जुमा भएको हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको स्थानीय स्तरमा नै व्यवस्था हुनुपर्ने ।
- औधोगिक र व्यापार मैत्री कर प्रणाली हुनुपर्ने ।
- उद्योगहरुको लागि कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलब्ध हुनुपर्ने ।
- स्थानीय उद्यमी व्यवसायीहरुलाई लगानीको लागी सुलभ दरमा ऋण उपलब्ध हुनुपर्ने ।

## ४.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.४.१ पृष्ठभूमि

कृषि र पशुपालन नगरपालिकाको मुख्य श्रम तथा रोजगारीको क्षेत्र हो । यहाँका अधिकांश घरधुरीहरु कृषि, पशुपालन, मत्यपालन, मौरीपालन, स-साना घरेलु उद्योगहरुमा संलग्न रहेका छन भने रोजगारी अन्य स्रोतहरुमा स्थानीय सहकारी संस्था, बैंकहरु, शैक्षिक संस्थाहरु, निर्माण क्षेत्र, होटेल, रेष्टुरेन्ट, थोक तथा खुद्रा व्यापार आदि रहेका छन् । कृषि र निर्माण क्षेत्रमा हुने ज्याला मजदुरी रोजगारी र आम्दानीको अर्को प्रमुख स्रोत हो । ठूला उद्योगहरु नगण्य मात्रामा रहेको र पर्यटन क्षेत्रको खासै विकास नभएकोले यी दुवै क्षेत्रले खासै रोजगारी सृजना गर्न सकेको छैन । स्थानीय युवाहरु ठूलो संख्यामा वैदेशिक रोजगारीमा गएकोले विप्रेषण यस नगरपालिकाका घरधुरीहरुको आम्दानीको अर्को प्रमुख स्रोत हो । नगरपालिकाबाट जेष्ठ नागरिक, एकल महिला, अपांग र लोपोउन्मुख जातिहरुको लागि नियमित रुपमा मासिक भत्ता वितरण हुने गरेको छ । शिक्षा, स्वास्थ्य लगायत अन्य सामाजिक सेवाहरुमा नगरवासीको पहुँच क्रमश बढदै गैरहेको छ ।

### ४.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- ठूला उद्योगहरु नहुनु ।
- पर्यटन क्षेत्रको खासै बिकास हुन नसक्नु ।
- परम्परागत र जिवन निर्वाह खेती र पशुपालन ।
- युवाहरुको विदेश पलायन ।

- रोजगारीको अभाव ।
- बाहिरी लगानी आउन नसक्नु ।

**चुनौतीहरु**

- आर्थिक रुपमा सक्रिय जनसंख्यालाई स्थानिय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- स्थानीय कृषि उत्पादनलाई बजारको सुनिश्चतता गरी उत्पादनको सहि मूल्यको सुनिश्चितता गरी कृषिमा रोजगारीको अवसर बढाउनु ।
- स्थानीय पर्यटकिय क्षेत्रहरुमा पूर्वाधार निर्माण गरी पर्यटक भित्र्याउनु ।
- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु ।
- श्रम बजारको पहिचान गर्नु ।
- युवाहरुको बढदो विदेश पलायन ।
- विप्रेषणको उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु ।
- तालिम प्राप्त जनशक्तिको निम्ति सहि कामको उपलब्धता गराउनु ।
- रोजगारीको अवसर सम्बन्धि सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्नु ।
- योगदानमा आधारित सामजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु ।
- नगरवासीहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु ।
- रोजगार उन्मुख शिपहरु पहिचान गरी बेरोजगार युवा युवतीहरुलाई तालिमको अवसर प्रदान गर्नु ।

### ४.४.३ संभावना तथा अवसर

- स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सृजना गर्न सकिने ।
- पर्यटनको विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्न सकिने ।
- आर्थिक गतिविधि बढाउन सकिने ।
- वैदेशिक रोजगारीलाई कम गर्न सकिने ।
- दक्ष जनशक्तिको पलायन रोक्न सकिने ।
- दक्ष जनशक्ति उत्पादन गर्न सकिने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सक्ने ।
- स्थानीय सरकारको राजश्व अभिवृद्धि हुने ।
- स्थानीय उत्पादनलाई ब्राण्डिङ गरी बढी मूल्य प्राप्त गर्न सकिने ।
- नगरवासीहरुलाई सामाजिक सुरक्षा उपलब्ध गराउन सकिने ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- दक्ष तथा शिपयुक्त मानव संसाधनको विकास गरी रोजगारी बढाउनु ।

**उदेश्य**

- बेरोजगारी न्यूनिकरण गर्न स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सृजना गर्नु ।
- व्यवसायिक शिपमूलक तालिमका अवसरहरु बृद्धि गरी प्रतिस्पर्धी जनशक्तिको विकास गर्नु ।
- पर्यटन क्षेत्रको सम्वर्द्धन र प्रवर्द्धनबाट आर्थिक लाभ लिनु ।

**रणणीतिहरु**

- श्रमिकको हक र अधिकारको कानूनी तथा आर्थिक आधार तयार गरिने छ ।
- लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गरिने छ ।
- पर्यटनलाई आर्थिक विकासको महत्वपूर्ण रणनीतिको रुपमा लिदै पर्यटन गुरुयोजना तर्जुमा गरी नयाँ रोजगारीको लागि पर्यटकिय गतिविधिहरु बढाइने छ ।
- प्राविधिक शिक्षा, व्यवसायिक तालिम तथा शिपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गरिने छ ।
- वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र मर्यादित बनाउने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- रोजगारीका अवसर बृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- नगरपालिकाको पर्यटन नीति र कार्यविधिहरु निर्माण गर्ने ।
- चैनपुर नगरपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गर्ने ।
- चैनपुरमा पर्यटन सूचनका केन्द्रको स्थापना गर्ने ।
- ट्राभल एजेन्सी र पर्यटक प्रहरीको व्यवस्था गर्ने ।
- चैनपुरमा नगरपालिकाको पहिचान झल्कने खालको पर्यटन द्वार निर्माण गर्ने ।
- स्थानीय युवाहरुलाई मोटरसाईकल, प्लम्विङ, इलेक्ट्रीसियन, कुक, वेटर, पर्यटक गाइड, चारपांग्रे सवारी, मोवाईल, रेडियो, टिभि, एलसीडी, कम्प्युटर मर्मत सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
- चैनपुरको पर्यटन विकासको लागि पर्यटन क्षेत्र विकास समितिहरु गठन गर्ने ।
- तुनढाकी, महिम, मैदान र फागुनेमा होम स्टेको पूर्वाधार निर्माण गरी संचालन गर्ने ।
- कृषि पर्यटनलाई प्रोत्साहन गर्ने ।
- ट्रेकिङ रुटहरुको संभाव्यता अध्ययन गर्न पूर्वाधार तयार गर्ने
- स्थानिय पर्यटकिय क्षेत्रहरुमा पर्यटन पूर्वाधार तयार गर्ने ।
- धार्मिक क्षेत्रहरुमा कम्पाउण्ड वाल निर्माण गर्ने ।
- पर्यटकलाई आकर्षित गर्न प्याकेज कार्यक्रमहरु तयार गर्ने ।
- चैनपुरका पर्यटकिय स्थलहरुबारे जानकारीमुलक होर्डिङ बोर्डहरु खाँदबारी, तुम्लिङटार विमानस्थल, विराटनगर विमानस्थल र कोशी राजमार्गका विभिन्न स्थलहरुमा राख्ने ।

- नगरपालिका भित्रका धार्मिक र पर्यटकिय स्थलहरुको अनलाईन ट्रेसरुट तयार गर्ने ।
- धार्मिक तथा पर्यटकिय स्थलमा फ्री-वाईफाईको पूर्वाधार जडान गर्ने ।
- पर्यटकको आगमनलाई सहज र व्यवस्थित गर्न पर्यटकिय बस र यातायातको व्यवस्था गर्ने ।
- राष्ट्रिय रोजगार नीति तथा श्रमिको हक हित सम्वन्धि कानुन प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।
- श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागू गर्न सहयोग गर्ने ।
- पर्यटकिय पूर्वाधार निर्माण, स्थानीय पर्यटकिय क्षेत्रहरुको सम्वर्द्धन र प्रवर्द्धन गरी पर्यटकिय प्याकेज कार्यक्रमहरु बनाई पर्यटनमा रोजगारीको सृजना गर्ने ।
- कम्तिमा एउटा बहु-विषयगत शिप विकास तालिम केन्द्र स्थापना गर्ने ।
- रोजगार केन्द्रलाई प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन समन्वय र सहकार्य गर्ने ।
- विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वासिलो संयन्त्र निर्माण गर्ने ।
- नगरपालिकाबाट वैदेशिक रोजगारमा जानेका निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, लाभप्रद र मर्यादित बनाउन नगरपालिकाबाट नियमित अनुगमनको व्यवस्था गर्ने ।
- कृषि, पशुपालन लगायत अन्य स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गरी नगरपालिका भित्रै रोजगारीको अवसर सृजना गर्ने ।

### ४.४.५ अपेक्षित उपलब्धि

- ५०% आर्थिक रुपमा सकृय जनसंख्यालाइ नगरपालिका भित्रै कृषि, पर्यटन र व्यापार व्यवसाय क्षेत्रमा रोजगारीको अवसर सिर्जना हुनेछ ।
- श्रमिकहरुको श्रम, मर्यादा, सम्मान र जिवनस्तर बढेको हुनेछ ।
- नगरपालिकाका पर्यटकिय स्थलहरुको प्रचारप्रसार भै पर्यटकको आगमनमा बृद्धि भएको हुनेछ ।
- नगरपालिका भित्र पर्यटनको विकास भै पर्यटन क्षेत्रमा नयाँ रोजगारीको अवसर सृजना भएको हुनेछ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापना हुनेछ ।
- वैदेशिक रोजगारी व्यवस्थित, मर्यादित र सुक्षित भएको हुनेछ ।
- विप्रेषण उत्पादन क्षेत्रमा लगानी भै श्रमिकको जिवनस्तरमा स्तरोउन्नती भएको हुनेछ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- आवश्यक दक्ष जनशक्ति र प्राविधिकहरुको सहज आपूर्ती हुनुपर्ने ।
- स्थानीय कृषि उत्पादनले सहज बजार प्राप्त गरी किसानहरुले उत्पादनको सहि मूल्य प्राप्त गरेको हुनुपर्ने।
- नगरपालिका भित्रै रोजगारीको अवसरहरु सृजना हुनुपर्ने ।
- नगरपालिकाका पर्यटनसंग सम्बन्धित पूर्वाधारहरुको विकास भएको हुनुपर्ने ।

- पर्यटन विकासको लागि नीजि क्षेत्रको प्रशस्त लगानी भएको हुनेपर्ने ।
- नगरपालिकामा सुरक्षित र सहज लगानीको वातावरण हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच श्रम, रोजगारी सृजना र नागरिकको सामाजिक सुरक्षामा आवश्य समन्वय र सहकार्य हुनुपर्ने ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

चैनपुर नगरपालिकामा नगरवासीहरुले प्राथमिक र आधारभूत तहको स्वास्थ्य सेवा नगरपालिकाका स्वास्थ्य चौकीहरुबाटै प्राप्त गर्ने गरेका छन् । चैनपुर नगरपालिका वडा नं ६ हस्पिटल चौक स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा चाहि प्रसुती सेवा, ल्याव सेवा, क्लिनिक सेवा, एक्सरे सेवा, परिवार नियोजन सेवा, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा, एम्बुलेन्स र इमेरजेन्सी सेवा समेत रहेको छ जसले गर्दा प्राथमिक तहको स्वास्थ्य सेवा चैनपुर बजारमा उपलब्ध रहेको छ । अन्य वडाहरुमा रहेका स्वास्थ्य एकाई, स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरुमा चाहि प्रसुती, ल्याव, एक्सरे, इमरजेन्सी जस्ता सेवाहरु उपलब्ध छैन् । जसले गर्दा वडावासीहरु प्राथमिक तहको स्वास्थ्य उपचारको लागि चैनपुर बजार नै पुग्नुपर्ने बाध्यता छ । दीर्घ र गम्भिर प्रकारका रोगको उपचारको लागी नगरवासीहरु कोशी प्रदेशका धरान र बिराटनगर जस्ता ठूला शहरहरु या राजधानी काठमाण्डौ जाने गरेका छन् । खाँदबारीमा जिल्ला अस्पताल भएतापनि कोशी राजमार्गको सहज पहुँच र यातयातको सुविधाले चैनपुरवासीहरु उपचारको लागि खाँदबारी भन्दा विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान या विराटनगर नै जाने गरेका छन् । कृषिको लागि उपयुक्त मौसम र अधिकांश नगरवासीहरुको आफ्नै केहि खेतियोग्य जमीन भएतापनि नगरपालिकामा बर्षैभरी खानपुग्ने घरधुरीको संख्या भने न्यून रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण, भौतिक पूर्वाधआर र विशेषज्ञ चिकित्सकको अभाव ।
- वडा र ग्रामिण क्षेत्रमा रहेका सरकारी स्वास्थ्य चौकीहरुको अवस्था नाजुक रहनु ।
- गम्भिर प्रकारको रोगको उपचार हुन नसक्नु ।
- निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु ।
- Cold chain maintain गर्ने सुविधा नहुनु ।
- अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्थानीय स्वास्थ्य संस्थामा कमजोर पहुँच ।
- कुपोषण, उच्च उक्तचाप, मुटुरोग, मधुमेह, दम, मृगौला खराबी जस्ता स्वास्थ्य समस्या रहनु ।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी ।
- गरिबी ।
- बर्षैभरी खान पुग्ने घरिपरिवारको संख्या न्यून हुनु ।

**चुनौतीहरु**

- पूर्ण खोपको कार्यान्वयन गर्नु ।
- आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु ।
- सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु ।
- स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि निशुल्क रुपमा सर्वयाम उपलब्ध गराउनु ।
- स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार पुऱ्याउनु ।
- स्वास्थ्य वीमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु ।
- जडिवुट्टीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित र गुणस्तरीय बनाउनु ।
- खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु ।
- स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु ।
- महिलाहरुमा पाठेघरजन्य समस्या बढनु ।
- भएका स्वास्थ्य केन्द्रलाई स्तरोउन्नती गरी स्वास्थ्य विमा कार्यक्रम संचालन गर्नका लागि मापदण्ड पुरा गर्नु ।

**५.१.३ संभावना तथा अवसर**

- पूर्वाधारहरुको विकास गरी स्वास्थ्य सेवामा स्थानीय नागरिकहरुको सहज पहुँच स्थापन गर्न सकिने ।
- स्थानीय स्वास्थ्य चौकीहरुको स्तरोउन्नती हुँदै गरेको ।
- स्वास्थ्य सचेतनामा बृद्धि गर्न सकिने ।
- स्थानीय उत्पादनमा बृद्धि गरी खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन सकिने ।

**५.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**उपक्षेत्रगत लक्ष्य**

- स्वास्थ्य सेवामा सम्पूर्ण नगरवासीको पहुँच स्थापित गरी गुणस्तरिय र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**उदेश्य**

- गुणस्तरिय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुऱ्याउनु ।

**रणणीतिहरु**

- आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गरिने छ ।
- स्थानीय स्वास्थ्य चौकीहरुको स्तरोउन्नती गरिने छ ।

- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट वितरण हुने निशुल्क औषधीमा सम्पूर्ण नगरवासीहरुको सहज पहुँच स्थापित गरिने छ ।
- स्वास्थ्य बिमा सेवा सबै नगरवासीको पहुँचमा पुऱ्याइने छ ।
- रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाइने छ ।
- वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिने छ ।
- स्थानीय विद्यालहरुमा वितरण हुने दिवा खाजामा पोषणको मात्रा सुनिश्चित गरिने छ ।
- स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गरिने छ ।
- एम्बुलेन्स सेवालाई प्रभावकारी, निशुल्क र सर्वसुलभ बनाइने छ ।
- खाद्य सुरक्षा सुनिश्चित गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- नगरपालिकाको स्वास्थ्य नीति तर्जुमा गर्ने ।
- नगरपालिकामा भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोउन्नती गरी २५ शैयाको अस्पताल निर्माण गर्ने ।
- स्वास्थ्य र पोषण सम्बन्धि सचेतना कार्यक्रम गर्ने ।
- आधारभूत औषधीहरु सर्वसुलभ रुपमा नगरपालिकामा नै उपलब्ध हुने व्यवस्था गर्ने ।
- नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसारको कर्मचारी, औजार, उपकरण र प्राविधिकहरुको व्यवस्था गर्ने ।
- आधारभूत स्वास्थ्य केद्रहरुमा आवश्यक्ताको आधारमा बर्थिङ सेन्टर र कर्मचारी आवास निर्माण गरी २४ घण्टा सेवा प्रदान गर्ने ।
- नगरपालिकाको स्वास्थ्य प्रोफाईल तयार गर्ने ।
- खोप कार्यक्रम र स्वास्थ्य घुम्ति सेवा नियमित रुपमा संचालन गर्ने ।
- विद्यमान स्वास्थ्य चौकीहरुमा चिस्यान भण्डारको व्यवस्था गर्ने ।
- रेफरल अस्पतालको लागि विशेषज्ञ अस्पतालसंग समन्वय गर्ने ।
- खरांग स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण गर्ने ।
- शहरी स्वास्थ्य केन्द्र सातटारेलाई प्राथमिक स्वास्थ्य चौकीमा स्तरोउन्नती गर्ने ।
- चैनपुरमा मुख्य बजार क्षेत्रहरु पोखरी, खराङ र चैनपुरमा योगा हल निर्माण गर्ने ।
- सबै नागरिकहरुलाई स्वास्थ्य बिमा सेवामा आबद्ध गर्ने ।
- सबै स्वास्थ्य चौकीहरुमा ल्याब सेवा संचालन गर्ने ।
- स्वास्थ्य चौकीहरु अन्तरगत खोप केन्द्र भवन नभएको ठाउँमा खोप केन्द्र निर्माण गर्ने ।
- चैनपुर अस्पतालमा डिजिटल भिडियो एक्सरे मेसिन तथा ल्याबको लागि बायोकिमिस्ट्री एनालाईजर तथा अन्य उपकरण खरिद गर्ने ।
- विद्यालयमा संचालन भएको दिवा खाजाको पोषणको अवस्था अनुगमन गरी सुदृढ गर्ने ।
- स्वास्थ्य चौकी र अस्पतालहरुबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्ने ।

- आयुर्वेद औषधालयको भवन निर्माण गरी आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।
- नगरपालिकाका वडाहरुमा प्रत्येक बर्ष बिशेषज्ञ सहितको स्वास्थ्य सिविर संचालन गर्ने ।
- प्रत्येक वडामा व्यायामशाला निर्माण गर्ने ।
- पोष्टमार्टमको भवन निर्माण गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन निशुल्क एम्बुलेन्सको सेवा प्रदान गर्ने ।
- नगरपालिकामा भएको पुरानो एम्बुलेन्सलाई विस्थापित गर्दै नयाँ एम्बुलेन्स खरिद गर्ने ।
- भूमिको संरक्षण र प्रवर्द्वन गर्ने ।
- प्राकृतिक स्रोतहरुको दोहन कम गर्ने ।
- माटोको उर्वरा शक्ति बढाउने ।
- उन्नत वालीको प्रयोग गर्ने र बाली बिमा गर्ने ।
- शिक्षित युवा किसानहरूलाई कृषि व्यवसायमा आकर्षित गर्ने ।
- खाद्यन्न वैंकहरुबाट सुफत मूल्यमा स्थानीय जनतालाई खाद्यान्न उपलब्ध गराउने ।
- खाद्यान्न संकटबाट मुक्ति पाउनका लागि किसानदेखि उपभोक्तासम्मको आपूर्ती शृंखलामा कार्य गर्न सबैले विशेष भूमिका निर्वाह गर्ने ।
- खाद्यान्न, दूध, मासु, माछा, फलफूल, तरकारी तथा खाद्य तेलको गुणस्तर कायम गर्न खाद्यान्न गुणस्तर कानुन बनाएर कडाइसाथ लागु गर्ने ।
- लक्षित सार्वजनिक वितरण प्रणाली अन्तर्गत गरिब तथा अति गरिब परिवारहरूलाई सुफत मूल्यमा खाद्यान्न उपलब्ध गराउने ।

### ५.१.५ अपेक्षित उपलब्धि

- पूर्ण खोपयुक्त नगरपालिका घोषित भएको हुनेछ ।
- २५ शैयाको सरकारी अस्पताल निर्माण भएको हुनेछ ।
- निशुल्क एम्बुलेन्स सेवामा सबै वडावासीहरुको पहुँच स्थापित भएको हुनेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरुको स्तरोउन्नती भएको हुनेछ ।
- आयुर्वेदिक औषधालयको भवन निर्माण भएको हुनेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरुमा चिकित्सक र स्वास्थ्य उपकरणको व्यवस्था भएको हुनेछ ।
- सबै स्वास्थ्य सेवामा आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुनेछ ।
- १ घण्टाको दुरी भित्र ९०% नागरिकको स्वास्थ्य संस्थामा पहुँच भएको हुनेछ ।
- रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुनेछ ।
- स्वास्थ्य बीमाको पहुँच ७५% जनसंख्यामा स्थापित भएको हुनेछ ।
- ९०% भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुनेछन ।
- बाल कुपोषण दर १०% मा झरेको हुनेछ ।
- झाडा पखालाको संक्रमण दर प्रतिहजार १५ जनामा झरेको हुनेछ ।
- भिटामिन ए प्राप्त गर्ने बालबालिका ९८% प्रतिशत पुगेको हुनेछ ।

- सरुवा रोग उल्लेख्य रुपमा घटेको हुनेछ ।
- सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुनेछ ।
- स्थानीय नागरिकहरुको खाद्य सुरक्षाको स्थितिमा सुधार आएको हुनेछ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- नगरपालिकामा स्वास्थ्य विमाको कार्यक्रम पूर्ण रुपमा लागू भएको हुनेछ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा नगरवासीको सहज पहुँच स्थापित भएको हुनेछ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुको स्तरोउन्नती भै स्वास्थ्य उपकरण र आवश्यक चिकित्सकको व्यवस्था भएको हुनेछ ।
- नगरपालिकाको स्वास्थ्य सम्बन्धी नीति तर्जुमा भएको हुनेछ ।
- नगरपालिका भित्रका गरिब, अति गरिब घरधुरी र समुदायहरुको स्थानीय सरकारबाट खाद्य सुरक्षाको व्यवस्था भएको हुनेछ ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनेछ ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच नगरवासीको स्वास्थ्य सेवा र पोषणमा आवश्यक समन्वय र सहकार्य भएको हुनेछ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

जिल्ला सदरमुकाम पछीको दोस्रो ठूलो बजार, वडा र स-साना वस्तीहरुसम्म सडकको पहुचका साथै सवै वडा र प्रमुख वस्तीहरुसम्म विद्यालयको वितरण भएकोले नगरवासीहरुको विद्यालय शिक्षामा राम्रो पहुच रहेको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकाको साक्षरता दर ७९.५१% छ । कुल साक्षर जनसख्या मध्ये पुरुष साक्षरता दर ८६.१०% र महिला साक्षरता दर ७३.२७% छ । राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय साक्षरता दरसंग (७६.३%) तुलना गरेर हेर्दा चैनपुर नगरपालिकाको साक्षरता दर करिब ३% बढी देखिन्छ । अघिल्लो जनणगनाको साक्षरता दरसंग तुलना गरेर हेर्दा बिगत १० बर्षमा चैनपुर नगरपालिकाको साक्षरता दर ८% ले बृद्धि भएको देखिन्छ । चैनपुर नगरपालिकामा ६४ विद्याहरु संचालनमा रहेका छन् जसमा ५९ वटा सामुदायिक विद्यालय र ५ वटा नीजि विद्यालयहरु छन् । तहगत हिसाबले हेर्दा चैनपुर नगरपालिकामा ९ वटा माध्यमिक र ५५ वटा आधारभूत विद्यालयहरु छन् । चैनपुरमा जिल्लाकै पुरानो संखुवासभा बहुमुखी क्याम्पस समेत रहेको छ ।

### ५.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय दलित, आदिवासी र पिछडिएको वर्गमा न्यून साक्षरता ।

- कमजोर शैक्षिक पूर्वाधार ।
- दक्ष शैक्षिक जनशक्तिको अभाव ।
- विद्यालयका भौतिक पूर्वाधार अपाङ्ग मैत्री नहुनु ।
- प्राविधिक विद्यालय नहुनु ।
- वाल विकास केन्द्र व्यवस्थित नहुनु ।
- गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी ।
- लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी ।
- गुणस्तरीय शिक्षामा कमजोर पहुँच ।
- शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु ।
- मातृ भाषामा शिक्षा नहुनु ।
- छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून रहेको ।
- स्पोर्ट विधामा आधारित क्रियाकलापहरुमा आधारित पढाई सिकाई नहुनु ।

**चुनौतीहरु**

- समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता ।
- कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाउनु ।
- प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु ।
- शैक्षिक पूर्वाधारको विकास गर्नु ।
- शिक्षण र सिकाई दरमा सुधार गर्नु ।
- विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु ।
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु ।
- दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्नु ।
- स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु ।

### ५.२.३ संभावना तथा अवसर

- शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरुको व्यवस्था गरी साक्षरता बृद्धि गर्न सकिने ।
- शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने ।
- खेलकुद र अतिरिक्त क्रियाकलापको पढाई सिकाईले व्यक्तिको शारीरिक सवलता ल्याउने ।
- खेल र खेलाडीको क्षमता बृद्धि अनुसार सवल जनशक्ति बृद्धिमा सघाउने ।
- चैनपुरलाई जिल्लाकै शैक्षिक केन्द्रको रुपमा विकास गर्ने सकिने ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- प्रतिस्पर्धी र उद्यमशील जनशक्ति उत्पादन गरी समृद्धि हासिल गर्ने ।

**उदेश्य**

- गुणस्तरिय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु ।
- प्राविधिक, व्यवसायिक, शिपयुक्त एवं व्यवहारिक शिक्षाको विकास एवं विस्तार गर्नु ।

**रणनीतिहरु**

- आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गरिने छ ।
- शिक्षामा समतामूलक पहुँच स्थापित गरिने छ ।
- शिक्षण सिकाई दर बढाइने छ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालयका भौतिक पूर्वाधारको मर्मत र स्तरोउन्नती गर्ने ।
- विद्यालयमा वालमैत्री, अपाङ्गता मैत्री र महिला मैत्री संरचना विकास गर्ने ।
- प्रत्येक विद्यालयमा फिल्टर सहितको खानेपानीको पूर्वाधार निर्माण गर्ने ।
- हरेक विद्यालयमा धारा सहितको ट्यांकी राखी नियमित हात धुने व्यवस्था गर्ने ।
- विद्यालय कलर कोड अनुसार विद्यालयहरुको रंगरोगन गरी विद्यालयलाई पहिचान योग्य बनाउने ।
- सबै विद्यालयहरुमा उच्च गतिको इन्टरनेट जडान गर्ने ।
- अभिभावक शिक्षा कार्यक्रम संचालन गर्ने ।
- विद्यालय भर्ना अभियान संचालन गरी विद्यालय उमेर समुहका शतप्रतिशत बालबालिका विद्यालयको पहुँचमा ल्याउने ।
- सामाजिक शिक्षा बिषयमा प्रयोगात्मक ज्ञानका निमित्त शैक्षिक भ्रमणको व्यवस्था गर्ने ।
- विद्यालयहरुमा हुने खर्च र सामाग्री व्यवस्थापनका निमित्त लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन र पुस्तकालय व्यवस्थापनलाई डिजिटल व्यवस्थापन गर्न सफ्टवेयर खरिद गरी वितरण गर्ने ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य अवस्थाको नियमित चेकजाँच गर्न विद्यालय नर्सको व्यवस्था गरी प्राथमिक स्वास्थ्य सामग्री उपलब्ध गराउने ।
- विद्यालयहरुमा डिजिटल शैक्षिक सामाग्री उपलब्ध गराउने ।
- विद्यालयहरुमा सिसि टिभि क्यामरा जडान गर्ने ।
- वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- विद्यालयहरुमा शैक्षिक दरबन्दी अभाव न्यून गर्न नगरपालिकाबाट विद्यालयहरुलाई दिदै आएको SRT का आधारमा दरबन्दी एवं अनुदानलाई निरन्ततरता दिने ।
- सूचना प्रविधि तथा कम्प्युटर ल्याव स्थापना गर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने ।
- सामाजिक लेखापरीक्षण गर्ने ।
- शिक्षक तालिम संचालन गर्ने ।

- छात्रवृत्तिको व्यवस्था गर्ने ।
- लक्षित वर्गहरुलाई अनौपचारिक कक्षाहरु संचालन गर्ने ।
- नगरस्तरिय भलिबल र फुटबल प्रतियोगिताहरु नियमित संचालन गर्ने ।
- आधारभूत तह स्तरिय रनिंग शिल्ड प्रतियोगिता संचालन गर्ने ।
- खेलकुद बिकासको लागि स्थानीय विद्यालयका खेल मैदानहरुको स्तरोउन्नती गर्ने ।
- सार्वजनिक पुस्तकालय स्थापना गर्ने ।
- स्थानीय युवाल क्लबहरुलाई आवश्यक आर्थिक र भौतिक सहयोग उपलब्ध गराउने ।

### ५.२.५ अपेक्षित उपलब्धि

- वहु प्राविधिक शिक्षालय स्थापना भएको हुनेछ ।
- साक्षरता दर ९०% प्रतिशत पुगेको हुने ।
- आधारभूत तहको खुद भर्ना दर ९८% प्रतिशत पुगेको हुनेछ ।
- माध्यमिक तहको खुद भर्ना दर ७५% पुगेको हुनेछ ।
- विद्यालयमा रहने औसत अवधि ८ बर्ष पुगेको हुनेछ ।
- १०+२ सम्मको औसत शैक्षिक उपलब्धि ५% बर्षको हुनेछ ।
- विद्यालय छाडने दरमा उल्लेख्य कमी आएको हुनेछ ।
- हरेक माध्यामिक तहको विद्यालयमा स्मार्ट शैक्षिक सामाग्री, कम्प्यूटर ल्याव, विज्ञान प्रयोगशाला स्थापना भएको हुनेछ ।
- एस.ई.ई परीक्षामा सबै विद्यार्थी “वी” भन्दा माथिको श्रेणीमा उतीर्ण भएको हुनेछ ।
- सबै शिक्षकहरुले तालिम प्राप्त गरेका हुनेछ ।
- दरबन्दी अनुसार शिक्षकहरुको पदपूर्ती भएको हुनेछ ।
- अनौपचारिक शिक्षा मार्तफ प्रौढहरुको साक्षरता दर बढेको हुनेछ ।
- सार्वजनिक पुस्तकालय स्थापन भएको हुनेछ ।
- भलिबल र फुटबल जस्ता खेल प्रतियोगिताहरु निममित रुपमा संचालन भएको हुनेछ ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य अवस्थाको नियमित चेकजाँच गर्न विद्यालय नर्सको व्यवस्था भै प्राथमिक स्वास्थ्य सामग्री उपलब्ध भएको हुनेछ ।
- विद्यालयहरुमा हुने खर्च र सामाग्री व्यवस्थापनका निमित्त लेखा व्यवस्थापन, जिन्सी व्यवस्थापन र पुस्तकालय व्यवस्थापनको सफ्टवेयर जडान भएको हुनेछ ।
- प्रत्येक विद्यालयमा फिल्टर सहितको खानेपानीको पूर्वाधार निर्माण भएको हुनेछ ।
- हरेक विद्यालयमा धारा सहितको ट्यांकी राखी नियमित हात धुने व्यवस्था भएको हुनेछ ।
- सबै विद्यालयहरुमा उच्च गतिको इन्टरनेट जडान भएको हुनेछ ।
- सबै विद्यालयहरुमा छात्रा मैत्री शौचालयको व्यवस्था भएको हुनेछ ।
- जिर्ण विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत र स्तरोउन्नती भएको हुनेछ ।
- विद्यालयहरुमा सिसिटीभी जडान भएको हुनेछ ।

- स्थानीय युवा क्लबहरु सवल र सक्षम भएको हुनेछ ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीय शैक्षिक संस्थाहरुमा आवश्यक जनशक्तिहरुको पदपूर्ती हुनुपर्ने ।
- बहुप्राविधिक शिक्षालयको स्थापना हुनुपर्ने ।
- स्थानीय शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारको स्तरोउन्नती हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच नगरपालिकाको शैक्षिक विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- नगरपालिकाको शिक्षामा लगानी वृद्धि गर्नुपर्ने ।
- हरेक माध्यामिक तहको विद्यालयमा, स्मार्ट शैक्षिक समाग्री, कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना गर्नुपर्ने ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

खानेपानी नगरवासीको आधारभूत आवश्यक्ता हो । स्थानीय खोलानाला र मूलहरु मार्फत धारा/पाइपबाट बितरण हुने पानी चैनपुरवासीको खानेपानीको मुख्य स्रोतहरु हुन् । तर जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण नगरपालिकाका धेरै पानीका मुहान र धाराहरु सुक्दै गैरहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्दा चैनपुर नगरपालिकामा बसोबास गर्ने कुल ६६४८ घरधुरी मध्ये करिब ८०% घरधुरीमा धारा/पाईपको पानी पुगेको देखिन्छ जसले नगरवासीको खानेपानीमा राम्रो पहुँच रहेको दखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार नगरपालिकामा ९८% भन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिकामा रहेका कुल घरधुरी मध्ये केवल ८२ वटा घरधुरीमा (१.८%) मात्र शौचालय नभएको अवस्था छ । नगरपालिकाको चैनपुर बजार क्षेत्रमा त्रिमुर्ती चौक देखि त्रिचोक सम्म करिब ५०० मिटर मूल बजार क्षेत्रमा मात्र ढलको व्यवस्था भएतापनि बजारको अन्य वस्तीहरुमा ढल र नालीहरुको व्यवस्था छैन । चैनपुर, पोखरी र खराङ बजार क्षेत्रका केहि स्थानमा डस्टबिनको व्यवस्था रहेको छ भने हाल नगरपालिकाले प्रत्येक मंगलबार आफै वडाका मुख्य चौक र वस्तीहरुबाट फोहोर संकलन गरी वडा नं ६ स्थित आईतबारे थानमा रहेको अस्थाई डम्पिङ साइटमा संकलित फोहोर विसर्जन गर्ने गरेको छ । नगरपालिकाबाट सबै वडा र वस्तीहरुका प्रत्येक घरधुरीहरुबाट फोहोर संकलन भैनसकेकोले ग्रामिण र दुरदराजका क्षेत्रहरुमा स्थानीय घरहरुबाट निस्कने फोहोरमैलाहरु गोबरको खाडीमा फाल्ने र जलाउने गरेका छन् । चैनपुर नगरपालिकाका बिहिबारे, तातोपानीन, शुक्रबारे हटिया, चैनपुर बसपार्क, पोखरी बसपार्क र खरांग मंगलबारे हटिया क्षेत्रमा सार्वजनिक शौचालयहरुको व्यवस्था रहेको छ । चैनपुर खुल्ला दिशा मुक्त नगरपालिका घोषणा भैसकेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आएको ।
- जनचेतनाको कमि हुनु ।
- सम्पूर्ण घरधुरीमा धाराको पानी वितरण नहुनु ।
- खानेपानी वितरण मापदण्ड अनुसार नहुनु ।
- स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानीजन्य रोगहरू वढ्नु ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु ।
- फोहोरमैलाको दिर्घकालिन व्यवस्था नभएको ।

**चुनौतीहरु**

- "एक घर एक धारा" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु ।
- स्वच्छ पानीको वितरण गर्नु ।
- स्थानीय खानेपानीका मुहान र स्रोतहरुको संरक्षण गर्नु ।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु ।
- सरसफाइको अभ्यास वढाउनु ।
- फोहोरमैला संकलनको व्यवस्था सबै वडा र घरधुरीमा पुऱ्याउनु ।

### ५.३.३ संभावना तथा अवसर

- "एक घर एक धारा" नीतिको प्रभावकारी कार्यान्वयन भै सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित हुनु ।
- स्वच्छ पानीको वितरण हुने ।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन हुने ।
- फोहोरमैलाको दिर्घकालिन व्यवस्थापन हुने ।
- सरसफाइको अभ्यास वढने ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- स्वच्छ खानेपानी र सरसफाईको व्यवस्था गर्नु ।

**उदेश्य**

- सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानी पहुँच स्थापित गरी नियमित सरसफाईको व्यवस्था गर्नु ।

**रणनीतिहरु**

- एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराइने छ ।
- फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनका साथै सरसफाइको अभ्यास वढाइने छ ।

**कार्यक्रम तथा आयोजना**

- पोखरी र चैनपुरमा रहेका फोहोरमैला व्यवस्थापन केन्द्रलाई व्यवस्थापन गर्ने ।
- खानेपानी तथा सरसफाई गुरुयोजना तर्जुमा गर्ने ।
- स्यानिटरी ल्याण्डफिल साइटको संभाव्यता अध्ययन गर्ने ।
- हाल बजार क्षेत्रबाट शुरुभएको फोहोरमैला संकलन कार्यलाई अन्य वडा र वस्तीहरुमा विस्तार गर्ने ।
- खानेपानीका श्रोतहरुको संरक्षण गर्ने ।
- एक घर एक धाराको लागि पूर्वाधार निर्माण गर्ने ।
- खानेपानीका विद्यमान संरचनाहरु मर्मत गर्ने ।
- दक्ष जनशक्ति उत्पादन तथा सचेतना तालिम संचालन गर्ने ।
- आर्थिक स्रोत व्यवस्थापन र नीति निर्माणको लागि अन्तर सरकार समन्वय गर्ने ।
- खानेपानी अपुग भएका वडा र वस्तीहरुको लागि नयाँ खानेपानी आयोजना निर्माण गर्ने ।
- खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध गराउने ।
- फोहोरमैलालाई स्रोतमै व्यवस्थापनको लागि सचेतना कार्यक्रम संचालन गर्ने ।
- फोहर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्ने ।
- मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गर्ने ।
- सरसफाई सम्बन्धि सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

### ५.३.५ अपेक्षित उपलब्धि

- खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा भै कार्यान्वियन भएको हुनेछ ।
- पोखरी र चैनपुरमा भएको फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन भएको हुनेछ ।
- आधुनिक स्यानिटरी ल्याण्ड फिल साइटको लागि संभाव्यता अध्ययन भै पूर्वाधार निर्माणको कार्य अगाडी बढेको हुनेछ ।
- खानेपानीको श्रोतहरुको संरक्षण भएको हुनेछ ।
- सबै घर परिवारमा पाइपद्वारा खानेपानी वितरण भै एक घर एक धारा भएको हुनेछ ।
- खानेपानी नपुगेका वडा र वस्तीहरुमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुनेछ ।
- सबै घरमा व्यवस्थित चर्पी हुनेछ ।
- सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।
- मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।

- खानेपानी र सरसफाई सम्बन्धि जनचेतनाको विकास भएको हुनेछ ।
- स्थानीय घरधुरीबाट निस्कने फोहोरहरु स्रोतमै व्यवस्थापन हुने प्रकयाको थालनी भएको हुनेछ ।
- नगरपालिकाका मुख्य वस्ती र बजारहरुमा सम्पूर्ण घरधुरीबाट नियमित रुपमा फोहोरमैला संकलन भएको हुनेछ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- संभाव्यता अध्ययनको आधारमा नयाँ खानेपानी आयोजना र स्यानिटरी ल्याण्डफिल साइटको निर्माणको थालनी भएको हुनेछ ।
- प्रत्येक घरधुरीमा धाराको पानी वितरण भएको हुनेछ ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको व्यवस्था भएको हुनेछ ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच नगरपालिकामा खानेपानी वितरण र सरसफाईमा आवश्यक समन्वय र सहकार्य भएको हुनेछ ।
- नगरपालिकाले खानेपानी वितरण र फोहोरमैला व्यवस्थापनमा आवश्यक बजेटको व्यवस्था गरेको हुनेछ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा सामाजिक वन्चितिकरणले सामाजिक विकास क्रमसंगै बर्षौदेखि जातजाति, लिंग, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडी परेका वा पारिएका समुहहरुको अवस्थालाई चित्रण गर्दछ । यस्ता लक्षित वर्गहरुमा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, १६ बर्ष सम्मका उमेर समुहका वालिवालिकाहरु र ६० बर्ष माथिका जेष्ठ नागरिकहरु, अपांगता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा वसोबास गर्ने जनतालाई लिईएको छ । चैनपुर नगरपालिकाको कुल जनसंख्यामा पुरुषको संख्या १३१२५ (४८.९८%) र महिलाको संख्या १३६७४ (५१.०२%) रहेको छ भने समग्र लैंगिक अनुपान ८६.५६ रहेको छ । तर नगरपालिकामा ५ बर्ष मुनिका बालवालिकाहरुको लैंगिक अनुपात भने १११.२० छ किनकी ०-४ बर्ष उमेर समुहमा बालकको संख्या १०९२ छ भने बालिकाको संख्या ९८२ छ । त्यसैगरी नगरपालिकामा १४-४५ बर्ष उमेर समुहका युवाहरुको संख्या कुल जनसंख्याको ५५.३८% छ । त्यसैगरी ६५-७५ बर्ष उमेर समुहका मानिसहरुको संख्या कुल जनसंख्याको ५.५% र ७५ बर्ष भन्दा माथिका मानिसहरुको संख्या २.८८% छ ।

जातीगत हिसाबले हेर्दा नगरपालिकामा आदिवासी, दलित र जनजातीहरुको जनसंख्या ७०% भन्दा बढी छ । त्यसैगरी दलित जातिमा विश्वकर्मा ४%, मिजार २.१%, परियार १.७% भने घर्ती/भुजेल ०.३% छन् । नगरपालिकाको कुल जनसंख्या मध्ये ९१.१७% जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन । लिंगको आधारमा कुनैपनि अपांगता नभएको संख्या पुरुषको भन्दा महिलाको २% जतिले बढी छ । सम्पतिमा महिलाको स्वामित्तको

अवस्थालाई हेर्दा घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार नगरपालिका भित्र केवल १२.२% छ भने घर मात्र महिलाको नाममा भएका घरपरिवार त झन २% मात्रै छ। नगरपालिकाका ५७ जना जनप्रतिनिधिहरु मध्ये पुरुष जनप्रतिनिधिहरुको संख्या ३३ (५७.९%) र महिला जनप्रतिनिधिहरुको संख्या २४ (४२.१%) छ।

### ५.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको कमजोर पहुँच।
- महिला नेतृत्व विकासको कमी।
- महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु।
- महिला लक्षित कार्यक्रमको कमी।
- महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी।
- अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो।

**चुनौतीहरु**

- महिला, बालबालिका तथा वंचितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु।
- नगरपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही संस्थाहरूमा यस वर्ग र समुदायको प्रतिनिधित्व कायम राख्नु।
- अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु।
- वाल मैत्री स्थानीय शासन पूर्ण रुपमा लागू गर्नु।
- अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु।
- आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु।
- पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु।
- स्थानीय पिछडिएका र ग्रामिण वस्तीहरुका महिलाको जीवन स्तरमा सुधार ल्याउनु।
- महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु।

### ५.४.३ संभावना तथा अवसर

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिला, बालबालिका तथा लक्षित वर्गको पहुँच स्थापित हुने।
- महिला तथा पिछडिएका वर्गहरुको नेतृत्व विकास हुने।
- महिला, बालबालिका तथा लक्षित वर्गहरुलाई समेटिएका कार्यक्रमहरु संचालन हुने।
- महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको निर्माण हुने।
- अशक्त तथा जेष्ठ नागरिकहरुको सम्मान हुने।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- नगरपालिकामा विद्यमान सबै प्रकारका हिंसा, शोषण तथा दुर्व्यवहार र लैंगिक एवं सामाजिक विभेदको अन्त्य गर्ने ।

**उदेश्य**

- समावेशि र समतामूलक समाजको निर्माण ।

**रणनीतिहरु**

- महिला, वालवालिका तथा लक्षित वर्गलाई सामाजिक आर्थिक विकासको मूल प्रवाहमा समाहित गरिने छ ।
- वंचितिकरण र भेदभावमा परेका वर्ग र समुदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाइने छ ।
- बालबालिका र किशोर किशोरीको श्रृजनशीलताको विकास गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिको संरक्षण र क्षमता विकास गरी अवसरमा पहुँच वढाइने छ ।
- जेष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाइने छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको अवलम्वन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- नीति निर्माण तहमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- महिलाहरुको स्वास्थ्य परिक्षण गर्न स्वास्थ्य शिविर संचालन गर्ने
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको तर्जुमा गर्ने ।
- सामाजिक विभेदको न्यूनीकरण गर्न जनचेतन सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने ।
- महिला उद्यमीहरुद्वारा उत्पादित कृषिजन्य उत्पादनहरु तथा हस्तकलाका सामाग्रीहरुको दिगो व्यवस्थापन गर्ने ।
- स्तनपान कक्षलाई सुरक्षित र व्यवस्थित बनाउने ।
- लैंगिक समानता तथा सामजिक समावेशीकरण सम्बन्धी कानुन र नीतिहरु तर्जुमा गर्ने ।
- लैंगिक हिंसा निवारण कोष र बाल संरक्षण सम्बन्धी कार्यविधिको कडाईका साथ कार्यान्वयन गर्ने ।
- महिला तथा लक्षित वर्गको लागि आय आर्जन तथा रोजगारीमूलक तालिमहरु संचालन गर्ने ।
- अपांगता रोकथामका लागि प्रेषण सेवा संचालन गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको दर्ता र अद्यावधिक कार्यक्रम संचालन गर्ने ।
- पुनर्स्थापना योजना तथा पार्श्वचित्र तयार गर्ने ।

- अपांगता भएका व्यक्तिहरुको परिचय पत्रमा पहुँच कार्यक्रम संचालन गर्ने ।
- आर्थिक रुपले विपन्न, असहाय र अपांगता भएका व्यक्ति तथा परिवारलाई आवश्यक राहतका कार्यक्रम संचालन गर्ने ।
- लक्षित वर्गको बिकास सम्बन्धि कार्यक्रमहरु गर्ने ।
- नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम संचालन गर्ने ।
- महिला शसक्तिकरण सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने ।
- विशेष शिक्षा कार्यक्रम संचालन गर्ने ।
- न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने ।
- सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रमहरु गर्ने ।
- नगरपालिका भित्रका सार्वजनिक स्थानहरुमा अपांग मैत्री पूर्वाधार निर्माण गर्ने ।
- अपांगता भएका व्यक्तिहरुलाई कृतिम अंग र ह्विल चयेर प्रदान गर्ने ।

### ५.४.५ अपेक्षित उपलब्धि

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा भएको हुनेछ ।
- लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुनेछ ।
- महिला साक्षरता ८०% पुगेको हुनेछ ।
- महिलाको नाममा जग्गाको स्वामित्त २०% भएको हुनेछ ।
- नेतृत्व तहमा महिला तथा लक्षित बर्गको प्रतिनिधित्व ५०% पुगेको हुनेछ ।
- ६०% महिलाको बैङ्क खाता भएको हुनेछ ।
- ५०० जनालाई क्षमता विकास सम्बन्धि तालिम संचालन भएको हुनेछ ।
- नगरपालिकाबाट गठन हुने समितिहरूमा ५०% समावेशीता भएको हुनेछ ।
- वार्षिक ३ वटा महिला तथा जेष्ठ नागरिक लक्षित घुम्ती स्वास्थ्य सेवा संचालन भएको हुनेछ ।
- प्रत्येक वडामा वाल क्लव स्थापना भएको हुनेछ ।
- अपाङ्गता भएका ९०% बालबालिकाहरुले विशेष शिक्षामा पहुँच प्राप्त गरेका हुनेछन ।
- अपांगता भएका ७०% व्यक्तिहरुले कृतिम अंग र ह्विल चयेर प्राप्त गरेका हुनेछन ।
- महिला कार्यरत स्थानहरुमा सुरक्षित स्तनपान कक्षको व्यवस्था भएको हुनेछ ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- नगरपालिकाको लैंगिक समानता तथा सामाजिक सवावेशीकरण नीति तर्जुमा भएको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको महिला, बालाबलिका तथा लक्षित वर्गलाई नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकाको सेवा प्रवाह समावेशी र लक्षित वर्ग मैत्री हुनुपर्ने ।

- नगरपालिकाका सार्वजनिक स्थानहरुमा अपांगमैत्री पूर्वाधार विकास भएको हुनुपर्ने ।
- सुशासन, योजना तर्जुमा र कार्यान्वयनसंग सम्बन्धित आवश्यक ऐन कानुन र कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।
- नगरपालिकाले महिला, वालवालिका तथा लक्षित वर्गको लागि पर्याप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच महिला, वालवालिका तथा लक्षित वर्गको लागी आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नगरपालिकाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवा वर्गको भूमिका महत्वपूर्ण हुने गर्दछ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिएको छ । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी यो जनसाङ्ख्यिक प्रवृत्तिलाई पुँजीकृत गर्दै नगरपालिकाको समग्र विकास निर्माणमा लगाउन सकिएमा युवाहरूले नगरपालिकाको मात्र नभएर समग्र देशकै सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । नगरपालिकाको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ । नगरपालिकाको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यता अनुसार विकास गर्न नगरपालिकाको विद्यमान साङ्गठनिक ढाँचामा समय सापेक्ष सुधार गर्ने तथा नगरपालिकाको खेल क्षेत्रमा विकास गर्न सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई स्थानीय जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिनु पर्दछ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम संचालन गरी “सबैको लागि खेलकुद” भन्ने अभियानलाई साकार पार्न नगरपालिकामा खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

चैनपुर नगरपालिकामा खेलकुद विकासको लागि आधुनिक रंगशाला र कभर्डहलहरु हालसम्म निर्माण हुन सकेको छैन । नगरपालिकाको वडा नं ६ स्थित संखुवासभा बहुमुखी क्याम्पसको खेल मैदानमा एकातर्फ सामान्य प्याराफिट निर्माण गरी स्थानीय, जिल्ला र प्रदेश स्तरका खेलकुद प्रतियोगिताहरु संचालन गर्ने गरिएको छ । नगरपालिका भित्रका अन्य खेल गतिविधिहरु स्थानीय विद्यालय र कलेजका चौरहरुमा हुने गरेको छ । खेलकुदका अन्य गतिविधिहरुमा नगर र जिल्ला स्तरिय खेलकुद प्रतियोगिताका अलावा स्थानीय विद्यालहरुमा बार्षिक रुपमा हुने राष्ट्रपति रनिंग शिल्ड छनौट प्रतियोगिता हुने गरेको छ । भलिवल, फुटबल, टेबिल टेनिस खेलहरु स्थानीय युवाहरुमाझ लोकप्रिय रहेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

**समस्याहरु**

- खेलकुदको विकासका लागि पूर्वाधारको अभाव ।
- स्रोत र साधनको अभाव ।
- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु ।
- युवाहरुको निरन्तर पलायन ।
- व्यावसायिक खेलकुदको कमी ।
- खेलकुद प्रशिक्षणको कमी ।
- स्थानीय युवा क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाहरुको न्यून आयस्रोत ।
- युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु ।

**चुनौतीहरु**

- खेलकुद पूर्वाधारको निर्माण गर्नु ।
- युवा क्षमताको विकास गर्नु ।
- युवा प्रतिभा पलायन रोक्नु ।
- युवामा सकारात्मक सोंचको निर्माण गर्नु ।
- स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण बढाउनु ।
- युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु ।
- व्यावसायिक खेलकुदको विकास गर्नु ।
- खेलकुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्नु ।
- स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गरी संस्थागत गर्नु ।

### ५.५.३ संभावना तथा अवसर

- खेलकुद पूर्वाधार विकास गर्न स्थानहरु उपलब्ध हुने ।
- स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट नगरपालिकाको पहिचानमा थप योगदान हुने ।
- खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने ।
- स्थानीय युवायुवातीहरुलाई स्वस्थ्य र स्फूर्त गराउन सकिने ।
- स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने ।
- खेलकुदको माध्यमबाट समाजका सबै वर्ग, क्षेत्र, लिङ र समुदायका बिच सामाजिक एकता, भाइचारा र सदभाव बढाउन सकिने ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- खेलकुद विकासको माध्यमबाट व्यवसायिक खेलको विकास गरी प्रतिभावान खेलाडीको उत्पादन मार्फत नगरपालिकाको पहिचान र समृद्धिमा योगदान पुर्‍याउने ।

**उदेश्य**

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- खेलकुदको बिकास गर्नु ।

**रणनीतिहरु**

- युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गरिने छ ।
- खेलकुद पूर्वाधारको विकास गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- युवाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु गर्ने ।
- स्थानीय विद्यालयहरुमा खेलकुदको विकासको लागि घुम्ति खेल शिक्षक नियुक्ती गर्ने ।
- राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताका सबै खेल ईभेन्टहरुमा विद्यार्थी सहभागिता बृद्धि गर्ने ।
- चैनपुरमा नगर स्तरिय फुटलब र भलिबल प्रतियोगिताहरु नियमित रुपमा संचालन गर्ने ।
- नगरपालिकामा आधारभूत विद्यालय स्तरिय रनिङशिल्ड प्रतियोगिता संचालन गर्ने ।
- युवा तथा खेलकुदको संस्थागत विकास गर्ने ।
- युवाहरुलाई रोजगार सृजना र उद्यशिलताको लागि सहुलियत ऋण र तालिम प्रदान गर्ने ।
- स्थानीय खेल मैदानहरुको स्तरोउन्नती गर्ने ।
- कभर्ड हलको पूर्वाधार निर्माण गर्ने ।
- प्रशिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने ।
- विद्यालयहरुमा खेलकुद शिक्षक र सामाग्रीहरु उपलब्ध गराउने ।
- स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गर्ने ।
- युवा तथा खेलकुद सम्बन्धी आवश्यक नीतिहरु तर्जुमा गर्ने ।

### ५.५.५ अपेक्षित उपलब्धि

- युवा संजाल निर्माण भएको हुनेछ ।
- नगरपालिका स्थानीय खेलकुद मैदानहरुको स्तरोन्नती भएको हुनेछ ।
- नगरपालिका भित्र ३ वटा कभर्डहल निर्माण भएको हुनेछ ।

- सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामग्रीहरुको व्यवस्था भएको हुनेछ ।
- वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरु आयोजना भएको हुनेछ ।
- युवाहरुले उद्यमशिलता तालिम प्राप्त गरेका हुनेछन ।
- स्थानीय क्लबहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- युवाहरुले उद्यम र स्वरोजगारको लागि सहुलियत रुपमा ऋण प्राप्त गरेका हुनेछन् ।
- खेलकुद मार्फत स्थानीय समुदायका बिच सामाजिक एकता, भाइचारा र सदभाव बढेको हुनेछ ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- नगरपालिकाको युवा तथा खेलकुद सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- आवश्यक खेल पूर्वाधारहरु निर्माण भएको हुनुपर्ने ।
- नगरपालिकाले युवा तथा खेकलुदको विकासमा नियमित बजेट विनियोजन गरेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको युवा तथा खेलकुदको विकासमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच युवा तथा खेलकुद विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

नगरपालिकामा चैनपुर, पोखरी र खराङ गरी तीनवटा मुख्य वस्तीहरु छन् । यी बजार क्षेत्रमा भने वस्तीहरु साघुँरा र गजुगुज्ज परेका छन भने राजमार्ग र सडक छेउका वस्तीहरु भने सडक आसपास रेखाकार रुपमा विकास भएको पाईन्छ । नुनढाकी, गुफापोखरी, ताङलेवा, सिद्धकाली, प्याङकोट, मैदाने, बानेश्वर, पिलुवा, लोहाकोट, सातटारे, चित्लाङ, रातमाटे, कोक्सा, सिम्ले, फलाटे, आहालडाँडा, सालडाँडा आदि नगरपालिकाका अन्य वस्तीहरु हुन । यस्ता वस्तीहरु भू-वनावट र सडकको पहुँचका आधारमा छरिएका, रेखाकार, गुजुमुज्ज र बाक्लो स्वरुपमा पाउन सकिन्छ । चैनपुर बजार साघुँरो भैसकेको र विस्तार हुन सक्ने स्थानको कमी भएकोले भविश्यमा नगरपालिकाका पोखरी, खराङ, डाँगी गाउँ, मिलडाँडा, हटिया लाईन तर्फ वस्तीहरु विस्तार हुनसक्ने देखिन्छ । नगरपालिका भित्रका घरहरुको स्वामित्तको अवस्थालाई हेर्दा ९३.१% मानिसहरु आफ्नै घरमा बसोबास गर्ने गरेको देखिन्छ भने ५.८% मानिसहरु भाँडाको घरमा रहेको देखिन्छ । त्यसैगरी ०.४% मानिसहरु संस्थागत स्वामित्त भएको घरमा बसेको देखिन्छ ।

नगरपालिकाबाट घर निर्माणको लागि भवन निर्माण मापदण्ड र निर्माण संहिता लागू गरेको भएतापनि यो पूर्ण रुपमा लागू हुन सकेको छैन । स्थानीयवासीमा निर्माण मापदण्डको बारेमा सचेतनाको कमी, भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धि तालिमा प्राप्त मिस्त्री नगरपालिकामा उपलब्ध नहुनु र नगरपालिकाको विभिन्न प्रशासनिक झमेलाले गर्दा नगरपालिकामा अझपनि मापदण्ड विपरितका घरहरु निर्माण हुने क्रम यथावतै छ । शैक्षिक तथा स्वास्थ्य संस्था, सडक, पुल, कल्भर्ट, सामुदायिक भवन, ठूला सरकारी भवनहरु, पार्क, आदि निर्माण गर्दा पनि नगरपालिकाले निर्माण मापदण्ड र भवन संहितालाई कडाईका साथ लागू गर्न सकेको खण्डमा सार्वजनिक निर्माण अझ व्यवस्थित र कम जोखिमपूर्ण हुनेछ । नगरपालिकामा हुने वस्ती विकास, भवन तथा सार्वजनिक निर्माणको समस्या तथा चुनौती, संभावना, उदेश्य, रणनीति, कार्यक्रम र उपलब्धीहरुको चर्चा तलको उपखण्डमा गरिएको छ ।

### ६.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- आवास तथा वस्ती विकासको लागि उच्च लागत लाग्ने ।
- निर्माण सामाग्रीहरु बाहिरबाट आयात गर्नुपर्ने ।

**चुनौतीहरु**

- भवन निर्माण मापदणड तथा भवन संहिता पूर्ण रुपमा लागु हुन नसकेको ।

- असुरक्षित तथा जोखिमयुक्त स्थानहरुमा वस्तीहरु भएको ।
- व्यवस्थित वस्ती विकास नभएको ।
- नयाँ घरहरु निर्माण गर्दा चैनपुरको मौलिक वास्तुकला लोप हुँदै गएको ।
- व्यवस्थित आवास र वस्ती विकासमा जग्गा प्राप्त गर्न जटिल हुँदै गैरहेको ।
- पहाडी भू-भाग भएकोले वस्ती विकास चुनौतीपूर्ण हुने र धेरै लागत लाग्ने ।

### ६.१.३ संभावना तथा अवसर

- व्यवस्थित र भूकम्प प्रतिरोधक वस्तीहरु निर्माण र विकास गर्न सकिने ।
- असुरक्षित र जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गर्न सकिने ।
- नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता र वास्तुकला कायम राख्न सकिने ।
- व्यवस्थित वस्ती विकासको लागि जग्गा उपलब्ध हुन सक्ने ।
- स्थानीय अदिवासी र पिछडिएका वर्गहरुको लागि एकिकृत वस्ती निर्माण गर्न सकिने ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### उपक्षेत्रगत लक्ष्य

- व्यवस्थित, गुणस्तरिय, सन्तुलित र सुरक्षित आवास तथा वस्ती विकास ।

#### उदेश्य

- आवासमा सबै वर्ग, क्षेत्र र तहका मानिसहरुको पहुँच सुनिश्चित गर्नु ।
- गुणस्तरिय, व्यवस्थित, सुरक्षित र किफायति भवन निर्माण गर्नु ।

#### रणनीति

- आवास, वस्ती विकास र भवन सम्बन्धि आवश्यक नीतिगत व्यवस्था गरिने छ ।
- न्यूनतम पूर्वाधार सहितको एकीकृत वस्ती विकास गरिने छ ।
- सुरक्षित आवास तथा भवनहरू निर्माण गरिने छ ।

#### कार्यक्रम तथा आयोजना

- आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने ।
- सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि संभाव्यता अध्ययन गर्ने ।
- संभाव्यता अध्ययन र भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्रसमेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।
- न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसंग सहकार्य गर्ने ।

- जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।
- सार्वजनिक जग्गा र नदि किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने वस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गर्ने ।
- सरकारी भवनहरु निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवं स्थानीय वास्तुकलाको समेत जगेर्ना हुने गरी निर्माण गर्ने ।
- सुरक्षित भवन निर्माणको लागि प्राविधिक जनशक्ति, कालिगढ तथा सेवाग्राहीलाई तालिम तथा सचेतन कार्यक्रम संचालन गर्ने ।
- संग्राहलय र प्रदर्शनी स्थलको संभाव्यता अध्ययन तथा विकास गर्ने ।
- नगरपालिका भित्रका खाली जग्गाहरु पहिचान गरी हरियाली पार्क विकास गर्ने ।
- व्यवस्थित शवदाह स्थल निर्माण गर्ने ।
- नीजि र सामुदायिक भवनहरु निर्माण गर्दा स्थानीय वास्तुकला र शैलीमा निर्माण गर्ने ।

### ६.१.५ अपेक्षित उपलब्धि

- आधुनिक, सुरक्षित र सुविधा सम्पन्न शहरी पूर्वाधारयुक्त आवास र वस्तीहरु विकास हुनेछन ।
- नगरवासीलाई गुणस्तरिय स्वास्थ्य र शैक्षिक सेवा उपलब्ध हुनेछ ।
- भवन संहिता र भवन निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन हुनेछ ।
- सार्वजनिक विकास निर्माण गुणस्तरीय र कम जोखिमयुक्त हुनेछ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय मजदुर र मिस्त्रीहरु सुरक्षित र भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धी तालिम प्राप्त भएको हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच सुरक्षित र व्यवस्थित वस्ती विकास तथा सार्वजनिक विकास निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- सुरक्षित र व्यवस्थित वस्ती विकास र सार्वजनिक विकास निर्माणको लागी नगरपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- निर्माण मापदण्ड तथा भवन संहिता पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।
- नगरपालिकाबाट नक्शापास लगायत अन्य विकास निर्माणसंग सम्बन्धित कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

चैनपुर नगरपालिकाको ५ वटा वडाहरुलाई (७, ८, ९, १० र ११) कोशी राजमार्गले र बाँकी ६ वटा वडाहरुलाई (१, २, ३, ४, ५ र ६) चैनपुर गुफापोखरी सडकले छोएको छ । त्यसैगरी संखुवासभा जिल्लाको तुम्लिङटारमा अवस्थित विमानस्थल समेत चैनपुर नगरपालिकाबाट कोशी राजमार्ग हुँदै ३० मिनेट यात्रामा पुगिन्छ । यस हिसाबले हेर्दा चैनपुर नगरवासीको राष्ट्रिय राजमार्ग र हवाई दुवै यातायात सुविधामा पहुँच देखिन्छ । चैनपुर नगरपालिकामा पक्की, ग्राभेल, ढलान, सोलिङ र कच्ची गरी कुल ५३६.३५ किमि सडक रहेको छ । जसमा कोशी राजमार्गको खण्ड (३२ किमि) सहित गरेर कुल ५३ किमि सडक कालोपत्रे छ भने लगभग ५ किमि सडक सोलिङ/ढलान गरिएको छ । बाँकी सडकहरु भने ग्राभेल र धुले स्तरका छन् । चैनपुरबाट कोशी प्रदेशका ठूला शहरहरु धरान, इटहरी र बिराटनगरसम्म नियमित बससेवा संचालनमा रहेको छ भने खाँदबारी, तुम्लिङटार, दमक, बान्हबिसे, सभापोखरी, पाँपखपनसम्म साना जिपहरुले नगरवासीलाई यातायात सुविधा प्रदान गरिरहेका छन् । तरपनि नगरपालिका भित्री वस्ती र ग्रामीण भेगहरुसम्म पुग्ने अधिकांश सडकहरु ग्राभेल र कच्ची छन् भने सम्पूर्ण नगरवासीहरुको सहज आवगमनलाई स्थायीत्व दिन यस्ता सडकहरुमा पुल, कल्भर्ट र नियमित र भरपर्दो यातायात सेवाको पनि त्यतिकै खाँचो छ । त्यसैले नगरपालिकाले स्थानीय सडकहरुको स्तरोउन्नती र पुलपुलेसाहरु निर्माणको लागि नियमित बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ भने अधुरा निर्माण कार्यहरु समेत समयमै सम्पन्न गर्नुपर्ने छ ।

### ६.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- वडा र भित्रि वस्तीका सडकहरु कच्ची र ग्राभेल हुनु ।
- बर्षातको समयमा पहिरो र भू-क्षयको प्रकोप ।
- नगरपालिकामा आधुनिक बसपार्क र बस स्टेण्डहरु नहुनु ।
- ग्रामिण वस्ती, बजार र धार्मिक/पर्यटकिय क्षेत्रहरुसम्म स्थायी सडकको पहुँच नहुनु ।
- मापदण्ड बिहिन सडकहरु निर्माण हुनु ।
- अध्ययन डिजाईन बिनै सडकहरुको ट्र्याक खोल्नु ।
- आवश्यकता अनुसार पुलहरु नहुनु ।
- पक्की सडक संजालको अभावमा ग्रामिण भेगका बजार केन्द्रहरुमा न्यून आर्थिक गतिविधिहरु हुनु ।
- खेतियोग्य जमीन र मत्यपालन भएका पोखरीहरुसम्म कृषि सडकहरु नहुनु ।
- सडकका चौकहरु गोलाकार नहुनु, न्यूनतम सडक, चौक र गल्लीको मापदण्ड तय नगरिनु ।

**चुनौतीहरु**

- भौगोलिक जटिलता, भिरालो जमीन र कमजोर कमेरे माटो ।

- भौगोलिक जटिलताले गर्दा सडक निर्माणको लागि उच्च लगानी लाग्नु ।
- सडक निर्माणमा न्यून प्रगति र ढिलासुस्ती ।
- नगरपालिकाको आन्तरिक आयबाट मात्रै नगरपालिका भित्रका सडक तथा पुल निर्माण गर्न गर्न नसक्नु ।
- सडक तथा पुलहरु निर्माण गर्न स्थानीय राजनैतिक दलहरुबिच समन्वय र साझा धारणा निर्माण गर्नु ।
- ट्राफिक नियमको पूर्ण कार्यान्वयन गर्नु ।

### ६.२.३ संभावना तथा अवसर

- कोशी राजमार्ग र लेगुवा-तुम्लिङ्टार सडकको पहुँच ।
- तुम्लिङ्टार विमानस्थल नजिकै रहेकोले स्तरिय स्वदेशी र विदेशी पर्यटकहरु भित्र्याई आर्थिल लाभ लिने सकिने ।
- डिजाईन अनुसार गुणस्तरिय सडकहरु निर्माण गर्न सकिने ।
- स्थानीय बजार र वस्तीहरुलाई सडक संजालसंग जोडन सकिने ।
- सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम गर्न सकिने ।
- नगरपालिका भित्र नगर वसहरु संचालन गरी स्थानीयवासीहरुको आवगमनलाई सहज बनाउन सकिने।
- राजधानी काठमाण्डौ लगायत कोशी प्रदेशका प्रमुख शहरहरुसंग स्तरिय बस संचालन गरी नगरपालिका र त्यस्ता शहरहरुसंग सहज अन्तरसम्बन्ध स्थापना गरी आर्थिक उन्नती गर्ने सकिने ।
- ट्राफिक सचेतनाका कार्यक्रमहरु संचालन गरी राजमार्गहरुमा हुने दुर्घटना न्यूनिकरण गर्न सकिने ।
- नगरपालिकाको यातायात गुरु योजना तर्जुमा गरी उक्त योजना क्रमश कार्यान्वयन गर्दै सडक तथा यातायात सेवालाई गुणस्तरिय, सहज र भरपर्दो बनाउन सकिने।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### उपक्षेत्रगत लक्ष्य

- नगरपालिका भित्रका बजार केन्द्र र वस्तीहरुमा सडक तथा यातायात पूर्वाधारको बिकास, त्यसको गुणस्तर र पहुँचमा अभिवृद्धि गर्ने ।

#### उदेश्य

- नगरलिकाको केन्द्र, वडा केन्द्र, मुख्य बजार र वस्तीहरुमा सडक यातायातको पहुँच पुऱ्याउनु ।

#### रणनीतिहरु

- नगरपालिका केन्द्रबाट सबै वडाकेन्द्र, ठूला वस्ती, बजार र पर्यटकिय स्थलहरुसम्म पक्की सडक संजाल विस्तार गरिने छ ।

- मौजुदा सडकहरूको स्तरोउन्नती र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गरिने छ ।
- स्थानीय खोलानालाहरुमा पुल, झोलुङ्गे पुल र कल्भर्टहरु निर्माण गरी नगरवासीको आवागमन तथा यातायात सहज बनाइने छ ।
- कृषि सडकको निर्माण गरी स्थानीय कृषि उत्पादनलाई देशका ठूला शहरहरुसम्म पुऱ्याई कृषकहरुको जिवनस्तर सुधार गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- नगरपालिकाको यातायात गुरु योजना तर्जुमा गर्ने ।
- सबै वडा केन्द्र, मुख्य बजार, वस्ती, धार्मिक र पर्यटकिय क्षेत्रहरु जोडने पक्की सडक संजाल निर्माण गर्ने ।
- नयाँ सडक निर्माण गर्दा प्राविधिक अध्ययन गर्ने ।
- नगरपालिकाको विभिन्न स्थानमा हेलिप्याड निर्माण गर्ने ।
- खराङ र पोखरीमा बसपार्कको पूर्वाधार निर्माण गर्ने ।
- मुख्य बजार क्षेत्रहरुमा स्तरिय बस स्ट्याण्ड निर्माण गर्ने ।
- स्थानीय साधन, श्रोत र सीपको अत्यधिक उपयोग गर्ने ।
- सडक तथा पुल निर्माण गर्दा गुणस्तरीयता कायम गर्न निर्माण व्यवसायीले नै आयोजना हस्तान्तरण भएको कम्तीमा ५ वर्ष सम्म मर्मत सम्भार समेत गर्ने गरी ठेक्का व्यवस्थापन गर्ने ।
- निर्माणधिन र ढिलासुस्ती भएका सडक आयोजनाहरुलाई समयमै निर्माण सम्पन्न गर्ने ।
- नगरपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख गरी राजपत्रमा प्रकाशित गर्ने ।
- सडकहरूको नियमित स्तरोउन्नती र मर्मत सम्भार गर्ने ।
- सडक मर्मत सम्भार कोष खडा गर्ने ।
- नगरपालिकाका भित्री वस्ती र टोलहरुसम्म पुग्नको लागि पुल र कल्भर्टहरु निर्माण गर्ने ।
- पुराना पुल र कल्भर्टहरुको नियमित मर्मत संभार गर्ने ।
- कृषि सडक संजाल विस्तार गर्ने ।

### ६.२.५ अपेक्षित उपलब्धि

- नगरपालिकाका वडा भित्रका स-साना बजार केन्द्र, वस्ती र धार्मिक तथा पर्यटकिय स्थलहरुसम्म जाने सडक पक्की भै मुख्य राजमार्गसंग जोडिएको हुनेछ ।
- खराङ र पोखरीमा बसपार्क बनेको हुनेछ ।
- नगरपालिकाको यातायात गुरु योजना तर्जुमा भै कार्यान्वयनको शुरुवात भएको हुनेछ ।
- सडकहरुको मापदण्ड (अधिकार क्षेत्र) निर्धारण भएको हुनेछ ।
- सबै वडा केन्द्र, मुख्य बजार केन्द्र, वस्ती र धार्मिक तथा पर्यटकिय स्थलहरुसम्म जाने सडकमा पुल र कल्भर्टहरु निर्माण भएको हुनेछ ।
- सडक मर्मत संभार कोष खडा भएको हुनेछ ।

- लामो तथा छोटी दुरीको यातायात सेवा सहज भएको हुनेछ ।
- नगरपालिका भित्रका मुख्य बजार क्षेत्रहरुमा पर्ने राजमार्ग र सडकहरुमा व्यवस्थित बस स्टेण्ड निर्माण भएको हुनेछ ।
- नगरपालिकाको विभिन्न स्थानमा हेलिप्याड निर्माण भएको हुनेछ ।
- प्राविधिक अध्ययनको आधारमा मात्र नयाँ सडकहरु निर्माण भएको हुनेछ ।
- स्थानीय सडकहरुको नियमित मर्मत संभार भएको हुनेछ ।
- कृषि सडक संजालको विस्तार भएको हुनेछ ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय मजदुर र मिस्त्रीहरु सुरक्षित निर्माण सम्बन्धी तालिम प्राप्त हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच सडक तथा पुल निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।
- मापदण्डयुक्त सडक र पुलहरु निर्माणको लागी नगरपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- निर्माण मापदण्ड तथा भवन संहिता पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

चैनपुर जलश्रोतमा निक्कै सम्पन्न छ । नगरपालिका भित्र अरुण, सभा, हेवा, पिलुवा जस्ता नदि खोलानालाहरु छन् जसबाट लघु तथा ठूला जलविद्युतको प्रशस्त संभावना रहेको छ । नगरपालिकाको सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुगेको छ । तर गुणस्तरिय ट्रान्सफरमर र प्रसारण लाईनको अभावमा ग्रामीण क्षेत्रमा भोल्टेज कम हुने र विद्युत अवरुद्ध भैरहने समस्या विद्यमान छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा वत्ती बाल्नको लागि बिजुली प्रयोग गर्ने परिवार संख्या ९७.७१% छ । विगतमा वत्तीको लागि मट्टितेल प्रयोग हुने गरेको थियो तर नगरपालिकाका वडा र ग्रामिण वस्तीहरुमा विद्युत सेवा पुगेसंगै व्यापक रुपमा बिजुली वत्तीको प्रयोग हुँदै आईरहेको छ । सोलार उर्जा/सौर्य उर्जा, मट्टीतेल र बायोग्यासको प्रयोग गर्ने धरधुरीहरुको संख्या भने निक्कै न्यून रहेको छ । काठ/दाउरा र एलपी ग्यास खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनहरु हुन ।

### ६.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- राष्ट्रिय प्रसारण लाईन पुगेको भएतापनि नगरपालिकाका भित्री वस्ती र टोलहरुसम्म गुणस्तिरय प्रसारण लाईन र ट्रान्सफर्मर नभएकोले बिजुलीको भोल्टेज कम गुणस्तरको भएको ।
- कृषि विद्युतीकरण हुन नसकेको ।
- सबै टोल र वस्तीहरुमा सडक वत्ती नभएको ।

**चुनौतीहरु**

- गुणस्तरीय ग्रामिण र कृषि विद्युतीकरण गर्नु ।
- स्थानीय घरधुरीहरुमा विद्युत खपत बढाउनु ।
- विद्युतीकरणको लागि बजेटको व्यवस्था गर्नु ।
- स्थानीय लोडसेडिङ अन्त्य गर्नु ।
- वैकल्पिक उर्जाको प्रयोग बढाउनु

### ६.३.३ संभावना तथा अवसर

- वैकल्पिक उर्जाको रुपमा सोलार उर्जाको प्रयोग गरी वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने ।
- कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- स्थानीय उत्पादनमा आधारित लघु तथा घरेलु उद्योगहरुको विकास गरी बिजुलीको खपत बढाउनु ।
- नगरपालिका भित्रका सम्पूर्ण वडा, टोल र वस्तीहरुमा विद्युतीय चुल्होको प्रयोग गरी आयतीत ग्यास खपतमा कमी ल्याउन सकिने ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- नगरपालिकामा उर्जाको सहज व्यवस्था र खपत बृद्धि गर्ने ।

**उदेश्य**

- नगरपालिकाका सबै घरधुरी र लघु/घरेलु उद्योगहरुमा उर्जाको पहुँच स्थापित गराउने ।
- कृषि विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउने ।

**रणनीतिहरु**

- नगरपालिकाका सबै वडाहरुमा उर्जालाई भरपर्दो र सुलभ बनाईने छ ।

- विद्युत तथा उर्जाको व्यवस्था गरी खपत बढाईने छ ।
- वैकल्पिक उर्जाको प्रवर्द्धन गरिने छ ।

**कार्यक्रम र आयोजना**

- वैकल्पिक उर्जा र लघु जलविद्युतहरुको संभाव्यता अध्ययन गर्ने ।
- विद्युत तथा वैकल्पिक उर्जा सम्बन्धि नीतिहरु तर्जुमा गर्ने ।
- नगरपालिका भित्रका टोल, वस्ती र स-साना बजार केन्द्रहरुमा पुग्ने सकडमा सडक वत्ती जडान गर्ने ।
- कृषि योग्य जमीन र खेतहरुमा सिंचाईको लागि विद्युतीकरण गर्ने ।
- नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनमा सहयोग गर्ने ।
- सिंचाई, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्ने ।
- स्थानीय लघु तथा घरेलु उद्योगमा नियमित र गुणस्तरिय बिजुलीको व्यवस्था गर्ने ।
- विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन गर्नको लागि स्थानीय घरपरिवारलाई अनुदान र सहुलियतमा विद्युतिय चुल्हो उपलब्ध गराउने ।

### ६.३.५ अपेक्षित उपलब्धि

- नगरपालिका भित्रका टोल, वस्ती र बजार केन्द्रहरुसम्म स्तरीय विद्युत प्रसारण लाईन जडान भै प्रत्येक घरधुरी, उद्योग र कलकारखानाहरुसम्म गुणस्तरीय भोल्टेज पुगेको हुनेछ ।
- कृषियोग्य खेतहरुमा विद्युतीकरण भै कृषि उत्पादन र उत्पादकत्व बढेको हुनेछ ।
- खाना पकाउन विद्युतीय चुल्होको प्रयोग बढेर नगरपालिका भित्र आयातीय खाना पकाउने ग्यासको प्रयोगमा कमी आएको हुनेछ ।
- विद्युतको नियमित आपूर्तीसंगै नगरपालिका भित्र उद्योगहरुको संख्या बृद्धि भइ नयाँ रोजगारी सृजना भएको हुनेछ ।
- खाना पकाउनु विद्युतको प्रयोगमा बृद्धि भै दाउराको प्रयोगमा कमी आई वनजंगलको संरक्षणमा योगदानु पुगेको हुनेछ ।
- वैकल्पिक उर्जाको प्रयोगमा बृद्धि भएको हुनेछ ।
- ईन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको संख्या बढेको हुनेछ ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।

- नगरपालिका, प्रदेश र संघीय सरकारबिच जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाको विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- स्तरिय विद्युत प्रसारण लाईनको व्यवस्था भएको हुनुपर्ने ।
- कृषि विद्युतीकरणको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- नगरपालिकाले वैकल्पिज उर्जाको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।
- नगरपालिकामा विद्युत र वैकल्पिक उर्जाको प्रयोग सम्बन्धि नीतिहरु तर्जुमा भएको हुनुपर्ने ।

## ६.४ सूचना, संचार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नगरपालिका विकासको समग्र क्षेत्रमा सूचना, संचार र प्रविधि क्षेत्रको महत्वपूर्ण भूमिका हुने गर्दछ । नगरपालिकाबाट प्रवाह हुने विभिन्न खालका सेवा सुविधाहरुलाई अझ प्रभावकारी, पारदर्शी, सक्षम, सहज र सुलभ बनाउन पनि सूचना, संचार तथा प्रविधि क्षेत्रको त्यतिकै भूमिका हुने गर्दछ । नगरपालिकामा इन्टरनेट, मोवाईल फोन, पत्रपत्रिका, रेडियो, टेलिभिजन जस्ता सूचना तथा संचार क्षेत्रको विकास भएको भएतापनि महंगो पर्ने भएकोले इन्टरनेट र सूचना प्रविधिमा स्थानीय आदिवासी, दलित, गरिब र पिछडिएका वर्गहरुको पहुँच भने निक्कै न्यून रहेको छ । मुख्य बजार क्षेत्रहरुसम्म नीजि क्षेत्रबाट इन्टरनेटको पूर्वाधार भने विकास भएको छ । ईन्टरनेट जडित घरहरुमा पनि कम्प्युटरबाट भन्दा मोवाईलबाटै ईन्टरनेट चलाउने घरधुरीको संख्या बढी रहेको छ । नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरु सूचना प्रविधि मैत्री हुन सकेको छैन । नगरपालिकाको आफ्नै वेभसाइट भएतापनि नियमित अद्यावधिक नगरिएकोले नगरवासीहरुले वेभसाइटबाट अद्यावधिक सूचना र तथ्याङ्कहरु समेत पाउन सकेको देखिदैन ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार चैनपुर नगरपालिकामा साधरण मोवाईल फोन संचारको सबैभन्दा बढी प्रयोग हुने साधन रहेको छ । नगरपालिकाको ८०.९% घरधुरीमा साधरण मोवाईल फोनको पहुँच रहेको देखिन्छ । त्यसैगरी स्मार्ट मोवाईल प्रयोग गर्ने घरधुरीहरु ६६.९% छ । घरका प्रत्येक वयस्क सदस्यहरुसंग मोवाईल फोन रहेको छ भने स्मार्ट फोन प्रयोगकर्ताहरुको ईन्टरनेट पहुँच समेत उल्लेख्य मात्रामा बढेको छ । नगरपालिकामा रेडियो प्रयोग गर्ने घरधुरीहरु ६१.१% र इन्टरनेट भएका घरधुरीहरु ४०.४% छ ।

### ६.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- नगरपालिकाका प्रत्येक घरधुरी र टोलहरुसम्म ईन्टरनेट सेवा प्रदायक संस्थाहरु नपुगेको ।
- इन्टरनेट महंगो पर्ने भएकोले सबैको पहुँच हुन नसक्ने ।
- मोवाईल सेवाको गुणस्तर भरपर्दो नभएको ।
- नगरपालिकाको वेभसाईट नियमित अद्यावधिक नहुने ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव ।

- सूचना र संचारको विकासको लागि आवश्यक बजेट नहुनु ।
- नगरपालिकामा सूचना, संचार र प्रविधि सम्बन्धी पर्याप्त नीति नहुनु ।

**चुनौतीहरु**

- नगरपालिकाबाट प्रवाह हुने सेवा र सुविधाहरुलाई सूचना प्रविधि मैत्री बनाउनु ।
- नगरपालिकामा प्रत्येक घरधुरीमा ईन्टरनेट सेवाको पहुँच स्थापित गर्नु ।
- मोवाईल सेवाको नेटवर्क भरपर्दो र गुणस्तरीय बनाउनु ।
- ईन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच बढाउनु ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञान बढाउनु ।
- ईन्टरनेटको व्यापक प्रयोगसंगै साईबर सुरक्षाको चुनौती ।
- बौद्धिक सम्पतिको संरक्षण तथा सुरक्षा संवेदनशिलता ।
- आवश्यक कानुन र नीतिगत व्यवस्था गर्नु ।
- सामाजिक संजालको बढदो प्रयोगबाट आउने चुनौती र विकृतिहरुलाई नियन्त्रण गर्नु ।
- सूचना तथा संचार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा चुनौती ।

### ६.४.३ संभावना तथा अवसर

- समय र पैसाको बचत हुने ।
- नगरपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी हुने ।
- स्थानीय सरकार र संघसंस्थाहरुमा सुशासन कायम हुने ।
- नगरपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी, चुस्त र प्रभावकारी हुने ।
- छिटो र सहज रुपमा सूचना प्राप्त हुने ।
- नगरपालिकाका सबै वडा, टोल र वस्तीहरुसम्म गुणस्तरीय मोवाईल र ईन्टरनेट सेवाको पहुँच स्थापित हुने ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- नगरपालिकामा भरपर्दो सूचना तथा संचारको पूर्वाधार विस्तार गरी नगरपालिकाबाट प्रवाह हुने सेवा र सुविधामा नागरिकको पहुँच बढाउनु ।

**उदेश्य**

- विद्युतीय स्थानीय सरकार सूचाङ्कमा सन २०२८ सम्ममा नेपालका उत्कृष्ट स्थानीय सरकारहरुको तहमा पुऱ्याउने ।

- मोवाईल र टेलिफोन सेवाको पहुँच सबै नागरिकमा सुनिश्चित गर्ने ।
- नगरपालिकाका सम्पूर्ण घरधुरीमा ईन्टरनेट सेवाको पहुँच सुनिश्चित गर्ने ।
- विद्युतीय सरकारको अवधारणा अनुरुप कम्तिमा ८०% नागरिक लक्षित सेवाहरु अनलाईन मार्फत प्रदान गर्ने ।
- पिछडिएका, गरिब र आदिवासीहरुलाई ईन्टरनेटको सरल र सुलभ व्यवस्था गर्ने ।

**रणनीति**

- सबै प्रकारका संचार सुविधाहरु सम्पूर्ण वडा, बजार केन्द्र, वस्ती र घरधुरीहरुसम्म विस्तार गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- नगरपालिकाको इ-गभर्नेन्सको विकास गर्ने ।
- ईन्टरनेट सेवा नपुगेका वडा, टोल र वस्तीहरुमा सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरुलाई सहजीकरण गर्ने ।
- सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास गर्ने ।
- सामुदायिक सूचना केन्द्रको स्थापना गर्ने ।
- स्थानीय पत्रिपत्रिकाहरु प्रकाशन गर्न प्रोत्साहन गर्ने ।
- नगरपालिका भित्र वसोबास गर्ने आदिवासी, गरिब र पिछडिएका घरधुरीहरुमा ईन्टरनेट सेवाको सहज र सरल पहुँच स्थापित गर्ने ।

### ६.४.५ अपेक्षित उपलब्धि

- नगरपालिकाको इ-गभर्नेन्सको क्षमता अभिवृद्धि भइ नागरिकहरुले सरल, सहज र प्रभावकारी रुपमा सेवा र सुविधाहरु प्राप्त गरेका हुनेछन ।
- नगरपालिकाका सबै कार्यालयहरुका सेभसाइट, ईमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक संजालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनवाई हुने व्यवस्था भएको हुनेछ ।
- नगरपालिकाको ७५% घरधुरीमा ईन्टरनेट सेवाको पहुँच स्थापित हुनेछ ।
- नगरपालिकाको सम्पूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास भएको हुनेछ ।
- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- आम संचार माध्यम व्यवासायिक, मर्यादित र जिम्मेवार भएको हुनेछ ।
- अनलाईन सेवाहरु व्यवस्थित र विश्वासिलो भएको हुनेछ ।
- नगरपालिकाका मुख्य बजार, चौक र सार्वजनिक स्थानहरुमा निशुल्क वाईफाईको पूर्वाधार जडान भएको हुनेछ ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- नगरपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- नगरपालिकामा सूचना तथा संचारको लागि आवश्यक पूर्वाधारको व्यवस्था हुनुपर्ने ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा र दैनिक कार्यसम्पादन इ-गभर्नेन्स अवधारणामा आधारित भएको हुनुपर्ने ।
- सूचना तथा संचार र प्रविधि क्षेत्रमा स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकाको सूचना तथा संचार नीति तर्जुमा भएको हुनुपर्ने ।
- सूचना र संचारको बिकासको लागि नगरपालिकाले आवश्यक सहजिकरण र सहुलियत प्रदान गरी नगरपालिका र नीजि सेवा प्रदायक बिच आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच सूचना, संचार र प्रविधिको क्षेत्रमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सबै प्रकारका जीवजन्तु तथा वनस्पतिका आणुवंशिक, प्रजातिगत र पारिस्थितिक प्रणाली विविधता भनेर बुझिन्छ । जैविक विविधताबाट मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अनेकौ वस्तु तथा सेवाहरू जस्तै खाना, उर्जा, औषधि, अक्सिजन आदि निरन्तर पाइरहेका छन् । जैविक विविधताको अत्यधिक उपयोग हुँदै जाँदा, जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जीवनको अस्तित्व नै खतरामा पर्न जान्छ । उचाईगत विविधतासगै नगरपालिकाको जलवायुमा समेत विविधता भएकोले जिवजन्तु तथा वनस्पतिहरुमा समेत विविधता पाईन्छ । चैनपुर नगरपालिका ६१ वटा सामुदायिक वनहरु र केहि नीजि वनहरु समेत छन् । भौगोलिक विविधतताले गर्दा चैनपुरमा उष्ण, उपोष्ण, तल्लो समशीतोष्ण, माथिल्लो समशीतोष्ण र लेकाली प्रकारका वनहरु छन जहाँ साल, कटुस चिलाउने, सल्ला र पतझड प्रकारका वनस्पतीहरु देखि टाँकी, खन्यू, कुटमेरो, कोईरालो, काब्रो, पिपल, नेमारो, दुधिलो जस्ता वनस्पतीहरु समेत पाइने गरेको छ ।

### ७.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- हरियाली क्षेत्र र सामुदायिक वनको दिगो व्यवस्थापन हुन नसकेको ।
- वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना नभएको ।
- बर्षातको समयमा पहिरो, नदि कटान र भूक्षय भैरहने ।
- पानीका स्रोत र मुहानहरुको संरक्षण नभएको ।
- दर्ता भएका नीजि वन र रुख पालकहरुले हुर्काएका नीजि रुखजन्य काठपात र विरुवाको दिगो व्यवस्थापन हुन नसकेको ।
- वनजंगलमा मानिसहरुको अतिक्रमण र प्रभाव बढदै गैरहेको ।
- फलफुलका बोट, झाडी, कुकाठको फँडानी गर्नाले जंगली जनावहरुलाई जंगलमा पर्याप्त खाना नहुनु ।
- वन्य जन्तुहरुको स्वभावमा परिवर्तन भै आक्रामकपन बढदै जानु ।
- जंगली जनावहरुको संख्या बढदै जानु ।
- वन्यजन्तुबाट वालीनाली नाश र अतिक्रमण भैरहेको ।
- पारिस्थितिक प्रणालीमा आएको समस्याले मांसहारी जनावरहरु लोप भै जंगली जनावरहरुको आहार र खाद्य श्रृंखलामा समस्या उत्पन्न भैरहेको ।

**चुनौतीहरु**

- बिकास र वातावरण बिच सन्तुलन कायम गर्नु ।
- खाली एवं बाझो जमीनमा बृक्षारोपण गर्नु ।
- वन तथा वातावरण संरक्षणलाइ आर्थिक क्रियाकपालसंग आवद्ध गर्नु ।
- दाउरा, घर निर्माण र फर्निचरको लागि स्थानीय नीजि वनहरुको फडानी रोक्नु ।
- वन पैदावर र वन्यजन्तुहरुको संरक्षण ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा बृद्धि गर्नु ।
- जंगली जनावरबाट स्थानीय वालीनालीमा हुने क्षतिलाई नियन्त्रण गर्नु ।
- जंगली जनावर र मानव वस्तीहरुको बिचको द्वन्दलाई व्यवस्थाप गर्नु ।
- स्थानीयवासीहरुमा वन, वातावरण र जैविक विविधता सम्बन्धी जनचेतनाको अभाव ।

**७.१.३ संभावना तथा अवसर**

- स्थानीय वन तथा वातावरणको दिगो व्यवस्थापन भै स्थानीयवासीहरुको जिवनस्तरमा सकारात्मक प्रभाव पर्ने ।
- जैविक विविधताको संरक्षण हुने ।
- पहिरो, भू-क्षय, नदि कटान र आदिको प्रकोप नियन्त्रण र न्यूनिकरण हुने ।
- पानीका स्रोत र मुहानहरुको संरक्षण हुने ।
- स्थानीय जलाधारहरुको संरक्षण हुने ।
- जथाभावी बोटविरुवा र रुखहरुको फडानी नियन्त्रण हुने ।
- व्यक्तिगत रुपमा रोपिएका र हुर्काईएका काठजन्य बोटविरुवालाई व्यवसायिक कच्चा पदार्थको स्रोत बनाउन सकिने ।

**७.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

**उपक्षेत्रगत लक्ष्य**

- वन तथा वातावरण संरक्षण गरी जैविक विविधता कायम गर्ने ।

**उदेश्य**

- स्थानीय वन व्यवस्थापन तथा वातावरण संरक्षण मार्फत नगरपालिका भित्रका रुखविरुवा तथा हरियाली क्षेत्रको विकास र संरक्षण गर्दै जैविक विविधताको संरक्षण गर्नु ।
- वन तथा वातावरणको संरक्षण गर्दै विपदलाई न्यूनिकरण गर्नु ।

### रणनीति

- वन तथा जैविक विविधता सम्बन्धि गुरुयोजनाको आधारमा जलस्रोत तथा वन क्षेत्रको उपयोग तथा व्यवस्थापन गरिनेछ।
- वन तथा हरियाली क्षेत्रको उपयोग तथा व्यवस्थापन गर्दा एकिकृत जलस्रोत व्यवस्थापन तथा जैविक विविधताको बहुउदेश्यिय उपयोगलाई प्राथमिकता दिईने छ।
- वन तथा जैविक विविधता क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन तथा नियमनका लागि संस्थागत व्यवस्था गरिनेछ।
- वन तथा जैविक विविधताको संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा अभिवृद्धि गरिनेछ।
- पारिस्थितिक प्रणालीमा सुधार ल्याई जंगली जनावरहरुको आहार र खाद्य श्रृंखलामा भैरहेको समस्या लगायत स्थानीयवासी र जंगली जनावरहरुको बिचको द्वन्दलाई नियन्त्रण र न्यूनिकरण गरिने छ।

### कार्यक्रम तथा आयोजना

- चैनपुर नगरपालिकाको “वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७” र “विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७८” लाई पूर्ण रुपमा कार्यान्वयनमा लैजाने।
- वनजंगलको झाडी फडानी नगरी प्राकृतिक वनको रुपमा विकास गर्ने।
- जंगलमा वृक्षारोपण गर्दा जंगली फुलफलहरु (चिउरी, बकाईनो, आँप, बर, पिपल, केरा, कटुस, आदि) रोप्ने।
- वनजंगल भित्र जंगली जनावरहरुको लागि पानीका पोखरीहरु निर्माण गर्ने।
- मानिसको जिविकोपार्जनका लागि वन कार्यक्रम लगायत वनमा मानवीय चहलपहल रोक्ने।
- वन्यजन्तुले असर नगर्ने वा कम असर गर्ने पशुपालन, वैकल्पिक बाली प्रणालीको प्रवर्द्धन गर्ने र पकेट क्षेत्रको रुपमा विकास गर्ने।
- बादर निर्यात र नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने।
- अन्नवालीको सट्टामा वन्यजन्तुले असर नगर्ने वा कम असर गर्ने वाली प्रणाली विकास गर्ने। जस्तै जडिबुटी खेती, कागती, निवुवा, ज्यामिर, भक्किमिलो, आँप, लिचि, कटहर, कफीङ भुईकटहर, उखु, अदुवा, बेसार, अकवरे, आलु आदी खेति)।
- घाँस खेती गरी बाख्रापालन, बंगुरपालन, भैसी र गाईपालन गर्ने।
- जंगली जनावरहरुको आक्रमण र अतिक्रमण रोक्न पूर्व सूचना प्रणालीको पूर्वाधार जडान गर्ने।
- बाली तथा पशु विमालाई वडा र वस्तीहरुसम्म पुऱ्याउने।
- उजाड र खाली क्षेत्रहरुमा वृक्षारोपण गर्ने।
- स्थानीय खोलानाला, पोखरी र जैविक विविधताको संरक्षण गर्ने।
- वातावरण संरक्षण र जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने।
- जंगली जनावरहरु र मानवविच अनुकुलन स्थापित गर्न अध्ययन अनुसन्धान गर्ने र स्थानीयवासीहरुको लागि सचेतना कार्यक्रमहरु गर्ने।

- आयमूलक कार्यक्रममा वित्तीय पहुँच र प्राविधिक सहायता उपलब्ध गराउने ।
- वातावरण र जैविक विविधता सम्बन्धी अध्ययनहरु गर्ने ।
- वन, वातावरण र जैविक विविधता संरक्षण सम्बन्धि नीति र योजनाहरु तर्जुमा गर्ने ।
- वन, वातावरण र जैविक विविधता संरक्षणको लागि अन्तर सरकार र निकायहरुबिच समन्वय गर्ने ।

### ७.१.५ अपेक्षित उपलब्धि

- वन, वातावरण र विपद व्यवस्थापन सम्बन्धित नगरपालिकाले तर्जुमा गरेका ऐन कानुनहरु पूर्ण रुपमा कार्यान्वियन आएको हुनेछ ।
- वन तथा जैविक विविधता क्षेत्रको संरक्षण भएको हुनेछ ।
- स्थानीय वन र हरियाली क्षेत्रहरुमा मानिसहरुको चहलपहल न्यूनिकरण भएको हुनेछ ।
- स्थानीयवासी र जंगली जनावरहरुबिचको द्वन्द न्यूनिकरण भएको हुनेछ ।
- जंगली जनावहरुको आक्रमणबाट कृषि वालीनालीहरुमा भएको क्षति क्रमश न्यूनिकरण र नियन्त्रण भएको हुनेछ।
- वन्यजन्तुले कम असर गर्ने खालका वालीप्रणालीको विकास भएको हुनेछ ।
- स्थानीय खोलानाला र पोखरीहरुको संरक्षण भएको हुनेछ ।
- वातावरण विकास एवं संरक्षण कार्य आय र रोजगारीसंग आवद्ध भएको हुने छ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय पारिस्थितिय प्रणालीमा सुधार आई जंगली जनावरहरुको आक्रमण न्यूनिकरण र नियन्त्रण भएको हुनुपर्ने ।
- जंगली जनावरहरुको आक्रमणबाट कृषि वालीनालीको संरक्षण भएको हुनुपर्ने
- नगरपालिकाको वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको वन तथा जैविक विविधताको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच वन तथा जैविक विविधता संरक्षणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- नगरपालिकाले वन तथा जैविक विविधता संरक्षण सम्बन्धी योजना तथा कार्यक्रमको लागी नियमित बजेटको व्यवस्था गरेको हुनुपर्ने ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

चैनपुर पहाडी भू-भागमा अवस्थित नगरपालिका भएको, भिरालो प्रकारको भू-स्वरुप, कमजोर र कमेरे माटोले गर्दा पहिरो र भूस्खलनको चुनौती सधै रहने गर्दछ । साथै चैनपुर भूकम्पको उच्च जोखिम क्षेत्रमा पर्ने भएकोले भूकम्पबाट हुने पहिरो र भूस्खलन भूसंरक्षण र जलाधार व्यवस्थापनको सबैभन्दा ठूलो चुनौती हो । बर्षातमा समयमा ठूला नदि प्रणाली र ती नदिहरुमा मिसिएर आउने अन्य स-साना खोलानालाहरुमा हुने कटान, पहिरो र भू-क्षयले गर्दा चैनपुर नगरपालिकामा भू-संरक्षण तथा जलाधार व्यवस्थान अझ ठूलो चुनौती थपिएको छ ।

संगसंगै जथाभावी रुपमा खुलेका नयाँ सडकहरु, बिकास निर्माण कार्यमा प्रयोग हुने ठूला यन्त्र उपकरण र विस्फोटक पदार्थ, वन फडानी लगायत ठूला जलविद्युत आयोजनाहरुको भौतिक संरचना निर्माणले गर्दा पानी मुहानहरु सुक्दै गैरहेकाले भू-संरक्षण र जलाधारण व्यवस्थापन अझ चुनौतीपूर्ण र जटिल बन्दै गैरहेको छ । त्यसैगरी जथाभावी वन फडानी र स्थानीय नदिजन्य खनिजहरुको उत्खननले नदिजन्य प्रकोप बढदै गैरहेको छ भने स्थानीय खेतबारीमा प्रयोग हुने विभिन्न प्रकारका किटनाषक औषधी, रासायनिक मल र बिषादीहरुको जथाभावी प्रयोगले पनि जग्गाको उर्वराशक्ति र प्राकृतिकपन समेत क्रमश खस्कदै गैरहेको छ । त्यसैले भूसंरक्षण र जलाधार व्यवस्थापन नगरपालिकाको एक प्रमुख समस्या र चुनौतीको रुपमा रहेको छ । नगरपालिकाको वडा नं १ मा पहिरोको उच्च जोखिम रहेको छ । नगरपालिकाको जलाधर मुख्यतया नगरपालिकाको उत्तर दिशामा रहेको सभा खोला र हेवा खोला, दक्षिणमा रहेको पिलुवा खोला र पश्चिममा रहेको अरुण दिन नदि प्रणालीमा आधारित छन् ।

### ७.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- जलस्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन कानुन र नीतिको अभाव ।
- पहिरो, नदि कटान र भूक्षयको प्रकोप ।
- भिरालो स्थानमा वस्तीहरु हुनु ।
- नदि र खोलानाबाट वालुवा, ढुंगा, गिटि आदिको जथाभावी उत्खनन ।
- जलस्रोतको चरम दोहन ।
- जथाभावी वन फडानी ।
- पारिस्थिति प्रणालीमा असन्तुलनले समस्या बढदै गएको ।
- स्थानीय पोखरी र खोलानालाहरु सुक्दै जानु ।
- जलस्रोतको वैज्ञानिक अध्ययन र अभिलेख नहुनु ।
- जलस्रोत क्षेत्रसँग सम्बन्धित निकायहरूको बीचमा आपसी समन्वय तथा सहकार्यको अभाव ।

**चुनौतीहरु**

- स्थानीय खोलानाला, पोखरी र खेतियोग्य जमीनको उपयोग र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन कानुन र नीतिको अभाव।
- वन र जंगली जनावरको सुरक्षा र संरक्षण।
- बिकास निर्माण कार्यमा ठूला यन्त्र उपकरण र विस्फोटक पदार्थको प्रयोगलाई न्यूनिकरण र निषेध गर्नु।
- मानव र जंगली जनावरहरु बिचको द्वन्द नियन्त्रण।
- बाढी, डुबान, नदि र भूक्षयको नियन्त्रण।
- नदि र खोलानाबाट वालुवा, ढुंगा, गिटी आदिको जथाभावी उत्खनन।
- स्थानीय खोलानाला र पोखरीहरुको संरक्षण र सम्वर्द्धन।
- जलस्रोतको चरम दोहनको नियमन र नियन्त्रण।
- जलस्रोतको वैज्ञानिक अध्ययन र अभिलेख नहुनु।
- जलस्रोत क्षेत्रसँग सम्बन्धित निकायहरूको बीचमा आपसी समन्वय तथा सहकार्यको अभाव।

### ७.२.३ संभावना तथा अवसर

- कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराउन सकिने।
- पानीका मुहान र स्रोतहरुलाई संरक्षण गरी खानेपानीको समस्यालाई सम्बोधन गर्न सकिने।
- वनको वैज्ञानिक व्यवस्थापनबाट स्थानीय वन उपभोक्ता समुहहरु लाभान्वित हुन सक्ने।
- खानेपानीको अभाव भएका वडाहरुमा खानेपानी आयोजना विस्तार गर्ने सकिने।
- वालुवा, ढुंगा, गिट्टी आदिको उत्खननबाट नगरपालिकाको राजश्व अभिवृद्धि गर्न सकिने।
- स्थानीय खोला, नदि र पोखरीहरुको संरक्षणबाट स्थानिय पर्यावरण र पारस्थितिक प्रणालीमा सकारात्मक प्रभाव हुने।
- पहिरो, भूक्षय र नदि कटानलाई नियन्त्रण गरी विपद जोखिमलाई न्यूनिकरण गर्ने सकिने।
- जलस्रोतको सदुपयोगबाट स्थानीयवासीहरुको जिवनस्तरमा सुधार ल्याउन सकिने।
- मत्यपालनबाट स्थानीयवासीको आर्थिक बृद्धि हुने सक्ने।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

भूसंरक्षण तथा स्थानीय वन, खोलानाला, पोखरीहरुको सम्वर्द्धन र दिगो बहुउपयोगबाट संमृद्धि हासिल गर्नु।

**उदेश्य**

- स्थानीय नदिनाला र पोखरीहरुको संरक्षण तथा विकासको लागि संघ र प्रदेश सरकारसंग समन्वय गर्ने।

- आर्थिक, सामाजिक तथा वातावरणीय पक्षमा पर्न सक्ने नकारात्मक प्रभाव न्यून हुनेगरी वन र जलस्रोतको विकास र उपयोग गर्ने व्यवस्था मिलाउनु ।
- जलउत्पन्न प्रकोप लगायत अन्य मानवजन्य र प्राकृतिक विपद न्यूनीकरण एवम् प्रभावकारी व्यवस्थापन गरी क्षति न्यनीकरण गर्नु ।

**रणनीतिहरु**

- स्थानीय खोलानाला र पोखरी सम्बन्धि गुरुयोजनाको आधारमा वन, जलस्रोत तथा जलाधार क्षेत्रको उपयोग तथा व्यवस्थापन गरिनेछ ।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्दा एकिकृत जलस्रोत व्यवस्थापन, जैविक विविधता तथा जलस्रोतको बहुउदेश्यिय उपयोगलाई प्राथमिकता दिईने छ ।
- जैविक विविधता क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन तथा नियमनका लागि संस्थागत व्यवस्था गरिनेछ।
- भू-संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा अभिवृद्धि गरिनेछ।
- स्थानीय तह, समुदाय, संघ संस्थाहरु र सरोकारवालाको प्रत्यक्ष र सकृय सहभागिता बढाई विपद पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाईने छ ।
- विपद तथा जलावयु उत्थानशील समुदायको निर्माण गरिने छ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने ।

**कार्यक्रम तथा आयोजना**

- नगरपालिकाको "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७८" र "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" लाई क्रमश कार्यान्वयनमा लैजाने ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनका लागि नगरपालिकाबाट आवश्यक्ता र प्राथमिकताको आधारमा हरेक बर्ष बजेट छुट्याउने।
- क्षेत्रगत गुरुयोजना अनुसार सम्बन्धित क्षेत्रका निकायहरू मार्फत निर्माण र व्यवस्थापन गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन, अध्ययन र विश्लेषणको आधारमा वन र जलस्रोतको उपयोग र व्यवस्थापन गर्ने ।
- नाङ्गा पाखाहरुमा वृक्षारोपण गर्ने र वनजंगलको संरक्षण गर्ने ।
- स्थानीय खोलानाला, पोखरीहरुको प्रभावकारी संरक्षण, नियमन एवम् नियन्त्रणको लागि गुरुयोजना तयार गरी लागू गर्ने ।
- पहिरो (ताङलेवा, डाँडा खर्च र भित्रे पहिरो), नदि कटान र भूक्षय जस्ता विपद्‌लाई न्यूनीकरण गर्ने ।
- स्थानीय पोखरीहरुमा पानीको मात्रा यथेष्ठ र स्थिर राख्नका लागि जलाशयहरूको निर्माण गर्ने ।
- स्थानीय जलस्रोतमा निजी क्षेत्रको सहभागिता एवम् सार्वजनिक निजी साझेदारीको व्यवस्था गर्ने ।

- जलस्रोत तथा भू-संरक्षणको क्षेत्रसँग सम्बन्धित निकायहरूको बीचमा आपसी समन्वय तथा सहकार्य गर्ने।
- स्थानीय नदी तथा खोला नियन्त्रण एवम् व्यवस्थापनबाट उकास भएका जमिनको उपयोग लाभ लागतको आधारमा गर्ने ।
- स्थानीय खोलानाला र पोखरीहरुको संरक्षण र सम्वर्द्धन गर्ने ।
- रासायनिक मल र विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै जैविक मल र विषादिको प्रयोग गर्ने ।

## ७.२.५ अपेक्षित उपलब्धि

- वन, वातावरण र विपद व्यवस्थापन सम्बन्धित नगरपालिकाले तर्जुमा गरेका ऐन कानुनहरु पूर्ण रुपमा कार्यान्वयन आएको हुनेछ ।
- स्थानीय जलस्रोत र भू-संरक्षण, विकास, व्यवस्थापन र नियमन गर्दा अध्ययन, अनुसन्धान, तथ्य एवम् प्रमाणका आधारमा हुनेछ ।
- स्थानीय वातावरण तथा पारस्थितिकिय प्रणालीमा सुधार आई मानव र जंगली जनावरहरुको द्वन्द न्यूनिकरण भएको हुनेछ ।
- स्थानीय खोलाना, पानीका मुहान र पोखरीहरुको संरक्षण र सदुपयोग भएको हुनेछ ।
- जलस्रोत र भू-संरक्षण तथा विकासमा संघ र प्रदेश सरकारसंग समन्वय हुनेछ ।
- स्थानीयवासीका आवश्यकता परिपूर्तिका लागि आवश्यक पर्ने जलस्रोतजन्य सेवा सुविधा सहज, सुलभ, सुपथ र समन्यायिक तवरले उपलब्ध हुनेगरी जलस्रोत क्षेत्रको विकास हुनेछ ।
- आर्थिक, सामाजिक तथा वातावरणीय पक्षमा पर्नसक्ने नकारात्मक प्रभाव न्यून हुनेगरी जलस्रोतको विकास र उपयोग हुनेछ ।
- जल उत्पन्न प्रकोप र अन्य मानवजन्य तथा प्राकृतिक विपद न्यूनीकरण एवम् प्रभावकारी व्यवस्थापन भै क्षति न्यूनीकरण भएको हुनेछ ।
- वन तथा हरियाली क्षेत्रको संरक्षण र सम्वर्द्धन भएको हुनेछ ।

## ७.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- भू-संरक्षण तथा जलाधार व्यवस्थापनका लागि नगरपालिकाबाट आवश्यक्ता र प्राथमिकताको आधारमा हरेक बर्ष बजेट विनियोजन हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको नगरपालिकाको जलाधार र भूसंरक्षणको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकाको जलाधार र भू-संरक्षण सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- स्थानीय खोलानाला तथा नदिहरुमा तटबन्धको निर्माण भएको हुनुपर्ने ।
- स्थानीय खोलानाना तथा नदिहरुको चरम दोहन बन्द हुनुपर्ने ।
- रासायनिक मल, किटनाषक औषधी र विषादीहरुको जथाभावी प्रयोग बन्द भएको हुनुपर्ने ।

- नगरपालिकाको भू-उपयोग योजना तर्जुमा भै पूर्ण कार्यान्यवन भएको हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच जलाधआर र भूरक्षण क्षेत्रमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

चैनपुर नगरपालिकाका अधिकांश वस्तीहरु ग्रामीण प्रकृतिका भएको, प्रदुषणजन्य ठूला उद्योगहरु नभएको, प्रशस्त खुल्ला क्षेत्र र हरियाली समेत भएकोले समग्रमा नगरपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । तर चैनपुर बजारमा रहेको घना वस्ती र आसपासको क्षेत्रमा बढदो निर्माण कार्य र शहरीकरणले नगरपालिकाको वातावरणमा चुनौती समेत सृजना हुँदै गैरहेको छ । चैनपुर नगरपालिकामा आजसम्म एकिकृत फोहोरमैला व्यवस्थापन प्रणालीको विकास भएको छैन । नगरपालिकाका अधिकांश घरहरुमा फोहोरमैला व्यवस्थापनको लागि सेफ्टी टैंक तथा खाल्टे चर्पी छन् भने घरको भान्साघर, सिन्क, बेसिन लगायत लुगा धोएको र भाँडाकुँडा माँझेको पानी सडक छेउको नाली, गोबरको खाडी, धारा नजिकैको पानी जम्ने खाल्डोमा जाने गरेको छ । ग्रामीण भगेमा भने यस्ता फोहोर पानीहरु घर नजिकै खेतबारीमा जाने गरेको देखिन्छ । नगरपालिकामा हालसम्म फोहोर पानी प्रशोधन गर्ने प्रणाली र पूर्वाधारको विकास भएको छैन । चैनपुर बजारको त्रिमुर्ती चौक देखि त्रिचोक सम्म मात्र करिब ५०० मिटर जति ढलको व्यवस्था छ भने बजार क्षेत्रका अन्य वस्तीहरुमा हालसम्म ढलको विकास हुन सकेको छैन । त्यसैगरी नगरपालिका भित्रका हाटबजार लाग्ने क्षेत्रमा समेत फोहोर बढेर यसको व्यवस्थापन अझ चुनौतीपूर्ण हुँदै गैरहेको छ । नगरपालिकाले केहि क्षेत्रबाट फोहोरमैला संकलन गरी विसर्जन गर्ने कार्यको थालनी गरेको छ तर स्थायी ल्याण्डफिल साइटको अभाव, सिमित पूर्वाधार र जनशक्तिबाट स्थानीय बजार र हाटबजार क्षेत्रको फोहोर व्यवस्थापन हुन कठिन छ । नगरपालिकाको वातावरण संरक्षण र फोहोरेमैला व्यवस्थापनका समस्या तथा चुनौतीहरु लगायत संभावनाहरुको चर्चा तलको उपखण्डमा गरिएको छ ।

### ७.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पानीका स्रोत र मुहानहरु सुक्दै गैरहेको ।
- बर्षायाममा पहिरो, नदि कटान र भूक्षयको प्रकोप ।
- भिरालो प्रकारको भू-स्वरुप, कमजोर र कमेरे माटो ।
- स्थाई स्यानीटरी ल्याण्डफिल साइट नभएको ।
- नगरपालिकाको सिमित क्षेत्रहरुबाट मात्र नियमित फोहोरमैला संकलन हुने गरेको ।
- प्लाष्टिक झोलाहरुको जथाभावी प्रयोग ।
- मुख्य बजार क्षेत्रको कहि वस्तीमा मात्र ढलको व्यवस्था भएको ।
- वातावरण संक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था ।

- आवश्यक ऐन र कार्यविधिहरु नभएको
- ढल निकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि न्यून सचेतना ।
- ढल निकास र फोहोरमैला व्यवस्थापनको लागि पूर्वाधार निर्माण गर्न आर्थिक स्रोतको अभाव ।
- बिकास निर्माणको लागि ठूला मेसिनहरुको जथाभावी प्रयोग र उत्खनन ।
- स्थानीयवासीहरुमा वन, वातावरण, फोहोरमैला व्यवस्थापन र जैविक विविधता सम्बन्धी जनचेतनाको अभाव ।
- किटनाशक औषधी र रासायनिक मलको बढको प्रयोग ।
- वनमा डढेलो लाग्नु ।

**चुनौतीहरु**

- वातावरणिय प्रदुषणले गर्दा वातवरणीय तत्वहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने ।
- वातावरणीय प्रदुषणको समाधानको व्यवस्थापन जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण हुने ।
- पानिको श्रोत र मुहानहरु सुक्दै जानु ।
- बर्षातमा हुने पहिरो, कटान र भू-क्षयको व्यवस्थापन र न्यूनिकरण ।
- ढल निकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतना बढाउनु ।
- प्लाष्टिक जन्य फोहोरको नियन्त्रण र व्यवस्थापन ।
- नगरपालिकाको सम्पूर्ण घरधुरीबाट फोहोरमैला संकलन गरी स्थाई स्यानिटरी ल्याण्डफिल साइटमा विसर्जन गर्नु ।
- मुख्य बजार क्षेत्रहरुमा ढलको पूर्वाधार निर्माण गर्नु ।
- किटनाशक औषधी र रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गर्नु ।

**७.३.३ संभावना तथा अवसर**

- फोहोरमैला र ढल निकास समस्याको दिर्घकालिन समाधानको लागि फोहोरमैला प्रसोधन केन्द्र र स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्न सकिने ।
- वातावरणिय विनासबाट हुने क्षतिलाई न्यूनिकरण गर्ने सकिने ।
- मुख्य बजार र घना वस्ती क्षेत्रमा ढल संजालको निर्माण गर्न सकिने ।
- फोहोरमैला व्यवस्थापन र ढलको निकासबाट सफा, सुन्दर र स्वच्छ नगरपालिका निर्माण गर्न सकिने।
- नगरवासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धि जनचेतना अभिबृद्धि भै फोहोरलाई स्रोतमै व्यवस्थापन गर्ने सकिने ।
- वातावरण तथा प्रदुषण नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैर सरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको सहभागिता बढदै जानु ।
- फोहोरलाई उर्जाको रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।
- प्रदेश तथा संघीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरु निर्माण हुनु ।
- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।

- वातावरण संरक्षण सम्बन्धि सचेतना कार्यक्रम संचालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने ।
- वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन, प्रदुषण न्यूनीकरण र वातावरणीय संरक्षण गरी वातावरणीय स्वच्छता कायम गर्ने ।

**उदेश्य**

- व्यवस्थित फोहोरमैला व्यवस्थापन र ढल निकासको लागि पूर्वाधार तयार गर्नु ।
- स्थानीय खोला, पोखरी र नदिहरुमा हुने प्रदुषण न्यूनीकरण गरी त्यहाको पारस्थितिकीय प्रणालीमा सुधार गर्नु ।
- फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्नु ।

**रणनीतिहरु**

- फोहोरमैलालाई सुरक्षित रुपमा विसर्जन गरिने छ ।
- मुख्य बजार र घना वस्ती क्षेत्रमा व्यवस्थित ढल निकासको व्यवस्था गरिने छ ।
- स्थानीय लघु तथा घरेलु उद्योगहरुलाई वातावरण मैत्री र वैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिने छ ।
- किटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्रांगारिक मलको प्रयोग र प्लाष्टिक झोलाको सट्टा स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री झोला उपयोगमा ल्याईने छ।
- वातावरणीय सचेतना अभिवृद्धि गर्ने र हरियाली कायम गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- चैनपुर नगरपालिकाको “वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७” र “नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०७८” लाई पूर्ण रुपमा कार्यान्वयनमा लैजाने ।
- वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रणका लागि अध्ययन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु संचालन गर्ने ।
- नदिनाला, पोखरी तथा अन्य पानीका स्रोत र मुहानहरुको संरक्षण गर्ने ।
- सडक छेउमा जथाभावी फोहोर र शौच गर्ने कार्यलाई नियन्त्रण गर्ने ।
- नगरपालिकाका सार्वजनिक स्थान र बजार क्षेत्रहरुमा शौचालय निर्माण गर्ने ।

- फोहोरमैलाको उपयुक्त व्यवस्थापन गर्न बजार क्षेत्र र घना वस्तीहरुबाट नियमित रुपमा फोहोरमैला संकलन गर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि स्थाई स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्न संभाव्यता अध्ययन गरी उपयुक्त स्थानको छनौट गर्ने ।
- वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र उद्योगहरुलाई प्रवर्द्धन गर्ने ।
- बायो ग्यास, सुधारिएको चुल्हो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक उर्जाहरुको प्रवर्द्धन एवं विस्तार गर्ने ।
- उद्योगहरुलाई मुख्य बजार र मानव वस्तीभन्दा टाढा लैजान प्रोत्साहन गर्ने ।
- गरिब र विपन्न वर्गसम्म नवीकरणिय उर्जा प्रविधिको पहुँच सुलभ गरी दाउराको प्रयोग कम गर्ने ।
- नगरपालिका क्षेत्रमा प्लाष्टिक झोला निषेध गर्ने ।
- स्थानीय सामाग्रीबाट उत्पादित वातावरण मैत्री हरित झोला उपयोगमा ल्याउने ।
- किटनाशक औषधी प्रयोग र व्यवस्थापन गर्ने काममा स्थानीय कृषक, उपभोक्ता समुह र संघ संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु संचालन गर्ने ।
- नगरपालिकामा वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी आवश्यक संयन्त्रको व्यवस्था गर्ने ।
- हरियाली कायम गर्न उजाड डाँडा र स्थानहरुमा वृक्षारोपण गर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरु खरिद गर्ने ।
- आवश्यक नीति, ऐन, नियमावली र कार्यविधिहरु तर्जुमा गर्ने ।
- नगरपालिकाका मुख्य बजार क्षेत्र, वस्ती र टोलहरुमा ढल व्यवस्थापनको लागि विस्तृत ईन्जिनियरिङ अध्यनन गर्ने ।
- मुख्य बजार क्षेत्र र घना वस्तीहरुमा ढल संजालको निर्माण गर्ने ।
- सफा शौचालय, सफासुग्घर भान्साघर एवं फोहोरमैलाको स्रोत पहिचान र उत्सर्गन कार्यक्रम संचालन गर्ने ।

### ७.३.५ अपेक्षित उपलब्धि

- वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धित नगरपालिकाले तर्जुमा गरेका ऐन कानुन र कार्यविधिहरु पूर्ण रुपमा कार्यान्वयन आएको हुनेछ ।
- मुख्य बजार र घना वस्ती क्षेत्रमा ढल संजालको निर्माण भएको हुनेछ ।
- मुख्य बजार र घना वस्तीहरुबाट नियमित फोहोर संकलन भएको हुनेछ ।
- फोहोरमैला व्यवस्थापन र ढलको निकासबाट सफा, सुन्दर र स्वच्छ नगरपालिका निर्माण भएको हुनेछ।
- स्थानीयवासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धि जनचेतना अभिबृद्धि भै फोहोरको स्रोतमै व्यवस्थापन नै प्रवृतिको शुरुवा भएको हुनेछ ।
- फोहोरजन्य झाडापखाला र हैजाहरुको प्रकोप कम भएको हुनेछ ।

- स्थानीय नदि तथा खोलाहरुमा प्रदुषण न्यूनिकरण भएको हुनेछ ।
- फोहोरमैलाको व्यवस्थापन भै वैकल्पिक उर्जाको प्रयोग बढेको हुनेछ ।
- नगरपालिका क्षेत्रमा प्लाष्टिक झोला निषेध भएको हुनेछ ।
- उजाड डाँडाहरु र खालि क्षेत्रमा वृक्षारोपण भएको हुनेछ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरुको व्यवस्था भएको हुनुपर्ने ।
- स्थाई स्यानिटरी ल्याण्डफिल साइटको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा भएको हुनुपर्ने ।

## ७.४ विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

चैनपुर नगरपालिकामा झाडा पखाला र हैजा जस्ता प्रकोपहरु समय समयमा देखा परेको भएतापनि यस्ता प्रकोप र चिसोबाट मानविय क्षति भने न्यून हुने गरेको छ । कोडिभ-१९ को महामारीबाट भने यस नगरपालिका समेत नराम्रोसंग प्रभावित भएको थियो । कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको लागि नगरपालिकाले एक "कोभिड-१९ संकट रोकथाम तथा प्रतिकार्यात्मक व्यवस्थापन समितिको" गठन गरेको थियो । उक्त समिति मार्फत नगरपालिकाभित्र संक्रमित र उनीहरुको परिवारलाई मास्क, स्यानिटाईजर वितरण गरिएको थियो । विपद्का दृष्टिले चैनपुर नगरपालिका निक्कै सम्वेदनशिल रहेको छ । यस नगरपालिकामा भूकम्प, सुख्खा, खडेरी, जङ्गली जनावरको आतङ्क, स्थानीय कृषि बालीमा रोगकिरा, पशुरोग, आगलागी, पहिरो, कटान, बाढी, डुबान, भूस्खलन, हावाहुरी, असिना, चट्याङ, महामारी जस्ता प्रकोपहरु रहेका छन् । वि.सं. १९९० सालको भूकम्पको ईपिसेण्टर चैनपुर रहेको, पटक पटकका भूकम्पका धक्काहरुले यो क्षेत्रलाई सताईरहेको र नगरपालिकाका अधिकाँस घरहरु भूकम्पबाट आँशिक क्षति भएकाले चैनपुरमा भूकम्पीय जोखिम उच्च रहेको देखिन्छ । चैनपुर नगरपालिकामा जलवायु परिवर्तनका ठूला कारक तत्वहरु नभएको भएतापनि विश्वव्यापी कारणहरुले गर्दा अनियमित बर्षा, कृषि बालिमा विभिन्न प्रकारका नयाँ नयाँ रोगहरु आउने, लामो समय सुख्खा खडेरी हुने, बाढी, पहिरो, कटान/भूक्षय, पोखरी क्षेत्रहरु सुक्ने जस्ता घटनाहरु देखा पर्न थालिसकेका छन् ।

जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण नगरपालिकाका धेरै पानीका मुहान, कुवा, धाराहरु सुक्दै गएकोले खानेपानीको र मुख्य गरी अलैंची बगान लगायत खेतीपातीमा सिंचाईको समस्या दिनानुदिन बढ्दै गईरहको छ । सामुदायिक वन र नीजि वनको संरक्षण गरिएपनि जङ्गल गोडमेल र जिविकोपार्जनका लागि मानिसको जङ्गलमा गमनशिलता बढेपछि जङ्गलमा खानेकुराको अभाव र माँसाहारी जनावर लोप हुनुका कारण बाँदर, दुम्सी, मृग, खरायो आदिको संख्यामा निरन्तर बृद्धि भै स्थानीय कृषिवालीमा जंगली जनावरहरुको अत्रिक्रमण र जनावरको स्वाभावमा भएका परिवर्तनका कारण वन्यजन्तुको आतङ्क बढ्दै गएको देखिन्छ ।

### ७.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पानीका स्रोत र मुहानहरु सुक्दै गैरहेको ।
- खडेरी र सुख्खाले कृषि उत्पादनमा कमी ।
- विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरु ।
- भिरालो जमीन र कमेरो माटो ।
- बर्षायाममा पहिरो, नदि कटान र भूक्षयको प्रकोप ।
- बिकास निर्माणमा ठूला यन्त्र र उपकरणहरुको प्रयोग ।
- पुराना र जिर्ण वस्ती, घर र भवनहरु ।
- भिरालो स्थानमा वस्तीहरु हुनु ।
- नगरपालिका भूकम्प संवेदनशील क्षेत्रमा पर्ने ।
- प्लाष्टिक झोलाहरुको जथाभावी प्रयोग ।
- चैनपुर बजार क्षेत्रको सिमित स्थानमा मात्र ढलको व्यवस्था भएको ।
- स्यानिटरी ल्याण्डफिल साइट नभएको ।
- नगरपालिकाबाट सिमित क्षेत्रबाट मात्र फोहोर संकलनको नियमित व्यवस्था नभएको ।
- वातावरण सम्बन्धि न्यून सचेतना ।
- वातावरण संक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था ।
- आवश्यक ऐन र कार्यविधिहरु नभएको ।
- समुदायमा व्याप्त गरिबि ।
- विपद पूर्व तयारीमा कमी ।
- जंगल नजिकै मानव वस्तीहरु भएको ।
- जङ्गली जनावहरुलाई जङ्गलमा पर्याप्त खाना र पानीको अभाव ।
- असार श्रावणमा कम बर्षा र हिदमा लागो खडेरी पर्नु ।
- रासायनिक विषादीको जथाभावी प्रयोग ।
- वनमा डढेलो लाग्नु ।
- पारिस्थितिक प्रणाली खलबलिनु ।

**चुनौतीहरु**

- पहिरो र जोखिम क्षेत्रमा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्नु ।
- भूकम्प प्रतिरोधक भवन निर्माणको लागि भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गर्नु ।
- भूकम्प प्रतिरोधक भवन निर्माणको लागि दक्ष डकर्मी र सिकर्मीहरुको व्यवस्था ।
- जङ्गली जनावरहरुबाट स्थानीय कृषि वालीनाली सुरक्षित राख्नु ।
- वातावरणीय प्रदुषणको समाधानको व्यवस्थापन जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण हुने।
- स्थानीय खोलानाला र पोखरीहरु सुक्दै जानु ।
- बर्षातमा हुने पहिरो, कटान र भू-क्षयको व्यवस्थापन र न्यूनिकरण ।
- उचित समयमा पानि नपर्ने, लामो समयसम्म खडेरी लाग्ने, अति बर्षा, खण्ड बर्षा, डुबान, वाढी, नदि कटान, पहिरो नियन्त्रण गर्नुपर्ने ।
- विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरु बढने ।
- बिकास निर्माण कार्यमा ठूला यन्त्र र उपकरण र विष्फोटक पदार्थहरुको प्रयोगलाई न्यूनिकरण गर्नु ।
- कतिपय लोपोन्मुख प्राणी र जैविक विविधता नास हुने ।
- बिपद्मा परेका घरपरिवार तथा समुहलाई तत्काल राहतको व्यवस्था गर्नु ।
- हावापानीको परिवर्तनको कारण जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।
- सुख्खा याममा वनलाई डढेलोबाट जोगाउनु ।
- किटनाशक औषधी र रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गर्नु ।
- प्लाष्टिक जन्य फोहोरको नियन्त्रण र व्यवस्थापन ।

### ७.४.३ संभावना तथा अवसर

- पारिस्थित प्रणालीमा सुधार गरी मानव र जङ्गली जनावरहरु बिचको द्वन्द न्यूनिकरण गर्ने सकिने ।
- जङ्गली जनावरले असर गर्न नसक्ने वैकल्पिक कृषि प्रणालीको विकास गर्ने सकिने ।
- पूर्व सूचना प्रणालीहरुको विकास गर्न सकिने ।
- भूकम्प प्रतिरोधक भवनहरु निर्माण गरी भूकम्पबाट हुने जनधनको क्षतिलाई न्यूनिकरण गर्न सकिने ।
- कृषि बालीमा जंगली जनावरहरुको आक्रमणबाट हुने क्षति न्यूनिकरण गर्न सकिने ।
- जलस्रोत, उर्जा, पूर्वाधार, मानव स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षा र वन तथा जैविक विविधतामा हुने असर कम गर्न सकिने ।
- वातावरण तथा प्रदुषण नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैर सरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको सहभागिता बढदै जानु ।
- सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि, संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको बिकास हुन सक्ने ।
- फोहोरलाई उर्जाको रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।
- प्रदेश तथा संघीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरु निर्माण हुनु ।

- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।
- तटबन्ध र वृक्षारोपण आदिबाट पहिरो, नदि कटान र भू-क्षयको समस्या न्यूनिकरण गर्ने सकिने ।
- स्थानीय खोलानाला र पोखरीहरुको संरक्षण र व्यवस्थापनबाट पानीका श्रोतहरुको संरक्षण गर्ने सकिने।
- बिपदमा परेका घरपरिवार तथा समुहलाई तत्काल राहतको व्यवस्था गर्न सकिने ।
- वातावरण संरक्षण सम्बन्धि सचेतना कार्यक्रम संचालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने ।
- वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### उपक्षेत्रगत लक्ष्य

- विपद तथा जलवायुजन्य जोखिमबाट हुने क्षतिलाई कम गर्दै स्थानीय विकास प्रकृयामा मूलप्रवाहीकरण गरी उत्थानशील समुदायको निर्माण गर्ने ।

#### उद्देश्य

- स्थानीय नदि, खोला, पोखरीहरु हुने प्रदुषण न्यूनीकरण गरी त्यहाको पारस्थितिकीय प्रणालीमा सुधार गर्नु ।
- प्रकोपको नक्साङ्कन गरी प्रकोपको सङ्कटासन्नताको पहिचान र स्तरीकरण तथा क्षमता विश्लेषण गर्ने।
- स्थानीय तह, समुदाय, संघसंस्था र सरोकारवालाहरुको प्रत्यक्ष र सकृय सहभागिता बढाई विपद पूर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
- विपदसंग सामान गर्न सक्ने जनशक्ति तयार गर्ने ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नु ।
- विपदबाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग सुनिश्चित गर्ने।
- जलवायुको परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असरको न्युणिकरण, नियन्त्रण र यसले अन्य क्षेत्रमा पार्ने असरसित अनुकुलित हुँदै जलबायु कोष र संयन्त्रबाट हुने लाभको अधिकतम उपयोग गर्नु ।

#### रणनीतिहरु

- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम प्रयोग गरी विपद जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रुपमा कार्यान्वियन गरिने छ ।
- भूकम्प प्रतिरोधक भवन निर्माणको लागि भवन निर्माण मापदण्ड, भवन संहिता कडाईका साथ लागू गरी र भूकम्प प्रतिरोधक भवन निर्माणको लागि आवश्यक जनशक्तिहरु उत्पादन गरिने छ ।

- नगरपालिकाबाट विपद व्यवस्थापन तथा क्षति न्यूनिकरणको लागि पर्याप्त बजेटको व्यवस्था गरिने छ र नगरपालिकाबाट गरिने विकास निर्माणका कार्यमा विपद पूर्वतयारीका लागि आवश्यक व्यवस्था गरिने छ ।
- बिकास निर्माण कार्यमा सम्भव भएसम्म ठूला यन्त्र र उपकरणहरुको प्रयोगलाई न्यूनिकरण गर्दै स्थानीय प्रविधि, सीप, ज्ञान र वायोइन्जिनियरिंग प्रविधिको प्रयोग गरिने छ ।
- उपलब्ध पानीका श्रोतहरुको संरक्षण गर्न वैकल्पिक उयायहरु अवलम्वन गरिने छ ।
- जोखिम युक्त क्षेत्रहरुमा विपद पूर्व सूचना प्रणालीहरु जडान गरिने छ ।
- मौसम पूर्व अनुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद न्यूनिकरण गरिने छ ।
- जलवायुजन्य घटनाहरुको पहिचान गरी मानव जीवनको रक्षा गरिने छ ।
- जलवायुमैत्री उर्जा र कृषि प्रविधिको छनौट र विस्तार गरिने छ ।
- वातावरणीय सचेतना अभिवृद्धि गर्ने र हरियाली कायम गरिने छ ।
- नगरपालिका तथा समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिवृद्धिका लागि विपद जोखिम न्यूनिकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्थाहरुको सहभागितालाई प्राथमिकता दिदै अधिकतम समन्वय र सहकार्य गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- चैनपुर नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७" र "विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७८" र "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७८" लाई पूर्ण रुपमा कार्यान्वयनमा लैजाने ।
- भूकम्प प्रतिरोधक भवनहरु निर्माण गर्ने ।
- विपद प्रतिकार्यका लागि पूर्व तयारी गर्ने ।
- जलवायु परिवर्तन र विपद जोखिम न्यूनिकरणको लागि स्थाई कोषको व्यवस्था गर्ने ।
- समुदाय र नगरपालिका स्तरको योजना निर्माण गरी विपद व्यवस्थापन सामाग्रीको व्यवस्था गर्ने ।
- सुरक्षित स्थानको छनौट गरी वस्ती बसाउने र संवेदनशिल क्षेत्रमा रहेका वस्तीहरु स्थानान्तरण गर्ने ।
- पहिरो प्रभावित स्थानहरुमा जङ्गल बढाउने र अलैची, किवि, चिराइतो आदि वैकल्पिक खेती गर्न लगाउने ।
- जङ्गली जनावरले असर नगर्ने वैकल्पिक वाली प्रणालीको विकास गर्ने ।
- जङ्गली जनावरको आक्रमण गर्ने र विचरण गर्ने संवेदनशिल र जोखिम क्षेत्रमा पूर्व सूचना प्रणालीको पूर्वाधार जडान गर्ने ।
- चैनपुर नगरपालिका क्षेत्रभित्र रहेका सुख्खा ग्रस्त क्षेत्रको डाँडामा आकाशे पानी संकलन गर्नको लागि पोखरी निर्माण गर्ने ।
- वन झाँडी बढन दिएर वन्यजन्तुको वासस्थान र खानाको संरक्षण गर्ने ।
- कृषि वाली र पशु विमाको व्यवस्था गर्ने ।
- जङ्गलमा फुलफुलका विरुवा लगाउने, पानी पोखरी र दहहरुको निर्माण गर्ने ।

- नाङ्गा पाखाहरुमा बृक्षारोपण गर्ने ।
- पानीका स्रोतहरूको पहिचान गर्ने, संरक्षण गर्ने, बर्षातको पानी संकलन गर्ने प्रविधि र पद्धतिलाई प्रवर्द्धन गर्ने ।
- विपद प्रतिकार्यको लागि दमकल, व्याकहो लोडर, उद्धार भवन, अन्य आवश्यक उपकरण र सामानहरुको खरिद र व्यवस्था गर्ने ।
- रासायनिक मल र बिषादीको प्रयोगलाई न्यूनिकरण गर्दै जैविक बिषादिको प्रयोग गर्ने ।
- आगालागीलाई नियन्त्रण गर्न गाउँ समुदायमा अग्नीशमन यन्त्रको व्यवस्था गर्ने ।
- गर्मी तथा सुख्खा मौसममा हावाहुरी र आगलागीबाट सुरक्षा अपनाउन पूर्व चेतावनी र सचेतना फैलाउने।
- नदी तथा खोलाहरुको प्राकृतिक वहाव कायम गर्ने कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय अनुकुलन कार्ययोजनालाई व्यापक बनाई अनुकुलनलाई विकास कार्यक्रमसंग आवद्ध गर्ने ।
- स्थानीय र आधुनिक ज्ञानलाई संयोजन गर्दै जलस्रोत र उर्जाको व्यवस्थापनमा अनुकुलन कार्यक्रम संचालन गर्ने
- स्थानीय खोला र नदि आदिको संरक्षणका कार्यक्रमहरु संचालन गर्ने । ।
- मौसम पूर्व अनुमान प्रणाली र तथ्याङ्क संकलन पद्धतिलाई संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरी स्वचालित विपद सूचना प्रणाली जडान गर्ने ।
- पहिरो, नदि कटान, भू-क्षय र बाढीको समस्यालाई समाधान गर्न तटबन्ध कार्यक्रमहरुलाई प्रभावकारी बनाउने ।
- जलवायु परिवर्तनले मानव जीवनमा पारेको प्रभाव र अनुकुलन सम्बन्धी तालिम लगायत सचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधि र सोको नियन्त्रणको लागि सम्बन्धित सरोकारवालाहरुको अभिमुखिकरण एवं क्षमता विकास गर्ने ।
- वातावरण मैत्री र जलवायु शसक्त कृषि वालिको लागि प्रदेश सरकार र सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने ।
- जलवायु परिवर्तनबाट प्रभावित क्षेत्रमा उपयुक्त कृषि प्रणाली र वैकल्पिक उर्जा प्रविधिको पहिचान, प्रवर्द्धन र प्रसार गर्ने ।
- स्थानीय प्रविधि र शिपलाई  प्रयोग गरेर कृषि व्यवस्थापनमा अनुकुलनका कार्यक्रमहरु संचालन गर्ने ।
- खडेरी तथा अधिक बर्षा सहन सक्ने खालका वालीहरुको संभाव्यता अध्ययन गरी स्थानीय कृषकहरुलाई उक्त वालीहरु लगाउन प्रोत्साहन गर्ने ।

### ७.४.५ अपेक्षित उपलब्धि

- विपद जोखिम न्यूनिकरण, व्यवस्थापन तथा जलवायु उत्थानशील सम्बन्धित नगरपालिकाले तर्जुमा गरेका ऐन कानुन र कार्यविधिहरु पूर्ण रुपमा कार्यान्वयन आएको हुनेछ ।
- जोखीम युक्त क्षेत्रहरुमा पूर्व सूचना प्रणालीहरुको पूर्वाधार जडान भएको हुनेछ ।

- नाङ्गा पाखाहरुमा वृक्षारोपण भै हरियाली कायम भएको हुनेछ र झाँडी क्षेत्रहरुको बृद्धि भै वन्यजन्तुको वासस्थान र खानाको संरक्षण भै वन्यजन्तुको अतिक्रमण न्यूनिकरण र नियन्त्रण भएको हुनेछ।
- भूकम्प प्रतिरोधक भवन निर्माणको लागि निर्माण मापदण्ड र भवन संहिता पूर्ण रुपमा कार्यान्वयन भएको हुनेछ।
- भूकम्प प्रतिरोधक भवन निर्माणको लागि तालिम प्राप्त सिकर्मी र डकर्मीहरुको नगरपालिका भित्रै व्यवस्था भै सुरक्षित भवन निर्माणको थालनी भएको हुनेछ।
- नगरपालिकाका विपद व्यवस्थापनको लागि दमकल, व्याकहो लोडर लगायत अन्य यन्त्र उपकरणको व्यवस्था भएको हुनेछ।
- वस्ती र समुदायमा अग्नीशमन यन्त्रको व्यवस्था भै आगालागी नियन्त्रण गर्न सहज भएको हुनेछ।
- जोखिम युक्त स्थानहरुमा वृक्षारोपण र तटबन्धहरु निर्माण भै पहिरो, नदि कटान, भू-क्षय र बाढीको प्रकोप र त्यसबाट हुने क्षति न्यूनिकरण भएको हुनेछ।
- कृषि वाली र पशु विमाको व्यवस्था भै जङ्गली जनावरहरुबाट हुने क्षतिको पूर्ती भएको हुनेछ।
- जङ्गली जनावरहरुले आक्रमण नगर्ने वैकल्पिक वाली प्रणालीको शुरुवात भएको हुनेछ।
- जङ्गलमा पानी पोखरी, दहहरु र फुलफुलका विरुवाहरुको विकास भै जङ्गली जनावरहरु वस्ती र वालीनाली क्षेत्रमा आउने क्रममा कमी आएको हुनेछ।
- जोखिम युक्त र संवेदनशील क्षेत्रहरुमा पूर्व सूचना प्रणालीहरुको पूर्वाधार जडान भएको हुनेछ।
- स्थानीय वातावरणमा सुधार भै नागरिकहरुको स्वास्थ्यमा सुधार आएको हुनेछ।
- फोहोरजन्य झाडापखाला र हैजाहरुको प्रकोप कम भएको हुनेछ।
- प्लाष्टिक झोला निषेध भएको हुनेछ।
- नगरपालिकामा विपद व्यवस्थापनको लागि दमकल, एम्बुलेन्स र व्याकहो लोडर खरिद भएको हुनेछ।
- जलवायु परिवर्तन सम्बन्धी दक्ष जनशक्ति सहित संस्थागत व्यवस्था भै स्थानीय अनुकुलन योजना कार्यान्वयन भएको हुनेछ।
- पानीका मौजुदा स्रोत र मुहानहरुको संरक्षण भएको हुनेछ।
- स्थानीय वातावरण र कृषि उत्पादनमा जलवायु परिवर्तनको असर न्यूनिकरण भएको हुनेछ।
- जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याहरुको पहिचान भएको हुनेछ।
- जलवायु परिवर्तनले कृषि तथा खाद्यन्न सुरक्षामा पारेको प्रभाव न्युनिकरण भएको हुनेछ।

### ७.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने।
- नगरपालिकामा विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको लागि आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने।
- विपद कोषको गठन भएको हुनुपर्ने।

- स्थानीय हरियाली क्षेत्र, खोलानाला र पोखरीहरुको संरक्षण भएको हुनुपर्ने ।
- नगरपालिकाको आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय खोलानाला र नदिहरुमा तटबन्ध र जोखिम युक्त क्षेत्रहरुमा पूर्व सूचना प्रणालीको पूर्वाधार जडान भएको हुनुपर्ने ।
- नगरपालिका भित्र विपद व्यवस्थापन केन्द्रको पूर्वाधार निर्माण भएको हुनुपर्ने ।
- विपद व्यवस्थापनको लागि आवश्यक सवारी साधन र यन्त्र उपकरणको व्यवस्था भएको हुनुपर्ने ।
- विपद जोखिम न्यूनिकरण र व्यवस्थापनमा स्थानीय संघसंस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच विपद जोखिम न्यूनिकरण, व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- नगरपालिकाको विपद जोखिम न्यूनिकरण, व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी आवश्यक नीति र कार्यविधि तर्जुमा भएको हुनुपर्ने ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.४.१ पृष्ठभूमि

चैनपुर नगरपालिका गठन भएको ७ बर्ष भैसकेको छ भने निर्वाचित जनप्रतिनिधिहरुको आफ्नो पहिलो कार्यकाल समाप्त भएर दोस्रो कार्यकालको लागि नयाँ निर्वाचित जनप्रतिनिधिहरु निर्वाचित भएको पनि १ बर्ष भैसकेको छ । यसै बिचमा नगरपालिकाले आफुलाई दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयनका साथै समग्र सुशासनलाई सवल र प्रभावकारी बनाउन ५९ वटा आवश्यक ऐन, कानुन, नियमामवली, निर्देशिका, मापदण्ड, आचार संहिता, नीति र कार्यविधिहरु तर्जुमा गरेको छ । संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी पछीको दोस्रो ठूलो बजार र पहाडी भू-भाग भएतापनि प्रशस्त खेतियोग्य जमीन, पूर्वी पहाडकै पुरानो व्यापारिक केन्द्र, जिल्ला अदालत, मालपोत र नापी जस्ता प्रमुख जिल्ला स्तरिय सरकारी कार्यालयहरु, शहरीकरण बढदै गैरहेको, शिक्षा र स्वास्थ्य सेवाको अवस्था राम्रो रहेको, कोशी राजमार्गको सहज पहुँच, तुम्लिङटार विमानस्थलबाट आधा घण्टाको दुरीमा अवस्थित रहेकोले नगरपालिको समग्र भौतिक, आर्थिक र सामाजिक अवस्था राम्रो रहेको छ । संस्थागत रुपमा हेर्दा नगरपालिकाको आफ्नै नव निर्मित पक्की कार्यालय भवन रहेको छ ।

अन्य भौतिक सामाग्री, जनशक्ति र सेवा प्रवाहको अवस्था समेत सन्तोषजनक नै देखिन्छ । तरपनि नगरपालिकाका वडा कार्यलयका भवनहरु अहिले पनि भाँडाका साघुरा भवनमा रहेको अवस्था छ । नगरपालिका स्थापना भएको ७ बर्ष वितिसक्दा "नगरपालिकाको प्रथम आवधिक योजना" भर्खर तर्जुमा भैरहेको छ र आवधिक योजनासंगै तयार गर्नुपर्ने "नगरपालिकाको मध्यकालिन खर्च संरचना" तुरन्तै तयार गर्नुपर्ने चुनौती थपिएको छ । नगरपालिकाको "एकिकृत शहरी विकास योजना", "नगर यातायात गुरु योजना" र "भू-उपयोग योजना" हालसम्म तर्जुमा भएको छैन भने "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना" २०७८ सालमा तर्जुमा भएर कार्यान्वयनको पर्खाईमा रहेको छ । नगरपालिकाको "राजश्व सुधार कार्ययोजना" २०७९ सालमा तर्जुमा भएको देखिन्छ तर उक्त योजनाले प्रक्षेपण गरे बमोजिम राजश्व संकलनमा बृद्धि भएको देखिदैन । नगरपालिकाको कुल आम्दानीमा आन्तरिक आयको हिस्सा निक्कै कमजोर (करिब २%) छ भने आन्तरिक आयलाई बढाउनु पर्ने चुनौती समेत थपिएको छ । नगरपालिकाबाट हुने सेवा प्रवाहको लागि चाहिने दस्तुर, शुल्क, कर आदिको भुक्तानी प्रणाली हालसम्म इ-गभर्नेन्स प्रणालीमा जान सकेको छैन । साथै नगरपालिकाको "गुनासो सुनवाई तथा सम्वोधन कार्यविधि" समेत तर्जुमा भएको छैन । जसले गर्दा नगरवासीहरुको गुनासोहरुलाई नियमित र चुस्त तरिकाले सम्वोधन हुने परिपाटीको विकास भएको छैन र त्यसको लागि नगरपालिकाले आवश्यक संयन्त्र समेत बिकास गरेको देखिदैन । सार्वजनिक सुनवाई, सामाजिक लेखा परिक्षण नियमित भएको देखिदैन भने सूचनाको हक अनुसार सार्वजनिक हुनुपर्ने तथ्याङ्क, सूचना, दस्तावेज, आन्तरिक र अन्तिम लेखा परिक्षण प्रतिवेदनहरु र ऐन कानुनहरु समेत नगरपालिकाको वेभसाइटमा नियमित रुपमा सार्वजनिक र अद्यावधिक भएको देखिदैन ।

### ८.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पर्याप्त नीतिगत तथा कानुनी व्यवस्थाको अभाव ।
- कमजोर संस्थागत क्षमता र पूर्वाधार ।
- कमजोर अभिलेख तथा व्यवस्थापन प्रणाली ।
- न्यून आन्तरिक आय र कर्मचारी ।
- वडा कार्यालयहरुको आफ्नै भवन नहुनु ।
- नगरपालिकाको कार्यसम्पादन र सेवा प्रवाह सूचना प्रविधिसंग नजोडिएको ।
- नगरपालिकाको योजना दस्तावेज नहुनु ।
- आवश्यक्ता भन्दा पहुँचका भरमा योजना तर्जुमा हुनु ।
- योजना तर्जुमा तथा कार्यान्वयनको लागि बजेटको अभाव ।
- दक्ष जनशक्ति र प्राविधिकहरुको अभाव ।
- कमजोर अन्तर सरकार र अन्तर निकाय समन्वय ।
- बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक नहुनु ।
- ठेक्का तथा खरिद कार्य समयमा नहुनु ।
- पूँजीगत खर्चको तुलनामा चालू खर्चको मात्रा बढदै जानु ।
- कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुन नसक्नु ।
- आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण बीच समन्वय हुन नसक्नु ।
- बेरुजुको अन्त्य हुन नसक्नु ।
- आर्थिक वर्षको अन्यमा मात्र बढी खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन नसक्नु ।
- वित्तीय पारदर्शिता तथा जवाफदेहिता सम्वन्धमा तालुक निकाय थप जिम्मेवार नहुनु ।
- मासिक प्रगति विवरणको वास्तविक समीक्षा हुन नहुनु ।
- लक्ष्य र प्रगति बीचको अन्तरमा सम्बन्धित निकाय जिम्मेवार नहुनु ।
- अनुगमन र मूल्याङकन प्रणाली सुदृढ हुन नसक्नु ।
- पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिताको अभाव ।

**चुनौतीहरु**

- तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्नु ।
- आन्तरिक आय बृद्धि गर्नु ।
- भौतिक पूर्वाधार आयोजनाहरु निर्धारित समयमै सम्पन्न गर्नु र नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु ।
- दक्ष जनशक्तिको व्यवस्था गर्नु ।
- नगरपालिकाको कार्य सम्पादन र सेवा प्रवाहलाई इ-गभर्नेन्स प्रणालीमा लैजानु ।

- आवधिक योजना र वार्षिक योजना वीच तादाम्यता कायम गर्नु ।
- प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्नु ।
- नतिजामुखी योजना तर्जुमा गर्नु ।
- योजनाको कार्यान्वियन क्षमता वढाउनु ।
- जनताका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु ।
- सस्थागत क्षमता विकास गर्नु ।
- निजी क्षेत्रको लगानी आकर्षित गर्नु
- विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु ।
- वालवालिका, महिला, अपाङ्गता एवं वातावरण मैत्री विकास गर्नु
- समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार नगर्नु ।
- पूँजीगत खर्चको तुलनामा चालू खर्चको मात्रा बढदै जानु ।
- कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुन नसक्नु ।
- आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण बीच समन्वय हुन नसक्नु ।
- बेरुजुको अन्त्य हुन नसक्नु ।
- आर्थिक वर्षको अन्यमा मात्र बढी खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन नसक्नु ।
- वित्तीय पारदर्शिता तथा जवाफदेहिता सम्वन्धमा तालुक निकाय थप जिम्मेवार नहुनु ।
- मासिक प्रगति विवरणको वास्तविक समीक्षा हुन नहुनु ।
- लक्ष्य र प्रगति बीचको अन्तरमा सम्बन्धित निकाय जिम्मेवार नहुनु ।
- अनुगमन र मूल्याङकन प्रणाली सुदृढ हुन नसक्नु ।

### ८.४.३ संभावना तथा अवसर

- "स्थानीय सरकार संचालन ऐन २०७४"को व्यवस्था हुनु ।
- निर्वाचन मार्फत स्थायी जनप्रनिधिहरु हुनु ।
- नयाँ नगरपालिका भएकोले केही गरेर उदाहरणीय कामहरु गर्न सकिने ।
- आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त हुनु ।
- जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु ।
- विकासका सम्भावनालाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनु ।
- संघीय योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु ।
- सूचना प्रविधिमा आधारित प्रभावकारी, सक्षम सुशासन र सेवा प्रवाह प्रणाली विकास गर्न सकिने ।
- आन्तरिक आयमा वृद्धि गर्न सकिने ।
- बार्षिक बजेट, नीति र कार्यक्रमहरु सहि रुपले कार्यान्वयन भइ स्थानीय सरकारप्रति स्थानीयवासीहरुको विश्वास र सामिप्यता बढाउन सकिने ।
- नागरिक बडापत्रको यथार्थ कार्यान्वियन भइ नागरिकले बिना झन्झट सेवा प्राप्त गर्ने अवस्था बनाउने सकिने ।

- भ्रष्ट र कामचोर जनप्रतिनिधि र कर्मचारीहरु दण्डित भइ मेहनती र ईमान्दार कर्मचारीहरु प्रोत्साहित हुने ।

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**उपक्षेत्रगत लक्ष्य**

- सुशासन, प्रभावकारी योजना तर्जुमा र पूर्ण कार्यान्वियन ।

**उदेश्य**

- समक्ष र प्रभावकारी सुशासन, सरल र सुलभ सेवा प्रवाह र तथ्यमा आधारित नतिजामूलक योजना तर्जुमा गर्नु ।
- प्रभावकारी नियमन र सुपरीवेक्षण मार्फत नगरपालिकाको वित्तिय प्रणालीलाई स्थिर, स्वस्थ्य तथा सक्षम बनाउने ।
- भुक्तानी एवम फच्छौट प्रणालीलाई कुशल, सुरक्षित तथा विश्वसनीय तुल्याउने ।
- उपयुक्त कानुनी र नीतिगत संरचनामार्फत नगरपालिकाका शाखा र वडा कार्यालयहरुमा प्रभावकारी सुशासन कायम गरी कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी र कुशल बनाउने सकिने ।
- न्यून आय भएका तथा ग्रामीण क्षेत्रमा पर्ने वडाका व्यक्तिहरुका लागि सहज र सुलभ वित्तीय प्रणालीको विकास गर्ने ।

**रणनीतिहरु**

- नगरपालिकाको आर्थिक स्रोत पहिचान गर्न राजश्व "सुधार कार्ययोजना" लाई क्रमश कार्यान्वयनमा लगिने छ ।
- आन्तरिक स्रोत पहिचान गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिने छ ।
- जन सहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई सुदृढ गरिने छ ।
- बिकास आयोजना तथा कार्यक्रमहरुलाई आवश्यक्ता र प्राथमिकताको आधारमा प्रभावकारी तरवले कार्यान्वयन गरिने छ ।
- उपयुक्त कानुनी र नीतिगत संरचनामार्फत नगरपालिकाका शाखा र वडा कार्यालयहरुमा प्रभावकारी सुशासन मार्फत सक्षम र प्रभावकारी कार्य सम्पादन र सेवा प्रवाह गरिने छ ।
- भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासन कायम गरिने छ ।
- सेवाग्राही मैत्री एवं विद्युतीय सुशासनद्वारा सेवा प्रदान गरिने छ ।
- नगरपालिकालाई भ्रष्टाचारविरुद्ध उत्तरदायी बनाउँदै सशक्तीकरण गरिने छ ।
- व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गरिने छ ।
- नतिजामुखी योजना प्रक्रिया अवलम्वन गरिने छ ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गरिने छ ।
- निर्माण मापदण्ड र भवन संहिता कडाईका साथ कार्यान्वियन गरिने छ ।

**कार्यक्रम तथा आयोजना**

- राजश्व अभिवृद्धिका लागि "राजश्व सुधार कार्ययोजना २०७८" लाई क्रमश कार्यान्वियन लैजाने ।
- नगरपालिकाको "स्थानीय विपद तथा जलवाय उत्थानशील योजना २०७८" लाई क्रमश कार्यान्वियनमा लैजाने ।
- भू-उपयोग योजना तर्जुमा गरी क्रमश कार्यान्वियनमा लैजाने ।
- नगरपालिकाको ई-प्रोफाईललाई सुधार तथा विवरण अद्यावधिक गर्ने ।
- नगरपालिका मातहतका सबै कार्यालयहरु र विद्यालयहरुमा वेभ प्रणालीमा आधारित ई-हाजिरि सिस्टम लागू गर्ने ।
- नगरपालिकाको यातायात गुरु योजना तर्जुमा गर्ने ।
- नगरपालिकाको "मध्यमकालिन खर्च संरचना" तयार गर्ने ।
- नगरपालिकाको संगठन संरचना तथा कर्मचारी दरबन्धी तर्जुमा सम्बन्धी संगठन र व्यवस्थापन सर्भेक्षण (O & M SURVEY) तयार गर्ने ।
- नगरपालिकाको "गुनासो सुनवाई तथा सम्बोधन कार्यविधि" तर्जुमा गर्ने ।
- नगरपालिकाको सेवा प्रवाह र राजस्व संकलनमा "नागरिक सहभागिता र सार्वजनिक जवाफदेहिता सम्बन्धी संचार रणनीति" तर्जुमा गर्ने ।
- चैनपुर नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने ।
- दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण नीति तथा कार्ययोजना तर्जुमा गर्ने ।
- प्रत्येक बर्ष बार्षिक बजेट कार्यान्वयनको प्रगति समिक्षा गर्ने ।
- नगरपालिकाको मानव संसाधन विकास कोष स्थापना गर्ने ।
- सार्वजनिक नीजि क्षेत्र साझेदारी सम्बन्धी नीति तर्जुमा गर्ने ।
- नगरपालिकामा पुस्तकालयको व्यवस्था गर्ने ।
- चैनपुर नगरपालिका क्षेत्र तथा साँध सिमाना पहिचान सहितको होर्डिङ बोर्डहरु राख्ने ।
- नगरपालिकाका सबै वडा कार्यालयहरुको भवन निर्माण गर्ने ।
- सार्वजनिक सुनवाई चौमासिक रुपमा गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको लागि चैनपुर नगरपालिकाको मोवाइल एप निर्माण गर्ने ।
- नगरपालिका र वडा स्थित कार्यालयहरुमा ई-गभर्नेन्सको (अनलाईन सेवा) लागि पूर्वाधार जडान गर्ने ।
- विद्यतिय सुशासन कायम गर्न अफिस अटोमेशन प्रणाली जडान गर्ने ।
- नगरपालिका र वडा कार्यालयहरुमा सर्भर सहितको इन्ट्रानेट जडान गर्ने ।
- धार्मिक तथा पर्यटकिय स्थलमा फ्री-वाईफाई जडान गर्ने ।
- विद्यालयहरुमा रिमोट कन्ट्रोलमा आधारित सिसि क्यामरा जडान गर्ने ।
- विभिन्न निकायहरुसंग समन्वय गरी आन्तरिक स्रोत पहिचालन गर्न नीतिगत व्यवस्था गर्ने ।
- नगरपालिका भित्रका सरकारी निकायहरु तथा संघ संस्थाहरुसंग आवश्यक समन्वय गरी कार्य प्रणालीलाई प्रभावकारी बनाउने ।
- रोजगारीका अवसरहरु अभिवृद्धि गर्न उद्यमीहरुलाई प्रवर्द्धन गर्ने ।

- वास्तविक आवश्यकताको सिद्धान्तलाई अनुसरण गरी योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा संचार प्रविधिको अत्यधिक उपयोग, प्रवर्द्धन र नियमन गर्ने ।
- कर्मचारीको क्षमता विकास गर्न तालिम, उत्प्रेरणा, पुरस्कार र सजायको व्यवस्था गर्ने ।
- नगरपालिकाको कार्यलाई चुस्त दुरुस्त बनाई सुशासनको प्रत्याभूति दिने ।
- सुशासनको माध्यमद्वारा आर्थिक अनियमितता घटाई आर्थिक कारोवारमा पारदर्शिता ल्याउने ।
- नगरपालिकाको वर्तमान सांगठनिक संरचना र जनशक्ति समयानुकुल पुनरावलोकन गर्ने ।
- विभिन्न प्रकारका अनौपचारिक वित्तीय कारोवारलाई औपचारिक वित्तीय प्रणालीको दायरामा ल्याउने।
- अन्तराष्ट्रिय मापदण्डमा आधारित लेखा र लेखापरीक्षण प्रणाली अवलम्वन गर्ने ।
- भुक्तानी एवम फर्छ्यौट प्रणालीलाई कुशल, सुरक्षित तथा विश्वसनीय बनाउने ।
- न्यून आय भएका तथा ग्रामीण क्षेत्रमा बस्ने व्यक्तिहरुका लागि सहज र सुलभ वित्तीय प्रणालीको विकास गर्ने ।
- भ्रष्ट्राचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने ।
- कानुनी र नीतिगत पूर्वाधारहरुको निर्माण गर्ने ।
- जनतालाई दुःख दिने र घुस रिसवत माग्ने प्रवृत्तिलाई निरुत्साहन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउने ।
- सार्वजनिक विकास निर्माणका कार्यहरू निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा सम्पन्न गर्ने ।
- क्षतिपुर्तीमा आधारित डिजिटल नागरिक वडापत्र तयार गरी पूर्ण कार्यान्वयन गर्ने ।
- सार्वजनिक खरिद ऐन कडाईका साथ पालन गर्ने ।
- रुग्ण ठेक्का सम्झौताहरूको विवरण सङ्कलन र विश्लेष गरी कारवाहीको लागि आवश्यक प्रकृया अघि बढाउने ।
- आधुनिक प्रविधिको उपयोगबाट अनुसन्धान र अभियोजन पद्धतिलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउने ।
- भ्रष्ट्राचार निगरानी प्रणालीको विकास गरी अनुसन्धान एवं निगरानी गर्ने ।
- कर्मचारीहरुको कार्यसम्पादन बेरुजुको आधारमा गर्ने ।
- नगरपालिकामा हुने भ्रष्ट्राचारसंग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन गरी इन्टेलिजेन्स संयन्त्रलाई सुदृढ गर्ने ।
- विद्यमान बेरुजुको अवस्थालाई न्यूनिकरण गर्ने ।
- भ्रष्टाचार बिरुद्व शसक्त रुपमा प्रस्तुत हुन र्‍यापिड एक्सन टास्कफोर्स गठन गर्ने ।
- तथ्याङ्क संकलन, प्रशोधन, आवधिक रुपमा परिमार्जन र प्रकाशन गर्ने
- तथ्याङ्कलाई विद्युतीय संजालीकरण गर्ने ।
- सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन गर्ने ।
- नतिजा सूचकहरु निर्धारण र अनुगमन तथा मूल्यांकन गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा क्रमश कार्यान्वयन गर्ने ।
- योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समिक्षा गर्ने ।

- भौतिक पूर्वाधारसंग सम्बन्धित आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्ने ।
- नगरपालिकाको लागि आवश्यक सफ्टवेयरहरु निर्माण गर्ने ।
- नगरपालिका भित्रका धार्मिक र पर्यटकिय स्थलहरुको अनलाईन ट्रेसरुट तयार गर्ने ।
- नगरपालिका र सबै वडा कार्यालयहरुमा ई-नोटिस बोर्डको व्यवस्था गर्ने ।
- नगरपालिकाको वेभ साइट नियमित रुपमा अद्यावधिक गर्ने ।

### ८.४.५ अपेक्षित उपलब्धि

- नगरपालिकाको आन्तरिक आयमा बृद्धि हुनेछ ।
- वडा कार्यालयहरुको आफ्नै प्रशासकिय भवन निर्माण भएको हुनेछ ।
- अन्तराष्ट्रिय मापदण्डमा आधारित आन्तरिक र अन्तिम लेखापरीक्षण प्रणालीको अवलम्वनले वित्तीय सुशासन कायम हुनेछ ।
- उपयुक्त योजना तर्जुमा, कानुन तथा नीति निर्माण र नीतिगत संरचनामार्फत नगरपालिकाका शाखा र वडा कार्यालयहरुमा प्रभावकारी सुशासनले सेवा प्रवाह र कार्य सम्पादन प्रभावकारी र चुस्त हुनेछ ।
- राजश्व संकलनमा विद्युतीय भुक्तानी प्रणालीको बिकास भइ आर्थिक पारदर्शिता कायम हुनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा र कार्यसम्पादन ई-गभर्नेन्समा आधारति हुनेछन ।
- न्यून आय भएका वडावासीहरुले सहज र सुलभ वित्तीय भुक्तानी सेवा प्राप्त गर्नेछन् ।
- विभिन्न प्रकारका अनौपचारिक वित्तीय कारोवारहरु औपचारिक वित्तीय प्रणालीको दायरामा आउनेछन्।
- बार्षिक योजना तथा बजेट अनुसार कार्यक्रमहरु कार्यान्वयन भइ नगरपालिकाको समग्र बिकासमा सुशासन कायम हुनेछ ।
- भ्रष्टाचार निवारणका लागी कानुनी र नीतिगत पूर्वाधारहरुको निर्माण हुनेछ ।
- राजश्व दुरुपयोगको अन्त्य भै नगरपालिकाको आम्दानी र भौतिक सम्पतिको सुरक्षा हुनेछ ।
- बार्षिक बजेट र नीति तथा कार्यक्रम बमोजिम नगरपालिकाको कार्य सम्पादन हुनेछ ।
- नगरपालिकामा विद्यमान भ्रष्टाचार, अनियमितता र दण्डहिनताको अन्त्य भइ सुशासन कायम हुनेछ ।
- सार्वजनिक सेवा प्रवाह र बिकास प्रक्रिया प्रभावकारी हुनेछ ।
- व्यवस्थित तथ्याङ्क प्रणाली स्थापित भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुनेछ ।
- सहभागितामूलक योजना प्रणाली स्थापित भएको हुनेछ ।
- आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरु क्रमश लागू हुँदै गरेका हुनेछन ।
- मध्यकालीन खर्च संरचना तर्जुमा भै लागू भएको हुनेछ ।
- योजनाको लक्ष्य र उपलब्धि वीचको अन्तर न्यून भएको हुनेछ ।
- सूचकमा आधारित योजना अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुनेछ ।
- पूँजीगत खर्च ९०% भन्दा बढी भएको हुनेछ ।
- चौमासिक र वार्षिक प्रगति समीक्षा नियमित भएको हुने र वार्षिक प्रगति प्रतिवेदन प्रकाशित भएको हुनेछ ।
- नगरपालिकाको वेभसाइट नियमति रुपमा अद्यावधिक भै सूचना प्रवाह प्रभावकारी भएको हुनेछ ।

- नगरपालिकाको लागि दमकल, एम्बुलेन्स, ब्याकहो लोडर र शववाहन खरिद भएको हुनेछ ।

### ८.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- नगरपालिकाको सेवा प्रवाह, सुशासन, योजना तर्जुमा र कार्यान्वयनसंग सम्बन्धित आवश्यक ऐन कानुन, नीति, नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।
- नगरपालिका, प्रदेश र संघीय सरकारबिच आवश्यक समन्वय र सुमधुर सम्बन्ध स्थापित हुनुपर्ने ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

चैनपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकालको पनि एक बर्ष वितिसकेको छ। यहाँसम्म आईपुग्दा नगरपालिकाले आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ती, संघसस्था दर्ता तथा संचालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरिक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक वडापत्रको पूर्ण कार्यान्वयनको लागि विभिन्न नीति, ऐन, निर्देशिका, मापदण्ड, आचार संहिता र कार्यविधि आदि गरी ५९ वटा ऐन कानुनहरु तर्जुमा गरेको छ। तरपनि नगरपालिकाको आवधिक योजना भर्खर तर्जुमा भैरहेको छ। मध्यकालिन खर्च संरचना, नगर यातायात गुरु योजना र एकिकृत शहरी विकास योजना हालसम्म पनि तर्जुमा भएको छैन। यसले नगरपालिकाको विकास निर्माणमा कामहरु योजनाबिनै कार्यान्वयन भैरहेको देखिन्छ। "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना" र "राजश्व सुधार कार्ययोजना" दुवै २०७८ सालमा तर्जुमा भएको भएतापनि कार्यान्वय पक्ष फितलो देखिन्छ। स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाले पहिचान गरेका समस्याहरुसंग जुध्नको लागि प्रस्ताव गरेका रणनीति र विपद प्रतिकार्यमा नगरपालिकाबाट उल्लेख्य काम हुन सकेको छैन भने राजश्व सुधार कार्ययोजना तर्जुमा भैसक्दा समेत नगरपालिकाको राजश्व सुधारमा खासै प्रगति भएको देखिदैन। नगरपालिकाको पार्श्वचित्र भने २०७६ मा नै तयार भएको देखिन्छ।

आवधिक योजना र एकिकृत शहरी विकास योजनाको अभावमा नगरपालिकामा हालसम्म अध्ययन अनुसन्धान तथा तथ्याङ्क र योजना प्रणालीमा आधारित भएर बिकास आयोजनाहरु कार्यान्वयन हुने परिपाटिको शुरुवात भएको छैन। नगरपालिकाका विभिन्न शाखाहरुको आफ्नो शाखागत सूचना तथा तथ्याङ्कहरुको संकलन र सुरक्षित अभिलेखिकरण हुन सकेको छैन। साविक गाविसका सूचना, रेकर्ड, दस्तावेज र तथ्याङ्कहरुको डाटावेस व्यवस्थित ढंगले डिजिटाईजेसन गरिएको छैन। पंजीकरण शाखा भने कम्प्युटराईज्ड प्रणालीमा आवद्ध भएको छ। नगरपालिकाको प्रशासकिय भवन निर्माण भएको भएतापनि सबै वडा कार्यालयका प्रशासकिय भवनहरु भाडाँको साघुरको भवनबाट संचालित छन्। जसले गर्दा नगरपालिका र वडाबाट हुने सेवा प्रवाह र कार्यसम्पदान सहज र सुलभ हुन सकेको छैन। नगरपालिकामा ई-गभर्नसेन्सको अवधारणा अन्तरगत कर, विभिन्न शुल्क र दस्तुरहरुको डिजिटल भुक्तानी हालसम्म शुरु भएको छैन भने नगरपालिकाबाट सम्पादन र प्रवाह हुने सेवाहरु अनलाईन प्रणालीमा नगएको अवस्था छ।

यस आवधिक योजनाले वडातहसम्म पुगेर स्थानीयवासीको माग, प्राविधिक अध्ययन र संभ्याव्यताका आधारमा नगर स्तरिय र वडा स्तरिय योजना तथा कार्यक्रमहरुको आयोजना बैंक तयार गरेकोले नगरपालिकाले उक्त आयोजना बैंकमा भएका आयोजनाहरुलाई प्राथमिकताको आधारमा क्रमैसंग कार्यान्वयन गर्दै लानु पर्नेछ। साथै आवधिक योजनाले तयार गरेको नगरपालिकाको सामाजिक, आर्थिक, भौतिक, वातावरणिय आदि विषयसंग सम्बन्धित तथ्याङ्कहरुलाई समेत आगामी विकास निर्माणको लागि उपयोग गर्न सकिन्छ। नगरपालिकामा बिकास निर्माण र अन्य सामाजिक कार्यहरुमा जनसहभागिता भने उत्साहप्रद हुने गरेको छ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

नगरपालिकाको दैनिक कार्य संचालन, निर्देशन र नियन्त्रण नगर कार्यपालिकाबाट हुँदै आईरहेको छ । नगरपालिकाको कार्यविभाजन नियमावली र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमुना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ। यसका साथै नगरपालिकाले "करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" तयार गरी प्राविधिक र अन्य कर्मचारीहरु बार्षिक रुपमा आवश्यक्ता अनुसार संभाबाट निर्णय गरेर कर्मचारीहरु थप गर्ने अभ्यास समेत देखिन्छ । नगरपालिकाका पदाधिकारीहरुको लागि २०७५ सालमा नै "पदाधिकारीहरुको आचार संहिता" निर्माण भएको छ भने कर्मचारीहरुको तह तथा वृति विकासको लागि "कर्मचारी तह तथा स्तरवृद्धि सम्बन्धी ऐन २०७८" समेत तर्जुमा भएको देखिन्छ । त्यसैगरी नगरपालिकामा कार्यरत अस्थाई सेवाका कर्मचारीहरुको लागि "कर्मचारी कल्याणकोष नियमावली २०७८" समेत तयार भएको देखिन्छ। हाल नगरपालिकामा ६४ वटा स्वीकृत दरवन्दी रहेको छ भने १) प्रशासन, योजना तथा अनुगमन शाखा; २) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा; ३) स्वास्थ्य तथा सामाजिक विकास शाखा; ४) कानून शाखा; ५) शिक्षा, युवा तथा खेलकुद शाखा; ६) आर्थिक प्रशासन शाखा; ७) आर्थिक विकास शाखा; ८) जिन्सी शाखा; र ९) विपद व्यवस्थापन शाखा, १०) कृषि विकास शाखा र ११) पशु सेवा शाखा गरी ११ वटा शाखाहरु र ११ वटा वडा कार्यालयहरु मार्फत कार्य संचालन र सेवा प्रवाह भैरहेको देखिन्छ ।

तर पनि नगरपालिकामा हालसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दरवन्दी तेरिज अनुसार कर्मचारी नरहेको देखिन्छ। त्यसैले मन्त्रालयले प्रस्ताव गरेको दरवन्दी तेरिज अनुसार आवश्यक्ता अनुसार क्रमश कर्मचारीको व्यवस्था गर्दै लैजानु पर्ने देखिन्छ। यसरी कर्चमारी भर्ना र नियुक्ती गर्दा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको कर्मचारी नियुक्ती सम्बन्धी ऐन र कार्यविधिलाई आधार मानेर गर्नुपर्ने छ । कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम र भ्रमणहरु समेत पर्याप्त हुने सकेको देखिदैन।

## ९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाको बिषयगत क्षेत्र अनुसार प्रस्तावित अनुमानित बजेटको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६२: बिषयगत क्षेत्र अनुसार आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेट**

*(रु हजारमा)*

| क्र.स. | बिषय क्षेत्र | आर्थिक बर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | २०८३/८४ | २०८४/८५ | |
| **१** | **आर्थिक विकास योजना** | | | | | | |
| १.१ | कृषि तथा पशुपंक्षी | ४३८३० | ५७६३० | ११४८८० | १६४८८० | १०७८८० | ४८९१०० |
| १.२ | पशुपंक्षी | ३९४४५ | ४४३७० | ३४९७० | ३१९७० | ३०९७० | १८१७२५ |
| १.३ | माछा तथा पशुपालन | ४५९० | १३३४० | ३९९० | २७४० | २७४० | २७४०० |
| १.४ | सिंचाई | ४५०० | ५००० | ४००० | ४००० | २०४००० | २२१५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.५ | उद्योग, व्यापार व्यवसाय तथा आपूर्ती | १६८०० | २६३०० | ६५३०० | १७०३०० | ११४८०० | ३९३५०० |
| १.६ | पर्यटन, श्रम, रोजगारी तथा सामाजिक सुरक्षा | २२००० | ४१००० | ७३००० | १०२००० | १२६००० | ३६४००० |
| १.७ | सहकारी विकास | १२७१० | ७२६० | ६२६० | १७६० | १७६० | २९७५० |
| **जम्मा** | | **१४३८७५** | **१९४९००** | **३०२४००** | **४७७६५०** | **५८८१५०** | **१७०६९७५** |
| **२** | **सामाजिक विकास योजना** | | | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | ३७०९० | ९८७४० | ४७१४० | ३४१४० | ६८३७४० | ९००८५० |
| २.२ | आयुर्वेद उपचार सेवा | ५३६० | ११५६० | १७५६० | २५६० | २५६० | ३९६०० |
| २.३ | शिक्षा, विज्ञान र नवप्रवर्तन | ३०९३० | ३१४३० | ३१४३० | ५६४३० | २४३८० | १७४६०० |
| २.४ | खानेपानी तथा सरसफाई | ४९००० | ४७००० | ४४५०० | ९७००० | ४४५०० | २८२००० |
| २.५ | महिला, बालबालिका तथा लक्षित वर्ग | ८९५० | ८९५० | ४४५० | ४४५० | ४६०० | ३१४०० |
| २.६ | युवा तथा खेलकुद | ७४०० | ७४०० | २९४०० | १९४०० | ४४०० | ६८००० |
| **जम्मा** | | **१३८७३०** | **२०५०८०** | **१७४४८०** | **२१३९८०** | **७६४१८०** | **१४९६४५०** |
| **३** | **भौतिक विकास योजना** | | | | | | |
| ३.१ | वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १६५०० | २०००० | ६७००० | १७००० | ९२००० | २१२५०० |
| ३.२ | जलस्रोत, विद्युत र वैकल्पिक उर्जा | ६४०० | ८४०० | ५९०० | ५९०० | ५९०० | ३२५०० |
| ३.३ | सूचना, संचार तथा प्रविधि | ६०० | ११०० | ८१०० | ६०० | ६०० | ११००० |
| ३.४ | सडक, पुल तथा यातायात | ५९५०५० | १३५४०५० | २१४४८०० | २१९७३०० | १९७९८०० | ८२७१००० |
| **जम्मा** | | **६१८५५०** | **१३८३५५०** | **२२२५८००** | **२२२०८००** | **२०७८३००** | **८५२७०००** |
| **४** | **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | | |
| ४.१ | वन तथा जैविक विविधता | ४६०० | ४६०० | ५१०० | ४१०० | ४१०० | २२५०० |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ३००० | ३००० | २५३००० | २५३००० | २५३००० | ७६५००० |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ४२०० | ३२२०० | ३७०० | ३७०० | १०३७०० | १४७५०० |
| ४.४ | विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता | २४१५० | ९२६५० | ३२६५० | १११०५० | १६१०५० | ४२१५५० |
| **जम्मा** | | **३५९५०** | **१३२४५०** | **२९४४५०** | **३७१८५०** | **५२१८५०** | **१३५६५५०** |
| **५** | **संस्थागत विकास तथा सुशासन योजना** | **६१०००** | **५८१००** | **२९१००** | **१९१००** | **२६६००** | **१९३९००** |
| **कुल जम्मा** | | **९९८१०५** | **१९७४०८०** | **३०२६२३०** | **३३०३३८०** | **३९७९०८०** | **१३२८०८७५** |

*** नगरपालिकाका रणनैतिक योजनाहरुको बजेट समेत यसै तालिकामा समेटिएको छ।*

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

यस आवधिक योजनालाई कार्यान्वयन गर्न पहिचान र निर्धारित गरिएका योजना तथा कार्यक्रमहरु नगरपालिकाको आन्तरिक श्रोत, संघ र प्रदेशबाट प्राप्त हुने सबै खाले अनुदान तथा विकास साझेदार र गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्था र समुदाय एवं नीजि क्षेत्रको लगानी समेत प्रक्षेपण गरी योजनाको लागी उपलब्ध अनुमानित स्रोत निर्धारण र योजना कार्यान्वयन लागी देहाय अनुसार स्रोत प्रक्षेपण गरिएको छ ।

## तालिका ६३: आवधिक बार्षिक बजेटको प्रक्षेपण

*(रु हजारमा)*

| बजेटको श्रोतहरु | आ.व. २०७७/७८ (यथार्थ) | आ.व. २०७८/७९ (यथार्थ) | आ.व. २०७९/८० (अनुमानित) | आर्थिक बर्ष अनुसार बार्षिक प्रक्षेपण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| **आन्तरिक आय** | १३५०४ | १४००० | १५४०० | १६९४० | १८६३४ | २०४९७ | २२५४७ | २४८०२ | १०३४२० |
| **संघीय सरकारको अनुदान** | | | ० | ० | ० | ० | ० | ० | ० |
| वित्तिय समानीकरण अनुदान | १४९२०० | १५६६०० | १७२२६० | १८९४८६ | २०८४३५ | २२९२७८ | २५२२०६ | २७७४२६ | ११५६८३१ |
| शसर्त अनुदान चालु | २४९१३० | २४४२०० | २६८६२० | २९५४८२ | ३२५०३० | ३५७५३३ | ३९३२८७ | ४३२६१५ | १८०३९४७ |
| शसर्त पूजिगत अनुदान | | १६३०० | १७९३० | १९७२३ | २१६९५ | २३८६५ | २६२५१ | २८८७६ | १२०४११ |
| बिषेश अनुदान | ३३४२८ | ११६०० | १२७६० | १४०३६ | १५४४० | १६९८४ | १८६८२ | २०५५० | ८५६९१ |
| समपुरक अनुदान चालु | १३६०० | ४१७०० | ४५८७० | ५०४५७ | ५५५०३ | ६१०५३ | ६७१५८ | ७३८७४ | ३०८०४५ |
| राजश्व बाँडफाँड | | ८७०८४ | ९५७९२ | १०५३७२ | ११५९०९ | १२७५०० | १४०२५० | १५४२७५ | ६४३३०४ |
| **प्रदेश सरकारको अनुदान** | | | ० | ० | ० | ० | ० | ० | ० |
| समानीकरण अनुदान | ७१८७ | ९३४९ | १०२८४ | ११३१२ | १२४४४ | १३६८८ | १५०५७ | १६५६२ | ६९०६३ |
| शसर्त अनुदान चालु | २६०५ | ३५५७ | ३९१३ | ४३०४ | ४७३४ | ५२०८ | ५७२९ | ६३०१ | २६२७६ |
| बिषेश अनुदान | | | ० | ० | ० | ० | ० | ० | ० |
| समपुरक अनुदान चालु | ९४९६ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ | १७७१६ | ७३८७२ |
| अन्य अनुदान | | | ० | ० | ० | ० | ० | ० | ० |
| राजश्व बाँडफाँड | ७६२११ | १४७९३ | १६२७२ | १७९०० | १९६८९ | २१६५८ | २३८२४ | २६२०७ | १०९२७८ |
| आन्तरिक स्रोत (नगद, बैंक मौज्दात, जनसहभागिता) | ७४०१३ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ | १७७१६ | ७३८७२ |
| कुल जम्मा | ६२८३७४ | ६१९१८३ | ६८११०१ | ७४९२११ | ८२४१३३ | ९०६५४६ | ९९७२०० | १०९६९२० | ४५७४०११ |

*स्रोतः चैनपुर नगरपालिकाको आ.व. २०७७/७८, २०७८/७९ को यथार्थ र २०७९/८० को अनुमानित आय*

## ९.५ स्रोत परिचाल रणनीति

### नीजि क्षेत्रको स्रोत परिचालन नीति

निजी क्षेत्रले नगरपालिकाको समग्र विकास प्रकृयामा अहम् भूमिका निर्वाह गर्दछन् । नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम निजी क्षेत्रले नगरपालिकामा आफ्नो भूमिका निर्वाह गर्नेछ । नगरपालिकाको विकास सम्बन्धी सोंच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकामा लगानीमैत्री वातावरण अभिवृद्धि गरी स्थानीय तहको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुनेछ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप जोखिमको न्यायोचित बाँडफाँट गरी विकास निर्माण कार्य सञ्चालन गर्नेछ । कृषि, पर्यटन, व्यापार व्यवसाय, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकासका लक्ष्य हासिल गरिने छ ।

निजी क्षेत्रले नगरपालिकामा गुणस्तरीय वस्तु उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण, आयात व्यवस्थापन, पर्यटन प्रवर्द्धन, पर्यटन आगमन र अथिति सत्कार, निर्यात प्रवर्द्धन तथा उत्पादनशिल र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोग गर्नेछ । यस क्षेत्रले संस्थागत सुशासन, सुमधुर औधोगिक सम्बन्ध, पर्यटन विकास, बालश्रम निवारण, सामाजिक सुरक्षा तथा संरक्षणमा सहभागिता एवम् संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै यस क्षेत्रको प्रतिष्ठा अभिवृद्धि गर्नेछ । यस क्षेत्रले वित्तिय क्षेत्रमा स्थायित्व र सुशासन कायम गर्न सहयोग पुऱ्याउनेछ । स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्दै द्विपक्षीय तथा बहुपक्षीय प्रतिबद्धता तथा सम्झौता बमोजिम स्थानीय अवसरको प्राप्ति तथा चुनौती सामना गर्न सहयोग गर्नेछ ।

### सहकारी क्षेत्रको स्रोत परिचालन नीति

नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य-मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्बनको संस्कार विकास गर्दै नगरपालिकाको समग्र विकास प्रकृयामा सहयोगी भूमिका निर्वाह गर्नेछ । विकास सम्बन्धी सोंच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न नगरपालिकाको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्न यस क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ । यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पूँजीलाई व्यापक रुपमा परिचालन गरी स्थानीय स्तरमा रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पुऱ्याउनेछ । साथै यस क्षेत्रले नगरपालिकामा मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक-आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्नेछ ।

### जनसहभागिता परिचालन नीति

विकास निर्माण कार्यलाई समानुपातिक र समावेशी रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास निर्माण कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन

गर्न सिकाउँछ । यसले गर्दा जनतालाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भै विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । नगरपालिकामा विशेषगरी सडक निर्माण तथा मर्मत सुधार, बजार क्षेत्रको ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार, फोहोरमैला व्यवस्थापन जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण/ संचालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यज क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकिय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत संचालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु संचालन गर्ने, तरकारी र फुलफुल खेती तथा नगद्बेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु संचालन गरी स्थानीयवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउँदै जानु पर्ने देखिन्छ ।

**संघ संस्थाको स्रोत परिचालन नीति**

नगरपालिकामा रहेका विभिन्न संघ संस्था, गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले नगरपालिकाको समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नेछ । यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी नगरपालिकाको विकास लक्ष्य तथा प्राथमिकता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तिकरण जस्ता कार्यहरुमा सहयोग पुऱ्याउनेछ । साथै, नगरपालिकाको दुर्गम तथा पछाडी परेको क्षेत्रको विकास, उत्पादन वृद्धि र सेवा प्रवाहमा सहयोग गर्नेछ । यस क्षेत्रले पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निर्वाह गर्नेछ।

**आन्तरिक श्रोत परिचालन नीति**

चैनपुर नगरपालिकाको संस्थागत आर्थिक विकासलाई समेत ध्यान दिनु आवश्यक छ । खासगरी नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि नगरपालिकाले राजश्व सुधारका कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने देखिन्छ । राजश्व सुधारको लागि नगरपालिकाले गर्न सक्ने कार्यहरु निम्न बमोजिम रहेका छन् :

- राजश्व सुधार कार्ययोजनाले पहिचान गरेका राजश्वका नयाँ क्षेत्र, दायरा र कार्यक्रमहरुलाई क्रमश कार्यान्वयनमा लैजाने ।
- सम्पति, व्यवसाय र घरजग्गा वहाल करलाई व्यवस्थित गरी लागु गर्ने ।
- सामुदायिक वन, स्थानीय प्राकृतिको स्रोतको उत्खनन र जलविद्युत जस्ता क्षेत्रहरुबाट प्राप्त हुने रोयल्टीको लेखाजोखा गरी नगरपालिकाको प्राथमिकता क्षेत्रमा लगानी गर्ने ।
- नक्शापासलाई व्यवस्थित गरी लागु गर्ने ।

- स्थानिय पर्यटकिय क्षेत्र तथा मठमन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजि क्षेत्रको सहभागिता गराउने ।
- जनसहभागितामा आधारित योजनाहरु संचालन गर्ने ।
- सरसफाईको कार्यलाई व्यवस्थित गर्ने ।
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्युटरकृत गरी थप दरबन्दी सृजना गर्न नपर्ने अवस्थामा लैजाने ।
- जगेडा कोषबाट अधिकतम परिचालन हुन सक्ने योजनाहरु संचालन गर्ने ।
- नगर विकास कोष, शहरी विकास तथा भवन निर्माण विभाग, सडक बोर्ड लगायतका लाईन एजेन्सीहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने।
- दातृ निकाय तथा संघ संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

चैनपुर नगरपालिकामा यस आवधिक योजनामा आधारित भै बार्षिक योजना तथा बजेट तर्जुमा गरी आवधिक योजनाले पहिचान गरेका प्राथमिकताका क्षेत्र तथा योजनाहरुलाई क्रमश कार्यान्वयनमा लैजानु पर्दछ । यसरी बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यक्रम एवं कार्यनीतिलाई आधार लिनु पर्ने छ । प्रत्येक २ बर्षमा यस आवधिक योजनाको समिक्षा र अद्यावधिक गर्नुपर्ने छ । हरेक बिषयगत क्षेत्रले आ-आफ्नो क्षेत्रको विस्तृत समिक्षा गरी प्रत्येक बर्ष प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने छ । यसका अतिरिक्त समिक्षा र अद्यावधिकको प्रक्रियामा संघ र प्रदेश सरकारबाट प्राप्त गरिने निर्देशन र मार्गदर्शनलाई पनि समावेश गरिने छ ।

### क) कार्यान्वयन विधि निर्धारण

योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारवालाहरुबिच समन्वय एवं साझेदारी गर्नुपर्ने भएकोले नगरपालिकाले आवधिक योजनामा उल्लेखित योजनाको सार्वजनिक निर्माण एवं सेवा खरिद सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र नगरपालिकाले संविधान तथा अन्य प्रचिलत कानूनको अधिकार क्षेत्रभित्र रहि निर्माण गरेका ऐन, नियमावली, मापदण्ड, कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्ने छ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, आमानत, सेवा करार, संयुक्त व्यवस्थापन वा साझेदारी, गैरसरकारी संस्थामार्फत गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐनको परिधिभित्र रहि योजना वा कार्यक्रम संचालन हुनुपूर्व निश्चित हुनुपर्ने छ । नगरपालिकाले आर्थिक बर्ष शुरु भएको एक महिनाभित्र आफ्नो बार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने छ ।

### ख) योजना कार्यान्वयन तालिका

नगरपालिकाको योजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका बनाई कार्यान्वयनको व्यवस्था गर्नुपर्ने छ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र क्रियाकलापप्रति उत्तरदायी बनाउन उपलब्धि परिणाम सूचक सहित

कार्यसम्पादन करार प्रणाली अपनाउनुपर्ने छ । नगरपालिकाले तपसिल बमोजिमको योजना कार्यान्वयन तालिका लागू गर्ने सक्नेछ ।

तालिका ६४: योजना कार्यान्वयन तालिका

| क्र.स. | आयोजना | उपलब्धि सूचक परिणाम तहको | बजेट | जिम्मेवार निकाय | प्रारम्भ मिति | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यक्ता

नगरपालिका क्षेत्र भित्र संचालन भएका, भैरहेका तथा हुने सवै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने असरका बारेमा लेखाजोखा गरी समयमानै क्षती न्यूनिकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसंग सम्बन्धित सवै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । संगसंगै यस आवधिक योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वयनबाट लक्षित उदेश्य प्रात भयो भएन यकिन गर्न र आयोजनाको कार्यान्वयनबाट अपेक्षित वर्गले फाईदा पायो पाएन भनेर नियमित रुपमा अध्ययन तथा विश्लेषणलाई गर्नुपर्ने हुन्छ ।

नगरपालिकाले आयोजनाको मूल्याङ्कन देहाय वमोजिम तीन प्रकारबाट गर्न सक्नेछ ।

१) आयोजनाको कार्यान्वयन चरणमा गरिने आयोजनाको लेखाजोखा ।
२) आयोजनाको कार्यान्वनको समाप्ति पछी आयोजनाको लक्ष्य, उदेश्य अनुरुप काम भए नभएको लेखाजोखा गरिने आयोजनाको मूल्याङ्कन ।
३) आयोजना समाप्त पछी त्यसको संचालनको ५-६ बर्ष पछी गरिने प्रभाव मूल्याङ्कन ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धि एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उदेश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के कति परिणाममा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुन्छ । त्यसैले नगरपालिकाले आवश्यक्ता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लेखित दुवै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्ने छ । त्यसको लागि योजना तर्जुमासंग सम्बन्धित समितिहरू लगायत नगर कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिनका लागि नगरपालिकाले आवश्यक्ता अनुसार नगरपालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्न सक्ने छ ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रक्रियाबाट यस आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा आदि मापन गरिने छ । यसैगरी प्रमुख कार्यक्रम तथा आयोजनाहरुको प्रक्रियाको अनुगमन गरिने छ । नतिजा मापन आवश्यक्ता अनुसार बाह्य विज्ञ तथा तेस्रो पक्षबाट गर्नुपर्ने छ जसले गर्दा योजनाहरुको प्रतिफल विश्वसनिय र भरपर्दो हुनेछ । कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रकृया अनुगमन गर्ने जिम्मेवारी नगर कार्यपालिका र सुपरिवेक्षण तथा अनुगमन समितिको हुनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विस्तृत प्रकृया र जिम्मेवारीहरु देहाय अनुसार हुने छ ।

- नगर कार्यपालिका तथा बिषयगत समिति ।
- नगर स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति ।
- वडा स्तरिय अनुगमन समिति ।
- जिल्ला समन्वय समिति ।
- विषयगत शाखा, उपशाखा, परियोजना, संघ, सस्था ।
- नागरिक समाज, संघसंस्था तथा तेस्रो पक्ष ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

आवधिक तथा बार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार हुनेछ ।

क) नगरपालिकाको आवधिक तथा बार्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कनको लागि "योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा गर्ने" ।

ख) नगरपालिकाको सम्बन्धित प्राविधिक तथा विज्ञहरुबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्ने ।

ग) अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा सुपरिवेक्षण गरेपछि उक्त योजना तथा आयोजनाको निर्धारित गुणस्तर र समय सिमाको मूल्याङ्कन गर्ने ।

घ) २५ करोड भन्दा माथिका योजना तथा आयोजनाहरू सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्ष बाट प्रभाव मूल्याङ्कन गर्ने ।

ङ) अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरेको दिन तथा समय सम्बन्धित योजनाको साईट पुस्तिकामा उल्लेख गर्नु पर्नेछ साथै उक्त अनुगमन तथा मूल्याङ्कन सम्पन्न भएको मितिले बढीमा ७ दिन भित्र खण्ड "क" र "ख" बमोजिम गरिएको मूल्याङ्कनको प्रतिवेदन तयार गरि तयार भएको मितिले ३ दिन भित्र नगर कार्यपालिकामा पेश गर्ने ।

च) कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना तथा मापन गर्ने ।

छ) योजनाहरुको विधिपूर्वक सार्वजनिक सुनवाई र सामाजिक लेखापरिक्षण (कार्यविधिले तोके वमोजिम) गरी प्रतिवेदनहरु पेश गर्ने ।

ज) नतिजामा आधारित ढाँचा अनुसार योजना तथा कार्यक्रमहरुको नियमित रुपमा सहगाभातिमूलक मासिक, चौमासिक र मध्यावधि समिक्षा गर्ने ।

झ) नतिजामूलक ढाँचा अनुसार योजना तथा कार्यक्रमहरुको तेस्रो पक्षबाट सहभागितामूलक अन्तिम समिक्षा गर्ने ।

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा देहाय वमोजिम प्रस्ताव गरिएको छः

तालिका ६५: अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | <u>परेको प्रभाव</u> | ▪ कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा<br>▪ कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा | ▪ प्रभाव तहको<br>▪ असर तहको<br>▪ जनभावनामा परिवर्तन | ▪ संघ, प्रदेश र नगरपालिकाको बार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु<br>▪ स्थलगत अनुगमन<br>▪ बार्षिक कार्य योजनाहरुको प्रगति |
| परिणाम | <u>देखिने असर</u><br>▪ उत्पादकत्वमा परिवर्तन<br>▪ सडक पहुँच आदि | ▪ कार्यपालिका तथा नगरपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>▪ बार्षिक | ▪ परिणाम तहको<br>▪ प्रतिशत बृद्धि | ▪ सहभागितामूलक<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ नमूना सर्वेक्षण गर्ने |
| योजना | <u>निर्मित परिणामहरु</u><br>▪ कक्षा संचालन<br>▪ उत्पादन परिणाम<br>▪ सडक विस्तार<br>▪ स्वास्थ्य केन्द्र भवन निर्माण | ▪ नगरपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरु र प्रमुख प्रशासकिय अधिकृत<br>▪ चौमासिक/बार्षिक | ▪ परिणाम तहको<br>▪ संख्यात्मक बृद्धि | ▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ स्थलगत अनुगमन<br>▪ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनवाई |

# परिच्छेद १०: नतिजा खाका

## १०.१ पृष्ठभूमि

योजना, कार्यक्रम वा आयोजना बिच नतिजाहरुको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रकियालाई नतिजामुखी बनाउन नतिजा खाकाका विभिन्न स्वरुप मध्ये तर्बबद्ध खाका (log frame) एक महत्वपूर्ण विधि हो । यसका कारण र असरहरुको विश्लेषण गर्दै लगानीदेखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसंग पुग्ने गरी नतिजाहरुको श्रृखलाबद्ध सम्बन्ध स्थापित गरिएको हुन्छ । आवधिक योजनाले परिकल्पना गरेको सोंच, लक्ष्य र उदेश्यहरु कसरी प्राप्त गर्न सकिन्छ भन्ने तथ्यलाई तर्कसंगत ढंगबाट नतिजा खाकामा प्रस्तुत गरिएको छ । संघीय र प्रदेश सरकारले प्रयोग गर्ने र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेख भएको तर्कबद्ध खाकालाई नै नगरपालिकाको आवधिक योजनामा अनुसरण गरिएको छ । नगरपालिकालाई बार्षिक र क्षेत्रगत गुरु योजनाहरु तर्जुमा गर्न, संचालित परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न र स्वयं आवधिक योजनाको मध्यावधि समिक्षा र मध्यकालिन खर्च संरचना तयार गर्न समेत यसले मद्दत गर्दछ ।

## १०.२ नतिजा खाकामा समावेश गरिएका बिषयहरु

नगरपालिकाको विकास योजना, कार्यक्रम र आयोजनाहरुको कार्यान्वय गर्नको लागि यस नतिजा खाकाले देहायका विषय क्षेत्रहरु र सो अन्तर्गतका उपक्षेत्रहरु समेटेको छः

क) प्रस्तुत नतिजा खाकामा नगरपालिकाको समग्र आर्थिक; सामाजिक; भौतिक पूर्वाधार तथा शहरी विकास; वन, वातावरण तथा विपद जोखिम र सुशासन तथा संस्थागत व्यवस्था गरी ५ वटा विषयगत क्षेत्र निर्धारण गरी त्यस अन्तर्गतका विभिन्न उपक्षेत्रगत रुपमा तीन तहका नतिजा (प्रतिफल, असर र प्रभाव) परिभाषित गरी तिनीहरुको अन्तरसम्बन्ध यकिन गरिएको छ ।

ख) उल्लेखित प्रतिफल, असर र प्रभावलाई सूकककाआधारमा सम्भव भएसम्म मापन र अनुगमन योग्य बनाउने प्रयास गरिएको छ ।

ग) सूकहरुको आवधिक अनुगमन तथा मूल्याङकनलाई सजिलो बनाउन उपलब्ध भएसम्म आधार तथ्याङ्क र योजना अवधिभरमा प्राप्त गरिने बार्षिक लक्ष्यलाई समेटी कार्यान्वयनको जिम्मेवार निकाय समेत प्रष्ट गरिएको छ ।

घ) बिषय क्षेत्रगत रुपमा राखिएका प्रतिफल, असर र प्रभाव सूकहरु हासिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा सम्भाविक जोखिम अनुमान गरिएको छ ।

## १०.३ नतिजा खाकाको प्रयोग

क) बार्षिक विकास कार्यक्रम तयार गर्दा नतिजा खाकाका सूचकहरु (प्रतिफल, असर र प्रभाव तहका सूचनाहरु) प्राप्त हुने गरी तर्जुमा गरिएको छ ।

ख) मध्यकालिन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरुको प्रयोग गर्न सकिने छ । साथै तर्कबद्ध खाकालाई मध्यकालिन कार्य सम्पादन खाका (Medium Term Performance Framework) को रुपमा समेत प्रयोग गर्न सकिने छ ।

ग) आवधिक योजनाका विषय क्षेत्रगत लक्ष्यहरुको प्रगति समिक्षा गरी बार्षिक प्रतिवेदन तयार गर्न यसको उपयोग गर्नुपर्ने छ ।

## १०.४ नतिजा खाका

बिषयगत नतिजा खाका निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छः

**१. आर्थिक क्षेत्र** (२०७९/८० को स्थिर मूल्यमा आधारित)

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०७९/८०) | लक्ष्य | | | | | पुष्याईको आधार | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| प्रभाव | क) कुल गार्हस्थ उत्पादन | रु करोड | | | | | | | बजेट बक्तव्य, राष्ट्रिय जनगणना, २०७८ | ▪ नीजि क्षेत्रको सहयोग भएको हुनेछ<br>▪ बजार मूल्य स्थिर रहने छ ।<br>▪ जलवायु परिवर्तनको असर न्यून हुनेछ ।<br>▪ अन्तर सरकार समन्वय भएको हुनेछ<br>▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता बृद्धि भएको हुनेछ ।<br>▪ जनचेतना अभिवृद्धि भएको हुनेछ । |
| | आर्थिक बृद्धिदर | प्रतिशत | ६.५ | ६.५ | ६.७ | ६.८ | ७.१ | ७.२ | | |
| | प्रति व्यक्ति आय | अ. डलर | ११६० | ११६५ | ११७० | ११८० | १२०० | १२५० | | |
| असर १ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.७ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ | प्रदेश आवधिक योजना | |
| | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.२ | ५.८ | ६.२ | ६.८ | ७.३ | ८.५ | | |
| असर २ | सम्पतिमा आधारित सहमानत जनाउने | ०-१ | ०.३५ | ०.३४ | ०.३४ | ०.३३ | ०.३३ | ०.३२ | | |
| | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपान | अनुपात | १.०१ | ०.९९ | ०.९७ | ०.९४ | ०.९२ | ०.९२ | | |
| असार १ | कृषि तथा गैन्ह कृषि क्षेत्रको वृद्धिदर सम्बन्धि प्रतिफल | | | | | | | | | |
| प्र. १ | मुद्रा स्फिति | प्रतिशत | ५.३ | ५.४ | ५.५ | ५.७ | ६.९ | ६.२ | | |
| प्र. २ | वैंक खाता भएका घरपरिवार | संख्या | | ६० | ६५ | ७० | ७५ | ८० | | |
| प्र. ३ | औधोगिक लगानी बार्षिक बृद्धि | प्रतिशत | | १० | १२ | १५ | १७ | २० | | |
| प्र. ४ | औधोगिक उत्पादन | करोडमा | | २० | २५ | ३० | ४० | ४५ | | |
| प्र. ४ | कृषि भूमिको उत्पादकत्व | मे.टन.प्रति हे | | ४.२ | ४.३ | ४.३ | ४.४ | ४.५ | | |
| प्र. ५ | बजेटमा आन्तरिक आयको हिस्सा | | २० | २५ | ३० | ३२ | ३५ | ४० | | |
| प्र. ६ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा आवद्ध जनसंख्या | प्रतिशत | | ३५ | ३६ | ३८ | ४० | ४५ | | |
| प्र. ७ | गरिवीको रेखामुनीको परिवार | प्रतिशत | | २८ | २६ | २२ | २० | १८ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ८ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.४६ | ०.४७ | ०.४९ | ०.५० | ०.५१ | ०.५२ | रा.यो.आ. | |
| प्र. ९ | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | ४.५ | ४.७ | ५.१ | ५.३ | ५.६ | ६.१ | | |

## १.१ कृषि क्षेत्र

